CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ॐ

ब्रह्म-बिन्दु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वाल्मीकि विद्यापीठको पुस्तकालयलाई

नेपाल वेद विद्याश्रम

समर्पण गर्दछु ।

२०६५।१०।२२

सञ्चालक समिति रुपरेखा

१. अध्यक्षः- पशुपति क्षेत्र विकास कोष सञ्चालक परिषद्का सदस्यमध्ये परिषद्वाट मनोनित (१जना) ।

२. सदस्यः- संस्कृत क्षेत्रका विशिष्ट विद्वान् मध्ये परिषद्बाट मनोनित (१ जना) ।

३. सदस्यः- काठमाडौं महानगरपालिका, वडा नं.-८, वडाध्यक्ष ।

४. सदस्यः- जिल्ला शिक्षा कार्यालय, काठमाण्डौ, प्रतिनिधि (१ जना) ।

५. सदस्यः- गुठी संस्थान, धार्मिक शाखा प्रमुख ।

६. सदस्यः- पशुपति क्षेत्र विकास कोष, प्रशासन शाखा प्रमुख ।

७. सदस्यः- अविभावक प्रतिनिधि (१ जना) ।

८. सदस्यः- शिक्षक प्रतिनिधि (१ जना) ।

९. सदस्य-सचिवः- प्रधानाध्यापक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वर्तमान सञ्चालक समितिका पदाधिकारीहरू

(रामप्रसाद दाहाल)
अध्यक्ष

(प्रा.डा. ऋषिराम पोखरेल)
सदस्य

(वडा अध्यक्ष, का.न.पा.-८)
सदस्य

(जि.शि.का. प्रतिनिधि, काठमाडौं)
सदस्य

(श्याम दाहाल)
सदस्य

(भोलाप्रसाद सिठौला)
सदस्य

(टेकनाथ भट्टराई)
सदस्य

(गोपालप्रसाद गुरागाई)
सदस्य

(केशवप्रसाद अधिकारी)
सदस्य-सचिव

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपाल वेद विद्याश्रम, सञ्चालक समितिको हालसम्मका अध्यक्षहरू

रघुनाथ भण्डारी
०५२-०५५



तात्कालीन वडागुरुज्यू
केशरीराज पाण्डे
२०५६-०५७

रामप्रसाद दाहाल
२०५७ देखि कार्यरत

गुठी संस्थानद्वारा संचालित
अवस्थामा संचालक समिति
नभएको

नेपाल वेद विद्याश्रमको हालसम्मका प्र.अ.हरू

स्व. पं. श्यामलाल घिमिरे
स्थापनाकालदेखि
२०५० सम्म



गोपालप्रसाद गुरागाई
२०५०-२०५५

केशवप्रसाद अधिकारी
२०५५ देखि कार्यरत

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

20

सम्पादकीय

मित्रस्याहं चक्षुषा सर्वाणि भूतानि समीक्षे-शु.य.३६-१८
(म सम्पूर्ण प्राणीहरूलाई मित्रताको दृष्टिले हेर्दछु)

पूर्वीय जीवन जगत्‌को प्राणभूत आधारशीला वेद हो । यही वेदबाट अनुप्राणित हाम्रो समाजमा प्रचलित धर्म, दर्शन, आचार परम्परा एवं सामाजिक रीति स्थिति वेदको अमृतबाट जीवित छ । संस्कृति साहित्य एवं सभ्यताको कुनै पनि विधा यस्तो छैन जसको मूल आधार वेदमा अप्राप्य होस् । धर्मका साथै अध्यात्म, मर्यादा, साहित्य, कला-कौशल, शील्प, सभ्यता-आदिको मूल स्रोत वेद नै हो भन्दा अतिशयोक्ति नहोला ।

परमात्माको निःश्वासरूप वेद अनादि, अनन्त एवं सनातन हो र लोकहितार्थ ब्रह्माजीद्वारा प्रकट गरिएको हो ।

"अनादिनिधना नित्या वागुत्सृष्टा स्वयंभुवा" ।
"यस्य निःश्वसितं वेदाः" ।

इत्यादि स्मृतिवचन एवं आप्तवचन नै यसमा प्रमाण छन् । वेदको कुनै अन्त छैन । अनन्ता वै वेदाः । वस्तुतः ईश्वरीय ज्ञानको कुनै सीमा हुँदैन । असीमित ज्ञानराशिलाई कुनै पनि प्रकारको सीमा वा साँधले आफुमा सीमित पार्न सक्दैन ता पनि वैदिक वाङ्मयका अनन्य उपासक मनीषीहरू मध्ये केहीले तीन (३) र केहीले चार (४) भागमा ज्ञानराशि वेदलाई विभाजन गरेका छन् । मन्त्रगत स्वरूपात्मक दृष्टिले तीन स्वरूपमा (त्रयीको रूपमा) हेर्न सकिन्छ भने याज्ञिक दृष्टिले चार स्वरूपमा अवलोकन गर्न सकिन्छ वास्तवमा त्रयीत्व र चतुष्ट्वम कुनै विवाद नभई वेदको मर्म एवं विशालता प्रकट भएको पाइन्छ ।

कर्मकाण्ड, उपासनाकाण्ड र ज्ञानकाण्ड गरी तीन स्वरूपमा विभक्त सम्पूर्ण ज्ञानराशि वेदको अन्तिम उद्देश्य मोक्ष प्रदान गर्नु हो । परन्तु एषणामुक्त, पवित्र अन्तःकरण भएका सन्त पुरुष मात्र त्यो लक्षमा पुग्न सक्ने हुँदा वेदले प्रथमतः सत्कर्मद्वारा आत्मशुद्धिको सरणि आत्मसात् गर्न मीठा फलश्रुति प्रतिपादन गरेको छ । कर्मफल प्राप्तिका निमित्त पुनर्जन्मको प्रतिपादन, आत्मोन्नतिका लागि विभिन्न संस्कारहरूको निरूपण, समुचित जीवन यापनका निमित्त वर्णाश्रमधर्म व्यवस्था, पवित्र जीवनका लागि कर्तव्य अकर्तव्य एवं भक्ष्याभक्ष्यको निर्णय गर्नु यस काण्डको प्रमुख वैशिष्ट्य हो भने उपासना, योगाभ्यास, धर्मानुष्ठान, ब्रह्मचर्यव्रतधारण, सत्संग, स्वाध्याय आदि उपासना काण्डको अनुकरणीय पक्ष हो । यसरी पवित्र अन्तःकरण र शुद्ध जीवन नै मुक्तिमार्गको साधक वन्न सक्छ । आत्मा र परमात्माको एकत्वमा अभेद भावना जगाई मुक्तिको द्वार खुल्ला गराउनु ज्ञानकाण्डको चरम लक्ष्य हो ।

विश्वकल्याणार्थ सर्वजनहिताय वेदले सदुपदेश प्रदान गरेको छ । जसको अध्ययन मननद्वारा समाजलाई सत्‌शिक्षा प्रदान गर्दै शान्तिमय, आनन्दमय जीवनयापन गर्न सकिन्छ । *"अधीतिवोधाचरणप्रचारणैः"* लाई मूर्तरूप प्रदान गरी यसै कल्याणमय वेदको सार्वकालिक उपदेशलाई मूल मन्त्रको रूपमा धारण गर्दै हाम्रा पूर्वजहरू साधाजीवन, उच्चविचारको माध्ययमद्वारा सामाजिक सौहार्द एवं मर्यादा कायम गर्न सफल भएका हुन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पाश्चात्य जगत्बाट फैलिएको भौतिक आडम्वरको झञ्झावातले वैदिकज्ञानको मधुर पवनलाई पाखा लगाएको छ। वैदिकज्ञान विहीन समाज दिनानुदिन गृहयुद्धको ज्वालामा फस्दै छ भने समाजमा "मत्स्य न्याय" लागुभएको छ। असहाय, अबलाहरू युद्धको विभीपिकाबाट आक्रान्त भई "त्राहि माम्, त्राहि माम्" पुकार्दै भौतारिरहेका छन्। आज क्रन्दन र रोदनमिश्रित कोलाहलले धरणी व्याप्त छिन्।

समस्त विश्व नै शान्तिमय वनाउन सक्ने सामर्थ्य सम्पन्न ऋतम्भराप्रज्ञाका धनी पूर्वजका सन्तति हामी आज प्राणीमात्रको नभएर स्थावर जङ्गमको नै कल्याण चाहने वेदाध्ययनबाट अपरिचित भई सक्यौं। अनुकरणलाई नै आत्मगौरव मान्ने हाम्रो व्यवहारले नाना प्रकारका आपत् र विपत्का ढोका पनि खोली सक्यौं। भो पुग्यो अव मीष्ठान्नको बिर्को लगाएको विषपूर्णघडारूपी भौतिक आडम्वर र युद्धोन्मादले मत्त सामाजिक वातावरण हामीलाई चाहिँदैन। हामीलाई चाहिएको छ- *मित्रस्य चक्षुषा समीक्षामहे* (हामीहरू मित्रताको दृष्टिले हेरौं) *भद्रं कर्णेभिः शृणुयाम* (कानद्वारा कल्याणमय समाचार सुनौं) *तन्मे मनः शिवसंकल्प मस्तु* (मेरो मन: कल्याणकारक सङ्कल्प गर्ने होस्) ऋतस्य पथा प्रेत (सत्यताको मार्ग अवलम्वन गर) *मा गृधः कस्य स्विद् धनम्* (कसैको धनमा लालसा नगर) यस्ता शिवमय भावनालाई मूलमन्त्र वनाई अघि वढ्ने समाज हामीलाई चाहिएको छ।

यस्तो उदात्तभावनालेपूर्ण विश्वकल्याणको कामना गर्ने वेदाध्ययनको उद्देश्यले वि.सं.२०३१ मा स्थापित नेपाल वेद विद्याश्रमको आफ्नै गौरव एवं इतिहास रहेको छ। लामो ऐतिहासिक कालखण्ड व्यतीत गर्ने क्रममा नेपाल वेद विद्याश्रमले दुःख र वेदनाका उकाली ओरालीको कठीन मोडहरू पार नगरेको होइन तर वैदिकवाङ्मयका मर्मज्ञ साधकहरूको सहयोग, प्रयास एवं कठोर तपस्याद्वारा यो आश्रम शरद् ऋतुको शस्यस्यामला सम्पन फाँटमा पदार्पण गर्न सफल भएको छ। यस वेद विद्याश्रमले संस्कृति, धर्म, परम्परा संरक्षणमा पुऱ्याएको योगदान नीरक्षीर विवेकी धर्मानुरागी सज्जनहरूले मुल्याङ्कन गर्नेनैछन्। यसले आफ्नो वैदिकदीपशिखा प्रकाशित गर्ने क्रममा प्रथम कोपिला ब्रह्मविन्दु सृष्टि गरेको छ। ब्रह्मबिन्दु वास्तवमा ब्रह्मबिन्दु नै हो। वेदले मानवलाई दिएको ज्ञान सहृदयी वैदिकज्ञानका जिज्ञासु पाठक सामु पस्कनु यसको ध्येय रहेको छ। वैदिक वाङ्मय भित्र रहेका विभिन्न पक्षलाई उजागर गर्दै जाने यसको लक्ष्य रहेको छ।

आफ्ना महत्वपूर्ण लेख रचना प्रदान गरी ब्रह्मबिन्दुलाई यस रूपमा ल्याउन अनन्य सहयोग गर्नुहुने वैदिक वाङ्मयका साधकविद्वान् लेखकहरू प्रति आभार व्यक्त गर्दै आगामी दिनहरूमा पनि यस्तै न्यानो ममताको अपेक्षा गर्दछौं। साथै विभिन्न पक्षबाट हामीलाई सहयोग गर्नुहुने महानुभावहरूलाई साधुवाद दिन चाहन्छौं।

ॐअस्तु शम्ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ॐ

प्रज्ञानं ब्रह्म

श्री शङ्कराचार्य मठ

पशुपति देवपत्तन, काठमाण्डौ

शुभ-कामना

मितिः- २०६० कार्तिक

पौरस्त्य विद्याको अध्ययन-अध्यापन गर्ने गराउने वैदिक परम्पराको संरक्षण संवर्धन गर्ने पावन उद्देश्य राखेर स्थापना गरिएको नेपाल वेद विद्याश्रम तीसौं वर्षमा प्रवेश गर्न लागेकामा म प्रशन्नता व्यक्त गर्दै यो प्राच्य विद्या र वेदाध्ययन केन्द्रका रूपमा विकसित हुन सकोस् भनी हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछु ।

नेपाल वेद विद्याश्रमको हालसम्म विकास यात्राका विविध गतिविधिलाई आत्मसात् गरी जनमानसमा प्रचार प्रसार गर्ने हेतुले मुख पत्रका रूपमा "ब्रह्म-बिन्दु" प्रकाशित गर्न लागेकामा यसको सफलताको कामना गर्दै शुभ कामना व्यक्त गर्दछु ।

रामानन्द

(डा.स्वामी रामानन्द गिरि)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्रह्म-बिन्दु

वर्ष १ अङ्क १ कार्तिक, २०६०

संरक्षक
रामप्रसाद दाहाल
अध्यक्ष

सल्लाहकार तथा व्यवस्थापक
केशवप्रसाद अधिकारी
प्रधानाध्यापक

सम्पादक
रुद्रप्रसाद मिश्र
गोविन्दप्रसाद दाहाल

कम्प्युटर
संजीवनप्रसाद पौडेल

प्रकाशक
नेपाल वेद विद्याश्रम
संस्कृत माध्यमिक विद्यालय
वनकाली, काठमाडौं
फोन नं.-४४७०६३६

सर्वाधिकार : नेपाल वेद विद्याश्रम

संख्या - १००० प्रति
सहयोग स्वरूप रु. ६०/-

मुद्रण :
सगरमाथा अफसेट प्रेस
फोन ४७८१३५०

विषय सूची

संस्कृतभाषा विश्वभाषाकी जननी
सम्माननीय डा. स्वामी प्रपन्नाचार्य १
अन्तर्जीवन
स्वामी चन्द्रेश ४
पशुपति क्षेत्र विकास कोष र नेपाल वेद विद्याश्रम
रामप्रसाद दाहाल ६
विधवा, विधुर र पतिपत्नी बारे वैदिक धारणा
प्रा. डा. ऋषिराम पोखरेल ८
ऋषिकुल र कुलपतिको आदर्श
आहिताग्नि तीर्थराज दीक्षित आचार्य १४
ब्रह्मबिन्दु परिचय
डा. दीर्घराज घिमिरे १६
विश्वगामी शान्तिचेतना, वैदिक संस्कृतिको शाश्वत सन्देश
आचार्य खेमराज केशवशरण १७
वर्षे चतुर्थेत्वथ
स्व.पं. श्यामलाल घिमिरे १९
वेदाध्ययन प्रक्रिया
केशव अधिकारी २०
वेदको अपौरुषेयता एवं नित्यता
टेकनाथ भट्टराई २३
सनातनधर्म र मानवसमाज
हरिप्रसादशर्मा आचार्य २५
शिखा रहस्य
ऋषिप्रसाद शर्मा २७
गुरुकुल, वेद विद्याश्रम र वर्तमान
उप-प्रा. नवराज कट्टेल २९
सामवेदको सुरक्षाको उपाय छलाक्षरप्रक्रिया
उप-प्रा. श्रीराम अधिकारी ३१
भाषाको वैज्ञानिक अध्ययनमा पाणिनीय व्याकरणको योगदान
प्रेमप्रसाद चौलागाई ३४
ज्योतिष शास्त्रको महत्व, यात्रा मुहूर्त र वारक्रमको रहस्य
गोविन्दप्रसाद दाहाल ४४
पूर्वजन्म एवं पुनर्जन्म 'सास्वत सत्य'
रुद्रप्रसाद मिश्र ४६
वेदोऽखिलो धर्ममूलम्
विष्णुप्रसाद पोखरेल ५०
तन्त्र दिग्दर्शन
कविन्द्रराज ज्ञवाली ५१
नेपाल वेद विद्याश्रम सं.मा.वि. को परिचय
प्र. अ. केशवप्रसाद अधिकारी ५४

यसमा अभिव्यक्त अवधारणाहरु विद्वान लेखकहरुको निजी दृष्टिकोण रहेको अवगत गराउँदछौं। (सं.)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संस्कृतभाषा विश्वभाषाकी जननी

✍ सम्माननीय डा.स्वामी प्रपन्नाचार्य

प्राचीन हिन्दू आर्यहरूको इतिहास 'अद्य ब्रह्मणो द्वितीय परार्धे' बाट प्रारम्भ भएको हुन्छ । यस सङ्कल्प वाक्यमा ब्रह्माको द्वितीय परार्धे भन्ने शब्दको प्रयोग भएको छ । यहा द्वितीय परार्ध भन्नु वित्तिकै प्रथम परार्ध वितिसकेछ भन्ने बुझिन्छ । बुझ्नु पर्दा एक परार्ध भनेको कति हो ? एक परार्ध वितेपछि मात्र दोस्रो परार्ध शुरु भएको कति हो ? एक परार्ध वितेपछि मात्र दोस्रो परार्ध शुरु भएको हुनुपर्छ । यस हिसावले हिन्दू आर्यहरूको इतिहास लाखौं मात्र नभएर करोडौं हुन आउछ । तर करोडौं मात्रैलाई हामीले हाम्रो इतिहासको परिधि मान्ने हो भने परार्धको अर्थ कति हो त ? यहा अर्बौंदेखि खर्वौं र अन्तिम संख्या समुद्रसम्म गन्ति गरेको वेदहरूमा नै पाइन्छ भने यसको इतिहास अति प्राचीन रहेछ भन्ने बुझिन्छ र त्यो इतिहास अर्थात् अद्य ब्रह्मणो द्वितीय परार्धे यो इतिहास केवल संस्कृत भाषामा मात्र लेखेको पाइन्छ । विश्वको यस्तो प्राचीन भाषा अरु कुनै भाषा छैन ।

तर उपर्युक्त कुरालाई वकम्फुसे भनेर उडाउने पागलहरूको पनि कमी छैन । किन भने ' मुखमस्तीति वक्तव्यम्' मुख छदैछ वोले के फरक पर्छ त ? आजकल राजनीतिको सन्निपात विरामीले निकै फत्फताएर संस्कृतको विरोध गर्ने व्यक्तिहरूको जन्म भएको छ । तर विरोध दुई खाले छन् । एक खाले ' ओन् नमासि ढङ पढे बाबा न हम् ' भन्ने खालेहरू विरोधी छन् । अर्थात् संस्कृतको वारेमा उनीहरू केही पनि जान्दैनन् । तर संस्कृतको विरोध गर्नु सिकाइएका हुन्छन् । त्यसैले उनीहरू अज्ञात अवस्थामा ' राम राम कहो तोता ' भने जस्तै उनीहरू संस्कृतका विरोध गर्छन् । केही समय यता ईसाईहरू सँग लागेर या माओवादीहरूसँग लागेर आफ्नो उल्लू सीधा गर्ने बहानाले संस्कृतका विरोध गर्ने गर्छन् । तर यी त्यस्ता खतरनाक विरोधी होइनन् । यिनीहरूलाई सम्झाउन सकिन्छ । सम्झाएको खण्डमा यिनीहरू कुनै न कुनै बेला सम्झने बुझ्ने र पढ्न थाल्ने पनि हुन्छन् र हुनेछन् । त्यसैले यिनीहरूको विरोधमा त्यस्तो खतरनाकपना छैन । भुक्ने कुकुरले टोक्दैन परन्तु टोक्ने कुकुरलु भुक्दैन । यो ज्यादै खतरनाक छ ।

संस्कृतका विरोध संस्कृत पढेकैहरूबाट जो भैराखेको छ, त्यो ज्यादै खतरनाक छ । आफूले संस्कृत पढेर संस्कृतका नामबाट आठ हजार दश हजार महिनावरी तनखा लिने गर्छन् । तर त्यो संस्कृतको तनखाबाट आफ्नो छोराछोरीहरूलाई अंग्रेजी स्कुल र वोर्डिङ्गमा पढाउँछन् । पहिले यूनिफर्म तयारी गरेर फेरिं महिनावरी हजारौं रुपिया फिस तिरेर आफ्नो छोराछोरीहरूलाई अंग्रेजीवाज बनाउने प्रयास गर्छन् । आफ्नो छोराछोरीहरूले अंग्रेजी पढेनन् भने 'अंग्रेजीं पठ दुर्बुद्धे संस्कृते मा दयां कुरु' भनेर छोराछोरीलाई उपदेश दिएको पनि सुनिन्छ । मैले यहा अंग्रेजी पढ्नु हुदैन भनेको चाँहि होइन । मेरो भनाई यति मात्रै हो कि आफ्नो घरमा आगो लगाएर अर्काको घरमा शरणार्थी हुन जानु कतिको बुद्धिमत्ता हो त ? यो आफैले सोच्ने मनन् गर्ने कुरा हो । यद्यपि अङ्गुलीमा गन्तीमा नआउने यस्ता संस्कृतका विद्वानहरू भने पढे पनि नपढेपनि आफ्नो छोराछोरीलाई संस्कृतै पढाउने पक्षमा हुन्छन् र आफ्नो भाषा आफ्नो भेष भुषालाई मन पराउँछन् । यो विचारेर हेर्दा सही कुरा हो र यसैले हामी हामी हुन सक्छौं र हाम्रो राष्ट्र, हाम्रो धर्म, हाम्रो संस्कृति, हाम्रो इतिहासलाई हामी सुरक्षित राख्न सक्छौं । यदि यसो भएन भने हामी आफैं पनि जिउँदो रहन सक्तैनौं । किनभने विकास भनेको आफ्नो अस्तित्व माथि हुन्छ । यदि अस्तित्व नै मेटाएर विकास गर्छ भने त्यो विकास विकास होइन उसको विनाश हो । अस्तित्व हीन भएर कुनै प्राणी बाँच्दैन । एउटा कमिलालाई पनि पछाडिवाट सानो सिन्काले थिचिदियो भने त्यो कमिलाले आफ्नो अस्तित्व देखाएर छोडाउने संघर्ष गर्छ र मुकाविला गर्छ । त्यो आफ्नो अस्तित्वको रक्षाको मुकाविला हो । एउटा सानो कमिलादेखि लिएर हरेक पशुपक्षी आदिले त आफ्नो अस्तित्वको लागि संघर्ष गर्छ भने मानव के हो त ? यस विषयमा सोच्नै पर्ने हुन्छ ।

संस्कृत भाषा देवभाषा मात्रै होइन । सृष्टिको आदि कालिक ऋषि मुनिहरूको हृदयवाट स्वच्छ तपोमय जीवनको प्रभाबाट स्वयं वाणी सरस्वती प्रकट भएको हो । यो संस्कृत भाषा कसैको पेवा होईन । किनभने ऋग्वेदकालदेखि लिएर ब्राह्मण, आरण्यक, उपनिषद्, पुराण, रामायण, महाभारत आदि कालमा यो संस्कृत भाषा सबैको भाषा र राष्ट्रभाषा थियो भन्ने स्पष्ट रूपले बुझिन्छ । यस्तो संस्कृत भाषालाई ऋग्वेदकालदेखि लिएर लाखौं लाख वर्षको अन्तरालमा आजसम्म अक्षुण रूपमा चल्दै आएको भाषाको विरोध कल्ले गर्ने ? जसले विरोध गर्छ उसले आफैलाई आफुले नै विरोध गरेको होइन र ? विरोध दुई प्रकारको हुन्छ । एउटा विरोधकोलागि विरोध र अर्को सुधारकोलागि विरोध । सुधारको लागि जसले विरोध गर्छ, त्यसले बुझेर विरोध गरेको छ भने सुधार्नु सकिन्छ । तर जसले विरोधको लागि विरोध गर्छ, त्यो खतरनाक हुन्छ । टोक्ने कुकुरले नभुके जस्तै हो । भुक्ने कुकुरले वाहिर सडकमा इन्क्लब जिन्दावाद भन्दै संस्कृत भाषा मुर्दावाद भन्दै कराएको मात्र भुकि पठाएको हो । त्यसले जसकोलागि त्यो कुकुरले भुकेको छ त्यो कुकुरवाट त्यो मान्छे सावधान सतर्क भएर बस्छ । तर जो भुक्दैन त्यो कुकुरले त झ्वाप्पै आएर टोकिहाल्ने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुन्छ । त्यसैले त्यो खतरनाक हो ।

संस्कृत भाषामा पनि अहिले त्यस्तै भैराखेको छ । स्वार्थी राजनीतिक आन्दोलनकारीहरूले प्रेरित गरेका उनका भरौटे पुच्छरेहरू झण्डा लिएर संस्कृतको विरोध गर्दै कराउँदै विश्वविद्यालय र विद्यालयहरूमा आगो लगाउँदै भत्काउँदै हिडछन् । तर जो कराउँदै विरोध गर्दै हिडछन्, तिनीहरूले पनि एक दिन चुप हुनै पर्छ र जो आगो लगाएर भत्काएर विद्यालय भवनहरू नष्ट भ्रष्ट ध्वस्त बनेका छन्, ती पनि एक दिन बनि हाल्छन् । तर जो संस्कृतै पढेर आफ्नो छोराछोरीलाई अंग्रेजीवाज अथवा अरु कुनै बाज बनाउने गर्छन् तथा अर्काका छोराछोरीलाई चाहि संस्कृत पढाउँछन् । तिनीलाई निश्चित कुन संज्ञा दिनु सकिन्छ ? यो एउटा गम्भीर प्रश्नको विषय छ । आफ्नो छोराछोरीलाई संस्कृतले केही काम दिएन र संस्कृत काम लागेन भनेर नै हरेस खाएर संस्कृतबाट टाढा भएर आफ्नो छोराछोरीलाई अंग्रेजी पढाउने गर्छन् ? त्यसो हो भने अर्काका छोराछोरीलाई संस्कृत पढाएर आफुले संस्कृतको नामबाट किन तनखा लिने ? किन वेतन लिने ? यो पनि गम्भीर प्रश्नको विषय छ । यी विषयहरूमा हामीले कटु शब्दमा विचार गरेतापनि यो हामी सबैले संस्कृतको बारेमा विचलित नभैकन काम गर्नु अति राम्रो कुरा हो र संस्कृतलाई सरल पाठ्यक्रमबाट प्रारम्भिक ज्ञान गराउँदै अगाडि बढ्नु बढाउनु सकिन्छ । जुन संस्कृतले आफुलाई चिनाउछ , त्यसलाई छोडे पछि त्यसको महत्व नै के रह्यो र ?

वस्तुतः संस्कृतले विश्वमा जति भाषाहरू छन्, ती सबै भाषाहरूलाई जन्माएका हुन् । यहाँ नेपाल भित्रका राई, लिम्बू, गुरुङ्ग, मगर, सुनुवार, तामाङ्ग आदि जति जात जातिहरू छन् । ती सबैका मातृबोलीमा अर्थात् मातृभाषामा भाषा वैज्ञानिक रूपले अध्ययन गर्दै जाँदा कसैमा चालीस प्रतिशत, कसैमा तीस प्रतिशत, कसैमा पच्चीस प्रतिशत, कसैमा पचास प्रतिशत संस्कृतकै तत्सम शब्द, तद्भव शब्द र अपभ्रंस शब्दहरू पाइन्छन् । तत्सम शब्द स्वयं संस्कृत शब्द हो भने तद्भव शब्द संस्कृत बाट जन्मेको शब्द हो । त्यही शब्द अर्को रूपमा बदले जस्तो लाग्नु अपभ्रंश शब्द हो । यहा विचार गर्नु पर्दा भाषा वैज्ञानिक दृष्टिकोणले संस्कृतमा प्रयोग गरिने वा, वार, वारी यी शब्दहरू एकै पानीका वाचक हुन् । तर चामलिङ्गे राइले पानीलाई 'वा' भन्छ भने वान्तावा राईले 'चावा' भन्छन् । त्यसै चालाई 'उ' को मात्रा दिएर लिम्बूले चुवा भन्छ । यस्तै प्रकारले अरु सम्झिनु सकिन्छ । नेपाली राष्ट्रभाषामा पनि नब्बे प्रतिशत नै संस्कृत तत्सम शब्दहरू प्रयोग गरिन्छन् भने धेरै जस्तो तद्भव शब्दको प्रयोग हुन्छ । यसै विचमा अपभ्रंश शब्दको प्रयोग पनि हुने गर्छ । त्यसैले नेपाली राष्ट्रभाषाको वाक्यांश र शब्दावलीहरूमा तत्सम, तद्भव, अपभ्रंश र स्थानीय शब्दहरू मिलाएर प्रयोग गरिएको हुन्छन् । विश्वको अरु भाषाहरूमा भाषा वैज्ञानिक दृष्टिले विश्लेषणात्मक अध्ययन गरेर विद्वानहरूले धुप्रै पुस्तक लेखेका छन् । ती मध्ये वर्तमान समयमा प्रचलित भाषा अंग्रेजी भाषा मानिन्छ । अंग्रेजी भाषाका मूल हिब्रू र लेटिन भाषा हो । हिब्रू र लेटिनको मूल जननी संस्कृत भाषा हो । त्यसैले अंग्रेजी भाषामा प्रयोग गरिने शब्दहरू कुनै तत्सम र कुनै तद्भवको रूपमा प्रयोग भएको पाइन्छ । जस्तै- पथिन् शब्दबाट बनेको पन्था नै अंग्रेजीमा 'पाथ' बन्न गयो । यो पाथ मार्गको वाचक हो । सुनुबाट बनेको शब्द छोराको वाचक 'सन्' हुनु पुग्यो । दुहितृबाट अपभ्रंश भएर छोरीको वाचक 'डटर' भयो । त्यस्तै स्वसृ शब्दबाट बहिनीको वाचक 'सिस्टर' हुनु पुग्यो भने हस्तबाट 'ह्याण्ड' हुनु पुग्यो र नख बाट 'नेल' हुनु पुग्यो । यस्तै विधुवाबाट 'विडो' हुनु पुग्यो । इत्यादि चालीस प्रतिशत शब्द अंग्रेजीमा संस्कृतको तद्भव शब्दहरू प्रयोग गरिने गरिन्छ । तर विश्वमा करोडौं मान्छे अंग्रेजी बोल्ने, लेख्ने, पढ्ने, व्यवहार गर्ने गर्दछन् । परन्तु यो शब्द कहाबाट आएको हो ? यसको मूल के हो ? र कुन हो ? यसवारे भने उनीहरूले स्वप्नासम्म पनि देखेका हुँदैनन् ।

यसै प्रकारले उर्दूमा वाप शब्द, मा शब्द, आज शब्द, काल शब्द आदि धुप्रै संस्कृतका तत्सम र तद्भव शब्द प्रयोग गर्ने गर्छन् । परन्तु विश्वका कुनै पनि भाषाका मूल पहिलाएर खोज्दै जाँदा अन्तिममा संस्कृत भाषा मै थुरिन्नु पुग्छ, नजान्नु, नबुझ्नु, खोज नगर्नु यो अर्कै कुरा हो । विद्वानहरूले विश्वका प्रचलित र अप्रचलित सबै भाषा भाषिकाहरूको अध्ययन गरेका छन् र यसका मूल निकाल्ने तथ्यमा विश्वमा दुई शय एकचालीस जना विद्वानहरूले अहिलेसम्म अध्ययन गरेर निष्कर्ष निकाल्दा संस्कृत भन्दा प्राचीन भाषा अरु कुनै भाषा छैनन् । त्यसैले संस्कृत विश्व भाषाका जननी सिद्ध भैसकेको छ । यो कुरा यी पङ्क्तिहरूका लेखकले ठोकुवा गरेको कुरा होइन । यो त उपर्युक्त दुई शय एकचालिस विद्वानहरूको निष्कर्षको कुरा हो । त्यसको लागि सामान्यतया प्रसिद्ध विद्वान मेक्समुलरको 'इण्डिया व्हट क्यान टिच अस् ? ' भन्ने ग्रन्थ आदि र हीटेनी, राथ, विलक्स आदि पाश्चात्य विद्वान तथा जापानी विद्वान् डा. नाकामुरा आदि मुशलमानी विद्वान् 'दारासिकोह' आदि विद्वानहरूको लेखहरूबाट संस्कृत भाषा नै विश्वभाषाको जननी हो भन्ने कुराको तथ्याङ्क मात्र यहा प्रस्तुत गरेको हो ।

यस तथ्याङ्कले संस्कृत भाषा अति प्राचीन भाषा हो र विश्व भाषाको जननी हो भन्ने त सिद्ध भैसकेकै छ । यसको साथ साथमा संस्कृत भाषा ब्राह्मणहरूको पेवा नभएर मानव मात्रले पढ्ने भाषा हो भन्ने पनि सिद्ध भैसकेको छ । त्यसैले संस्कृतलाई आईमाई र शूद्रहरूले पढ्नु हुदैन भन्ने परिकल्पना छुवाछुत र जातिवादको हिउचुलीको वेलामा लेखेर प्रचार गरेको बुझ्नु पर्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वयं ऋग्वेद कालमा अपाला, वाक्, वागाम्भृणी, रोमसा, सूर्या आदि महिलाहरू मन्त्रद्रष्ट्री ऋषिकाहरू भएका थिए भन्ने प्रमाण ऋग्वेदको प्रथम मण्डलदेखि लिएर दशवाँ मण्डल भित्र परिक्रमा गर्दा पाइन्छ । यद्यपि ऋग्वेदको दशवाँ मण्डलको पुरुषसूक्तको 'ब्राह्मणोस्य मुखमासीत..... ' आदि मन्त्रलाई लिएर ब्राह्मण, क्षत्रिय, वैश्य तथा शुद्र चारैको उल्लेख भएको हुनाले ऋग्वेदकालमा नै जातिवाद थियो र छुवाछुत पनि थियो भन्नेहरू को कमी छैन । तर गम्भीर रूपले अध्ययन गर्दा मन्त्रहरूमा छुवाछुत र जातिवाद सम्बन्धी त्यस्तो कुनै प्रमाण पाईंदैन । उक्त मन्त्रमा सायणले जातिवाद सम्बन्धी भाष्यमा उल्लेख गरेता पनि शायण वि.सं. चौधवां शताब्दीका हुन् । सायण छुवाछुत र जातिवादको हिउचुली बनेको बेलामा जन्मेका हुन् । त्यसैले सायणले त्यो लेख्नु स्वभाविकै थियो । तर सायण भन्दा पूर्वका आचार्य आद्य शङ्कराचार्यले पनि ब्रह्मसूत्र शाङ्कर भाष्यको 'शुगस्य ....' आदि सूत्रमा भाष्य लेख्दा आजको दृष्टिकोणले हेर्दा निकै खतरनाक भएको देखिन्छ भने 'मनुस्मृति' तथा 'वशिष्ठ संहिता' आदि ग्रन्थहरू त्यसै कोटीका छन्, ता पनि सही मानेमा वैदिक ऋषिमुनिहरू समान रूपले वेद वेदान्त आदिका अध्ययन अध्यापन गर्ने गर्थे भन्ने पनि वेदहरूमा नै प्रष्ट उल्लेख छ ।

यति प्राचीन वैदिक साहित्य उदात्त चित्तले जुन संस्कृत भाषामा लेखियो । त्यो संस्कृत भाषा जुनबेला बोलिएको थियो, त्यो सृष्टिको विहानीपख सूर्य उदयको पहिलो बोली थियो । जुनबेला विश्वमा कुनै मानव थिएनन् । कुनै भाषा थिएनन् त्यसबेला आर्य हिन्दूहरू नै थिए र ऋषीहरूले बोल्ने व्यवहार गर्ने भाषा संस्कृत भाषा नै थियो त्यही परम पवित्र पतित पावनी संस्कृत भाषा विश्व भाषाका जननी हुन पुगी । यही भाषा सृष्टिको विहानीपख सगरमाथामा थुरिएको थियो । किनभने विश्वमा सबै भन्दा अग्लो कीर्तिमान सगरमाथा नै हो भन्ने कुरा पनि अब सिद्ध गरिरहनु पर्दैन । त्यसैले विज्ञानको प्रथम जननी भाषाकी प्रथम जननी सृष्टिको पहिलो बोली संस्कृत भाषा नै हो । यो निर्विवाद सिद्ध छ । कसैले यसको विरोध गरेर पार पाउने छैनन् । किनभने विश्वको आठ अरब जनताको पुस्तकालयहरूमा कुनै न कुनै रूपमा संस्कृत भाषा पुगिसकेको छ र त्यहा संस्कृतको अध्ययन र अध्यापनमा लागिरहेका छन् । संस्कृत भाषा अमरवाणी हो । यो मृत भाषा होइन अमृत भाषा हो । यो कहिल्यै मर्दैन । यो अवश्य छ यसलाई मन्थन गरेर नौनी वा हैयङ्गवीन निकालेर स्वाद लिने काम भने पाठकवाचकवृन्द कै हातमा छ । यसमा सन्देह छैन ।

ॐ तमसो मा ज्योतिर्गमय ।

आशाः निराशाः

-सन्तोष राज पाठक, कक्षा-७, रोल नं.-२

भोलि विहान पोथी नबास्दै
पश्चिमबाट घाम उदाइसक्ला ।
छोरीले पाउने साटो छोराले पाउला
रिसको झोंकमा हिउँले पोल्ला ॥१॥

सिस्नोले हैन सागले घोचला
बुढाहरूलाई पनि जवानीले छोप्ला
केटाले हैन केटीले जिस्काउला
मानिसको माथिनै घोडा चढ्ला ॥२॥

नेताले पनि झुटा आश्वासन दिन छाड्ला
मान्छेले पनि जथाभावी फोहर फाल्न छाड्ला
गर्मीमा पनि आगो ताप्नु पर्ला
जाडोमा पनि पंखा हंकिनु पर्ला ॥३॥

बन्द, हडताल नभएर विद्यालय खुल्ला
देशलाई चैन र शान्ति मिल्ला
हाम्रो देश एकपटक फेरी शान्ति क्षेत्र होला
यी कुराहरूलाई निराशाले छोला ॥४॥

आधुनिक कान्तिपुरी नगरी

-दिनेश पौडेल, कक्षा-७, रोल नं.-८

ठिटा-ठिटीहरू एक सुरमा
नक्कली फूल ली शिरमा
हिंड्न्या सखी ली सडकै ढाकिकन वरिपरि
प्रदूषित आधुनिक कान्तिपूरी नगरी ॥

यतिछन् भनी गन्नु कहाँ सङ्ख्या दादाको
दुःख र धुर्की छ मनमा जनको
जनकी यसरी दुःखकी नगरी
दादाहरूको कान्तिपुरी नगरी ॥

तरवार, कटार, खुंडा र खुकुरी
पेस्तोल र बन्दुक सम्म भिरी
अति क्रुर र भ्रष्टको नगरी
सुविधाविहीन कान्तिपुरी नगरी ॥

रिस राग कपट छल छन् कति जहाँ
तव ठग र भ्रष्ट कति छन यहाँ
ठग र जालीको पुरी
प्रदूषित कान्तिपुरी नगरी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अन्तर्जीवन

✍ स्वामी चन्द्रेश

यो कुरा स्पष्ट नै देखिन्छ कि मनुष्यको जस्तो वहिर्जीवन छ त्यस्तै उसको एक महत्त्वपूर्ण अन्तर्जीवन पनि छ। यथार्थ भन्ने हो भने प्राण, मन, बुद्धि लिएर सिर्जित यो अन्तर्जगतलाई आहार-विहार आदिद्वारा प्राण धारणका लागि जुन बाऽय जीवन हो त्यो भन्दा धेरै गुणा महत्त्वपूर्ण भन्नु पर्छ। किनभने जगत मनोमय हो मनमा नै हाम्रो भुक्ति छ भने मनमा नै हाम्रो मुक्ति पनि हुन जान्छ। मनुष्य र पशुपक्षीसित मात्र नभई स्थुल सूक्ष्म समग्र जगतको साथमा नै हाम्रो सम्पर्क मन लिएर नै हुन्छ। मनको यथार्थ शक्ति प्राणको संवेदनबाट उत्पन्न हुन्छ जसलाई हामी अर्को शब्दले हृदयवत्ता पनि भन्न सक्छौं। जहाँ प्राणको स्पर्श छैन, हृदयमा आवेग र उमङ्गको अभाव छ, त्यहाँ मन पनि यथार्थरूपले सक्रीय हुन सक्दैन र भए तापनि त्योबाट सही तृप्ति अनुभव हुदैन। बाऽय दुनियामा पनि मनुष्यले जुन सामयिक शान्ति आक्कल झुक्कल भेटाउँछ त्यो पनि बस्तुतः मन र हृदयको संमिश्रणबाट नै उत्पन्न भएको हुन्छ। मन र प्राणको स्वभाविक प्रभावमा कुनै किसिमको बाधा उत्पन्न भएमा मनुष्यको वहिर्जीवन पनि अस्तव्यस्त र अस्वस्थ्यकर हुन जान्छ। धन, सम्पत्ति, विलास र उपभोग्य सामग्री चाहिए जत्ति वरिपरि हुँदा हुँदै पनि मायामोह रागद्वेशबाट उत्पन्न भएको कुनै किसिमको वेदना हृदयको कुनामा लुकिरऽयो भने जीवन असहनीय हुन जान्छ। यस्तो अनुभव उचनीच, धनीदरिद्र हरेक मनुष्यको जीवनमा भइ नै रहन्छ।

यो कुरा प्रष्ट नै हो कि मनलाई स्वस्थ र शान्तिपूर्ण बनाउन नसकेको खण्डमा जीवनलाई भौतिक, बौदिक या आध्यात्मिक कुनै किसिमले उपभोग गर्न नमिल्दो रहेछ। र पूर्णताको बाटोमा जुन तृप्ति प्राप्त हुन्छ त्यो पनि उपलब्ध हुदैन रहेछ। वासनको पूर्तिबाट त्यो परिपूर्ण तृप्ति पाउने आशा छैन। वस्तुतः तृप्ति आउँछ आध्यात्मिक चेतनको जागरण र अन्तःस्करणमा सही ज्ञानको आस्वादनबाट। यसका लागि धर्म र संस्कृतिको जागरण हुनु पर्छ।

प्रश्न यो हो कि संस्कृति केलाई भनिन्छ? र संस्कृतिको साथमा धर्मको संपर्क के हो? साहित्य, सङ्गीत, कला, आराधना, अध्ययन, सेवा आदि जत्ति किसिमका अभ्यासबाट मनुष्यले आफ्नो अन्तःकरणलाई शुद्ध बनाई स्वाभाविक औज्ज्वल्य प्राप्त गर्छ त्यसलाई भनिन्छ -संस्कृति। जबसम्म मानव हृदय सुसंस्कृत हुन सक्दैन तवसम्म उसले यथार्थ रूपले न त नैतिक बल प्राप्त गर्छ न त उदार आनन्दमय धर्मको दुनियामा नै प्रवेश गर्न सक्छ।

यही नै कारण हो, संसारको हरेक समाजमा आ-आफ्नो किसिमको संस्कृतिहरूको अस्तित्व हामी देख्छौं। त्यसै हेर्दा मनोरञ्जनका लागि सांस्कृतिक क्रियाकलाप देखिए तापनि बस्तुतः संस्कृतिको उद्देश्य आत्म संशुद्धि नै हुनु पर्छ। यो कुरा उद्देश्य र लक्ष्यमाथि निर्भर पर्न जान्छ। संस्कृति हामीले जता ढल्कायो त्यतै ढल्किन जान्छ। भारतीय हिन्दू सभ्यताको आधार भूमि नै मनुष्यको धर्म र संस्कृतिलाई सम्यकरूपले उन्नत बनाउने हो। हजारौं वर्षसम्म भारतीय मनीषिहरूले मानव जीवनमाथि निगुढ अन्वेषण र गवेषणा गरी धर्म, दर्शन र संस्कृति माथि एक निश्चयात्मक तत्त्वमा पुगिसकेका छन्। त्यति मात्र नभई देश, काल, पात्र र परिस्थितिद्वारा विचलित हुन नसक्ने कालजेयी साहित्य र धर्मज्ञान प्रतिष्ठित गरेर गएका छन्। यी सबै अपूर्व ज्ञान संस्कृत साहित्यमा संरक्षित छन्। अतः जीवन दर्शन र अध्यात्म विज्ञानका सही धारणा र बोध जगाउन संस्कृत भाषाको ज्ञान अनिवार्य देखिन्छ। रवीन्द्रनाथ टैगोरले आफ्नो एक प्रशिद्ध कवितामा यो भारत खण्डलाई महामानवको सागर भनी सम्बोधन गर्नु भएको छ। यो कुरा सम्पूर्ण सत्य हो किनभने यही वैदिक भूमिमा, यही नै धर्म र संस्कृतिमा हामी असंख्य ईश्वर ज्ञान सम्पन्न महापुरुषहरूको अस्तित्व पाउँछौं। Peter Rendel ले सही नै भन्नु भएको छ कि, Great spiritual teachers, yogis and saints are those on the mystical path, whereas those such as social reformers and great inventors are mainly on the magical path expressing sprit through form. (Understanding the chakras. Chap. Phases of life . page 18)

अर्थात् महान् धर्मगुरु, योगी र महात्माहरू यदि आध्यात्मिक शक्तिको मार्गमा हिंड्नुहुन्छ भने समाज सुधारक र वैज्ञानिकहरू प्रभावशाली भौतिक मार्गमा आफ्नो शक्तिलाई प्रकाशित गर्नु हुन्छ।

पाश्चात्य जगतको विविध आश्चर्यमय बैज्ञानिक र यान्त्रिक आविस्कारहरूले यदि हाम्रो बाऽय जीवनलाई अत्यन्त सहज र सावलील बनाएको छ भने प्राच्यको धर्म, संस्कृति र दर्शनले आन्तरिक शान्ति दिएको छ।

बस्तुतः मेरो दृष्टिकोणमा प्राचीन कालदेखि पृथ्वीमा दुई विशेष शक्ति. राजनीति र संस्कृति, मानव समाजलाई प्रत्यक्ष रूपले प्रभाव पार्दै आइरहेको छन्। यदि प्राचीन रोमनहरूले विश्वलाई राजनैतिक शक्तिको आधारमा शासन गर्ने प्रयास गरेका छन् भने भारतीय हिन्दूहरूले संसारलाई धर्म र संस्कृतिको शक्तिले सुप्राचीन कालदेखि नै प्रभावित गर्दै आइरहेका छन्। विश्वमा यस्तो कुनै धर्म प्रवण व्यक्ति वा समाज छैन जो कि कपिलको सांख्य दर्शन र बैदिक ऋषिहरूको धर्म सिद्धान्तहरूद्वारा प्रभावित भएको छैन। उपनिवेशवादीहरूले यदि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मनुष्यको समाज जीवन माथि आधिपत्य विस्तार गरी तिनीहरूलाई नियन्त्रण तथा स्व स्वको स्वार्थपूर्ति गरेका छन् भने उपनिषद्वादीहरूले विश्व मानवको अन्तर्जीवनमाथि गहिरो प्रभाव सृजन गरी आफ्नो आध्यात्मिक दुनियालाई अझै दृढ र वलिष्ठ बनाएका छन्। यूरोपका प्रख्यात दार्शनिक सोफेन आवरको उक्तिबाट यो कुरा प्रत्यक्ष रूपले सावित हुन्छ,

'यद्यपि संस्कृत भाषा माथि समुचित ज्ञान हामीलाई अझै प्राप्त हुन सकेको छैन ज्रसद्वारा हामी उपनिषद्हरूका वास्तविक रहस्यहरूलाई अनुधावन गर्न सक्छौं, तै पनि जे जत्ति हामीले बुझेका छौं त्यो बाट पक्कै मान्नु पर्छ कि उपनिषद्हरूका हरेक स्थल गंभीर ज्ञान र उच्च भावनाद्वारा ओतप्रोत भएका छन्। जव हामी तिनीहरूलाई अध्ययन गर्छौं त्यस समय भारतीय दिव्य वातावरण हाम्रो चारैतिर परिव्याप्त भएको देखिन्छ र उपनिषद्हरूका रचयिता ऋषिहरू हाम्रो हृदयभित्र प्रवेश गरेका पनि अनुभव हुन्छ। उपनिषद् जस्तो आत्मालाई माथि उठाउने ज्ञान संसारमा अरु कहीं पनि छैन। मेरो यो जीवनमा उपनिषद्बाट नै शान्ति प्राप्त भएको छ र आशा गर्छु कि मृत्यु उपरान्त पनि उपनिषद्बाट नै शान्ति प्राप्त हुन्छ।'

अस्तु

अघि बढौं

-नेत्रहरि सुवेदी
कक्षा-७

मदेशी मलिलो माटो
धान बाला झुलाउने
पहाडी खोच वस्तिमा
विकास झल्मलाउने ॥१॥

दृढ इच्छा र आकांक्षा
लिइकन अघि बढौं
भोक रोग अशिक्षाको
विरुद्धमा सधैं लडौं ॥२॥

अँध्यारो वस्तीमा आज
ज्ञान दीप जलाएर
मेहनतको हलो जोती
धेरै अन्न फलाएर ॥३॥

आत्मनिर्भर हुनलाई
सबै मिलि अघि बढौं
विकास मास्न खोज्नेको
विरुद्धमा सधैं लागौं ॥४॥

हाम्रो शान्ति र विश्वास
गौतम बुद्ध लुम्बिनी
हाम्रो संस्कृति धरोहर
मादल सारङ्गी मारुनी ॥५॥

पुर्खाले जो दिए सौगात्
त्यो लिएर अघि बढौं
संस्कृति मास्न खोज्नेको
विरुद्धमा सधैं लागौं ॥६॥

विद्यालयलाई शुभकामना

-रामचन्द्र घिमिरे

विद्या वेद पढी समाज-जनमा
संस्कार थप्नु भनी
द्याथे राज हुकम् महेन्द्र नृपले
आश्रम् तयार् भो अनि
लस्कर छैन जहाँ सुमान्य जनको
देव् क्षेत्र हो ता पनि
यस्तो हाल बुझी बडा गुरुजीले
राख्नुभयो नाम् पनि

लागे पढ्न वटु खुब रहरले
का.२२ को दिन् थियो
ई सब् कारणले विभाग गुठीले
पाठ (क) शाला चलायो
छल छाम थेन त्यहाँ विद्यालयमहाँ
अध्यापकै थोर थिए
शुल्कै छैन जहाँ विद्यालयमहाँ
छात्रै पनि थोर भए

भर्ना गर्न भनी पिता गुरुजीले
मैलाई लानु भयो
काम काज् धर्म सबै पढी बुझी जानी
सत्कर्म मा मन् गयो
मनमा छन् खुसीका शिखर थरीथरी
३० वर्षे आयु भयो
नाना कार्य गरी अनेक थरीका
यो क्षण गुजार्नु पऱ्यो

०६०।०७।०७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पशुपति क्षेत्र विकास कोष र नेपाल वेद विद्याश्रम

✍ रामप्रसाद दाहाल

सूक्ष्मातिसूक्ष्मं कलिलस्य मध्ये
विश्वस्य स्रष्टारमनेकरूपम् ।
विश्वस्यैकं परिवेष्टितारं
ज्ञात्वा शिवं शान्तिमत्यन्तमेति ॥

(श्वेताश्वेतरोपनिषद्)

(सूक्ष्मभन्दा पनि सूक्ष्मरूपमा प्राणीमात्रको अन्तर्हृदयमा निवास गर्ने, समस्त विश्व स्रष्टा, अनेकौं रूपहरूमा प्रकट भएर आफ्ना उपासकहरूको कल्याण गर्ने, यस सम्पूर्ण संसारलाई एकै रूपबाट आफूमा समेट्ने कल्याणमूर्ति भगवान् श्री पशुपतिनाथलाई पूर्णरूपबाट जान्ने साधकले परम शान्ति प्राप्त गर्दछ ।)

उनै भगवान शंकरको निवासस्थल पशुपति क्षेत्रको संरक्षण र संवर्द्धन गर्न स्थापित पशुपति क्षेत्र विकासकोष राष्ट्रकै एक महत्वपूर्ण संस्था हो जसको अध्यक्ष स्वयं श्री ५ बडामहारानी सरकार होइबक्सने र संरक्षक श्री ५ होइबक्सने परम्पराले पनि यस संस्थाको गरिमामय पक्षलाई उजागर गरेको छ । पशुपति क्षेत्रको महत्व र विशेषतालाई व्याख्या गर्न कठिन छ । प्राणीमात्रका दु:ख सुख दाता, सर्वव्यापी, सर्वशक्तिमान् आशुतोष भगवान पशुपति क्षेत्र भित्रका मठमन्दिर देवालय, शिवालय, पाटीपौवा, लिङ्ग शिवलिङ्ग यावत् पक्षको संरक्षण र संवर्द्धन गर्दै विश्वका समस्त हिन्दूहरूको आस्थाको केन्द्र भगवान पशुपतिनाथको क्षेत्रलाई सुव्यवस्थित गर्न पशुपतिक्षेत्र विकास कोष १० वर्षे गुरुयोजना मार्फत हाल क्रियाशील रहेको छ । अनेक धार्मिक र सांस्कृतिक मूलमन्त्र र मान्यतालाई जगेर्ना गर्दै अगाडि बढेको कोषको जिम्मेवारी धर्मशाला, घाट र क्रियापुत्री आवास व्यवस्था मात्र होइन नेपाल वेद विद्याश्रम पनि अर्को महत्वपूर्ण निकायको रूपमा विगत केही वर्षदेखि कोषको जिम्मामा रहेको छ ।

नेपाल वेदविद्याश्रम मा.वि जन्मदेखि मृत्यु पर्यन्तका कर्मकाण्ड गराउन जान्ने, वेद सस्वर पढ्ने विद्वान्हरू जन्माउनका लागि स्थापना भएको देखिन्छ । खासरूपमा भन्दा स्वर्गवासी राजा श्री ५ महेन्द्र सरकारको सदिच्छा अनुसार वैदिक धर्म संस्कृतिको रक्षार्थ २०२६ सालमा यस विद्यालयको भवन निर्माण गर्न हुकुम वक्से बमोजिम कार्यआरम्भ भएको देखिन्छ । २०३१ साल कार्तिक २२ गते स्वर्गवासी श्री ५ ऐश्वर्य सरकारको शुभजन्मोत्सवको दिनबाट विद्याश्रमको पठन पाठन आरम्भ भएको वेद विद्याश्रमको आफ्नो ३० वर्षे इतिहासमा आफ्नै पहिचान राख्न यो संस्था सफल भएको छ । वास्तवमा भन्दा वैदिक वाङ्मयको आधिकारिक विद्वान् उत्पादन गर्ने, हिन्दूराष्ट्रको पशुपति क्षेत्रको एक नमुना वेद विद्याश्रमको रूपमा विकसित गर्ने संस्थाको रूपमा यसलाई अगाडि वढाउन खोजेको देखिन्छ । स्थापनाका केही वर्ष भित्रैबाट गुठी संस्थानले ३२ जना आवासीय वटुकहरू राखी विद्यालय संचालन गर्दै आएकोमा विगतका केही वर्ष यो विद्यालय झण्डै झण्डै वेवारिसे अवस्थामा पुग्नखोजेको पीडादायीक अनुभव विद्यालय परिवारमा रहेको छ । गुठी संस्थान, विश्वहिन्दू महासंघ र पुन: गुठी संस्थान हुँदै पशुपति क्षेत्र विकास कोषमा सर्नुपर्दा भोग्नुपरेको पीडा विद्यालयको विकास र विस्तारमा केही अप्ठ्यारो अनुभवको अनुभूति भएको पाइन्छ ।

विगतका ५ वर्षयता नेपाल वेद विद्याश्रमलाई पशुपति क्षेत्र विकास कोषले आर्थिक र शैक्षिक पक्षको जिम्मेवारी लिएपछि विद्याश्रमले गतिलिन थालेको अनुभव यस क्षेत्रका विज्ञहरूको राय रहेको छ । पशुपति क्षेत्र विकास कोषले जिम्मेवारी वहन गरेपछि विभिन्न किसिमको ठोस निर्णयहरू भएका छन् जुन यस प्रकार छन् :

क) नेपाल वेद विद्याश्रम गुठी संस्थान अन्तर्गत रहेकाले त्यसको श्री सम्पत्ति र वेद विद्याश्रम क्षेत्रले ओगटेको ३१ रोपनी जग्गा पशुपति क्षेत्र विकास कोष, नेपाल वेद विद्याश्रम जग्गाको स्वामित्व कायम हुनुपर्ने र यसका लागि गुठी संस्थान र कोष बीच आधिकारिक निर्णय हुनुपर्ने ।

ख) पशुपति क्षेत्र विकास कोष संचालक परिषद, नेपाल वेद विद्याश्रमको नीति निर्माता, मूल्याङ्कनकर्ता, संरक्षक र नियन्त्रणकर्ताको रूपमा रहनु पर्ने ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ग) नेपाल वेद विद्याश्रमलाई सही ढंगबाट संचालन गराउनका लागि कोष संचालन परिषदले छुट्टै संचालन समिति गठन गर्नु पर्ने र कोषको नीति र निर्णयका आधारमा वेद विद्याश्रम भित्रका शैक्षिक, प्रशासनिक शिक्षाको गुणस्तर वृद्धि, क्षेत्र विस्तार आदि कुरामा र आर्थिक श्रोत संकलनका लागि दाताहरू समेत परिचालन गर्ने गरी काम गर्ने संचालक समितिको गठन गर्नु पर्ने ।

यस प्रकारका निर्णयहरूमा माथि उल्लेखित बुँदा नं. ख र ग को कार्य कार्यान्वयन भइरहेको र क नं.को बुँदाको आधिकारिक निर्णय हुन अझै बाँकी रहेको देखिन्छ । यो निर्णय नहुनाले पनि वेद विद्याश्रम संचालनमा केही बाधा अनुभूति महशुश भएको देखिन्छ । यस तर्फ गुठी संस्थान र पशुपति क्षेत्र विकास कोषको संयुक्त पहलमा तत्कालनै निणय गरी टुङ्गोमा पुग्नु पर्ने देखिन्छ ।

नेपाल वेद विद्याश्रमको संचालक समिति कोष परिषद्कै सदस्य हुने र सोही अन्तर्गत संस्कृत क्षेत्रको प्रतिष्ठित विद्वान् सदस्य राख्ने प्रावधान रहेको छ । वर्तमान संचालक समितिले आफ्नो काम कर्तव्य र अधिकारलाई ३९ बुँदे आचारसंहिता भित्र राखी नेपाल वेद विद्याश्रमलाई स्थापित गर्दाका आधारमा अगाडि बढाउन क्रियाशील छ ।

नेपाल वेद विद्याश्रम हालको संचालक समिति गठन भएपछि गरेका कार्यको संक्षिप्त विवरण देहाय अनुसार रहेको छ :

क) स्वर्गवासी बडामहारानी ऐश्वर्यको सदिच्छा अनुरूप ७५ वटै जिल्लाका ब्राह्मणवटुकहरूलाई आवासीय रूपमा राखी शिक्षादीक्षा दिने विद्वान् कर्मकाण्डी बनाउने इच्छालाई पूर्णता दिईएको र विगत वर्ष देखि ४ कक्षा संचालन गरी ७५ वटै जिल्लाका आवासीय वटुक राख्न व्यवस्था गरेको ।

ख) तात्कालिन संस्कृति तथा पर्यटन मन्त्री बलबहादुर के.सी.ले नीजि खर्चमा वेद विद्याश्रम प्राङ्गणमा वेदव्यास र सरस्वतीको मूर्ति स्थापना गरी धार्मिक वातावरणमा सहयोग पुऱ्याएको ।

ग) पशुपति क्षेत्र विकास कोषले वार्षिक २९ लाख रूपैँया बजेट विनियोजन गर्दै आएको ।

घ) यज्ञशाला लगायत पानीट्याङ्की, शौचालय, भवन मर्मत लगायत भौतिक पूवार्धारहरूको जिर्णोद्धार गरिएको ।

वेद विद्याश्रमलाई गतिशील र दिगो बनाउँदा निम्न उद्देश्यहरूलाई बिर्सनु हुँदैन भन्ने मान्यता कोषले राख्दै आएको छ ।

क) वैदिक वाङ्मयको आधिकारिक विद्वान् उत्पादन गर्ने ,

ख) वेद विद्याश्रमलाई अर्न्तराष्ट्रिय क्षेत्रमै वेदाध्ययन केन्द्रको रूपमा विकसित गर्ने,

ग) गुरुकुल पद्धति शिक्षाको पनि कार्यक्रम चलाई त्यसको संरक्षण गर्ने,

घ) हिन्दू धर्मावलम्वीहरूको धार्मिक आचरणहरूको परिपालन गर्ने विद्यार्थीहरूको उत्पादन गर्ने,

ङ) कर्मकाण्ड गर्ने आधिकारिक विद्वान् उत्पादन गर्ने,

हाल गारेएका कार्यक्रमहरू आरम्भ मात्र हुन् अन्त्य हैन । उल्लेखित उद्देश्य प्राप्त गर्न वेद विद्याश्रम संलग्न सबैको सहयोग आवश्यक हुन्छ । अन्यथा विश्वको बदलिंदो वातावरण र विकृत मनस्थितिले थिल्थिलिएको नेपाली सभ्यता र संस्कृतिमा के नेपाल वेद विद्याश्रम चोखो रहन सक्ला? प्रश्न मनमा उब्जन थालेको छ । हिन्दू धर्मावलम्बीहरूको आचरणको परिपालन गर्ने विद्यार्थी उत्पादन गर्न भोलिका दिनमा सम्भव होला ? भन्ने कुराले धेरै संस्कृतज्ञका मनभित्र उहापोह भइरहेको छ । दृढनिश्चय भावना लिएर संस्कारयुक्त संस्कृतिलाई जोगाइराख्ने हो भने, यस संस्थाको उत्थान आवश्यक छ । आध्यात्मिकताको केन्द्र, साधनास्थल तपोभूमि, देवस्थलको सहर पूण्य भूमि नेपालमा महात्माहरू जन्मनु पर्छ । यो भूमि शंकराचार्यहरूको क्रीडास्थल हुनैपर्छ । यदि हिन्दू धर्मावलम्वीहरू पुनर्जन्ममा विश्वास गर्ने हो भने हाम्रो संस्कृतिको संरक्षण गर्नै पर्छ ।

उपर्युक्त उद्देश्य प्राप्तिका लागि ज्ञान र बुद्धिका उपासकहरू ७५ वटै जिल्लामा सिद्धसाधकहरू यस विद्याश्रममा उत्पादन हुनै पर्छ । त्यसको कल्पनामा रमाउनु भन्दा यथार्थलाई टेकेर वास्तविक धरातलमा उभिएर शिक्षा दीक्षा दिने गुरुहरू कर्तव्यनिष्ठ, आचरणनिष्ठ, विनयी, नम्रशील हुनै पर्छ । तपश्वी स्वरूपका ज्ञानको दीयो बालेर मार्गनिर्देशकको रूपमा दार्शनिक चिन्तक र बौद्धिक खुराकका धनी गुरुवर्ग धर्मगुर बन्नै पर्छ । सही गुरुबाट लिएको सही शिक्षाले गुरुकुल पद्धतिको विकास हुन्छ । शिष्य शिष्ट बन्छ, साधुं बन्छ । त्यसको लागि संञ्चालक समिति, पशुपति विकास कोष माध्यम मात्र बन्दछ । गुरुकुल पद्धतिको सार्थकता त गुर शिष्य परम्परा मै निर्भर रहन्छ । यो परम्पराले गहिरो जरो राखेर थुप्रै हाँगाहरू जन्माउन सक्यो भने विद्यालय महाविद्यालय बन्छ । एकदिन पशुपतिको गोठाटारको जग्गामा विश्वविद्यालय खुल्छ । त्यो सोचाइमा पुग्न एक्लैको प्रयास सम्भव छैन । सामुहिक सोच, फराकिलो दृष्टिकोण, निश्वार्थ भावना, संस्कृति र संस्कृतको आराधना इत्यादि पक्षहरू प्रत्येक मनमा सल्बलाउनै पर्छ । गुणस्तरयुक्त शिक्षा आजको आवश्यकता भन्ने चेतना हुनु पर्छ । नेपाल वेद विद्याश्रमको प्रतिबद्धता संस्कारयुक्त संस्कृत शिक्षाको पहुँच र गुणात्मकता नै हो । उल्लेखित उद्घोषले नै वेद विद्याश्रमलाई सही दिशानिर्देश गर्ने मार्ग बन्न सक्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विधवा, विधुर र पतिपत्नी बारे वैदिक धारणा

✍ प्रा.डा.ऋषिराम पोखरेल

वैदिक धर्म वा हिन्दु धर्म अनुसार विधवा भन्नाले विशिष्ट लोग्ने वा वियुक्त लोग्ने भएकी महिला भन्ने बुझिन्छ तापनि विधवा शब्दले पति मरेकी श्रीमती शब्दलाई बुझाउँदछ। व्याकरणको दृष्टिमा 'वि' उपसर्ग लगाउदाको 'धव' शब्दको स्त्रीलिङ्गी रूप 'विधवा' बन्दछ। तर भाषाशास्त्रमा 'वि' उपसर्गले अवस्था अनुसार विशेष अर्थ वा वियोग अर्थ प्रकाशित गर्ने गर्दछ। जस अनुसार 'मान' मा 'वि' उपसर्ग लायो भने 'विमान', 'गत' मा 'वि' लगाएमा 'विगत', 'मत' मा 'विमत' भए झैं 'धवा' मा लाउँदा 'विधवा' बन्दछ।

विधुर शब्द 'धुर' मा 'वि' उपसर्ग लागेर बन्दछ। 'धुर' शब्दले भारलाई बुझाउँदछ। जो वस्तु गह्रुङ्गो भारी झैं अथवा दायित्वपूर्ण छ त्यो भार वा धुर हो। 'वि' उपसर्ग लगाउदा बनेको वि+धुर शब्द विधवाको विरुद्ध अर्थ-बोधक हो। यस प्रसंगमा विशिष्ट भार वा दायित्व वा अभिभावकीय अभिभारा आइपरेको व्यक्तिलाई नै विधुर भन्ने पक्ष ग्रहण गर्न सकिन्छ। यहाँ विशिष्ट भार भन्नाले विधाताको विधान अथवा प्रकृतिको नियम भन्दा विशेष खालको थप भार जसमा थपिएको छ त्यो विधुर भन्ने व्यक्ति हुन सक्छ। यस अर्थमा विशेप खालको थप भार भन्नाले प्रकृतिको नियमानुसार वाल-बालिका वा शिशुको हेरचार अथवा लालनपालन पोषणको प्रत्यक्ष भार वा जिम्मेवारी जो विवाहित महिलामा नै पर्दछ (संसारका सबै मुलुक र जात धर्ममा स्त्री जातिले यो विशेष भार सामान्यतया बोकेकै हुन्छन्।)। त्यो भार श्रीमतीको मृत्युपछि विवाहित पुरुषमा पर्दछ। तब ऊ विधुर अर्थात विशेष भारी वोकेको विशेष खालको दायित्वा बोकेको व्यक्ति, जसले शिशु हेरचाह र पालन पोषण समेत गर्ने जिम्मेवारी सम्हालेको छ, त्यो बन्न पुग्दछ तापनि सामान्यरूपमा लोक प्रचलित रुढ अर्थ बुझाउने विधवा=लोग्ने मरेकी स्त्री र विधुर=स्वास्नी मरेको पुरुष भन्ने नै बुझिन्छ। प्रस्तुत लेखमा सो दुवै पक्षवारे वैदिक धारणा के-कस्तो रहेको छ संक्षेपमा चर्चा गर्ने प्रयत्न गरिनेछ।

जागतिकता (सांसारिकता):-

संसारको सृष्टि प्रकृति र पुरुषको संयुक्त देन हो। वैदिक धारणा भन्दछ-"प्रकृति पुरुषात्मकं जगत्" अर्थात् यो जगतको आत्मा प्रकृति (पोजेटिभ) र पुरुष (नेगेटिभ) हो। वेदले यही कुरालाई अर्को शब्दमा 'अग्नीषोमात्मकं जगत्' अर्थात् अग्नि र सोम यस जगत्को आत्मा (चुरो, ज्यान, मूल-तत्त्व, आदि जे भने पनि) आगो र पानी हो। यस जगतको निर्माण आगो र पानी अर्थात् अग्नि र सोम (इलेक्ट्रोन र प्रोटोन) को संयोग र वियोग वा घर्षण वाट भएको छ। यो वैदिक सिद्धान्त र मान्यता हो नाटककार बालकृष्ण समको 'आगो र पानी' को संसारले त्यही वैदिक मान्यताको अनुवाद गरेको छ। वैदिक अभिव्यक्ति अझ स्पष्टसँग भन्दछ **"एतावान् पुरुषो यदात्मा, प्रजा, जाया"** (ताण्डयब्राह्मण(वेद)३।४।५) पुरुष भनेको ऊ स्वयं, उसकी श्रीमती र उसका सन्तान हुन् अर्थात श्रीमान्, श्रीमती र छोरा छोरीको यो संसार हो। यस कारण वेदले भन्दछ-"अर्द्धो ह वा पुरुषो, यावज्जायां न विन्दते" अर्थात् विवाह नगरेसम्म पुरुष वा नारी अर्धो (अपुर्ण, आधाभाग) याने आधा फ्याक मात्रै हो, जब पुरुषले जाया र नारी(श्रीमती) ले पति पाउँछन तव मात्र पूर्ण हुन्छन्। तर जायाको जायात्व श्रीमान् (पति) बाट आफ्ना छोरा छोरीको जाय जन्म भएपछि मात्र चरितार्थ हुन्छ।

वेद अनुसारका सम्पूर्ण कार्य (यज्ञ, व्रत, दान, धर्म, घर-व्यवहार, जायाजन्म लगायत) सबै कुरामा सहधर्मचारिणी बन्ने श्रीमती (स्त्री, महिला) लाई वेदले पत्नी=पालयित्री (पालना गर्ने, पाल्ने, पोस्ने) भनेर विशेष नाम र कामले व्यवहार गरेको छ। चाहे त्यो यज्ञ अर्थात् दान, सत्सँग, देवपूजा, होम, धर्मकर्म, तीर्थव्रत आदि होस् चाहे लोक् व्यवहार (घर-गृहस्थी होस्, आधा काम गर्ने, आधा दायित्व बोक्ने, सहकार्य अर्थात सह=सँगै, धर्म=काम-कर्तव्य, चारिणी=गर्ने फल पनि सँगै खाने, साथीको नाम पत्नी हो। त्यसलाई संरक्षण दिने पुरुषलाई पति=रक्षक भनेको हो। यस अर्थमा नै पति र पत्नी शब्दको चरितार्थता छ। पति पत्नीको यो आदर्श र मर्यादा भित्र सधवा (सौभाग्यवती) र अविधुर (सपत्नीक) एवं विधवा र विधुरवारे हाम्रो समाजमा अनेकौं शास्त्रीय विधि विधान बनेका छन् भने कतिपय देशकाल र परिस्थितिका आधार बनेका शास्त्रीय तर तात्कालिक कुरा पनि अझै चलेका छन्। उदाहरणका रूपमा वैदिक धर्मको धर्मशास्त्रीय व्यवस्था छ र सदाका निम्ति छ तर पनि बाल विवाह अनमेल विवाह तात्कालिक थियो। भारतवर्षमा यूनानी आक्रमण पछि मुगल साम्राज्यको दवदवा अत्यन्तनै बढेको वेलामा जवर्जस्ती सँग जनै, टुपी काटेर जात परिवर्तन गर्ने, रक्तशुद्धियुक्त वंश विनाश गर्ने जस्ता कुकार्य गर्ने कन्याहरण गर्ने, स्त्रीहरण वा बलात्कार गर्ने जस्ता कु-कार्य अत्यधिक रूपमा हुन थाले। यसै क्रममा कुनै एक मुगल वादशाहले आफुलाई मन परेकी ब्राह्मणकन्यालाई जबर्जस्ति गर्न खोजे। त्यो कुरा ब्राह्मण क्षेत्री आदि हिन्दूधर्म प्रेमीले नमानेपछि उनीहरूका जनै टुपी काटेर उनीहरूलाई पनि मुशलमान जस्तै बनाईदिने कुकार्य गरे। यसरी बदुलेका जनै टुप्पी ७४½ गाढा भयो। आज सम्म पनि मुशलमानको त्यो अत्याचार पूर्ण इतिहास लाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चिठ्ठीपत्रमा ७४॥ लेखेर सम्झने र अर्काको पत्र खोल्नेलाई त्यो पाप लाग्छ भनिन्छ । त्यो आपद टार्नका निम्ति तत्काल यवन साम्राज्य छउञ्जेल बालविवाहका कुरा विहित थिए तर अब ती कानूनतः समेत अमान्य छन् । विशेष देश काल र परिस्थितिका कुरा विशेष धर्म र आपद् धर्मभित्र पर्दछन् । ऐन-कानुन र संविधानमा पनि यही धारणा र मान्यता अनुसार संकटकालको कुरा सकारिएको देखिन्छ । प्रकृत प्रसंगमा विधवा भएपनि सिन्दुर र पोते वाहेक चूरा, टीका र धागा जस्ता रंगी चंगी कुरा लगाउदै रहने अठोट गरी वानेश्वर निवासी कवयित्री बहिनी पुष्पलताले झैं कतिपय महिलाले सामाजिक मर्यादा विरुद्ध क्रान्ति गर्दै रहेको देखिन्छ । अतएव यसवारे केही बोल्नु वा लेख्नु सामयिक संझिएर यहाँ पति पत्नी विधवा र विधुरवारे मैले आफ्नो दृष्टिले वेदको धारणा जे बुझें देखें संक्षेपमा यहाँ चर्चा गर्ने प्रयत्न गरेको हूँ । मलाई लाग्छ मेरो दृष्टिसँग सहमत नहुनेहरूले आफ्नो तर्क र प्रमाण पनि शास्त्रीय दृष्टिले स्पष्ट पार्न सक्ने छन् ।

विवाह र प्रतिज्ञा

संस्कृत भाषाको 'धव' शब्दको अर्थ लोग्ने हो भन्ने बारे पहिला नै चर्चा गरियो । 'धव' को अर्थ व्याकरण अनुसार धोइ-पखाली गर्ने, संरक्षण गर्ने, आराधना, उपासना, सेवा-सुश्रूषा गर्ने व्यक्ति हो । वैदिक हिन्दू, (सनातनीहरू) को सामाजिक मान्यता र लोकव्यवहार अनुसार विवाह गर्दा कन्यालाई सिंदूर र पोते लगाईदिएर सहधर्म चारिणीका रूपमा वरण गरी स्त्री पुरुपको विवाह हुन्छ र पुरुषलाई प्रतिज्ञा गराइन्छ "हे पुरुष ! तिमीले धर्म, अर्थ र काम समेत तीनै थरि पौरखी काममा यी तिम्रो बन्नेवाली श्रीमतीको साथ नछुटाउनु । यिनीकै सहयोग, समझदारी र विश्वास-पूर्ण साथनै तिमी धर्म गर्न, धर्मपूर्वक धन कमाउन धर्मपूर्वक मनोरथ पूर्ण गर्न अर्थात धमार्थकाम (तीन पुरुषार्थ) प्राप्त गर्न सफल हुने छौं । " अत कुनै वेला पनि अत्याचार (हेपेर थिचो मिचो गरी अतिक्रमण अन्याय गर्ने काम) नगर्नु भन्दा पुरुषले हुन्छ म कुनै व्यभिचार वा अतिक्रमण गर्दिन "धर्मे अर्थे च कामे च नातिचरिष्यामि" भनी दाजु-भाई इष्ट मित्र आगो र चन्द्रमा वा सूर्य र पुरोहित ब्राह्मण आदिका सामुन्ने ती सबै जनालाई साक्षी राखेर आफ्नो जीवन साथीको हात समात्ने काम (पाणिग्रहण) याने विवाह गर्दछ । यही धारणा र शास्त्रीय मान्यता अनुसार विद्या, धन, पुत्र-पत्नी-पति र आयुसँग जन्म-जन्मान्तरको नाता रहेको छ भन्ने मानिन्छ । न मान्ने लाई कर छैन तर फल भने मिल्छ नै । मानेपनि नमानेपनि आगोलाई छोएपछि पक्कै पोल्छ ।

कोट मेरिज र डिभोर्स वा पारपाचुके जस्ता कुरालाई वेद शास्त्रले स्वीकार्दैन । धर्म, नीति र लोकाचार अनुसार मानो चामल भर्ने गरे वा स्वेच्छाले एकापसमा कुरो मिले मिलाएर पति पत्नी (लोग्ने-स्वास्नी) छुट्टिए पनि मिल्छ तर एक आपसमा जुठो-सूतक लाग्ने र कसैले नगरेमा पोइल गएकी श्रीमतीको किरिया समेत पूर्व पतिले वार्नै पर्ने कुरा हाम्रा धर्मःशास्त्रले वताएका छन् । पति पत्नीको यो आत्मीयता र मर्यादा पोइल गएकी श्रीमतीको जूठो लाग्ने व्यवस्थाले पनि स्पष्ट गरेको छ । कालान्तरमा पुरुषजातिले स्वार्थवश आफ्नो धर्म, कर्तव्य र दायित्व विर्सेर नारी जाति प्रति शोषण र उत्पीडन गरेको कुराले शास्त्रलाई दोष दिनु चाँहीं मूर्खता मात्रै हो ।

विवाहका अवसरमा केटीले जन्ती घर गाउँलेका अगाडि प्रतिज्ञा गर्दै केटा (पुरुप) ले झैं भनेकी हुन्छे -"म तिम्रो मन, वचन, कर्ममा मेरो मन, वचन, कर्मले साथ दिनेछु । " पुरुपले पनि 'नातिचरामि' "म अतिक्रम गर्दिन भन्दछ" यसको उल्टो गरे पाप सुल्टो गरे पुण्य प्राप्त हुनेछ भनी जनसमुदायले विहे गरी शुरु गरिएको दाम्पत्य जीवनमा दैव वा भाग्य वा आ-आफ्नो आयु र कर्म, विद्या र वैभवकाल(मरणको अवस्था) बारे भने यसै हुन्छ भन्न संसारमा कसैले सक्दैन ता पनि वेद विहित सदाचारमा रहेर सत्कार्य गरेमा पक्कै पनि १०० वर्ष वाचिन्छ र धर्म अर्थ काम मोक्ष समेत प्राप्त हुन्छ । यो ध्रुवसत्य छ । यो मार्ग कठिन छ तर पनि धर्म नछोडी स्वधर्म स्वकर्म गर्दै रहे अवश्यनै कल्याण र समुन्नति हुन्छ यो लोक र परलोक दुवै सप्रन्छ । सन्तान को समेत सुख शान्ति र समुन्नति हुन्छ र सुख शान्ति प्राप्त गर्न रातै वा सेतै रंग मात्र पर्याप्त हुदैन भन्ने वैदिक धारण र मान्यता छ । आशक्ति त्याग गर्दै भोगमा रोगको भय हुन्छ भनी सतर्कता साथ सुखभोग गरेमा जोगी भै रहन अनिवार्य छैन । आसक्तिबाट जोगिएर आत्म तत्व बुझे मुक्ति मिल्छ ।

शिक्षा

विनय(शिक्षा) भनेको विद्याभ्यास, शास्त्र ज्ञान, प्रयोग र प्रचार गरी चार चरणमा बाँडिएका छन् । वैदिकहरू (सनातनीहरू, हिन्दुहरू) वर्ण, आश्रम र तिनका धर्म कर्ममा आबद्ध छन् । आपत्कालमा वर्णाश्रमधर्मको हेरफेर हुने र विशेप योग्यता देखाउन सके जातवर्णमा परिवर्तन हुने कुरा हिन्दुहरूको धर्मशास्त्र, कर्मशास्त्र र विधि व्यवहार एवं अनेकौं पुराणका पात्र विश्वामित्र, नवयोगी, ८१ ब्राह्मण आदिका दृष्टान्तले पनि देखाएका छन् भने देशाचार, कुलाचार र कालाचारको पनि शास्त्रले विधान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बताइदिएको छ तर दुर्भाग्य धन-पद प्रतिष्ठा वा कामिनी र काञ्चन पछाडि मात्र दगुरी कोरो भौतिकताको प्राप्ति र सन्तुष्टिलाई मात्र जीवनको लक्ष्य मान्ने ऐहिक वा यही दुनियामा बाचुन्जेलका कुरा मात्र ताक्ने पाश्चात्य शिक्षाले आजका मान्छेलाई अशान्ति मात्रै हैन अतृप्ति (असन्तोष) पनि दिएको छ। "निर्वाह भन्दा बढि कति जम्मा गर्ने हो कहाँ सम्म चाहिने हो टुङ्गो छैन" । अतः सन्तुष्ट भै आ-आफ्नो कर्म र धर्मले प्राप्त भएकोमा सन्तोष गर। सामान्यतया २५ वर्ष देखि ५० वर्षसम्म भोग गर। अनि छोराछोरीलाई जिम्मा दिई पर-पर हुदै मुक्तिको बाटो पक्र भनेर वेद, धर्मशास्त्रादिले बताएका छन् त्यो मान्नेले त्यस अनुसार चल्नेले शान्ति पाएका छन्। सुख भोगेका छन् चित्त बुझाएका छन्। दुःख, कष्ट, लण्ठा-टण्टाबाट समेत मुक्त भएकै छन् तर धेरै खोज्नेहरू सधैं कष्ट-तड्पन-ज्वलन-फलनका भुँमरीमा परेकै देखिन्छन्। यो सबै स्वेच्छाचारिता र असन्तुष्टिकै परिणाम हो। शास्त्रको दोष होइन। आचार विचारको दोष हो। व्यक्तिको दोष हो। शिक्षाको र स्वाध्यायको कमी हो।

त्यसैले वेदले स्वाध्याय स्वधर्म र स्वकर्ममा धेरै जोड दिएको हो। स्वाध्यायान्न प्रमदितव्यम्। धर्मान्न प्रमदितव्यम्। अर्थात् 'स्व' आफु र आफ्नोपन बारे बुझ्ने जान्ने कुराबाट कहिल्यै चुक्न हुदैन। आफैंलाई आफ्नो अस्तित्वलाई न चिन्ने मान्छे पशु बराबर बन्दछ। दास बन्दछ अतः आ-आफ्नो अस्तित्व र अस्मिता राम्ररी जान र स्वधर्म नछोड भन्ने आशय वेदले बताएको हो। यस अर्थले वेद सबैलाई 'स्व' बुझ्न प्रेरित गर्दछ। क्रमशः आजका मान्छेले आजको समाजले त्यो छोड्दैछ तर वैदिक जीवन दर्शनको विशेषता के छ भने पूर्वको घामले झैं वैदिक चिन्तनले यताबाट वैलाएर अस्ताउँदै पश्चिममा पुगेर आफ्नो प्रभाव दिँदैछ। उनीहरू एलोपेथी छोडेर आयुर्वेदमा, मांसाहार छोडेर शाकाहारमा, तामसता छोडेर सात्विकतामा कुरान र अवेस्ताले न पुगेर पुराण र वेद पढ्नमा अंग्रेजीले न पुगेर संस्कृत वाङ्मय पढ्नमा आतुर भै करोडौं डलर खर्च र संस्कृत संस्कृति पढ्ने गरेको कुरा देखिंदै आएको छ र आफ्नो जीवन शैलीमा क्रमशः परिवर्तन पनि गर्दैछन्। अग्निहोत्री बन्दैछन्, खानपानमा र विधिव्यवहारमा शुद्धता ल्याउँदैछन्।

वेद भन्दछ- 'द्यौ देखि लिएर सबै तिर शान्ति होस्। 'द्यौः शान्तिः .... सर्वꣳ शान्तिः....... सा मा शान्तिरेधि' अर्थात् द्युलोकदेखिका सबै कुरा शान्त होउन्। सबैतिर शान्ति होस् र त्यो शान्ति हामीमा पनि आओस्। जगतको कल्याण होस्। वेद भन्दछ- जो जुन धर्म, कर्म र संस्कार मान्छ त्यसले त्यो राम्ररी बुझ्नुको नाम स्वाध्याय हो। स्वकर्म र स्वधर्म त्यसपछि हुन्छ।

छलफलः

वेद अनुसार विहे गरेको छोरी मान्छेको नाम पत्नी, छोराको नाम पतिका रूपमा स्वतः बदलिन्छ। पतिको वा पत्नीको कथञ्चित मृत्यु भए पछि एक आपसमा अपूर्णता आउछ। यस स्थितिमा पति (जसकी श्रीमती छैन) लाई विधुर भनिन्छ। पत्नी (जसको श्रीमान छैन) लाई विधवा भनिन्छ। विधवा स्त्री र विधुर पुरुष दुवैले पालाना गर्ने धर्म, विधि विधान हिजो भन्दा भिन्नै छन्। हिजो श्रीमती छँदा गर्ने धर्म कर्म वा यज्ञ र पुरेत्याईं अब बन्द हुन्छ। विधुर (श्रीमती मरेको) बाहुनलाई वरण गर्ने, टीका दिने काम बन्द हुन्छ। पुरेत र पुरेतनी संगै राखी पुज्न नमिल्ने भए पछि त्यो पुरेत हुँदैन अर्को फेरिन्छ। तसर्थ सक्ने वा जान्ने भएपछि पुरेतका छोराको हातबाट चाहीं कर्म चलेको देखिन्छ।

विधुरले झैं विधवाले विवाह गर्ने कुरा पुनर्वोढाका प्रसंगमा मनुले पनि चर्चा गरेका छन्। विधुर पुरुष पनि त्यति स्वतन्त्र रहन पाउँदैन। छोराछोरीको विहे भएको छ भने त्यो विधुर पिताको उत्तराधिकारी ती छोरा छोरीनै हुन्छन्। जीवन भर विधुर रहेर वा पुनर्विवाह गरेर उसले आफ्नो शेष जीवन विताउन स्वतन्त्र छ तर विवाह गर्नुभन्दा पहिले नै पूर्व-सन्ततिको दायित्वबाट धर्म र न्यायपूर्वक अलग्गै भएको कुरा सार्वजनिक गर्ने पर्दछ। यो कुराको रामायण महाभारत र पुराणका प्रसंगले धेरै पुष्टि दिन्छन्। सन्तनु र भीष्म, कुन्ती र कर्णका पीडाका कथाले हामीलाई धेरे कुरा सिकाउँछन् भने कैकयी र कौशल्या, सीता र रामका कुरा पनि आ-आफ्नै क्षेत्र र दायित्वमा पर्याप्त दृष्टान्तका मानक र मापक बनेका छन्। रामले सीताको अनुपस्थितिमा यज्ञ गरे सुवर्ण प्रतिमामयी सीता साथ राखेर तर केही वर्षपछि पुनः लोक पत्यार (लोकप्रत्यय) प्राप्त गरी सीता प्रत्यावर्तन गरेको कुरा पनि कम मार्मिक प्रसंग होइन। हेर्दै जानुपर्दछ, हेर्न सक्नु र जान्नु पर्दछ उदाहरण प्रशस्त फेला पर्छन् नै तर दोष खोज्नेलाई रोक्न भने सकिन्न। दोष खोज्नेले नभएका दोष पनि खोजेर थोपर्दछन्। झींगा र कीर्ना यसका उदाहरण हुन्। किनभने झींगाले शुद्धकुरापनि अशुद्ध कीटाणु गिसाएर अशुद्ध वनाउँछ भने कीर्नाले गाईवस्तुको पोषक पदार्थ दूध खान छोडेर रगत चुस्ने गर्दछ। वास्तवमा वैदिक धर्म कुनै पूर्वाग्रह रहित छ ता पनि स्त्री पुरुषका धर्म बारे केही बढी पूर्वाग्रह राख्छ नै, त्यो पनि रक्त शुद्धिका निम्ति आवश्यक सम्झेर मात्रै होइन पुर्वापर संस्कार र सामाजिक विकृति कम गर्न पनि सहायक देखिन्छ ता पनि जसरी जातको उचो भए पनि, सम्पूर्ण वेदादि कण्ठै भएपनि, धर्म शास्त्रजान्ने गुरु अथवा ब्राह्मण भए पनि, राजानै भएपनि विवाहिता धर्मपत्नी मरे पछि उसले विधुर हुनै पर्दछ र यज्ञ, कर्मको आचार्य वा पुरेतको काम गर्न पाउदैन। अनि विधुर ब्राह्मण अयाज्य (यज्ञ र पूजा गर्न नहुने) हुन्छ पुण्याह वाचन गर्दा पनि विधुर ब्राह्मणलाई न पूज्ने भनिएको छ। पुरुषले झै स्त्रीजातिले, कुलाङ्गना, विवाहिता सधवाले पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पति मरे पछि विधवा भएर सोही अनुसारको नियम र दुःख खेप्नै पर्ने हुन्छ । यज्ञीय-धर्मकर्म गर्न र गराउन बाट विधुर ब्राह्मणले वञ्चित भए झैं विधवाले पनि ती कर्म गर्न मिल्दैन । यो कुरा सम्भवत, अरु देश , जात र धर्मका अनुयायीले पनि कुनै न कुनै रूपमा स्वीकार गरेकै छन् । हिन्दूधर्ममा मात्रै यस्तो कडाइ र थिचोमिचो हो भन्ने कुरो होइन विश्वका विकसित मुलुकहरू, वेलायत, जर्मनी, जापान, अमेरिका आदि देशमा पनि विधवा र विधुर बनेका बूढा-बुढीलाई बोक्सा वोक्सी भन्ने गरेको र अझैं पनि ती व्यक्तिहरूले अत्यन्तै उपेक्षित, अपहेलित र घर-समाजको भार झैं भएर कुकुर-कुकुर्नीलाई साथी बनाएर आफ्नो सम्पत्तिको उत्तराधिकारी समेत कुकुरै लाई तुलाएर वाच्नु परेका घटना देख्न सुन्न पाइन्छ । विकासको चुचुरो चढेको जापान जस्ता देशमा पनि बूढा बावु आमाले बृद्धाश्रमका कुनामा असहाय भै भोक भोकै, विना उपचार र पूछताछ थलिएर मर्न परेका घटना-समाचार सुन्ने गरिएको छ । यसले गर्दा भौतिक सम्पन्नता तिर दौडने, विभक्त परिवार लाई रुचाउनेहरूको भविष्य कस्तो र अन्त्य कस्तो हुने रहेछ भन्ने तथ्य स्पष्ट हुन्छ ।

वैदिक समाजको "क्रीडन्तः पुत्रैर्नप्तृभिः" छोराछोरी नातिनातिनी सँग खेल्दै वाँच भन्ने मान्यता र धारणा अनुसार बृद्ध सेवाले आयु, विद्या, यश र बल प्राप्त हुन्छ । कसरी के कस्तो दिनचर्याले स्वस्थ र दीर्घजीवन प्राप्त हुन्छ भन्ने ज्ञान अनुभवी वृद्ध माता-पिता, मान्यजनबाट प्राप्त गरिन्छ । यसले आयु र स्वस्थता प्राप्त गर्न सकिन्छ । वृद्ध सेवाबाट उनीहरूसँग रहेको ज्ञान र अनुभव प्राप्त गर्न सकिन्छ , जसलेवल र विद्याको काम गर्छ । वृद्धसेवाबाट प्राप्त ज्ञान, विद्या र आत्मबल एवं वृद्धहरूका आफन्तजनहरूका, थकालीहरूका सिफारिस (अनुरोध) मा प्राप्त हुने जन समर्थनरूपीबलका साथै आफू सत्पात्र बनिने र सत्पात्र वा सुयोग्य व्यक्ति भएकै कारणले राम्रो मान, पद र कीर्तिका साथ दान-प्रतिष्ठा समेत प्राप्त गर्न सकिन्छ । वृद्ध सेवाको यही महत्व मात्र हैन , माता पिता विधुर विधवा र वृद्ध-वृद्धा सबैले हुनै पर्दछ । अतः तिनको मान र मर्यादा गरी राम्रो संरक्षण र सेवा दिनु पर्दछ भन्ने चेतना वैदिक सामाजिक मान्यताको देन हो । मान्छेलाई मननशील र विवेकवान् मान्नुको अर्थ उसले अगि-पछि, हुने-नहुने, राम्रो-नराम्रो, आदि सबै कुराको निर्क्योल गरेर मात्रै काम-कुरा गर्दछ भनेर नै हो । वसिष्ठको ब्रह्मनिष्ठता र प्रभावको मनन चिन्तन गरेर विश्वामित्रले साधनाद्वारा ब्रह्मत्व प्राप्त गरे ।

यस कारण वेदले मान्छेको परिभाषानै "मत्वा कर्माणिसीव्यति""मर्यामनुष्याः, मर्यै रादीय आराद् दीयते, दीप्यते चेति मर्यादा" भनेर स्पष्ट गरेको हो । सोचे बुझेर कर्म गर्ने (मत्वा कर्माणि सीव्यति) चेतनशील प्राणि मनुष्य हो । मरणशील छु भन्ने बुझेर मान्छेले , सज्जन (आर्य) ले निकटता आत्मीयता (आरात्) प्रकाशित गर्न दिइने र स्पष्ट चिनिने गरेर कायम गरिने कुराव नाम मर्यादा अथवा साँधसीमा हो । साँध सीमा र मर्यादा को अर्को नाम सम्झौता पनि हो । सुख-शान्तिका निम्ति समाज सदस्य वीच आपसमा भएको संझौतानै मर्यादा हो । समझदारी, मर्यादा, संझौता, सन्धि जस्ता कुरा दुई पक्ष बीच हुने हो । के । प्राप्त गर्न केही कुरा गुमाउनु पर्छ नै । विधवा र विधुर लाई, वृद्ध र वृद्धालाई बाल र बालिकालाई अन्ध अपाङ्गलाई , असक्त, रोगीलाई हेरचाहगर्नुको पछाडि पनि आफ्नो अनिश्चित भविष्य संगको संझौताले सघाएको हुन्छ । "मत्वा रमते याति च" यो ठींक र राम्रो छ भन्ने अठोट साथ रमाउदै कर्मगर्दै जान्छ भन्ने अर्थमा 'मर्य' शब्दले मनुष्यलाई मात्रै बुझाउने गरेको छ । स्त्री र पुरुषका वीचका स्नेह-सम्बन्ध र जन्म जन्मान्तरको नाता संझेर एक अर्काको मृत्युपछि विधवा वा विधुर भएर शेष जीवन यापन गर्ने परम्परा समाजमा चलेको छ । यसो भएता पनि पतिले पत्नीलाई वरणगर्दा प्रथम पटक लगाइदिएको सिंदूरटीका र पोते परित्याग गरी सतीकै रूपमा रहेर रंगीचंगी कपडा, रातो टीका, धागा, आदिकुरा लगाइ रहँदा आज सम्मको सामाजिक रीतिथिति विरुद्ध देखिए पनि इन्द्रिय तृप्तिका दृष्टिले मानवीय समर्थन मिल्छ । आजको समानताको नारा अनुसार स्त्री- पुरुषको बराबरी मर्यादा भए पनि पुरुषले घर चलाउने निहुँमा पुनर्विवाह गरेपनि घर न फेरिने तर स्त्रीले अर्को पति वरण गरेर त्यही घरमा ल्याउँदा पारिवारिक सम्बन्ध राम्रो नहुनुका साथै अंश, वंश र गोत्रको समेत विवाद आउने अर्कै घर जाँदा पूर्व पतिको अंश, वंश, गोत्र र संततिको नाता छोडेर जानु सजिलो नहुने कुरामा समेत ध्यान दिएर विधवाहरूले पतिगृहमैं बसेर कर्ममार्गमा प्रवृत्त भैरहेका हुन् । वेदको अन्त्यकै भाग वेदान्त हो । वेदको अन्तपाए पछि, व्यक्ति ब्रह्ममय हुन्छ, सर्वज्ञ बन्छ । श्रद्धा, भक्ति, साधना र पात्रताका दृष्टिले सत्यवती, कुन्ती, तारा, द्रौपदी, मन्दोदरी, अनसूयाको प्रेरक प्रसँग पनि आफ्नै छ । शूर्पनखाको र पूतनाको पनि आफ्नै दुनियाँ छ । मात्र साधना, मर्यादा, मान्यता, आन्तर समर्पण, श्रद्धा रोजाई र विश्वासको कुरा हो । शास्त्र भन्दछ -

आपदां कथितः पन्था
इन्द्रियाणां असंयमः
तज्जयः सम्पदां मार्गो
यनेष्टं तेन गम्यताम् ॥

अर्थात् ईन्द्रिय असाध्यै चञ्चल र हाँडीघोप्टे कहिल्यै नअघाउने छन् । यिनीहरूलाई आफ्नो बुद्धिले शास्त्रको मर्यादाको,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सद्व्यवहारको लगामले वशमा पारी जितेर अभ्यासद्वारा क्रमशः सन्मार्गमा लाउनु सम्पन्नता, समुन्नति, सफलता र मुक्ति (दुःख, कष्ट, पीर, बाधा आदि सांसारिक कष्टबाट समेत छुटकारा पाउने) मार्ग हो । तपाईंको स्वतन्त्रता, तपाईंको भविष्य, सन्ततिको भविष्य अथवा भनौ यो विश्वको भविष्य तपाईंकै हातमा छ ।

उपसंहार

सनातन वैदिक धर्मका यी र यस्ता सबैकुराले बुद्धिमान मान्छेहरू, धेरै वैज्ञानिकहरू, दार्शनिकहरू, यसतर्फ आकृष्ट भए र भएका छन् र हुदैछन्, इन्द्रियका घोडा बन्नेहरूलाई "यो न त्यो" जुनै कुरा पनि जच्ने र पच्ने हुदैन । अतएव भनिन्छ । "विचित्रा कर्मणो गतिः"'रुचीनां वैचित्र्याद् ऋजुकुटिलनाना पथजुषाम्' अर्थात् कर्म गति भिन्न (फरक) छ । चाहा (रुचि) फरक-फरक छ । कोही बाङ्गो, अपठेरो बाटो हिड्छन् कोही सोझो सरल शान्त मार्ग रोज्छन् । कोही डाँका, चोर र अपराधी आदि बन्दछन् । आफ्नो र अरुको समेत जीवनलाई खतरापूर्ण पार्दछन् । भविष्य नै अनिश्चित पार्छन् । हामी भन्छौं यो सबै विधिको नै विडम्वना हो । यो देखाउने मानव र दानवको रचना पनि विधाताकै तारतम्य हो ।

यही धारणा र मान्यतामा समेटिएको सनातन धर्ममा विधवा र विधुर वारे वैदिक धारणा र मान्यतामा समेटिएको सनातन धर्ममा विधवा र विधुरवारे वैदिक धारणा र मान्यता यी नै दृष्टिकोण आज सम्म चल्दै आएका छन् र स्त्री स्वतन्त्रता (नारी स्वतन्त्रता) पुरुष स्वतन्त्रता सरह मानेर पनि सबै अवस्थामा स्त्री वा नारीले आत्मरक्षा गर्न आत्म अभिभावक बन्न गाह्रो साह्रो पर्न जाने देखिएकाले प्रकृति वा स्वभावका आधारमा पुरुषले स्त्रीको अभिभावक बनिदिने भनेर सामाजिक मर्यादा भित्र यो सम्झौता भएको हो । संसारका हरेक देश, जात र धर्ममा हेर्दा बाल्यकालमा छोरीको संरक्षण (अभिभावक) बुबा, विवाह भएपछि छोरीका संरक्षकत्व जुवाई (छोरीका पति) मा सर्ने र बूढी भएपछि छोरा संरक्षक (अभिभावक) बन्ने गरेको देखिन्छ । यो समाजमा चलेको स्वभाविक कुरालाई मनुले - **"पिता रक्षति कौमारे, भर्ता रक्षति यौवने,**
रक्षन्ति स्थविरे पुत्रा न स्त्री स्वातन्त्रमर्हति"

भनेर के नै बढी भनेका छन तर पनि मनु स्त्री स्वतन्त्रता विरोधी भन्नु फजुल हो भन्ने बुझिन्छ । एक स्त्रीले एउटा पुरुष झैं स्वतन्त्र हुँदा सन्ततिको विचल्ली हुन सक्ने र गृहिणीको अर्थ नमिल्ने हुनाले लोग्ने ले स्वास्नी र स्वास्नी मान्छेले लोग्ने नफेर्न भनिएको वर्ण र जातको सांकर्य नगर्नु पनि हो । त्यसो त धर्मशास्त्र अनुसार अनेकौं आवान्तर जात जातिको विधान र व्यवहार गोलक, कुण्डक आदिको चर्चाहरू पनि सनातन धर्मका सामाजिक मर्यादामा अटाएका छन् । अनुलोम र प्रतिलोमबाट जन्मेका अवान्तर जात-जातिको चर्चा मनुःस्मृति आदिमा प्रशस्त देखिएतापनि कुल जात गोत्र को संपरीक्षणमा जोड दिनुको आशय रक्त शुद्धि र सामाजिक मर्यादाको रक्षा नै हो भन्ने बुझिन्छ ।

तसर्थ स्त्री- पुरुष एक अर्काका पूरक हुन् । तापनि विद्या-बल-यौवन आदि कुराले परस्परमा कुनै प्रकारको व्यभिचार वा थिचोमिचो र हेपाइ पूर्ण व्यवहार नहोस् भनेर दुवैले सधैं सतर्क रहनुपर्दछ । संक्षेपमा भन्नुपर्दा स्त्रीले पुरुषको र पुरुषले स्त्रीको प्रसन्नतामा पूर्ण ध्यान दिनु पर्दछ तर दुवैले स्वधर्म र स्वकर्म कुनै हालतमा पनि छोड्नु हुदैन अन्यथा सन्तान दर सन्तानले विधर्मी बन्दै जाँदा स्वराष्ट्र र स्वराज वा स्वतन्त्रता पनि गुमाउनुपर्ने हुन्छ । यसकारण मनु भन्छन्-

अन्योन्यस्याव्यभीचारो भवेदामरणान्तिकः ।
एष धर्मः समासेन ज्ञेयः स्त्रीपुंसयोः परः ॥

यस क्रममा कतिपय विषम परिस्थितिमा पुरुषले अर्को विवाह गर्न सक्छ भने स्त्रीले पनि केही हदसम्म त्यस्तो छुट पाएको संकेत मनुःस्मृतिले दिएको छ ।

प्रोषिते धर्मकार्यार्थं प्रतीक्ष्योऽष्टौ नरः समाः ।
विद्यार्थं षद् यशोऽर्थं वा कामार्थं त्रीस्तुवत्सरान् ॥

अर्थात् विवाहित पत्नीले वा स्त्रीले आफ्नो पति धर्म तीर्थ गर्न गएको भए आठ वर्ष, विद्याध्यान गर्न गएको भए छ वर्ष, कुनै मनोवाञ्छा पूरा गर्न गएको भए तीन वर्षसम्म प्रतीक्षा गर्नु पर्दछ । यसबाट स्त्रीले पनि स्वतन्त्र बाटो लिन मिल्ने देखिन्छ तापनि कुल र जात, धर्म र सामाजिक मर्यादाको दृष्टिले उचित हुने मार्ग लिने गरेको कुरा पनि स्मरणीय छ । महाभारत अनुशासन पर्व भन्दछ-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्त्रीयो यत्र च पूज्यन्ते रमन्ते तत्र देवताः ।
अपूजिताश्च यत्रैताः सर्वास्तत्राफलाः क्रियाः ।
तदा चैतत् कुलं नास्ति यदा शोचन्ति जामयाः ॥
जामी शप्तानि गोपानि निकृत्तानीव कृत्यया ।
नैव भान्ति न वर्धन्ते क्षियाहीनानि पार्थिवः ॥

अर्थात् जहाँ स्त्रीहरूको आदर सत्कार हुन्छ, त्यहाँ देवताहरू प्रसन्नतापूर्वक निवास गर्दछन् तथा जहाँ स्त्रीहरूको अनादर हुन्छ त्यहाँ गरिएका सारा कामहरू निष्फल हुन्छन् अनि त्यो कुलको नाश हुन्छ उनीहरू खिन्न भएर जुन घरलाई श्राप दिन्छन् उनीहरूले दिएको श्रापले त्यो घर उजाड हुन्छ । यस्तो श्रीहीन घरले नत शोभा पाउँछ न त त्यसको वृद्धि नै हुन्छ । अत एव गुरु शिष्य संवादका माध्यमले ऋग्वेदको साम्मनस्य सूक्त र विवाद सूक्तले भन्दछ । हामी सबै नारी र पुरुष एक अर्काको सह अस्तित्व स्वीकारेर वाचौं । आ-आफ्ना पति र पत्नीको रूपमा रहेर शयौं वर्ष सुखपूर्वक वाचौं ।

द्यौरहं पृथिवी त्वं तावेहि विवहावहै । सहरेतो दधावहै ।
प्रजान प्रजनयावहै । ते सन्तु जरदष्टयः । सं प्रियौ रोचिष्णू ।
पश्येम शरद शतम् । जीवेम शरदः शतम् ।

अर्थात् हे नारी ! म पुरुष आकाश जस्तै विशाल, निर्लिप्त र वेष्णशील छु । तिमी धर्तीभैं फराक, उदार, अखण्डनीया, उत्पादनशील, धारणशील, अन्नपूर्णा हौ । आउ तिमी र म विहे गरौं । रज र शुक्र संमिश्रण द्वारा सन्तति प्राप्त गरौं । तिनीहरू पूर्ण आयु (शतायु) हुन् । विद्या, शील, वैभव, तेज आदिले प्रकाशित हुन् । तिनीहरूका साथ हामी सयौं वर्ष सम्म सवल, सक्षम र अविकल भएर वाचौं । ॥ अस्तु शिवम् ॥

शिक्षा

-राजेन्द्र लामिछाने
कक्षा-७

कलम एउटा अमुल्य चिज हो, यसले सबैलाई लेख्न सिकाउँछ
किताव एउटा शिक्षाको भण्डार हो, यसले शिक्षाको ज्याति दिलाउँछ ।
फैलाउनुपर्छ सँधैभरि दुर्गम ठाउँमा शिक्षाको ज्योति
खोज्नु छ हामीले ज्ञानका किताव, कुना काप्चा जहाँ भए पनि ॥१॥

लेख्नुपर्छ राम्रा अक्षर, सुहाउने कपीमा
पुऱ्याउनु ज्ञानको भण्डार, विश्व देश देशावरमा ।
पढ्न पाउनु सवैको लागी, वालअधिकार नै हुन्छ
सवैले ज्ञान पाए देखि, ज्ञानले शिखरको टापु छुन्छ ॥२॥

छोराले मात्र हैन शिक्षा, छोरीलाई पनि पढाउनुपर्छ
छोराले मात्र अघि होइन, छारीलाई पनि बढाउनुपर्छ ।
छोरालाई मात्र हैन मान, छोरीले पनि पाउनुपर्छ
छोराले पाउने शिक्षा, ज्ञान, छोरीले पनि पाउनुपर्छ ॥३॥

नेपाल र हामी नेपाली

-राजेशराज पाठक

नेपालमा जन्म्यौं, नेपालमा हुर्क्यौं, नेपाल मै मर्नु छ ।
सुन हे साथी देशका लागि सुकर्म गर्नु छ ॥

नेपालको हावा नेपालको पानी नेपालकै माया छ ।
गौरव हाम्रो सगरमाथा शिरमाथि छायाँ छ ॥

हिमाल पहाड नझुके सम्म यो शिर झुक्दैन ।
नदी र नाला नसुके सम्म यो रगत सुक्दैन ॥

भारत र चीन छिमेकी सँग राम्रो छ मितेरी ।
गुँरास फूल लेकमा फूल्दा सकिन्न नहेरी ॥

डाँडा र काँडा पहाड पर्वत नेपालको गर्व हो ।
नेपाल हाम्रो सुनको टुक्रा धर्तीकै स्वर्ग हो ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ऋषिकुल र कुलपतिको आदर्श

✍ आहिताग्नि तीर्थराज दीक्षित आचार्य

ऋषयो मन्त्रद्रष्टारः जस्का तपोवलवाट ध्यानमा मन्त्र पाए ती ऋषि हुन्। तिनीहरूको आचार विचार र भावनालाई आर्ष भनिन्छ। ऋषि ३ थरी हुन्छन्: देवर्षि- नारदादि, ब्रह्मर्षि-वसिष्ठादि, राजर्षि-जनकादि। तिनीहरूमा ब्रह्मर्षिहरू आफ्नो नियम निष्ठा तपस्या सदाचार पालनका साथ वेद र वेदाङ्गहरूको अध्ययन अध्यापनमानै सार्थक जीवन समर्पण गर्दथे। तर तिनीहरू अत्यन्त पवित्र सदादर्शमय गृहस्थाश्रममा रहन्थे। आफ्नो व्यसन नै अध्ययन अध्यापन हुनाले एकान्त विशाल भूमिमा पर्णकुटीमा वस्थे। आफु वसेकै पुण्यभूमिमा प्रशस्त पर्णकुटिहरू बनाई भिक्षा आदि पवित्रसमवृत्तिवाट अन्न आदिको संचयन गरी जतिसक्यो वढी संख्यामा वटुकहरूलाई आफ्नो आश्रममानै अन्वर्थ रूपमा उपनयन गराई वेद वेदाङ्गको अध्यापन गर्दथे। यसै क्रममा १० हजारसम्म वटुकहरूलाई आफ्नै तर्फबाट पालन पोषण गरी पढाउने ब्रह्मर्षि हुन्थे। १० हजार वटुहरूलाई आफ्नै तर्फवाट पालन पोषण गरी अध्यापन गर्ने ब्रह्मर्षि लाई कुलपतिको सम्मान दिई समादर गर्दथे। यसै प्रसङ्गमा भनेको छ।

मुनीनां दशसाहस्रं योऽन्नदानादिनाभरन्।
अध्यापयति विप्रर्षिरसौ कुलपतिः स्मृतः॥

त्यस वेला आफैले खान लाउन दिएर पढाउने विषयमा सात्त्विक प्रतियोगिता हुन्थ्यो। द्वापर युगको अन्त्यमा सांदीपिनि ब्रह्मर्षिको आश्रममा श्रीकृष्ण भगवान् र श्री वलरामले पनि उपनयन हुनासाथ ६४ दिन त्यस पवित्र गुरुकुलमा वसेर पढ्नुभएको आदर्शमय प्रसङ्ग श्रीमद्भागवतमा आउँछ। पछिपछि पनि संपूर्णरूपको आदर्श नभएपनि पूर्वरूप झल्काउने आश्रमहरू चल्दै आए। जहाँ अन्यत्र उपनयन गरेका पनि वटुकहरूलाई पालन पोषण गरी वेद वेदाङ्ग पढाउने प्रचलन हुनथाल्यो। अहिले भारतमा वदरिकाश्रम ज्योतिर्मठ-ऋषिकेश आदि पवित्रतम तीर्थस्थलमा समयानुरूप आश्रमहरू चलीरहेका छन्। दक्षिण भारतमा पनि त्यस्तै रूपका आश्रमहरू चलेका सुनिन्छन्। नेपालमा प्रातः स्मरणीय परमपूज्य योगसंसिद्ध स्वर्गद्वारी महाप्रभुवाट स्वर्गद्वारी धाममा, परमश्रद्धाऽऽस्पर्ष षडानन्द ब्रह्मचारीज्यूबाट दिङ्ला र पूर्वीभाग अन्यत्र पनि संभव स्थानमा र पश्चिम तर्फ पनि विभिन्न ठाउँमा विभिन्न हेतुले बह्मचर्याश्रम खुलेको सुनिन्छ।

मैले पनि अदम्य राणाशासनमा अथक प्रयास गरी आफ्नो जन्मभूमि चुंदी रंघा मर्सेपानीमा २०९६ सालमा वेद वेदाङ्ग पढाउने पाठशाला खोलेर गुरुकुलकै आदर्शमा चलाएको हुं। त्यो पाठशाला हाल भानु संस्कृत माध्यमिक विद्यालयको रूपमा चलिरहेको छ। पछि काठमाण्डौमा पनि २०२२ सालमा श्री ५ महेन्द्र सरकारको अनुमति लिएर वेद वेदाङ्ग विद्यालय खोलेर श्री ५ को सरकारको स्वीकृति र अनुदान समेतमा संचालन भएको थियो।। त्यसैवेला शृङ्गेरीमठका जगद्गुरु शङ्कराचार्य अभिनव विद्यातीर्थ सरस्वती आउनुभएको थियो। त्रिभुवन विश्वविद्यालयले वहाँको स्वागतगर्दा शान्तिपाठ गर्न हाम्रो वेद वेदाङ्ग विद्यालयका ११ जना छात्रलाई लिएर आउन मलाई निमन्त्रणा पठायो। तद्नुसार म गएँ। अभिनन्दनमा शान्ति पाठ सुरुभयो। पहेंलो दौरा सुर्वालगाएका सेतो पटुका बाँधेका , घाँटीमा सेतो गलबन्ध हालेका ढाकाटोपी लगाएका ती छात्रहरू दाक्षिणात्य लयमा एक स्वरमा शान्ति पाठ गरेको सुनेर शंकराचार्य मन्त्रमुग्ध हुनुभयो। प्रत्येक वटुकहरूलाई जनेउ देखाओ भन्दै जनै हेर्न लाग्नुभयो र विभिन्न प्रश्न गर्न लाग्नुभयो। यसरी वटुकहरूसँग वहाँले कुरा गर्दागर्दै अभिनन्दन हुन ढिला भयो। साँझको समयहुनलाग्यो र छोटकरीमा कार्यक्रम पूरा भयो। वटुकहरू लिएर म आँए। भोलिपल्ट शिवरात्रि थियो। आफु मुरारिभवन, वत्तिसपुतलीमा वस्नुभएको थियो। यिनै वटुकहरूद्वारा रुद्री गराउनुभयो। शिवरात्रिको भोलिपल्ट वहाँले लगाएको लक्षाहुतिको पूर्णाहुतिमा श्री ५ महेन्द्र सरकार सवारी भएको थियो। मलाई पनि वोलाउनुभएको थियो। त्यसैबेला श्री ५ को समक्षमा वडागुरुज्यू खगेन्द्रराज पाण्डेद्वारा आफूले ल्याएको कार्चोप भरेको रातो दोसल्ला ओडाउन लगाउनु भयो र श्री ५ तिर फर्केर यसरी वेद रक्षाको लागि मरी मेट्ने विद्वानको कदरका साथ विद्यालय संचालनमा पूर्णसहयोग हुनुपर्छ भनेर ३।४ पटक भन्नुभयो। श्री ५ बाट स्वीकारको मुद्रावाट शिर ढल्काएर उत्तर वक्स्यो। त्यसपछि महिनाको २ शयका दरले वेद वेदाङ्ग विद्यालयलाई आर्थिक सहायटा वक्स्यो र मलाई प्रवल गोरखा दक्षिणबाहु नामको तक्मा वक्स्यो पनि। त्यसपछि श्री ५ महेन्द्रमा मैले धेरै पटक संदाउँदै विन्ती गरें। सरकार ! यो वेद वेदाङ्ग विद्यालय अर्ध सरकारी रूपमा म चलाउँछु तर यो चन्दावाट चल्ने विद्यालय कति टिक्न सक्ला। अतः सरकारवाट स्वतन्त्ररूपको आश्रम चलाई बक्सदा सर्वदा कल्याण भैरहने भन्ने विन्तीपत्र र प्रत्यक्ष पनि विन्ती गरें। फलस्वरूप आधिकारिक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रूपमा वडाकाजी पुष्पराज राजभण्डारीको संयोजकत्वमा वडागुरुज्यू र प्रधानाचार्य पद्म प्रसाद भट्टराईको परामर्शदातृतामा विद्याश्रमको प्रवन्ध गर्न निर्देशन बक्स्यो । संस्थाको नाम नेपाल वेद विद्याश्रम निर्धारित भयो । स्थानका संवन्धमा म संग पनि अनौपचारिक परामर्श लीवक्सदा वूढानीलकण्ठ वा गोकर्ण जस्तो एकान्त स्थानमा राम्रो होला भन्ने धारणा थियो । तर प्रचारको पनि दृष्टिकोण र पशुपतिनाथको सानिध्यपनि हुनाले वनकालीमा नै राख्ने निर्णय भएर गुठीसंस्थान द्वारा पुरातत्वको परामर्शमा जमीन छुट्याएर कम्पाउण्ड घेर्नुको साथै भवनहरू पनि बने । परं श्री ५ महेन्द्र सरकारका पालामा उद्घाटन हुन पाएन । पछि श्री ५ वीरेन्द्र सरकारका बडा गुरुज्यू जुनानाथ पण्डितज्यूको सक्रियतामा समुद्घाटन भयो । त्यसबेला म पनि गुठी संस्थान संचालक समितिको स्थायी सदस्य थिएँ ।

पछि यस पवित्र आश्रमको भूमिमा पशुपति क्षेत्र विकास कोषको प्रधान कार्यालय वन्यो । आखिर आएर वेद विद्याश्रम संचालनको अभिभारा पनि पशुपति क्षेत्र विकास कोषको जिम्मामा आयो ।

यसरी अति पवित्रभावना बाट राजाहरूवाट प्रेरणा पाएर खडा भएको यस विद्याश्रमको उत्तरोत्त सुचारु प्रगति गर्नु गराउनुमा नेपालीमात्रको उत्तरदायित्व रहेको छ । अतः संवन्धित संचालक संस्था गुरुवर्ग र छात्रवर्ग तथा कर्मचारीहरूको समेत अन्योऽन्य सौहार्दमय स्व स्व कर्तव्यबाट विद्याश्रमको प्रगति होस् । सनातन वैदिक धर्मको संरक्षण संवर्धन होस र विश्वको हिन्दू अधिराज्यको सार्थकता साकार गर्नका लागि यस विद्याश्रममा यज्ञशालाको निर्माण गर्नुपर्छ। त्यहाँ श्रौत कुण्ड र स्मार्त कुण्डको पनि निर्माण हुनपर्छ स्मार्त कुण्डमा गुरु र शिष्य द्वारा नित्य प्रातः होम चलीरहनु पर्छ भन्ने मेरो भावना रहेको अवगत गराउँदछु ।

आज फेरि त्यो दिनको याद आयो

-वासुदेव नेपाल

एकान्तमा बसेर सोच्दैछु त्यो एकप्रिय गाउँ
मनोरम र उल्लासले भरिएको त्यो एक्लो ठाउँ
कहाँबाट माछ्रा पानीबाट अलगिएर गयो
रुँदा-रुँदा यो जीवन थकीत हुन थाल्यो ।

चलिरहेको समय कहाँ गएर रोकियो
फूलिरहेको फूल कहाँ गएर झ्ऱ्यो
बगिरहेको खोला कहाँ गएर बिसायो
हाँसिरहेको मन कहाँ गएर खिन्न भयो ।

मानिसको जिन्दगीनैं हो कहिले दुःख कहिल्यै हाँसो
हाँसीरहेको मन कहाँ गएर एक्कासि चस्कियो
तो चराहरुको चिरबीराई खट्न सकिन
तो अटुट खोलामा खेल्न गएको बिर्सन सकिन ।

फेरि फर्किएर आइदिए हुन्थ्यो त्यो मीठो समय
किन मेरै जीवनमा आएर खेल खेल्नु पर्ने
फेरि कानमा गुञ्जे हुन्थ्यो त्यो कोइलीको लय
किन आकाशबाट जून खस्नु पर्ने ।

मैले जानिनछु

-मनोज नेपाल
कक्षा-आठ

मनभित्रको वगैंचामा एउटा फूल रोपेको थिएँ ।
मगमगाउँदो बास्ना छर्ने सपना देखेको थिएँ ॥
हिउँदभरि कुहिरो र शितलहरी पऱ्यो ।
शिशिर ऋतु न आइकनै सबै पात झऱ्यो ॥

वल्लतल्ल वसन्तमा झीनु पालुवा आयो ।
झीनै आस भए पनि खुशियाली छायो ॥
गृष्ममा साना साना कोपिला देखा परे ।
दुर्भाग्यवश हुरी चल्यो सबै एक साथ झरे ॥

सुहाउँदो वातावरण कहिल्यै आएन ।
कोपिलामै झर्नु पऱ्यो, फक्रननैं पाएन ॥
अरुका वगैंचामा त्यही फूल सरेको छ ।
मेरो वगैंचामा त्यही फूल मरेको छ ॥

समयले सधैं भरि मलाइनै ठग्यो ।
वर्षायाममा बाढी आयो, सबै बगाई लग्यो ॥
फूल फूलाउने उपयुक्त ठाँउ मैले छानिनछु ।
समय अनुसारको फूल रोज्न मैले जानिनछु ॥
मैले जानिनछु ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्रह्मबिन्दु परिचय

✍ डा. दीर्घराज घिमिरे

कुनै पनि रूपको प्रपञ्च कहाँ कसरी र किन उद्‌गम भयो वा हुन्छ भन्ने जिज्ञासा नहुने सायद कुनै व्यक्ति हुँदैन होला, जसलाई पनि चित्तबुझ्ने आ-आफ्नौ ढङ्गका समाधान तिनका छन्-संघातवाद, स्वभाववाद, परिणामवाद आदि-आदि । जतिसुकैवाद भएपनि कार्यकारणभाव विहीन वाद कुनै पनि हुँदैन सर्ववादको टुङ्गो आखिर दुई वाद मैं लाग्छ- जडकारणतावाद र चेतनकारणतावाद । अवैदिक दर्शन त जडकारणतावादी नै हुन् तिनको कुरा छाडौं वैदिक दर्शन भित्रै पनि उक्त दुई वाद चलेकै छन्, उक्त दुवैवाद कारणगर्भित छन् अकारण छैनन्, अर्थात् कार्योत्पत्तिमा कारणको अपरिहार्यता उक्त दुवै वादमा छ, जसलाई कारण मानिन्छ त्यो बिन्दु हो । त्यो विन्दु जडकारणतावादमा जडदो भने चेतनकारणतावाद मा चेतन हो ।

उक्त दुई वादमध्ये कुन ठीक हो त ? आ-आफ्ना वादका पक्षमा युक्ति प्रस्तोताहरू छन् ता पनि आखिर टिक्ने चेतन कारणतावादै हो । जडलाई कारण मान्दा त्यसको नियन्त्रक अर्को मान्ने कि न मान्ने ? नियन्त्रक मान्ने हो भने उपकरण वा साधनमा मात्र जडवस्तु समाविष्ट हुन सक्छन् तिनको हाली मुहाली हुँदैन चेतनका अधीनमा रहन्छन् चेतनकै अधीनमा चल्छन्, यस अर्थ जडको नियन्त्रक न माने कामै न चल्ने हुँदा मान्नैपर्ने स्थिति आउँछ चेतन कारणतावाद । त्यो स्थितिमा चेतन वस्तुनै बीजभावमा रहन्छ त्यही उपादान कारण हो, परतन्त्र जडवस्तु उपादान हुन सक्तैन, जडकारणतावादमा जस्तो चेतनकारणता परतन्त्र हुँदैन स्वतन्त्र हुन्छ निमित्त र अपेक्षानुसार कर्तृभाव तथा कर्मभावमा आफैं विस्तारित हुन्छ जगत्प्रपञ्चको मूल नाश नहुने उक्त चेतन वस्तु हो र बीजरूपमा प्रतिष्ठित छ वस्तुतः त्यसैलाई बिन्दु भन्नुपर्छ यो कहिले पनि फरक पर्दैन । बुझिने भाषामा बिन्दुको अर्थ थोपा वा छिटा हो, यसले बीज वा कारण को सूचन गर्छ । सूक्ष्मता पनि बुझाँउछ, कार्यका अपेक्षा कारणमा सूक्ष्मता रहने कुरा व्यवहार तथा अनुभव सिद्धछ त्यो सूक्ष्मकारण अव्यक्त चेतन हो सूक्ष्मभावको कारणता जडमा हुदैन चेतनमैं हुन्छ चेतनवस्तु आत्मा हो ब्रह्म हो त्यही विन्दु हो ।

बिन्दु चेतन कसरी हुन्छ ? किनभने अवयव अर्थ बुझाउने विदिधातु देखि बाहुलकात् उ प्रत्यय वाट तयार हुने बिन्दु पद हो त्यसले त सानु परिमाण को सीमित वस्तु जनाउँछ अथवा दाँत बीचको खाली ठाउँ वा भ्रूमध्य भागलाई बुझाउने हो, चेतन त त्यस्तो सीमित वा आकलनयोग्य होइन र अवयव अर्थात् टुक्राटाक्री हुने तथा त्यस्तो तरिकाले बुझिने वस्तुपनि होइन तापनि जुनबेला तीनैलोकसमेत चराचरको सृष्टि हुन्छ भइरहेको पनि छ विनाकारण त्यो संभव हुदैन र चल्दैन पनि भन्ने बुझिन्छ त्यसबेला चेतननै कारण हो त्यसैले सृष्टि गरेको हो र धानेका पनि हो भन्ने अनुमान द्वारा पक्का हुन्छ । त्यसरी चेतनैकारण हो भन्ने पक्का भएपछि चेतनमा माया मिसिएकै छ । अनेक संसारको कारण एउटै चेतन हुने भएकाले असीमित भएपनि संसार वा माया सम्बन्धले सीमित मानिन्छ चेतन स्वतः असीमित हो, असीमितै चेतन प्रत्येक प्राणीमा आत्मरूपले पसेकै हुन्छ, त्यसैमा संसार अडेको छ त्यसै द्वारा चलेको छ आखिरमा प्रलय गराउने पनि त्यही हो, अनेक खाले लीला गर्दा गर्दै पनि जहाँ तहीं रहँदा रहँदै पनि त्यसलाई बुझ्न सजिलो छैन । ठूला ठूला ब्रह्मवेत्ताले मात्र बुझ्न सक्छन् त्यो वास्तवमा आत्मा हो सवै प्राणीमा समानभावले विराजमान छ त्यही मेरो आत्मा हो । बीजभावमा पनि रहने हुनाले विन्दु भनिएको हो । त्यो भन्दा माथिको कुनै तत्त्व हुँदैन ब्रह्म त्यही हो ।

बढ्ने भन्ने अर्थको बृहि-धातु देखि मनिन् प्रत्यय भएर बन्ने ब्रह्मको अर्थपनि बढ्नसकने तत्त्व नै बुझ्नु पर्छ । बढ्ने कुरा घट्न, दुवलाउन, मोटाउन, विग्रन आदि हुनसक्नु स्वाभाविकै हो यस अर्थ ब्रह्म भन्नाले पनि उपाधियुक्त चेतनवस्तु बुझिन्छ उपाधिनिर्मुक्त चेतनवस्तु ब्रह्मपदको अर्थ हुन सक्तैन । उक्त रीति अनुसार निष्पन्न ब्रह्मपदको अर्थ निरूपाधिक चेतन हो भन्नु शब्दमर्यादा प्रतिकूल हुनजान्छ अतः सोपाधिक आत्माब्रह्म हो त्यही नै बिन्दु हो ।

अव ब्रह्म र बिन्दुको फरक के त ? फरक छैन ब्रह्म र बिन्दु मा अभेद छ अभेद भएपनि विशेषतः बीजभावको ब्रह्मबोधका लागी ब्रह्मबिन्दु भन्न सकिन्छ । ब्रह्ममा अन्वय हुने गरी विन्दुको प्रयोग उपनिषद्‌हरू गर्दैनन् त्यहाँ त तेजोबिन्दु नादबिन्दु ध्यानबिन्दु नाम छन् । जे भएपनि बिन्दुरूप ब्रह्मवाट भोगदेखि अपवर्गसम्मका कामना सिद्ध हुने वा निष्काम हुने कुरा भने फरक पर्दैन । तन्त्र शास्त्रमात बिन्दुको ठूलो महिमा छ प्रयोगपनि धेरै देखिन्छ-'नादविन्दुकलातीता नादबिन्दुकलात्मिका' इत्यादि । अतः बिन्दु ब्रह्महो आत्मा हो आत्मा वा ब्रह्म बिन्दु हो, शब्दरूपमा प्रणव हो त्यसैले वेदादि सर्वशास्त्र को बीजभूत हो यो तथ्य सिद्धै छ भन्ने बुझ्नु उपयुक्त छ ।

इति ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विश्वगामी शान्तिचेतना, वैदिक संस्कृतिको शाश्वत सन्देश

✍ आचार्य खेमराज केशवशरण

मानिस समाजको अङ्गको रूपमा धरतीमा जन्म लिन आउँछ । हामी समाजका अङ्ग बनेर बाँचेका हुन्छौं । हामी जहाँ हुन्छौं, जे गर्दछौं त्यसको प्रभाव थोरै धेरै समाजमा परिरहेकै हुन्छ । जसरी एउटा विशाल तलाउका बीचमा सानो ढुङ्गाको टुक्रो फ्याँक्यो भने पनि त्यसका तरङ्गहरूले सम्पूर्ण तलाउलाई प्रभावित तुल्याउन पुग्दछन् त्यसैगरी हाम्रो प्रत्येक चिन्तन र प्रत्येक कर्मले समाजमा केही न केही प्रभाव र परिणाम दिइरहेकै हुन्छ । समाजप्रतिको दायित्व बोधका लागि यस तथ्यको अनुभूति नितान्त आवश्यक छ ।

वैदिक युगदेखि नै हिन्दूधर्मसंस्कृतिले समाजप्रति, राष्ट्रप्रति र अन्ततः आफू बाँचेको सम्पूर्ण विश्वप्रति नै संवेदनशील बनेर जिउन सिकाएको छ । विश्वजीवनप्रति कल्याणकारी बनेर जिउनुमा नै मनुष्यजीवनको आध्यात्मिक गरिमा निहित रहने कुरा संझाइएको छ । सम्पूर्ण विश्वप्रति हितकर बाँच्ने यही उदात्त रहर प्रसिद्ध वैदिक शान्तिप्रार्थनामा विश्वप्रतिको मङ्गल कामना लिएर अभिव्यक्त भएको छ ।

हामी त्यो अति गंभीर, अति मननीय शान्तिप्रार्थनालाई विचार गरौं । मन्त्र भन्दछ- "देवलोकमा शान्ति होस्, अन्तरिक्षमा शान्ति होस्, पृथिवीतलमा शान्ति होस्, जलीय क्षेत्रमा शान्ति होस्, औषधिजगत्मा शान्ति होस्, वनस्पति जगत्मा शान्ति होस्, विश्वेदेवाहरूमा शान्ति होस्, वेदमा र ब्रह्म सम्बन्धी चिन्तनको क्षेत्रमा शान्ति होस्, सर्वत्र शान्ति होस्, शान्ति स्वयं शान्तिमय होस् । त्यस्तो सर्वगामी शान्ति मलाई सुलभ हुन सकोस् । " पूरा मन्त्र सुन्दा युगौंदेखि परिचित रहेको कुरा स्पष्ट अनुभव हुन्छ ।

ॐ द्यौः शान्तिरन्तरिक्षꣳ शान्तिः पृथिवी शान्तिरापः शान्तिरोषधयः शान्तिःवनस्पतयः शान्तिर्विश्वेदेवाः शान्तिर्ब्रह्मशान्तिः सर्वꣳ शान्तिः शान्तिरेव शान्तिः सामा शान्तिरेधि । शु.य.३६।१६

हामी सोझै भनी र सुनी त दिन्छौं यस मन्त्रलाई तर मात्र रीतिरिवाजका रूपमा । भनिदिनुपर्ने ठहर गरेर भन्दछौं, परन्तु विश्वलाई सधैं अनुभूतिका आँखाका सामु राखेर सोच्ने ती महान् मन्त्रद्रष्टाहरूको करुणापूर्ण, सम्वेदनशील मनमस्तिष्कले विश्वशान्तिका लागि कति तीव्र चाहना पोखेका रहेछन् भन्ने संझने चेष्टा गर्न भ्याउँदैनौं । अलि गहिरिएर विचार गरौं ।

यस मन्त्रमा देवलोकमा शान्तिको माग गरिएको छ । किन होला ? विचार गरेर ल्याउँदा त्यो साम्प्रदायिक सद्भावनाको प्रतीक बनेर सामु आउँछ । देवताहरूलाई लिएर पनि संसारमा झै-झगडा मच्चिएको पाइन्छ । तेरा इष्ट साना मेरा इष्ट ठूला भन्ने विवाद मच्चिएको पाइन्छ । इष्ट आराध्यको नाममा झगडा, रूपमा झगडा, कति ठाउँमा यसले अलमल सिर्जिएको पाइन्छ । त्यसैले देवलोकमा शान्तिको कामना यहाँ गरिएको छ । यस मन्त्रमा अन्तरिक्षमा शान्ति रहोस् भनेर ती दूरदर्शी ऋषिहरूले विश्वहितप्रति राखेको चिन्तालाई व्यक्त गरिएको छ । संभव छ मानिसले युद्धको उन्मादलाई बढाउँदा बढाउँदा एक दिन 'starwar' लाई पनि निम्त्याउन सक्ने स्थिति ऋतम्भराप्रज्ञाका धनी ती महान् आत्माहरूले त्यसैबेला आभास पाएका थिए हुनन् । धर्तीको प्रत्येक भाग शान्तिमय बनोस् भन्ने मङ्गल कामना 'पृथिवी शान्तिः' भनेर व्यक्त्याइएको छ ।

यस पावन मन्त्रमा 'विश्वेदेवाः शान्तिः' भनेर विश्वको संरक्षणमा क्रियाशील विभिन्न दैवीशक्तिहरूमा शान्ति रहोस् भन्ने कामना गरिएको छ । संसारमा स्वार्थी मनोवृत्तिले दैवी शक्तिहरूलाई पनि शान्तिको विरुद्ध अशान्तिको निमित्त उपयोग गर्न खोजिरहेको हुन्छ । मरण, वशीकरण, उच्चाटन जस्ता उद्देश्य सामु राखेर गरिने स्वार्थकेन्द्रित साधनाहरूले दैवीशक्तिहरूलाई पनि अशान्तिको बाटोमा घिसार्न खोजिरहेका हुन्छन् । त्यसैले ऋषिहरूको दूरदर्शी चिन्तनले "विश्वेदेवाः शान्तिः" भनेर ज्ञानको क्षेत्र पनि शन्तिमय बनोस् भन्ने आकांक्षा व्यक्त गरिएको छ । "सर्वꣳ शान्तिः" भनेर सार्वभौम शान्तिको चाहना प्रकट गरिएको छ । "शान्तिरेव शान्तिः' भनेर शान्तिको चाहनाभित्रैबाट पलाउने अशान्ति बारे मानवलाई सजग गरिएको छ । किनभने शान्तिको प्रचारभित्र पनि मानिस आफ्नो अहङ्कार र अभिमानलाई गाँस्न पुग्दछ । जसले गर्दा शान्तिको कारणले अशान्ति सिर्जिन पुग्दछ । त्यसैले यस मन्त्रमा "शान्तिरेव शान्तिः" भनेर प्रार्थना गरिएको छ ।

विश्वजीवनप्रतिको यही संवेदनशीलताले सम्पूर्ण विश्वलाई एउटै 'घर-परिवार' मानी- "यत्र विश्वंभवत्येकनीडम्" जस्तो महान् अभिव्यक्ति दिएको छ । विश्वजीवनप्रतिको यही संवेदनशीलताले गर्दा हिन्दूधर्मसंस्कृतिप्रति विश्वभरी नै जिज्ञासा बढ्दै गइरहेको पाइन्छ । पाश्चात्य मनीषीहरूले स्वीकारेका पनि छन्- " हामीले भौतिक विज्ञानका क्षेत्रमा त हिन्दूहरूलाई सिकाउन पनि सकौंला परन्तु सामाजिक जीवनदर्शनका बारेमा उनीहरूलाई सिकाउने हामीसित खास कुरा होला जस्तो लाग्दैन । "We the Western people can teach Hindus as regard of mechanical organism but we have very little to teach them regarding social philosophy" .

हामी तिनै विश्वचिन्तक, जगत्कल्याणकै निमित्त जीवन उत्सर्ग गर्ने महान् पूर्वजहरूका सन्तति हौं । आजसम्म पनि हामी तिनको नाम लिएर संकल्प गरिरहेका छौं- "कश्यपगोत्रोत्पन्नः, कौडिन्यगोत्रोत्पन्नः, अत्रिगोत्रोत्पन्नः, वत्सगोत्रोत्पन्नः" इत्यादि भनेर । हामी आजसम्म पनि तिनका सन्ततिका रूपमा आफ्नो परिचय गराउन पाउँदा गौरवको अनुभूति गरिरहेका छौं । त्यसैले समाजप्रति संवेदनशील रहँदै आफूबाट जति संभव हुन्छ, समाजकल्याणका निमित्त उत्सर्ग गर्दै, केही सेवा पुऱ्याउँदै जिउनु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अत्यावश्यक छ । हाम्रो महान् धर्मसंस्कृतिले यसनिम्ति हामीलाई पुकारिरहेछ ।

युद्धोन्मादकै प्रवाहमा बहँदा बहँदा मानिस एक दिन थरी थरीका पनडुब्बी जस्ता युद्धसाधन उत्पादन गरेर सम्पूर्ण जलीय क्षेत्रलाई अशान्तिग्रस्त बनाउन पुग्ला भन्ने ती चिन्मय दृष्टिका धनी महान् ऋषिहरूलाई शायद त्यसैबेला लागेको थियो होला । त्यसैले उनीहरूले पहिल्यै सावधानी दर्शाउँदै प्रार्थना गरेका छन्-"आप: शान्ति:" भनेर । मानिसले पैसाका पछि पागल बनेर गर्न सक्ने उपद्रवहरू, मिलावटका कुचक्रहरूप्रति पनि सम्भव छ ती अन्तर्दृष्टिका पारखी तपोधनहरूको कोमल मनमा संवेदना त्यसै बेला जागेको थियो होला । मानिसले पैसाको पासो बनेर मिलावट गर्दा गर्दा दूधमा, तेलमा, घिउमा, मसलामा सर्वत्र आफ्नो कुत्सित द्रव्यलिप्साको जाल फिँजाएका अनेकौं प्रसङ्गहरू पढ्न र सुन्न पाइन्छ । हुँदा हुँदा औषध जगत्मा समेत मानिसको जाल फैलने घातक स्थिति सिर्जिन पुगेको सुन्नु पर्दछ ।

एउटा यस्तै प्रसङ्ग एउटा पत्रिकामा उल्लेख भएको पाइएको छ । एकजना महानुभावले शिक्षकको पेशा गरी हेरे । विफलता नै विफलता फेला पर्‍यो । समाजसेवामा कदम बढाए, निराशा नै निराशा हात लाग्यो । व्यापारतिर हात बढाए, घाटा नै घाटा सहनु पर्‍यो । राजनीतितिर लागेका थिए, त्यहाँ पनि केवल असफलता मात्र हात लाग्यो । त्यसैले जताततैबाट निराश र विफलता मात्र हात परेपछि उनले जहर खाएर मर्ने निधो गरे । जहर किनेर ल्याए, ढोका बन्द गरेर जहर खाएर उनी मर्न तयारी गर्न लागे । गोडा तन्काए, आँखा मास्तिर फर्काए, एकोहोरो सास फेर्न खोजे । केही गर्दा पनि मर्न सकेनन् । सारा रात मर्ने प्रयासमा बिताउँदा पनि उनलाई मृत्युले साथ दिएन । बिहान भयो । पछि आफूले किनेको जहर जँचाई हेरे । जाँचबाट पत्तो लाग्यो त्यो जहरमा पनि मिलावट रहेछ । उनी थाप्लामा हात राखेर खुई गर्दै सोच्न लागे जहाँ जहर पनि शुद्ध नपाइने भइसक्यो हामी त्यस्तो समाजमा बाँचिरहेछौं । वास्तवमा आज मानिस पैसाको दास बनेर मनुष्यतालाई नै बिर्सिन पुगिरहेको पनि कतै कतै पाइने गर्दछ । दवाईमा पनि मानिसले मिलावट गर्न बाँकी राखेको छैन । त्यसैले जिउने आशाले दवाई खायो, मर्न पुगिन्छ । जहरमा पनि मानिसले मिलावट गरिसकेको हुनाले मर्न चाहने मानिस बाँच्न पुग्दछ । यो सबै दुर्दशाबाट सिर्जिइएको अशान्ति बारे संभव छ ती ऋषिहरू त्यसैबेला संवेदनशील थिए हुनन् । त्यसैले त उनीहरू प्रार्थना गर्दछन्- " ओषधय: शान्ति: " भनेर ।

उनीहरूले "वनस्पतय: शान्ति:" भनेका थिए । सम्पूर्ण विश्व आज वातावरणीय विनाशले सन्त्रस्त बन्न पुगेको छ । वनस्पति जगत्को जसरी विनाश हुन पुग्यो र हरियालीको कमीले विश्वजीवनलाई जसरी चिन्तास्पद स्थितिमा पुर्‍यायो त्यो वातावरणको क्षेत्रमा चिन्तनरत सबैलाई नै थाहा भएको विषय हो । विश्वभरी नै आज वृक्षवनस्पतिको संरक्षण संवर्धननिम्ति आह्वानका स्वरहरू गुंजित भइरहेको छन् । ती सत्यदर्शी ऋषिहरूले "वनस्पतय: शान्ति:" भनेर वनस्पति जगत्प्रति दर्शाएको संवेदनशीलता कति दूरगामी रहेछ यसबाट स्पष्ट हुन्छ ।

यसरी सृष्टिको प्रत्येक पक्षमा शान्तिको कामना मुखरित तुल्याउने यस पावन मन्त्रले हिन्दूधर्मसंस्कृतिले दिएको विश्वजीवनप्रतिको संवेदनशीलतालाई संभ्कन सकेमा नै हिन्दूधर्मसंस्कृतिको अनुयायी बनेर बाँचेको सार्थक तुल्याउन सक्ने हामी बन्ने छौं । यस पावन मन्त्रले प्रस्तुत गरेको शान्तिप्रार्थनालाई जति गहिराई साथ मनन गर्दै जान्छौं त्यति मार्मिक ज्ञान मिल्दै जान्छ । मूल कुरा शान्तिको स्रष्टा मानिस नै बन्न सक्तछ । उसमा विवेक जागृत होस्, साध्य के हो र साधन के हो उसले ठम्याउन सकोस् यसैबाट विश्वशान्तिको आशा पूरा हुन सक्तछ । मानव सभ्यताको उषाकालमा नै विश्वजीवनप्रति त्यति गहीरो, त्यति दूरगामी संवेदनशीलता राख्ने हाम्रा ती महान् पूर्वजहरूलाई हामीले सधैं स्मरण गर्नुछ ।

मेरो सुन्दर आश्रम वेद
विद्याश्रम

-देवीप्रसाद बराल
कक्षा-६

ज्ञानको ज्योति फिजाई सारा अँध्यारो हटाई
अज्ञानतालाई हराई अनि असल वनाई
अङ्ग्रेजीको युगमा पनि संस्कृत फिँजाई
गरिव अनि असहायलाई सजिलो वनाई
गौशाला स्थित पवित्रस्थल पशुपतिशरणमा
हेरन साथी अतिनै राम्रो यो वेद विद्याश्रम

चारैतिर हरियो जङ्गल विचमा आश्रम
सल्ला अनि सुन्दर वृक्ष पन्छी छन रुखमा
विद्यालय अगाडि छन् ठुलठुला चउर
ठुला ठुला मन्दिर छन् शिरमा गजुर
छैनन् यस्ता अरु स्कुल यो हाम्रो नेपालमा
हेरन साथी अतिनै राम्रो यो वेद विद्याश्रम यहाँ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विद्यालयमा अवस्थित मूर्तिहरू



CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF





Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF





CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वर्षे चतुर्थेत्वथ

स्व.पं.श्यामलाल घिमिरे

स्व. श्रीपञ्च महेन्द्ररोपितलतामैश्वर्यजन्मोत्सवे ।
ध्यक्षैर्जूनबुधैः प्रवन्धकुशलैरारक्ष्यसंवर्धिताम् ॥
सिक्त्वा वर्षत्रयात् सुकल्पलतिका पाताय वा कम्पिताम्
गोष्ठीसंप्रकरोतु रक्षकसमो वर्षे चतुर्थेत्वथ ॥१॥

इममाश्रमस्थायित्वमाने तु द्वितयेब्दके ।
कठोरसेवयाश्वास्य नियुक्ताः सन्ति पण्डिताः ॥२॥

पुरातनी स्थितिर्नास्ति राजधान्यां नु वेदताम् ।
नियमस्यानुसारं हि वेदत्वं परिवर्ध्यताम् ॥३॥

न्यूनाधिक तयोर्हेतुः कः कस्माब्दे चतुर्थके ।
कार्य सञ्चालयितृणामाश्रमे परिवर्तनम् ॥४॥

क गं शं नियमं वीक्ष्य वेदप्राधान्यरूपकम् ।
विद्वद्गोष्ठीं समाकर्ष्य योग्यायोग्यं विविच्यताम् ॥५॥

गुरुन्वृत्तिञ्च संवर्ध्य शिष्यस्थायित्वमेव च ।
पारितोषिकदानेन योग्याञ्छिष्यान् प्रतुष्यताम् ॥६॥

सुव्युत्पन्नावीक्ष्य शिष्यान् सुपात्रत्वे नियुज्यताम् ।
छात्रालय प्रवेशाय द्वारमेकं प्रकल्प्यताम् ॥७॥

एषु विकास क्षेत्रेषु चतुर्ष्वपि प्रपूर्यताम् ।
तेभ्यो वानीय क्षेत्रेभ्यो वटून् प्रपूर्य पाठ्यताम ॥८॥

संभावितेषु रिक्तेषु स्थानेष्वत्र प्रचालिताम् ।
आद्यां परम्पराप्राप्तां गुर्वध्ययनपूर्विकाम् ॥९॥

परिस्कृता सूचीमुखा वेदाश्रमस्य तालिकाम् ।
साङ्ग वापि परां विद्यां वेदवाणिं जुगोप्यताम् ॥१०॥

अस्य ने.वे. व्याश्रमस्य चतुर्थे वार्षिकोत्सवे ।
श्रीमन्नध्यक्षगोष्ठीशं (सं.) पद्याञ्जलिः समर्प्यते ॥११॥

साभारः अन्तर्नाद

सत्य तीतो हुन्छ

-बोधराज ओझा, कक्षा-७

जलस्रोतको धनी अरे
खै विजुली ? खै खानेपानी ?
गौतम बुद्धको शान्त राष्ट्र
खै शान्ति ? खै गौतमको आदर्श ?

इतिहास सुन्दा हो न हो
यूरोप भन्दा पनि ठूलो
संसारको नक्सा हेर्‍यो
एउटा सानो थोप्लो ।

न कुनै उद्देश्य नै
न त कुनै नीति
कतै नभएको रहेछ
नेपालको राजनीति ।

गरीविको कारणले होला
गाउँमा झुप्रै झुप्रा
बढी जनसंख्याले होला
सहरमा फोहरको थुप्रा ।

झुट्टा कुराको आडमा
सबै मीठो हुन्छ,
वास्तविकताको आधारमा
सत्य तीतो हुन्छ ।

लालिगुराँस फुलीरहन्छ

-रामचन्द्र पोखरेल, कक्षा-६, रोल नं.-२३

हेरन साथी त्यो डाँडा माथि फुल्यो नि गुराँस
हटाइ सारा मनको दुःख पीडा र उदास ।
हाँसेर सधैं हसाई अनि सन्देश दिएर
सन्देस राम्रो दिएर अनि मुसुक्क हाँसेर ।
सुखमा पनि दुःखमा पनि खुसीले हाँसेर
सम्पूर्ण प्राणी चराचर सँग मित्रता गरेर ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वेदाध्ययन प्रक्रिया

✍ केशव अधिकारी

"देवपितृमनुष्याणां वेदश्चक्षुः सनातन" देवता, पितृ तथा मानवहरूको सनातन आँखा वेद नै हो । यिनै सनातन आँखाले भूत, वर्तमान र भविष्यलाई अत्यन्त सुन्दर वनाउन सकिन्छ । वेद स्वयं ब्रह्म भएकाले ब्रह्माको अनुभूति विना वेदको ज्ञान सम्भव छैन । अतः ब्रह्मको साक्षात्कार गर्नु नै वेदको अधिकारी हुनु हो । जुन व्यक्ति सँग पूर्वजहरूको तपस्याको अंश परम्परागत रूपमा आएको छ, उसले नै वेदको ज्ञान गर्न सक्दछ या अध्ययन गर्न सक्छ । निष्ठा पूर्वक वेदाध्ययन गर्नुनै कलियुगको तपस्या पनि हो ।

वेदः मूलतः चार भाग ऋग्वेद, यजुर्वेद, सामवेद र अथर्ववेदमा विभक्त छ । यसमा पनि मन्त्रभाग र ब्राह्मणभाग गरी दुईभागमा बाँडिएको छ । यसमा ज्ञान विज्ञानका साथै आध्यात्मिक, आधिदैविक तथा आधिभौतिक लगायत सम्पूर्ण विषय पाइन्छन् । वस्तुतः वेद धर्म, अर्थ, काम र मोक्ष चारै वस्तु पाइने समुद्र हो । यसलाई पूर्णता दिन वेदका छ अङ्ग शिक्षा, कल्प, व्याकरण, निरुक्त, छन्द र ज्योतिषको अध्ययन गरेर वेदको अध्ययन गर्नुपर्छ ।

अतः हामी तिनै छ अङ्ग मध्ये **शिक्षा**को विषयमा केही चर्चा गरौं । "शिक्षयति या सा शिक्षा" अर्थात् जसले वेदाध्ययनको (ज्ञानको) उत्तम मार्ग देखाइदिन्छ त्यो नै शिक्षा हो ।

शिक्षाका विषयमा लेखिएका ज्यादै धेरै अत्यन्त उपयोगी ग्रन्थ छन् । नेपालमा विशेष रूपले शुक्लयजुर्वेदको माध्यन्दिनीय शाखा अध्ययन अध्यापन हुने गर्दछ । सो वेद अध्ययन गर्नका लागि शिक्षाहरू मध्ये याज्ञवल्क्य शिक्षाको ज्ञान हुनु अत्यावश्य छ । अतः याज्ञवल्क्य शिक्षाको केही विषयमा चर्चा गरौं ।

१. महत्व

वेदको महत्वका विषयमा धेरै विद्वान्ले ज्यादै चर्चा गरेको पाइन्छ पतञ्जलिले व्याकरणमहाभाष्यमा यस्तो व्याख्या गरेका छन् ।

तपः श्रुतञ्च योनिश्च त्रयं ब्राह्मणकारकम् ।
तपः श्रुताभ्यां यो हीनो जाति ब्राह्मण एव सः ॥

अर्थात् तपस्या, वेदाध्यन र योनी तीन असल ब्राह्मण हुनुको कारण हो । जसमा तपस्या र वेदाध्ययन छैन त्यो जातले मात्र ब्राह्मण हो । यसरी व्याकरण ज्ञाताहरूले वेदको महत्व बताएका छन् भने स्मृतिहरूले यस्तो भन्दछन् ।

वेदाभ्यासरतं क्षान्तं पञ्चयज्ञक्रियान्वितम् ।
न स्पृशन्तीह पापानि महापातकजान्यपि ॥

अर्थात् वेदाध्यायी शान्त स्वभावको, दैनिक पञ्चयज्ञ गर्ने व्यक्तिलाई पापले छुनै सक्दैन भने महापातक भए पनि क्रमश नष्ट हुन्छ ।

यसरी नै याज्ञवल्क्यले पनि संहिता पाठले सूर्यलोक, पदपाठले चन्द्रलोक र क्रम पाठले ब्रह्मलोक देहावसान पछि प्राप्त हुने बताएका छन् । तत्काल संहिताले कालिन्दीमा, पदले सरस्वतीमा र क्रमले गङ्गामा त्रिकाल स्नान गरेको फल दिलाउँने वताउदछन् । दैनिक वेदाध्ययन गर्ने व्यक्तिका जसरी ठूलो पानीको तलाउमा एक माटाको डल्लो नष्टहुन्छ त्यसरी नै खराव चरित्र वा पाप नष्ट हुन्छ भनिएको छ ।

विद्वान्हरूले वेद ज्ञानको समुद्र, संस्कृतिको खानी भएको वताएका छन् । कुनै न कुनै रूपमा वेदको मार्ग पहिलाउन नसके पानी विनाको माछा जस्तै हुनेछ हाम्रो जीवन । त्यसैले यति धेरै महत्व भएको वेदलाई अध्ययन गर्ने व्यक्तिले समूहलाई सर्प, सम्मानलाई नरक, स्त्रीलाई राक्षसी समान देखेर यी भन्दा पृथक बसी वेदाध्ययन गर्नुपर्छ ।

वेदाध्ययन गर्नेले भोजनमा विलम्व गर्न हुदैन । नारीको वशमा रहनु हुदैन । जसरी गरुड र हाँसले आफ्नो इष्ट प्राप्तगर्न टाढासम्म जान्छ त्यसरी नै विद्या आर्जन गर्न अत्यन्त टाढा पनि जानुपर्छ । जसले सुख खोज्छ त्यसले विद्या प्राप्त गर्न सक्दैन भनिएको पनि छ । सुखार्थी चेत् त्यजेद् विद्यां विद्यार्थी चेत् त्यजेत्सुखम् । -या.शि.

२. मात्राज्ञान

वेदाध्यन गर्नु पूर्व उदात्त, अनुदात्त र स्वरितको लक्षण जान्नु पर्छ । त्यसपछि मात्राको ज्ञान हुनु आवश्यक छ । महर्षी याज्ञवल्क्यका अनुसार निमेष या मेघगर्जदाको ज्योतिलाई १ मात्र काल भनिन्छ । सूर्यको किरण झ्यालबाट भित्र आउँदा देखिने कणलाई अणुमात्र र ४ अणु वरावर १ मात्र हुने कुरा बताइएको छ । प्रत्येक अक्षर उच्चारण गर्दा ४ अणुमात्रा समय हुन्छ । मनमा संझँदा एक अणुमात्रा, घाँटीमा आउँदा २ अणुमात्रा, जिब्राको अग्रभागमा आउँदा ३ अणुमात्रा र बाहिर निस्कँदा १ मात्र हुन्छ । यसकै आधारमा अवग्रह उच्चारण गर्दा आधामात्रा, दुई पदको अन्तरमा एक मात्रा, मन्त्रको आधामा २ मात्रा र मन्त्रको अन्त्यमा ३ मात्रा समय रोकिनु पर्छ । अक्षर उच्चारण गर्दा ह्रस्वलाई १ मात्रा, दीर्घलाई २ मात्रा, प्लुतलाई ३ मात्रा र व्यञ्जनलाई आधामात्रा समय लंगाउनु पर्छ ।

३- अध्ययन विधि

आफ्नो दैनिक नित्यकर्म पश्चात् वेदाध्ययन गर्दा सुखासन या पद्मासनमा बसेर दाहिने तिघ्राको घुँडापट्टिको तेस्रो भागमा बाँया हातलाई मुट्ठी बनाएर राख्ने त्यस माथि दायाँ हातको कुहिनु राख्ने । अत्यन्त प्रशन्न तर केही नम्र भएर केही अगाडी झुकेर,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

किताब र हातमा मात्र दृष्टि दिएर वेदाध्ययन शुरुगर्नु पर्छ। वेदारम्भमा सर्व प्रथम ॐ कार, व्याहृती र सावित्री (गायत्रीमन्त्र) क्रमशः उच्चारण गरेर वेदारम्भ गर्नुपर्छ। वेद पढ्दा चेष्टा, दृष्टि र मनलाई कछुवाले आफ्ना अङ्गहरूलाई समेटे झैं एकत्रित गरेर वर्णहरू उच्चारण गर्नुपर्छ। वेद आत्तिएर, हल्लेर, गीत जस्तो लय निकालेर पढ्नु हुन्न। जुन गति र लयमा शुरुगरेको हो त्यहि गति र लयमा समाप्त गर्नुपर्छ। हस्त सञ्चालन र वर्ण उच्चारण एक साथ हुनु अत्यावश्यक छ।

४- वेद पढ्न नसक्ने र सक्ने व्यक्ति

महर्षि याज्ञवल्क्यका अनुसार ६ प्रकारका प्राकृतिक अवगुण भएका व्यक्तिले वेद पढ्न सक्दैनन्।

क) दाँत बाहिर निस्केका वा नमिलेका व्यक्ति। ख) ठुला ओठ भएका व्यक्ति।
ग) लाटो व्यक्ति। घ) नाकेस्वर भएको व्यक्ति।
ङ) भक्भके व्यक्ति। च) वाक्लो जिब्रो भएको व्यक्ति।

याज्ञवल्क्यका अनुसार प्राकृतिक रूपमा सुन्दर दाँत र ओठहरू मिलेका उत्साही र विनयी व्यक्तिले वेद पढ्न सक्दछन्।

५- पाठदोष

याज्ञवल्क्यका अनुसार वेदाध्ययन गर्दा निम्न १४ पाठदोष हुन्छन्। ती दोषरहित अध्ययन गर्नुपर्छ।

१) शङ्कितम् = ओकार या उकारमा शङ्काहुनु (कुनै पनि अक्षरमा भ्रम हुनु)।
२) भीतम् = अत्यन्त डराएर पढ्नु।
३) उद्घृष्टम् = क्रोधित भएर पढ्नु।
४) अनुनासिकम् = अनुनासिक नभएको वर्णलाई अनुनासिक बनाएर पढ्नु वा नाकेश्वरले पढ्नु।
५) अव्यक्तम् = स्पष्ट आवाज नसुनिनेगरी पढ्नु वा मनमनै पढ्नु।
६) काकस्वरम् = घाँटीमा पीडाहुने गरी ठूलो स्वरले पढ्नु।
७) मूर्धिनगतम् = अशुद्धशब्दहरू ठूलो स्वरले पढ्नु।
८) स्थान विवर्जितम् = कण्ठादि स्थानहरू नमिलाएर पढ्नु।
९) विस्वरम् = हस्त सञ्चालन नगरिकन षड्जादि सप्त स्वर रहित पढ्नु।
१०) विरसम् = माधुर्यरहित या रुखो स्वरले पढ्नु।
११) विश्लिष्टम् = श्लिष्टता रहित हुनु, वर्णान्तरहुनु।
१२) विषमाहतम् = ह्रस्व-दीर्घ-प्लुत आदि नमिल्नु।
१३) व्याकुलम् = चित्त चञ्चल भएर पढ्नु, मन ठीक नभएको वेलामा पढ्नु।
१४) तालहीनम् = अत्यन्त शीघ्र पढ्नु।

६- हस्तदोष

याज्ञवल्क्यका अनुसार निम्न सात प्रकारका हस्त दोषहरू बताइएका छन्।

क) चुलुः = हातलाई पसर (दुनु) जस्तो बनाउनु।
ख) नौका = हातलाई डुङ्गा जस्तै बनाउनु।
ग) स्फुटः = हातलाई स्फुट जस्तै बनाउनु।
घ) दण्डी = हातलाई सिधा लौरो जस्तो बनाउनु।
ङ) स्वस्तिक = हातलाई स्वस्तिकाकार बनाउनु।
च) मुष्टिकाकृतिः = हातलाई मुष्ठिबनाउनु।
छ) परशुः = हातलाई बञ्चरो जस्तो बनाउनु।

यसका अतिरिक्त मुष्ठि बाँध्नु, हात फैलाउनुलाई पनि हस्तदोषका रूपमा लिइएको छ। हस्त सञ्चालन गर्दा माथिका दोष रहित शास्त्रानुसार हुनेगरी पढ्नु पर्दछ।

७- हस्तसञ्चालन विधि

याज्ञवल्क्य भन्नुहुन्छ वेदाध्ययन गर्दा विशेष ध्यान दिनुपर्छ। वेदका ज्ञाताहरूले हस्तचालन गर्ने। वेदाध्यायीको हातको बुढी औंला छुट्टै गरेर अन्य चार औंला जोड्ने- हत्केलामा पानी राख्ने त्यो पानी धेरै अटाउने ठाउँ बनाउनु। कायतीर्थ (कान्छी औंलाको फेदलाई) केही उठाउने हातको पानी खस्दा पितृतीर्थबाट खस्ने हुनुपर्दछ। हातको तल्लोभाग केही तल गरी औंलाहरू अत्यन्त सीधा गरी हस्तचालन गर्नुपर्छ। हस्त चालन गर्दा हातलाई आफ्नो ठाउँबाट तलमाथि-दायाँ-बाँया केवल १ कुरेत मात्र लैजानु पर्छ। यी नै उत्तम हस्त सञ्चालनका नियम हुन्।

८- हल् वर्णमा हस्तचालन विधि

सामान्यतया वर्णहरूमा हस्तचालन हुँदैन तर निम्न केही वर्णमा भने हातको केही आकृति बनाउनु अनिवार्य छ। वेदाध्ययन गर्दा पदको अन्त्यमा, पाउको अन्त्यमा र मन्त्रको अन्त्यमा आउने निम्न वर्णमा विशेष व्यवस्था छ। ककारान्ते टकारान्ते ङणे तर्जनिकां नमेत्। -या.शि:

क) 'क्-ट्-ङ्-ण्'मा तर्जनी (चोरी) औंला नुगाउनु पर्दछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जस्तैः ककार = अध्यवो........ भिषक् (शु.य.सं.१६।५)
टकार = स ꣳ स्रव .... व्वाट् (शु. य. २।१८)
ङकार = दध्यङ् .... (शु. पदपाठ ११।३)
णकार = वृषण् .... (शु.य. ११।११)

अन्त्यमा आउने ङ र ण पदपाठमा मात्र पाइन्छ ।

ख) 'म्' मा हातलाई मुट्ठी बनाउने । 'मुष्ट्याकृर्तिमकारे स्यात्' -या.शि.
जस्तै- गणानान्त्वा .... धम् । (शु.य.सं.२३।१९)

ग) अन्त्यमा आउने 'न्' मा हातको तर्जनी र अङ्गुष्ठको (चोरी र बुढिको) नङ जोड्ने ।
"नकारे तु नख ग्रहः" -या.शि.
जस्तै सहस्तो .... श्मीन्" -शु.य.सं.३४।४९

घ) अन्त्यमा आउने 'प्' मा पाँचै औंला जोड्ने । 'पञ्चाङ्गुल्यम्पकारे च' -या.शि.
जस्तैः गायत्रीत्रिष्टुप् । -शु.य.सं. २३।३३।

ङ) अन्त्यमा आउने 'त्' मा कुण्डलको आकृति (तर्जनी र अङ्गुष्टको माथिल्लो पर्व जोड्ने) बनाउने ।
तकारे कुण्डलाकृति - या.शि.
जस्तै "सहस्र .... पात्" शु.य.सं.३१।१।

९- विसर्गमा हस्तचालन विधि

वेदाध्ययन गर्दा आउने विसर्गहरूमा पनि हातको आकृति बनाउनुपर्छ । सामान्यतया वेदमा तीन प्रकारका विसर्ग हुन्छन् । उदात्त विसर्ग, अनुदात्त विसर्ग (प्रचय विसर्ग) र स्वरित विसर्ग यिनीहरूमा उदात्तमा तर्जनी, अनुदात्त या प्रचयमा कनिष्ठिका, स्वरितमा तर्जनी र कनिष्ठिका औंला देखाउनु पर्छ ।

जस्तैः उदात्तः- तातोविराडजायत............ पुर : .(शु.य.सं.३१।५ मा) यसमा चोरी औंला देखाउने ।
अनुदात्तः- त्रिपादूर्ध्वऽउदैत्पुरुष : (शु.य.सं.३१।४)
प्रचयः- सहस्रशीर्षापुरुष : (शु.य.सं.३१।१) । यी दुवैमा कनिष्टिका देखाउने ।
स्वरितः- तन्मे मनः (शु.य.सं.३४।१) तर्जनी र कनिष्टिका दुवै देखाउने ।

१०- अनुस्वारमा हस्तचालन विधि

वेदाध्ययन गर्दा आउने अनुसार ꣳ, ꣴ (जसलाई गुं भनिन्छ) र रङ्ग (वेदमा २ऽऽ र १ऽऽ चिन्ह भएको) मा हस्तचालन गर्नुपर्छ अर्थात् ꣳ चिन्हमा तर्जनीलाई अङ्गुष्टले तान्नु पर्छ र ꣴ र २ऽऽ या १ऽऽमा तर्जनी फैलाउनु पर्छ ।

जस्तैः ꣳ चिन्हमा = अपा ꣳ रसम् -शु.य.सं.९।३
ꣴ चिन्हमा = गणपतिꣴहवामहे -शु.य.सं.२३।१९
२ऽऽ चिन्हमा = लोकाँ२ऽऽ अकल्पयन् -शु.य.सं.२१।१३
१ऽऽ चिन्हमा = जहिशत्रूँ१ऽऽरप -शु.य.सं.७।३७

११- स्वरभक्ति उच्चारण

वेदाध्ययन गर्दा सामान्यतया निम्न अवस्थाको रेफ र ल् लाई क्रमश रे र ले उच्चारण गर्नुपर्छ ।

क) रेफ र हकारको योगमा रेफलाई रे भन्नु पर्छ ।
जस्तैः देवम्बर्हि -शु.य.सं.३१।४८

ख) ल् र हकारको योगमा हल् ललाई ले भनि उच्चारण गरिन्छ ।
जस्तैः उपवल्हा -शु.य.सं.२३।५१

ग) रेफ र तालव्य (श) कारको योगमा रेफलाई रे भन्नु पर्छ ।
जस्तैः दर्शतम् -शु.य.सं.११।३७

घ) ल् र तालव्य (श) कारको योगमा हल् ललाई ले भनिन्छ ।
जस्तैः शतवल्शा -शु.य.सं.१२।१००

ङ) रेफ र मुर्धन्य (ष) कारको योगमा रेफलाई रे भन्नु पर्छ ।
जस्तैः व्वर्षोव्वर्षीय -शु.य.सं.६।११

अतः वेद पढ्दा तत्सम्वन्धि शिक्षाको अध्ययन गरेर वेदका ज्ञाता, कर्मनिष्ठ र गुरुबाट वेदाध्ययन गर्न सके यसबाट पाइने अदृष्ट फल प्राप्त हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वेदको अपौरुषेयता एवं नित्यता

✍ टेकनाथ भट्टराई

संसारमा भएका प्राणीहरू मध्ये मानव जाति पनि एउटा प्राणी हो । अरु प्राणीसरहको यो पनि प्राणधारी जीव भएको हुनाले अरु प्राणीसरह यो पनि प्राणी नै हो भन्नु पर्दछ ।

यद्यपि मानिस प्राणी नै हो ता पनि अरु प्राणीलाई र प्राकृतिक शक्ति स्रोत र साधनालाई वशमा लिएर आफ्नु इच्छानुकूल काम सिद्ध गर्न सक्ने बौद्धिक शक्ति र सामर्थ्यले सुसज्जित भएको हुनाले मानिसलाई अरु साधारण प्राणी सरह नमानी प्रगतिशील प्रतिभाशाली र बौद्धिक शक्तिले भरिपूर्ण भएको प्राणी हो भन्ने कुरा इतिहासले निर्विवाद प्रमाणित गर्दछ । त्यसैले होला यो जाति अरु जाति भन्दा फरक छ । यसका काम कुरा व्यवहार पनि धेरै फरक छन् ।

वेद भन्दा पुरानु ग्रन्थ अरु कुनै पनि न भएको र वेद अनादिनिधन (आदि र अन्त नभएको) ग्रन्थ भई वेद भन्ना साथ 'यो ज्ञानको भण्डार हो' भनेर चिनिने ग्रन्थ हुनाले यो कैले वनिएको हो कसले बनाएको हो कहाँ बनिएको हो र यसबाट कस्तो ज्ञान पाइन्छ भनेर मानिसमा जिज्ञासा उठ्नु स्वाभाविक हो ।

पाणिनीय व्याकरण अनुसार 'वेद' भन्ने शब्द विद-ज्ञाने भन्ने धातुबाट अच् प्रत्यय वा घञ् प्रत्यय गरेर बन्दछ र वेद भन्ने शव्दबाट ऋग्वेद, यजुर्वेद, सामवेद र अथर्व वेद गरी चारै वेद बुझिन्छ, ज्ञान भन्ने अर्थ बुझिन्छ ।

वेद अनादि-निधन (आदि र अन्त नभएको) ग्रन्थ हो । संसारमा वेद भन्दा पुरानु ग्रन्थ अरु कुनै पनि छैन । आधुनिक कतिपय विद्वान्हरूको भनाइ छ: वेद ज्यादै पुरानु ग्रन्थ भए पनि यो अन्य आधुनिक ग्रन्थ सरह कोही मानिसले बनाएको हो । यो पौरुषेय हो, यो मानव-रचना हो । किन भने 'वेदां श्चैके सन्निकर्ष पुरुषाख्या' अर्थात् कालिदास आदि कवि विद्वान्हरूको रघुवंश आदि ग्रन्थ सरह वेद पनि केही समय पहिले मात्र बनिएको हो भनिएको छ ।

वेदमा पनि तालुस्थान आदि गरिएका अ आ इ ई र क-ख-ग आदि अक्षरहरू छन् । यिनै अक्षरहरूले वेद वनिएको छ । वाल्मीकि ऋषिले बनाएको रामायण, महर्षि व्यासले बनाएका महाभारत पुराण र महाकवि कालिदासले बनाएका रघुवंश, मेघदूत आदि ग्रन्थहरूमा पनि उनै अ आ इ ई र क ख ग आदि अक्षरहरू छन् । यिनै अक्षरहरूले ती ग्रन्थहरू पनि वनिएका छन् । भनिएको छ- "ताल्वादि जन्मा ननु वर्णवर्गो बर्णात्मको वेद इति स्फुटञ्च" इत्यादि ।

वेदमा पनि वाक्य रचना छ । व्यावहारिक प्रसङ्ग छ । रामायण महाभारत, रघुवंश, मेघदूत आदि ग्रन्थहरूमा पनि यही क्रम छ । रामायणका कर्ता वाल्मीकि, महाभारतका कर्ता व्यास र रघुवंश, मेघदूतका कर्ता महाकवि कालिदास छन् भने वेदका कर्ता पनि पहिले कुनै विद्वान् पुरष हुँदा हुन् । त्यसो हुनाले रामायण, महाभारत रघुवंश, मेघदूत आदि आधुनिक ग्रन्थ सरह वेद पनि केही समय पहिले मात्र बनिएको हो । यो आधुनिक कृति हो । यो मानव-रचना हो । पौरुषेय हो । यसरी केहि पण्डितमानीहरू वेदलाई पुरुषकर्तृकका रूपमा सिद्ध गर्न दत्तचित्त छन् ता पनि यसमा कुनै आधार नभएको र शास्त्रीय प्रमाण नभएको प्रमाणित गरिन्छ ।यस मतमा ठोस प्रमाण पाइदैन । अन्दाज र अनुमानको अभिव्यक्ति हो भन्ने कुरा देखिन आउँछ ।

वेद, स्मृतिहरू, महाभारत, पुराणहरू र पाणिनीय व्याकरण, रघुवंश आदि ग्रन्थहरू नै हाम्रा प्राचीन इतिहास हुन् । यिनै इतिहासले प्रमाणित गरेका कुरा नै प्राचीन तथ्य हुन् र सत्य हुन् भन्नु पर्दछ र मान्नु पर्ने हुन आउँछ ।

सृष्टिका क्रममा जलशायी भगवान्का नाभिकमलबाट ब्रह्माजी जन्मनुभएको हो भन्ने कुरा र ब्रह्माजी जन्मनु हुँदा नै वेदलाई साथै लिएर जन्मनु भएको थियो भन्ने पौराणिक कथन छ ।

संस्कृत व्याकरणका सर्वश्रेष्ठ रचयिता महर्षि पाणिनि हुन् । उनैका सूत्रलाई प्रष्ट पार्ने क्रममा उदाहरण दिँदै भट्टोजि दीक्षित व्याकरण सिद्धान्तकौमुदीमा भन्छन् ।

"शत्रूनगमयत् स्वर्गं वेदार्थं स्वानवेदयत्
आशयच्चामृतं देवान् वेदमध्यापयत् विधिम्
आसयत् सलिले पृथ्वीं यः स मे श्रीहरिर्गतिः"

भनेर हरि भगवान्ले आपस्थलाई वेदको अर्थ बताउनु भयो र वेदमध्यापयत् विधिम् भनेर ब्रह्मा जीलाई वेद पढाउनु भयो, भनिएको छ ।

ब्रह्माजी मानव-सृष्टिकर्ता हुन् । ब्रह्मा जन्मे पछि मानव-सृष्टि गरेका हुन् । मानव-सृष्टि कर्ता ब्रह्माजी जन्मदा खेरि नै वेदलाई साथै लिएर आएका थिए भन्ने कुरा भए पछि मानव-सृष्टि हुनु भन्दा पहिले नै वेद जन्मिसकेको थियो भन्ने कुरा स्पष्ट हुन्छ ।

मान्छेले कुनै काम गर्छ भने आफू जन्मेर काम गर्न सक्ने भएपछि मात्र काम गर्छ । मान्छे जन्मनु भन्दा पहिले नै वेद जन्मिसकेको थियो भनेर प्रमाणित भै सकेपछि पहिले जन्मेको वेदलाई पछि जन्मेको मान्छेले कसरी बनाउन सक्छ ? असंभव कुरा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुन्छ। वेद पौरुषेय होइन। मानव-रचना होइन। ईश्वरीय रचना हो।

पुनश्च हाम्रो वैदिक सनातन धर्म वर्णाश्रम धर्म अनुसार प्रथमतः २५ वर्ष सम्म ब्रह्मचर्य आश्रम हो। ब्रह्मचर्य आश्रममा नै अध्ययन गर्ने (पढ्नुपर्ने) समय हो। सृष्टि आदि कर्म गर्ने समय ता २५ वर्षपछि गृहस्थाश्रमको हो। अतः सृष्टि गर्नुभन्दा पहिले नै हरि भगवान्बाट वेद पढे होलान्। तसर्थ यस कुराबाट पनि ब्रह्माजी जन्मनु भन्दा पहिले अर्थात् मानवसृष्टि हुनु भन्दा पहिले नै वेद सनातन रूपमा रहेको थियो भन्ने कुरा यसबाट पनि पुष्टि हुन आउँछ।

शुक्ल यजुर्वेद माध्यन्दिनीय शाखाको ३१सौं अध्याय पुरुष सूक्तमा

"तस्माद्यसात् सर्वहुत ऋचः सामानि जज्ञिरे, छन्दांसि जज्ञिरे तस्माद्यजुस्तस्मादजायत"

यसमा भनिएको छ , सवैवाट हवन, पूजन गर्न योग्य भएका ती ब्रह्मस्वरूप यज्ञ-पुरुषबाट ऋग्वेद जन्मियो, सामवेद जन्मियो, छन्दहरू जन्मिए र यजुर्वेद जन्मियो।

यसरी आदि र अन्त नै न भएर शाश्वत एवं सनातन रूपमा चलि आएको नित्यवाणी यजुर्वेदको उक्त ३१सौं अध्याय पुरुषसुक्तले नै "वेद परंब्रह्म परमेश्वर बाट जन्मिएको हो भनेर पुष्टि गरी सकेको कुरालाई अझ वढी पुष्टि गर्ने यो भन्दा वलियो अर्को प्रमाण के हुन सक्छ ?

महर्षि व्यासजीले पनि वेदलाई अपौरुषेय हो भनेर मान्नुभएको छ। किन भने उहाँले आफूले लेख्नु भएको सूत्रमा उल्लेख गर्नु भएको छ "शास्त्रयोनित्वात्"। यो सूत्रको अर्थः- ऋग्वेद, यजुर्वेद आदि शास्त्रका योनि (जन्मदाता) हुनाले ब्रह्म सर्वज्ञ हुन्, भनेको हो। यसरी ऋग्वेद आदि शास्त्रका कारण (जन्मदाता) ब्रह्म हुन् भने पछि वेद परब्रह्म ईश्वरबाटै जन्मेको हो भन्ने कुरा निर्विवाद सिद्ध हुन आउँछ।

जसको आदि र अन्त छ, जसको उत्पत्ति र विनाश छ, जसको मरण छ त्यो नाशवान् हो, अनित्य हो र असत्य हो।

जगत् (संसार) उत्पत्ति र विनाशशील छ । अतः ऊ अनित्य हो। असत्य हो। अत एव ऊसलाई क्षणभङ्गुर भनिएको छ।

जसको उत्पत्ति पनि छैन, जसको विनाश पनि छैन, जसको जन्म पनि छैन, मरण पनि छैन त्यो नित्य सत्य हो।

ब्रह्म परमात्मा परमेश्वरको आदि पनि छैन, अन्त पनि छैन। ऊसको जन्म पनि छैन, मरण पनि छैन। ऊ "न जायते म्रियते वा कदाचित नायं भूत्वा भविता वा न भूयः।

अजो नित्य शाश्वतोऽयं पुराणो ....॥

भनिएको छ। अतः ऊ अव्यक्त छ, अपरिमेय छ।

ऊ सूक्ष्म छ, शाश्वत छ, सनातन र सदा रही रहने नित्य सत्य र शास्वत हुनाले ब्रह्म सत्यं जगन्मिथ्या भनिएको र अनादि निधन कहिएको हो।

नित्यको सबै कुरा नित्य नै हुन्छ। वेदवाणी ईश्वरबाटै जन्मेको हुनाले "वाचा निरूप नित्यया' भन्ने र "अत एव च नित्यत्वम्" भनेर वेदलाई नै नित्य भनिएको हुनाले वेद-वाणी सर्वथा नित्य छ।

"अनादि निधना नित्या वागुत्सृष्टा स्वयंभुवा"

स्वम्भू भगवान् स्वयम्ले आदि र अन्त न भएको नित्यवाणी (वेद) लाई सृष्टि गर्नु भो, भन्ने अर्थ हो।

यसरी श्रुति र स्मृति दुवै बाट मुक्त-कण्ठले नित्यवाणीवेदलाई सृष्टि गर्नु भयो, भनेर वेदलाई अपौरुषेय हो भनी प्रमाणित गरेको र वेद वाणीलाई नित्य वाणी हो भनेर पुष्टि गरिसके पछि वेदलाई पौरुषेय हो, मानव-रचना हो, भन्नुमा कहीं पनि कुनै औचित्य रहँदैन।

कविहरूमा सर्वोत्कृष्ण कवि र कविकुलगुरु मानिएका महाकवि कालिदासले पनि वेदलाई परब्रह्म बाटै जन्मेको र अपौरुपेय हो भनी मानेका छन् (उनको आफ्नु कृति कुमार संभवको द्वितीय सर्गको १२औं श्लोकमा

उद्घातःप्रणवो यासां न्यायैस्त्रिभिरुदीरणम्।
कर्म यज्ञः फलं स्वर्गस्तासां त्वं प्रभवो गिराम्॥

अर्थात् तारकासुरले स्वर्गको राज्य अपहरण गरेपछि ब्रह्माका शरणमा पुगेका देवताहरू भन्दछन् - हे ईश्वर। तपाई सृष्टिहुनु भन्दा पहिले केवल आत्मा एक परब्रह्म हुनु हुन्थ्यो, पछाडि सत्व, रजः, तमोगुणको विभाजन (सृष्टि) का लागि अनेक (ब्रह्मा, विष्णु, महेश्वर) हुनु भो। वस्तुत तपाई परब्रह्म हुनुहुन्छ। हे ईश्वर! जुन वाणीको आरम्भमा ॐ कार उच्चारण गर्नु पर्दछ, र तीन उपाय (उदात्त, अनुदात्त, स्वरित र ह्रस्व-दीर्घ प्लुतको) अवलम्वन गरेर पढ्नु पर्दछ। जुन वेद-वाणीको कर्म यज्ञ र फल स्वर्ग प्राप्ति छ, त्यस्ता वेद-वाणीको प्रभव (कारण-रचयिता) तपाईनै हुनुहुन्छ भनेर परब्रह्म ईश्वरलाई भनेका छन्। वास्तवमा कालिदासको यही मत हो।

यसरी देवताहरूको प्रसङ्ग ल्याएर कालिदास जस्ता विद्वानले पनि वेदका जन्मदाता परब्रह्म ईश्वर नै हुन् भने पछि वेदलाई मानव सृष्टि हो, पौरुषेय हो भन्ने प्रसङ्ग नै उठ्न सक्दैन। तसर्थ वेद अपौरुषेय हो, ईश्वरीय सृष्टि हो। पौरुषेय होइन, मानव-रचना होइन। अस्तु।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सनातनधर्म र मानवसमाज

✍ हरिप्रसादशर्मा आचार्यः

'धर्म' शब्दको अर्थ अडाउने वाला=व्यक्ति वा समाजलाई अडाउनेवाला भन्ने हो । जस्तै एक मुठी चामल वा चामलको राशिलाई पनि कुनै भाँडाले अडाएको छ भने ती चामल व्यवस्थित रहन्छन्, अडाउने भाँडो न भए अव्यवस्थित भई छितरिन्छन् । त्यस्तै व्यक्ति वा समाज धर्म नियन्त्रित भए व्यवस्थित हुन्छन्: धर्मबाट अलगिए अव्यवस्थित भई छितरिन्छन् । अत एव मनु भन्नु हुन्छ- धर्मलाई मास्ने हो भने धर्मले नै हामीलाई मास्दछ । धर्मको रक्षा गरे धर्मले हाम्रो रक्षा गर्दछ । त्यसकारण हामीबाट धर्म मासिँदा धर्मले हामीलाई न मासोस् भन्ने सोँची धर्मलाई मास्नु हुँदैन-

धर्म एव हतो हन्ति धर्मो रक्षति रक्षितः ।
तस्माद् धर्मो न हन्तव्यो मा नो धर्मो हतो वधीत् ॥

धर्मको परिभाषा कणाद मुनिले यस्तो गर्नु भएको छ- यतोऽभ्युदयनिःश्रेयससिद्धिः स धर्मः=जुन् कर्म गर्नाले यस लोकमा उन्नति र देहत्याग पछि मोक्ष प्राप्त हुन्छ त्यसलाई धर्म भन्दछन् । परमात्माबाट सृष्टि भएका मानवसमाजलाई कर्तव्याऽकर्तव्यको बोध गराई व्यवस्थित रूपमा राख्ने साधन वेदप्रतिपादित धर्म नै थियो र **'मातृदेवो भव, पितृदेवो भव, आचार्य देवो भव'** अनुसार माता पिता गुरुमा श्रद्धा राख्ने, परिवारका मूलीलाई परिवारका सवै सदस्यले संमान गर्ने र परिवारका मूलीले परिवारका सवै सदस्यको रेखदेख गर्ने, कुनै पनि सदस्यले कुनै पनि सदस्यलाई सताउन न पाउने गरी परिवारमा मेलमिलापको वातावरण स्थिर राख्ने प्रक्रिया थियो । सवै कर्तव्यमा अटल रहने हुँदा अधिकारको खोजिगर्न पर्दैनथ्यो । एक परिवारको अर्का परिवारप्रति पनि यस्तै सौम्य व्यवहार हुन्थ्यो । अत एव सृष्टिका प्रारम्भ कालमा दण्डनीय (उत्पथगामी, उच्छृङ्खल) व्यक्ति कुनै पनि थिएनन्, त्यस कारण दण्डव्यवस्था पनि थिएन, राजा पनि थिएनन्, राज्यव्यवस्था पनि थिएन । मानव समाज धर्मका आडमा आपसमा मिलेर बस्दथे भन्ने कुरा महाभारतमा यसरी वर्णन गरिएको छ-

"न वै राज्यं न राजाऽऽसीन्न दण्डो न च दाण्डिकः ।
धर्मेणैव प्रजाः सर्वा ध्रियन्ते स्म परस्परम्"

पौरस्त्य सिद्धान्त अनुसार वेद अपौरुषेय हो । आधुनिक विद्वानहरू पनि ऋग्वेद लाई सवै भन्दा पुरानो ग्रन्थ मान्दछन् । विश्वका धेरै भाषाहरू सँस्कृत भाषा सङ्ग मिल्दा जुल्दा हुनाले समाज सर्वप्रथम एउटै ठाउँमा बस्दथे भन्ने बुझिन्छ र अहिले पनि सँस्कृत भाषाको मुख्यस्थल अजनाभवर्ष हुनाले मानवसमाजको सृष्टि पनि अजनाभवर्षमा नै भएको थियो भन्ने बुझिन्छ । त्यसमा पनि 'उर्ध्वमूलमधःशाखमश्वत्थं प्राहुरव्ययम्' अनुसार मानव समाजको उद्गमस्थल हिमालखण्ड हो भन्ने बुझिन्छ । समय वित्दै जाँदा अलग-अलग ठाउँमा बसाई सर्ने क्रममा एउटै समाजका मानव अलग-अलग समाजमा विभाजित हुन थाले र ती अलगिएका समाजमा वेदप्रतिपादित धर्मको ज्ञानमा पनि ह्रास आउन थाल्यो । अत एव मनु उपदेश गर्नुहुन्छ -

"एतद्देशप्रसूतस्य सकाशादग्रजन्मनः ।
स्वं स्वं चरित्रं शिक्षेरन् पृथिव्यां सर्वमानवाः ॥"

यसरी अलगिएर गएका समाजमा वेदप्रतिपादित धर्मको ज्ञान हराउँदा, ती समाजको अगुवाई गर्ने बुद्धिजीविहरूको आफ्नो समाजलाई व्यवस्थित रूप दिन मानवकल्याणकारी केही नियम वनाए र त्यही नियमलाई "धर्म" भन्ने संज्ञा दिए । यसरी मानवबाट वनेका नियम लाई पनि "धर्म" भन्ने संज्ञा दिन थाले पछि मानवकल्पित नियमको भन्दा अलग अस्तित्वको बोध हुनेगरी अनादि कालदेखि चलि आएको वेद प्रतिपादित धर्मलाई 'सनातन' विशेषण दिइयो । उक्त सनातन धर्मलाई न छाडेर सनातन धर्मनै मान्नेहरू आर्य हुनाले उक्त सनातन धर्म आर्यधर्म पनि भनिन लाग्यो र आर्यहरूलाई हिन्दू भन्ने चलन आए पछि आजभोलि हिन्दूधर्म भन्ने चलन छ । प्रकृत पङ्क्तिका लेखकले परीक्षा सम्बन्धी फर्मको 'धर्म-.....' लेखिएका ठाउँमा सनातन लेखेको हूँ । अर्थात् हिन्दू भन्ने चलन आएको धेरै समय भएको छैन । वास्तवमा हामीहरूले "हिन्दूधर्म" न भनेर "सनातन धर्म" भन्नु नै ठीक हो । कालक्रमले माथि उल्लेखित महाभारत अनुसारको समाजमा विकृति आयो र उत्तरोत्तर उक्त विकृति बढ्दै जाँदा समाजमा मत्स्यन्याय (साना माछालाई त्यस भन्दा ठूलाले र त्यसलाई त्यस भन्दा ठूलाले खाने) फैलियो-

अराजकाः प्रजाः पूर्व विनेशुरिति नः श्रुतम् ।
परस्परं भक्षयन्तो मत्स्या इव जले कृशात् ॥ (म.भा.शा.प.६७१७) ।

अतः ब्रह्माजीले एक लाख अध्यायको राजनीतिशास्त्र बनाउनु भयो र तदनुसार राजाले धर्म नियन्त्रित भई माथि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उल्लेखित पारिवारिक अनुबन्धलाई आदर गर्दै समष्टि प्रजाको पालन गर्ने परम्परा बस्यो । महाभारत अनुसार सर्वप्रथम राजधर्मको उदय भएको हो:,त्यसपछि मात्र अन्य धर्महरूको- **क्षात्रो धर्मो ह्यादिदेवात् प्रवृत्तः, पश्चादन्ये शेषभूताश्च धर्माः (म.भा.शा.६४।२१)** । यस प्रकार राजदण्डसहितको धर्मबाट समाज व्यवस्थित हुँदै आएको हो । **नराणां च नराधिपः (गीता) महती देवता ह्येषा नररूपेण तिष्ठति (मनु७।८)** अनुसार प्रजाले राजालाई सम्मान गर्ने र **स्वभागभृत्या दास्यत्वे प्रजानां च नृपः कृतः (शुक्र नी.१-१८७)** अनुसार राजाले आफूलाई म प्रजाको दास हूँ भन्ने ठानी समुचित ढङ्गबाट प्रजाको पालन गर्ने परम्परा चल्दै आयो । यस प्रकार राजनीतिले धर्मको रक्षा गर्ने र धर्मले राजनीतिको रक्षा गर्ने गरी दुवैको समन्वयबाट समाज सुरक्षित हुँदै आयो । सनातन धर्ममा पुनर्जन्म हुने र प्रत्येक व्यक्तिले गरेका कर्मका फल मरण पछि पनि भोग्नु पर्ने सिद्धान्त छ । प्रत्येक व्यक्तिले गरेका राम्रा वा नराम्रा कर्मको विवरण चित्रगुप्तले सूर्य, चन्द्र, वायु, अग्नि, आकाश, पृथ्वी, जल, हृदयवासी ईश्वर (**ईश्वरः सर्वभूतानां हृद्देशेऽर्जुन ! तिष्ठति= सवै प्राणीका हृदयमा ईश्वर वस्नु भएको हुन्छ- गीता**), यमराज, दिन, रात, दुवै सन्ध्या, धर्मराजहरूबाट समेत यथार्थ कुरा बुझ्नु हुन्छ-

आदित्यचन्द्रावनिलोऽनलश्च ।
द्यौर्भूमिरापो हृदयं यमश्च ॥
अहश्च रात्रिश्च उभेच सन्ध्ये ।
धर्मश्च जानन्ति नरस्य वृत्तम् ॥ **(गरुडपुराण)** ।

ती मनुष्यलाई आफ्ना कर्म अनुसारको फल भोग गराउन चित्रगुप्तले स्वर्णादि लोक वा नरक पट्टि पठाउनु हुन्छ भन्ने सँस्कार समाजमा राजादेखि रङ्क सम्म थियो र समाज व्यवस्थित थियो । दुःख न पर्दा सम्म सुख भए पनि मलाई सुख छ म सुखी छु भन्ने थाहा हुँदैन । कसैले पनि अँधेरी रातमा ठाउँ-ठाउँमा ठक्कर खाँदै हिँडेका बेला कतैबाट लालटीन आदि प्रकाशको साधन पाए खुबै खुसी हुन्छ र कुराको प्रसङ्ग उठे ज्यादै धौ भएको थियो प्रकाशको साधन पाए पछि आनन्दले आँए, हिँडेको थाहै पाइन भन्दछ । तर दिनमा सदै सूर्यका प्रकाशमा हिँड्न पाएकोमा कसैले पनि प्रसन्नता प्रकट गर्दैन । यद्यपि कलियुगको प्रारम्भ भए पछि धर्मको पनि ह्रास सुरु भएको हो, तथापि २००७ साल सम्म हामीहरू धर्मबाट धेरै नै सुरक्षित हुँदै आएका थियौं । तर हामीहरू धर्मबाट सुरक्षित छौं भन्ने ज्ञान नहुँदा २००७ साल देखि धर्ममा अनास्था उब्जाइन थालियो मात्र होइन धर्ममा अनास्था दर्शाउनुलाई प्रगतिशील सभ्यको रूपमा प्रस्तुत हुनु ठानियो । चित्रगुप्तका अगाडि बयान दिन पर्ने सँस्कार हराई कुनै हुलमा नलागेकाले पुलिसका आँखा छले जे गरे पनि, हुल तयार गरेकाले त कसैका पनि आँखा छल्न न पर्ने मात्र होइन हाकाहाकी ठूलो गर्जनाका साथ मन परी गर्ने प्रक्रिया उब्जिँदा क्रमशः त्यसको परिणाम समाजमा के कस्तो विकृति आएको छ त्यो त सवैका अगाडि छर्लङ्ग छ । अझ भविष्यमा समाज कस्तो बन्ने होला भन्ने बुद्धिजीवीहरूको चिन्ताको विषय बनेको छ तर पनि हरेस खान हुँदैन ।

यदा यदा हि धर्मस्य ग्लानिर्भवति भारत ।
अभ्युत्थानमधर्मस्य तदात्मानं सृजाम्यहम् ॥
परित्राणाय साधूनां विनाशाय च दुष्कृताम् ।
धर्मसंस्थापनार्थाय संभवामि युगे युगे ॥

यस गीतालाई बिर्सन हुँदैन । साथै मैले के गर्न सक्छु र भन्ने हीन भावना पनि राख्नु हुँदैन । धर्मका विषयमा कार्य गर्छु भनी त्यसमा लागि परे सोचे अनुसार पूरा गर्न नसके पनि पूरा गरे सरह पुण्य प्राप्त हुन्छ -

धर्मकार्य एतञ्छक्त्या नो चेत् प्राप्नोति मानवः ।
प्राप्तो भवति तत्पुण्यमत्र मे नास्ति संशयः ॥

-(भगवान् श्रीकृष्ण महाभारत.उद्योग.९३।६)

हरिः ॐ तत्सत्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शिखा रहस्य

✍ ऋषि प्रसाद शर्मा

हिन्दू सनातन धर्मावलम्वीहरूको प्रमुख सोह्र संस्कारहरूमा 'चूडाकरण' या 'चौल' एउटा विशेष संस्कार हो । यसै संस्कारहरूमा आर्यजातिको प्रतीक अथवा मुख्य जातीय चिन्ह स्वरूप 'शिखाधारण' को विधान छ । यसको धारणबाट आयु, तेज, बल, ओज र पुरुषार्थको प्राप्ति हुन्छ । चूडा क्रियते अनेन अथवा चूडाया: करणम्-यस व्युत्पत्तिबाट र 'शिखा चूडा शिखण्डस्तु पिच्छ बर्हे नपुंसके'- यस अमरकोषका 'चुडा' शब्दबाट शिखानै अर्थरूप गृहीत हुन्छ । पारस्कर, आश्वलायन, वैखानस, बौधायन, आग्निवेश्य, आपस्तम्ब र जैमिनीय आदि गृह्य सूत्र ग्रन्थहरूमा चूडाकर्म अन्तर्गत शिखा राख्ने स्पष्ट विधान पाइन्छ ।

अथैनमेक शिखस्त्रिशिख: पञ्चशिखो वा यथैवैषां कुल धर्म: स्यात् । यथर्षि: शिखा निदधातीत्येके ।

इत्यादि सूत्रहरूमा चूडाकर्ममा शिखा राख्ने स्पष्ट उल्लेख छ । आपस्तम्बले 'प्रतिदिशं वपति' भनेर शिखाका चारै तर्फ केशमुण्डनको निर्देश गरेका छन् ।

बौधायनले-

चौलवत् तूष्णीं केशानोप्य स्नानं शुचिवाससं बद्धशिखं यज्ञोपवीतं प्रतिमुञ्चन् वाचयति ।

यस सूत्रमा शिखा राख्ने आज्ञा दिदै क्षौरको विधान भनेर कुमारका लागि 'बद्धशिखम्' विशेषण दिएर शिखास्थापनको दृढता सिद्ध गरेका छन् । यद्यपि पारस्करगृह्यमतानुयायीहरूका लागि 'मुण्डाश्च भृगवो मता:' इत्यादि प्रमाण प्राप्त हुन्छ, तथापि 'यथा मङ्गलंकेशशेषकरणम्'- यस सूत्रका अनुसार तिनीहरू पनि मङ्गलसूचक शिखा धारण गर्दछन् । अरु-अरु पनि आफ्ना ऋषि, कुल र गोत्रका अनुकूल अनेक शिखाहरू राख्तछन्, तर उनीमा मध्य शिखाकोनै प्रधानता मानिएको छ, जस्तै कि धर्म सिन्धुकारले भन्नु भएको छ- *'मध्ये मुख्या एका शिखा अन्याश्च पार्श्वादिभागेष्विति यथा कुलाचार प्रवर संख्या शिखाश्चूडा समये कार्या: ।'* शिरका मध्यमा स्थित केश समूहलाई नै चूडा भन्दछन् । यै चूडा प्रधान शिखा मानिन्छ । वशिष्ठ गोत्रभएका मध्य शिखाबाट दक्षिण भागमा स्थित केश समुदायलाई चूडा भन्दछन् । अत्रि र कश्यप गोत्र भएका मध्यभागमा स्थित शिखाको उभय पार्श्वमा स्थित केशहरूलाई शिखा भन्दछन्-

मध्ये शिरसि चूडास्यात् वासिष्ठानां तु दक्षिणे ।
उभयो: पार्श्वयोरत्रिकश्यपानां शिखा मता ॥

उपनयनकालमा मध्य शिखाका अतिरिक्त अरु गौण शिखाहरूको वपनको विधान निर्णय सिन्धुमा स्पष्ट रूपले पाइन्छ-

तासां मध्यशिखवर्जमुपनयने वपनं कार्यम् ।

धर्मसिन्धुकारले पनि-

उपनयनकाले मध्य शिखेतर शिखानां वपनं कृत्वा मध्यभागए वोपन यनोत्तरं शिखा धार्या ।

यस उक्तिले निर्णयसिन्धुकारको सिद्धान्तकोनै समर्थन गरेको छ । संध्या गर्ने बेलामा अङ्गन्यासको अन्तर्गत आगम ग्रन्थहरूमा 'भुव: शिखायै वषट्' यस मन्त्रद्वारा शिखामा दाहिने हातको अङ्गुष्ठ स्पर्शको विधान देखिन्छ । यी प्रमाणहरूबाट यो निर्विवाद सिद्ध छ कि चूडाकरण सँस्कारमा शिखा राखेर नै अरु केशहरूको मुण्डन गराउनु पर्छ । महर्षि हारीतले भन्नुहुन्छ कि जोसुकै प्राणीले मोह, द्वेष या अज्ञानले शिखालाई काट्तछन् तिनीहरू तप्तकृच्छ-व्रत गरेर मात्रै शुद्ध हुन्छन् ।

शिखां छिन्दन्ति ये मोहाद् द्वेषादज्ञानतोऽपि वा ।
तप्तकृच्छ्रेण शुध्यन्ति त्रयो वर्णा द्विजातय: ॥

'काठक गृह्यसूत्र' र कौथुमी शाखामा यहाँसम्म उल्लेख छ कि यदि कुनै पुरुषले प्रमादवश शिखा सहित क्षौर गरायो भने ता त्यसले ब्रह्मग्रन्थियुक्त कुशको शिखा बनाएर दाहिनेकानमा तबसम्म राखोस् जबसम्म बाध्ने योग्य शिखा न बनोस् । अथ चेत् प्रमादान्निशिखं वपनं स्यात् तत्र कौशीं शिखां ब्रह्मग्रन्थिसमन्वितां दक्षिणकर्णोपरि आशिखा बन्धादवतिष्ठेत् ।

उपर्युक्त दण्ड विधानबाट यो स्पष्ट हुन्छ कि ब्राह्मण, क्षत्रिय, वैश्यलाई शिखा सूत्र र सनातन धर्मावलम्वीहरूले अवश्यनै शिखा धारण गर्नुपर्दछ । बिना यज्ञोपवित र शिखाको सनातनीहरूले गरेको सबै सत्कार्य व्यर्थ हुन पुग्दछ र त्यसलाई राक्षस कर्म भनिन्छ ।

सदोपवीतिना भाव्यं सदाबद्धशिखेन च ।
विशिखो व्युपवीतश्च यत्करोति न तत्कृतम् । देवल स्मृति:
विना यच्छिखया कर्म विना यज्ञोपवीतकम् ।
राक्षसं तद्धि विज्ञेयं समस्ता निष्फला क्रिया: । व्यास स्मृति:

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शिखाका साथ बल, वीर्य, आयुवृद्धि, तेज र पराक्रमको गहीरो सम्बन्ध छ। यसकारण हिन्दूहरूको यो सर्वोत्कृष्ट जातीय चिन्ह मानिएको छ। जसरी फौजी प्रहरीहरूको फौजी वेष वीरता सूचक हुन्छ , स्काउटको वेष स्फूर्तिसूचक, मुसलमानहरूको दाढी मुस्लिमपनको सूचक र ईसाईहरूको नेकटाई ईसाईपनको सूचक हुन्छ, ठीक त्यसैगरी हिन्दूहरूको शिखा हिन्दूत्वको सूचक हुन्छ। हिन्दूत्वको प्रतीक यो शिखा जसका शिरमा छैन, जुन सनातनीले प्रभावोत्पादक यस सनातन चिन्हलाई धारण गरेको छैन त्यो हिन्दू शवको समान हो। शिरका मध्यभागमा सुरक्षित, सुस्थिर शिखा चिरन्तनआर्य गौरव तथा हिन्दूत्वको द्योतक हो। यसकारण आर्यजातिका निम्ति शिखा राख्नु नितान्त आवश्यक हुन्छ। सनातन जातिज्ञान विज्ञानरूपी रसबाट परिपूर्ण एउटा घडाका समान हुन्छन्। त्यस घडाको त्यो रस जसको एक-एक कणबाट विश्वका अनेकौं नदी र नदरूपी मत प्रादुर्भूत भएका छन्, ब्रह्मरन्ध्रद्वारा काहीं अन्तस्थित निरन्तर विद्युत्प्रवाहबाट प्रवाहित भएर बाहिर न निस्कियोस्, अतः त्यसको रक्षाका निम्ति यो शिखारूपी ढक्कनलाई राख्नु परमावश्यक हुन्छ।

सनातन धर्मका सिद्धान्तानुसार पदार्थमात्रमा देव या प्राण शक्ति मानिएको छ। यस स्थावर जङ्गमरूप संसारमा देव या प्राण शक्तिबाट व्याप्त कोही पनि व्यक्ति कुनै पनि प्राणीको कुनै पनि योनिमा गरिएका कर्मको प्रतिफल हुन्छ, जसले आफ्ना कर्मानुसार उद्भिज संसारमा लहरा वृक्षादिका रूपमा दृष्टिगोचर भइरहेको हुन्छन, उद्भिज संसारमा यी लहरा वृक्षादि हाम्रा अतीत मुक्त योनिमा कुनै गुल्मादिका रूपमा व्यवस्थित छन। हाम्रो शिखा उद्भिज संसारको चिन्ह हो। नियम पूर्वक वेदादिको स्वाध्यायब्राट समुत्पन्न अमृत वायुवेगबाटनै प्रवल वेगले शिखाका अधस्तलमा स्थित ब्रह्मरन्ध्रमा कर्णिकाद्वारा प्रविष्ट हुन्छ। त्यो अमृत आफ्ना केन्द्रस्थान सूर्यमा मिल्नको लागि बाहिर निस्कन चाहन्छ तर शिखासंघर्षबाट ठोक्किएर फर्किएर आउँछ। अमृतबाट संघर्षित भएको कारण शिखामा अमृतको लेश रहनु स्वभाविक हो। निम्नकोटिको स्थावर-चेतन योनिहरू यस अमृतत्वलाई पाएर उत्तरोत्तर उच्च योनिहरूलाई पाउदै जाउन् यसकारण ह्राम्रा पारदृश्य महर्षिहरूले देवर्षि पितृ तर्पणका साथ चित्ररूप शिखाको अमृतजलबाट उदभिज-संसारमा प्रादुर्भूत लहरागुल्मादिरूपी पितृहरूलाई तर्पण गर्ने आदेश दिएका छन्-

लता गुल्मेषु वृक्षेषु पितरो ये व्यवस्थिताः।
ते सर्वे तृप्तिमायान्तु मयोत्सृष्टैःशिखोदकैः ॥ सँस्कारगणपति

वेदान्त र योगदर्शनका सिद्धान्तानुसार शिखाको अवस्थित भाग ब्रह्मरन्ध्र मानिएको छ। यस ब्रह्मरन्ध्रका मास्तिर सहस्रदल कमलमा अमृतरूपी ब्रह्मको स्थान छ। विधिपूर्वक- गरिएका वेदादिको स्वाध्याय र सविधि श्रौतस्मार्त कर्मानुष्ठान बाट समुत्पन्न अमृततत्व अतिक्रान्त वायुवेगले सहस्रदलको कर्णिकामा प्रविष्ट हुन्छ। त्यो अमृत तत्व शिरबाट बाहिर निस्केर मास्तिर आफ्ना केन्द्रस्थान ऋग्यजुः साम स्वरूप सहस्रकिरणले युक्त सूर्यदेवमा मिल्न चाहन्छ, तर शिखा राख्नाले त्यो अमृत शिखाका गाँठाहरूमा अल्झिएर ठोक्किएर सहस्रदलको कर्णिकामा रहन पुग्दछ। यदि वेदाध्ययन या सत्कर्मानुष्ठान गर्ने बेलामा शिखाखुली रहेको हुन्छ भनेता त्यो अमृत शिखाबाट बाहिर निस्किएर पृथ्वीमा प्रविष्ट हुन पुग्दछ। शिखा नरहँदा त्यो अमृत शिरबाट बाहिर निस्केर मास्तिर उठ्तछ तर प्रबलशक्ति सम्पन्न नभएकोकारण वायुबाट ठोक्किएर त्यो अन्तरिक्षमा विलीन हुन पुग्दछ। फलस्वरूप अनियमित कालमा गरिएको सन्ध्या झैं त्यो सत्कार्य विफल हुन पुग्दछ। यसैले मन्वादि धर्मशास्त्रकारहरूले भन्नुभएको छ कि स्नान, दान, जप, होम, सन्ध्या, स्वाध्याय र देवार्चन गर्ने बेलामा शिखामा गाँठो अवश्य लगाउनु पर्दछ।

स्नाने दाने जपे होमे संध्यायां देवतार्चने।
शिखाग्रन्थिं सदा कुर्यादित्येतन्मनुरब्रवीत् ॥

अस्तु, मास्तिर भनिसकिएको छ कि शिखाका निम्नतलमा ब्रह्मरन्ध्र र त्यसका माथि सहस्रदलकमलमा परमात्माको केन्द्रस्थान छ। वर्तमान विज्ञानका अनुसार शिखास्थानका पछिल्तिर भित्र तल्तिरपटि र ब्रह्मरन्ध्रका पछि मस्तिष्कभागमा कामको केन्द्रस्थान छ। यी उपर्युक्त दुवै स्थानहरूमा गाइकोखुर प्रमाण शिखा राख्नाले आत्मिक शक्ति सुरक्षित रहन्छ र चिन्ताशक्ति (कायोद्रेकशक्ति) थिचीरहन्छ। फलस्वरूप मानिसले आफ्नो कामशक्तिलाई यथा साध्य थिचेर आध्यात्मिक जगतमा उत्तरोत्तर बढ्दै गएको शिखाद्वारा व्यापक ब्रह्मको यथेष्टशक्तिलाई आकर्षण गर्दछ। वैदिक विज्ञानबाट यो कुरा सिद्ध हुन्छ कि सर्वव्यापी परेश परमात्माको अप्रमेय शक्तिलाई आकृष्ट गर्ने सर्वोत्तम साधन शिखा धारण हो। अस्तु।

ब्रह्मार्पणं ब्रह्महवि र्ब्रह्माग्नौ ब्रह्मणाहुतम्।
ब्रह्मैव तेन गन्तव्यं ब्रह्मकर्म समाधिना ॥

इति शम्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गुरुकुल, वेद विद्याश्रम र वर्तमान

✍ उपप्राः नवराज कट्टेल

१. विषय प्रवेशः

गुरुकुल शिक्षा पद्धतिमा आधारित नेपाल वेद विद्याश्रम प्राचीन शिक्षा पद्धतिको वर्तमान उदाहरण बनेर उभिएको छ । यो संस्था करिव ३०(तीस) वर्षमा प्रवेश गरिसकेको छ र यसले रजत महोत्सव समेत सानातिना कार्यक्रम गरी सम्पन्न गरिसकेको छ । यस आश्रमले गुरुकुल शिक्षा पद्धतिका सबै नीति नियमहरूलाई आत्मसात् गर्न नसके पनि केही कुरालाई आत्मसात् गरेको देखिन्छ । यस गुरुकुलको आचार विचार , खानपान जीवनशैली आदिको संस्कारले मेरो जीवनयात्रालाई प्रभावित तुल्याइरहेको छ । अफ यसो भनौं यस गुरुकुलले निर्माण गरेको संस्कार बोकेर आफ्नो कार्य क्षेत्रमा संलग्न छु । यसले निर्माण गर्ने संस्कार, धर्म, संस्कृति र परम्परा अनुकुल हुन्छ । कडा अनुशासन, मर्यादा, आचारविचार, सर्वत्र संयमको संस्कार गुरुकुलका विशेषता हुन् ।

२. गुरुकुल शिक्षापद्धति कस्तो हुन्छ ?

गुरुकुल शिक्षा पद्धति पद्धतिहीन पद्धति हो जस्तो लाग्दछ मलाई । किनभने गुरुकुल शिक्षापद्धतिलाई कुनै राष्ट्रको ऐन, नियमविनियम र कानुनले चारैतिरबाट बाँधेको देखिदैन । यो वेतनमोजी पद्धति होइन । यो पद्धति स्वतःस्फुर्त पद्धति हो । यो वैदिक परम्परामा आधारित देखिन्छ । हाम्रा प्राचीन शास्त्रहरूमा यसको सामान्य चर्चा भेटिन्छ । गुरुकुल शिक्षा पद्धति रोजगार बनाउने पद्धति पनि होइन, वेरोजगार उत्पादन गर्ने अखडा पनि होइन । एउटा संस्कार विहीन नवजात शिशुमा संस्कार भरिदिने, आचारविचार सिकाउने मानवीय संस्कृति, सभ्यता, धार्मिक, सामाजिक मर्यादा हस्तान्तरण गर्ने र लौकिक र पारलौकिक ज्ञान सम्पन्न व्यक्ति बनाएर ज्ञाननिष्ठ, चरित्रनिष्ठ, धर्मनिष्ठ, मर्यादानिष्ठ, सत्यनिष्ठ सिङ्गो मानव निर्माण गर्ने पद्धति हो - गुरुकुल । त्यसैले हाम्रो शास्त्रमा आएको छ -निस्कारणेन ब्राह्मणेन षडङ्गो वेदोऽध्येयो ज्ञेयश्च । निस्कारण नै पडङ्ग सहित अपौरुषेय वेदको अध्ययन गर्नुपर्दछ । वित्तैषणा, जायैषणा पुत्रैषणा र जागिरको एषणावाट गरिएको अध्ययन विद्याको परिपाकमा, साधनाको परिपाकमा, सिद्धिको परिपाकमा पुग्न सक्तैन ।

आधुनिक शिक्षा रोजगारलाई नै लक्ष्य मानेर अगाडि वढेको हुनाले परिपाकमा नपुगी काच्चै भएर टर्रो भएको छ । शिक्षित भनिने व्यक्तिहरू टर्रा र ठर्रा भएका छन् । शिक्षाले चरित्रको आधान गर्न खोजेको हो, सत्य निष्ठताको आधान गर्न खोजेको हो, धर्मनिष्ठताको आधान गर्न खोजेको हो तर आधुनिक शिक्षा पद्धति यी कुराको आधान गर्न सर्वथा असफल भएको छ- पढेको विद्यार्थी रित्ता घैंटा काखीमा कागतको खोष्टो च्यापेर बजार बजार असिना पसिना गरेर कुदिरहेका छन् ।

प्राचीन समयमा विभिन्न ऋषि मनीषीहरूका आश्रममा गुरुकुल सञ्चालित हुन्थ्यो, त्यहाँ राज्यको लगानी हुदैनथ्यो । त्यहां राज्यले न लगानी गर्थ्यो न त अंकुश नै लगाउँथ्यो, तर राज्यले शान्ति सुरक्षा र न्याय भने दिन्थ्यो । शान्ति, सुरक्षा र न्याय नदिने राजालाई कर उठाउने अधिकार पनि हुदैनथ्यो । पुराण, रामायण र महाभारतका विभिन्न ऋषिका आश्रमहरूमा गुरुकुल रहेको तथ्य फेला पर्दछ । वाल्मीकि ऋषिको, गुरुकुलमा रामका छोरा लव कुशले शिक्षा दीक्षा पाएका थिए भने वशिष्ठ रामका कुलगुरु थिए । श्रीकृष्णले सान्दीपनि गुरुकुलमा पढेका थिए भने पाण्डवहरूले द्रोणाचार्यसंग अध्ययन गरेका थिए । वेद व्यासका चार शिष्यले चारवेदको प्रचार गरेका थिए ।

प्राचीन गुरुकुलमा वेद वेदाङ्ग इतिहास-पुराण, धर्मशास्त्र कला-कौशल आदिको अध्ययन अध्यापन हुन्थ्यो भन्ने कुरा पनि बुझ्न सकिन्छ । गुरुकुलमा पास गर्नुपर्ने बाध्यता थिएन, वरु जान्नुपर्ने बाध्यता थियो। पठन-पाठनका साना साना कुराहरूको उल्लेख नगरिए पनि वेद, श्रुतिपरम्परामा आधारित भएकाले कण्ठस्थ पारिन्थ्यो भन्ने बुझिन्छ । शास्त्रहरूलाई कण्ठस्थ गर्नलाई नै सूत्र पद्धतिको विकास गरिएको देखिन्छ । वेदका मन्त्रहरू छन्दोवद्ध छन्, वेदका अङ्गहरू अर्थात् षट् शास्त्र कित सूत्रबद्ध छन् कित श्लोकबद्ध छन् । श्लोकवद्ध र सूत्रवद्ध शास्त्रहरूलाई कण्ठ गर्न र कण्ठस्थ राखिछोड्न ज्यादै सजिलो हुन्छ । व्याकरण, शिक्षा, ज्योतिष, कल्प छन्द, निरुक्त-अपौरुषेय 'वेद' लाई सवल तुल्याउने अङ्ग हुन् ।

प्राचीन गुरुकुलमा ब्रह्ममुहूर्तदेखि नै विद्यार्थीहरू उठिसकेका हुन्थे "ब्राह्मे मुहूर्ते बुध्येत धर्मार्थावनुचिन्तयेत्" भन्ने कुरालाई मान्यता दिएको बुझिन्छ । आश्रममा उठ्ने बित्तिकै, करदर्शन, भूमिवन्दना, प्रातःस्तुति, शौच, दन्तधावन, स्नान, सन्ध्या र वेदाध्ययन नित्यक्रिया ठानिन्थे । गुरुसेवा, गोसेवा, अतिथि सेवा, अग्निसेवा (यज्ञ) दारुका चयन, कुशचयन र भिक्षाटन पनि गुरुकुलका नियमित क्रियाकलाप हुन् भन्ने देखिन्छ । ७/८ वर्षमा व्रतबन्ध गरे पछि गुरुकुलमा प्रवेश गर्ने पद्धति रहेको बुझिन्छ भने २५ वर्षको उमेर सम्म अध्ययन गर्नुपर्ने कुरा पनि शास्त्रबाट बोध गर्न सकिन्छ ।

प्रथमे येन नाधितं द्वितीये न धनार्जितम्
तृतीये न तपस्तप्तं चतुर्थे किं करिष्यति ।

प्रथम २५ वर्षमा जसले पढ्दैन, दोस्रो पच्चीस अर्थात् २५-५० सम्म गृहस्थ भई जसले धनार्जन गर्दैन, ५१ देखि ७५ वर्ष सम्म जस्ले वानप्रस्थ भई तपस्या गर्दैन त्यसले ७५ वर्षदेखि उता केही गर्न सक्तैन । यसबाट के बुझिन्छ भने प्राचीन शिक्षापद्धतिमा २५ वर्षसम्म गुरुकुलमा रही अध्ययन गर्ने र त्यसपछि मात्र गृहस्थ जीवनमा प्रवेश गर्ने शास्त्रीय मान्यता देखिन्छ । 'द्विज'हरूले व्रतबन्ध गर्ने र वेदाध्ययन गर्ने र त्रैवण्यको अनिवार्य व्यवस्थाले प्राचीन कालमा अनिवार्य शिक्षण को व्यवस्था थियो भन्ने पनि संकेतित हुन्छ ।

आर्यावर्तमा लामोसमयदेखि गुरुकुल सञ्चालनमा रहेको र पणना विश्वविद्यालय, तक्षशीला विश्वविद्यालय र नालन्दा विश्वविद्यालयको समेत सञ्चालन भएको बुझिन्छ । नेपालमा कहिलेदेखि कहाँ-कहाँ गुरुकुल थिए त्यसको स्पष्ट आलेखन गर्न त्यति सजिलो छैन । तर विश्वामित्र आश्रम, वाल्मीकि आश्रम, व्यास गुफा, पाणिनितपोभूमि, रुरुक्षेत्र- आदि क्षेत्रको चर्चाले प्राचीन कालदेखि नै नेपालमा गुरुकुलको अक्षुण्ण परम्परा रहेको बुझिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२००७ सालको क्रान्तिपछि २००९ सालमा र २०११ सालमा पनि अर्को शिक्षा आयोग बन्यो । वेलायती शिक्षाविद् "उड" को नेतृत्वमा बनेको "उड" आयोगले नेपालको मौलिक शिक्षा पद्धतिलाई ध्वस्त गरिदियो । आधुनिक शिक्षा पद्धति वेलायती मोडेलमा, अमेरिकी मोडेलमा-क्रमशः तयार हुँदै गए । उड आयोगले देश भर सञ्चालनमा रहेका २३५ भन्दा बढी गुरुकुलका अवशेषका रूपमा रहेका संस्कृत विद्यालयहरूलाई बन्द गरिदियो । ती संस्कृत विद्यालय त थिए तर गुरुकुलका पूर्ण नमुना भने थिएनन् । आधुनिक शिक्षाले सर्वत्र गाँजेपछि सनातन धर्म, संस्कृति र वैदिक परम्पराको संरक्षण गर्न र पूर्वीय शास्त्रका विद्वान्हरू तयार गर्न तत्कालीन श्री ५ महाराजधिराज महेन्द्र सरकारले विभिन्न विद्वान्हरूका भनाइलाई समेत आत्मसात् गरी वेद विद्याश्रमको परिकल्पना गरिबक्सेको हो । २०२७/२०२८ मा भवन निर्माण भए पनि श्री ५ वीरेन्द्र सरकारको शासन कालमा २०३१ पौष १४ बाट हाल सम्म यो वेद विद्याश्रम अक्षुण्ण रहिरहेको छ र यसले ३० शरद् याम पूरा गरिसकेको छ ।

३. वेद विद्याश्रम र यसको कार्यदिशा

वेदविद्याश्रम पूर्वीय, सभ्यता, दर्शन, विद्या, आदिको धरोहर हुनुका साथै गुरुकुल शिक्षा पद्धतिको एउटा नमुना पनि हो । तर प्राचीन गुरुकुलका नियमहरू यसमा पूर्णतया आत्मसात भएका छैनन् र कतिपय नियम र आश्रम मर्यादा लागु गर्न सम्भव पनि छैन । प्रातः स्तुति, स्नान, सन्ध्या, वेदाध्ययन जस्ता कार्य नियमित भए पनि अग्निसेवा, गोसेवा, देवपूजन जस्ता संभवकृत्य सञ्चालन भए जस्तो लाग्दैन । प्राचीन गुरुकुलमा हुने भिक्षाटन जस्ता कार्य वर्तमान युगमा सजिलो छैन ।

गुरुकुलका मर्यादा, अनुशासन, नियम, पठन-पाठन-विधिलाई प्रयोग गर्दा प्राचीन तर नयाँ प्रयोग पनि हुन सक्छ । प्राचीन पद्धतिको विश्लेषण गरेर नयाँ मार्ग निर्माण गर्न पनि सकिन्छ । गुरकुलका, नीति, नियम, अनुशासन, मर्यादा, नित्यकृत्य, पठन-पाठन लागु गर्दा हामी २१औं शताब्दीको समाजमा उभिन सक्ने, समाजमा आफ्ना कुरा भन्न सक्ने २१औं शताब्दीका चुनौतीसँग लड्न सक्ने जनशक्तिको उत्पादनलाई पनि वेदविद्याश्रमले ध्यान दिन सक्नुपर्छ । पूर्वीय धर्म-संस्कृतिका धुरन्धर विद्वान् हुँदा हुँदै २१औं शताब्दीको विश्वसमाजलाई बुझ्न सक्ने र त्यसलाई शान्ति, सृजना र संयमको सन्देश दिन सक्ने जनशक्तिको उत्पादनलाई पनि वेद विद्याश्रमले ध्यान दिनुपर्छ भन्ने मलाई लाग्छ । कतिपय मानिसहरू वेद विद्याश्रमको उद्देश्य कर्मकाण्ड गर्न सक्ने मानिस तयार पार्नु हो भन्दछन् तर म यसमा सहमत छैन । पूर्वीय ज्ञान र विज्ञानमा निष्णात विद्वान् तयार पार्ने उद्देश्य विद्याश्रमले लिनुपर्छ भन्ने मलाई लाग्दछ । यसले बौद्धिक, साँस्कृतिक, धार्मिक नेतृत्व लिन सक्नु पर्दछ ।

४. पठन-पाठनमा परिस्कार

वेदविद्याश्रमको पठन-पाठन मूलतः पुरानो पद्धतिमा नै आधारित छ । पुरानो पद्धतिको समीक्षा गरेर नै नयाँ मार्ग निर्माण गर्न सकिन्छ । वेद, व्याकरण, कोश, काव्य, तर्कशास्त्र, दर्शनशास्त्र कल्पशास्त्रको अध्ययन अध्यापनलाई समुचित ढङ्गले अगाडि बढाउनु पर्छ । आधुनिक गणितको पाठ्यभारलाई आधा गरेर ५० अङ्क पूर्वीय गणित, वैदिक गणित वा फलित ज्योतिषलाई दिनु उचित हुन सक्छ । अंग्रेजी भाषाको ज्ञान आवश्यक छ भने कम्प्युटरको ज्ञान पनि आवश्यक छ । यी दुई विषयलाई समावेश गर्न त्यति ठूलो खर्च पनि लाग्दैन । जस्तो बौद्ध गुम्वाहरूमा अध्ययन गर्ने बौद्ध भिक्षुहरूलाई बुद्ध धर्म दर्शनका साथै अंग्रेजी, कम्प्युटर, ड्राइभिङ्ग र अन्य प्राविधिक ज्ञान समेत दिएको पाइन्छ । उनीहरूलाई भाषा र प्राविधिक कारणले संसारभर कहीं जाँदा पनि अप्ठेरो नपरोस् भन्ने उद्देश्य त्यहाँ राखेको पाइन्छ । विज्ञान र प्रविधिको विकास विस्तारले गर्दा आज नेपालीहरू संसार भर फैलिएका छन्, हिन्दू समाज संसारभर फैलिएको छ । संसारका ठूल ठूला विश्व विद्यालयमा संस्कृतको पठन-पाठन हुन्छ । अतः ती ती क्षेत्रमा समेत आवश्यक परेमा काम गर्न सक्ने जन शक्तिको उत्पादनलाई वेद विद्याश्रमले जोडदिन पर्छ । मौखिक र लिखित परीक्षा प्रणालीलाई सन्तुलित रूपमा प्रयोग गर्नु उपयुक्त हुन सक्छ । अर्को कुरा ११ र १२ कक्षा पनि सञ्चालन गर्नु उपयुक्त हुन्छ ।

५. वेद विद्याश्रमको विस्तार

पशुपति क्षेत्र विकास कोषले आयश्रोत बढाई पाँच विकास क्षेत्रमा वेद विद्याश्रमलाई विस्तार गर्न सक्छ । पशुपति, गुह्येश्वरीको आयलाई पारदर्शी बनाई कोपको छुट्टै खातामा सञ्चालन गर्न सके स्वास्थ्य र शिक्षाको क्षेत्रमा ठूलठूला ट्रष्ट खडा गरी काम गर्न सकिन्छ । हाल पनि देशका विभिन्न भागमा २५ भन्दा बढी निजीस्तर, समाजले सञ्चालन गरेको सन्तमहन्तहरूको सक्रियतामा सञ्चालित वेद विद्याश्रमहरू छन् र तिनीहरू मुस्किलले चलिरहेका छन्, तिनलाईि आर्थिक अनुदान दिएर सवल बनाउन कोषको पहल फलदायी हुन्छ । पशुपति क्षेत्रमा हिन्दू विश्वविद्यालय र लुम्बिनी क्षेत्रमा बौद्ध विश्वविद्यालयको स्थापना गर्न बनेको विधेयक शिक्षा मन्त्रालय, संस्कृति मन्त्रालय तिर थन्किरहेको छ । यसलाई अगाडि बढाउन पनि राम्रै कदम हुन्छ । अर्को कुरा पशुपति क्षेत्र विकास कोषले पाशुपत संग्रहालय, पाशुपत् व्यपार विपणी, पाशुपत तडाग, पाशुपन धर्मशाला, पाशुपत चिकित्सालयहरूको सुव्यवस्था द्वारा "सेवा र सञ्चय" गरी आय आर्जनलाई समेत अगाडि बढाउन सकिन्छ । त्यसबाट वेद विद्याश्रमको विस्तार संभव हुन्छ । वेद विद्याश्रम स्वयंले पनि आय आर्जन हुने कार्यक्रम ल्याउन सक्छ । सामूहिक व्रतबन्ध, दाताका इच्छानुसार रुद्रि चण्डीको पाठ, यज्ञ यज्ञादि तिथिपर्वको सञ्चालन, ब्राह्मणभोजन आदि कार्यक्रम सञ्चालन गर्न सकिन्छ ।

६. अन्त्यमा

वेद विद्याश्रम पूर्वीय वाङ्मय अध्ययनको केन्द्र हो र हुनुपर्छ, यसले पौरस्त्य गुरुकुल शिक्षा पद्धतिलाई आत्मसात् गरे पनि त्यसका सबै अङ्ग प्रत्यङ्गलाई कार्यान्वयन गर्न अझै परिश्रम गर्नुपर्ने देखिन्छ । पौरत्स्य विद्याको अध्ययनका साथै वर्तमान संसारमा बाँच्न सक्ने र आफूले अध्ययन र अनुभव गरेका कुरा समाजमा भन्न सक्ने जन शक्तिको उत्पादनलाई संस्थाले जोड दिनुपर्दछ । पास गर्ने र जागिर खाने मात्र मनोवृत्ति छात्रहरूमा रहन गएमा त्यो फलदायी हुन सक्तैन । विद्यामा योग्य बनेपछि काम स्वतः आइलाग्छन् । योग्यमात्र बन्नुपर्छ । हाल योग्य बन्नेतिर नलाग्ने जागिरको चिन्तामात्र लिने प्रवृत्ति बढेको पाइन्छ । यो राम्रो कुरा होइन । विषयगत दक्षता भएमा नेपाल बाहिर पनि राम्रा काम पाउन सकिन्छ । अतः वेद विद्याश्रमले पौरस्त्य संस्कारलाई आत्मसात् गरेको योग्य विद्वान् तयार पार्ने दिशामा आफूलाई समर्पित गर्नुपर्दछ । व्यक्ति, परिवार, समाज र राष्ट्रको हित, गौरव र इज्जत व्यक्तिको बौद्धिक योग्यता र इमान्दार जीवन पद्धतिमा नै निर्भर रहेको हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सामवेदको सुरक्षाको उपाय छलाक्षरप्रक्रिया

-उपप्रा. श्रीराम अधिकारी

मानवसमाजलाई नियमित, व्यवस्थित र संस्कारित बनाउने परमलक्ष्य लिएर सृष्टिको उषासँगै परमपिता ब्रह्माद्वारा उपदिष्ट वैदिक वाङ्मय आज पनि त्यत्तिकै उपयोगी र सान्दर्भिक छदैछ। जुन कुरा ऋषिमहर्षिहरूको भूत,वर्तमान र भविष्यत् सम्बन्धी सम्पूर्ण घटना र वस्तुतत्त्वहरू वेदबाट नै प्रसिद्ध भएका छन्, हुन्छन् र हुने छन् 'भूतं भव्यं भविष्यच्च सर्वं वेदात् प्रसिध्यति' भन्ने आशयबाट अझ छर्लङ्ग हुन जान्छ। शुरुमा समग्रतामा (एउटै स्वरूपमा) रहेको वैदिक राशिलाई मानवमात्रले सहजै र सुलभ रूपमा अध्ययन अध्यापन गर्न सकून् भन्ने उद्देश्यले कृष्णद्वैपायन वेदव्यासद्वारा चारभागमा विभाजित वेद मध्ये सामवेदको अध्ययन अध्यापन महर्षि जैमिनिबाट शुरु भई समन्तु, सुन्वान्, सुकर्मा जस्ता नैष्ठिक व्यक्तित्वको लगनशीलताबाट पढेको र पढाएको (प्रवचनकर्ता) आधारमा १००० शाखा प्रशाखामा विभक्त भएको कुरा महाभाष्यकार महर्षि पतञ्जलिले आफ्नो भाष्यमा उल्लेख गरेका छन्।

ब्रह्माको मुखबाट उपदेश गरिएको वेदराशिलाई ऋषिहरूले तपोबलबाट जस्ताको तस्तै आत्मसात् गरेका हुन्। त्यस्तो वैदिक राशिको पूर्ण अध्ययन भनेको गुरुमुखपूर्वक मन्त्रग्रहण र त्यसको अर्थज्ञान रहेकाले अर्थ प्रकाशन गर्न षडङ्ग तथा परिशिष्टग्रन्थहरूको रचना सम्प्रदायप्राप्त महर्षिहरूले गरेका हुन्। वैदिक राशिको उच्चारणगत एकरूपता आज सम्म रहि आएको तथ्य हामीबाट छिपेको छैन। त्यसका लागि ऋग्वेद, यजुर्वेद, सामवेद र अथर्ववेदका यथातथ्य सुरक्षार्थ विविध प्रयास र तौरतरिकाहरूको परिकल्पना परिशिष्टग्रन्थहरूको माध्यमले ऋषिहरूले गरेका छन्। ऋग्वेदादिमा संहिताभागको सुरक्षार्थ जटामालादि अष्ट विकृतिहरूको परिकल्पना भएको छ भने सामवेदमा त्यस्ता विकृतिपाठ नभई छलाक्षरप्रक्रिया अपनाइएको छ।

सामवेदको संहिताभाग, पदपाठ र विकृतिपाठमा रहेका दीर्घहरू, पदहरू, मात्राहरू, आद्युदात्तहरू, अवग्रहस्थलहरू, धारीहरू र उद्धहरू जस्ता अक्षरगत र स्वरगत विशेषताहरूलाई वर्षौं सम्म सुरक्षित र एकरूपता दिइराख्न अपनाइएका विविध उपायहरू मध्ये एक हो छलाक्षरप्रक्रिया। सामवेदीय आर्चिक (ऋक्पाठ) र सामगानसंहितामा मन्त्रहरूसँगै एक एक वटा बौ, टौ, भिं, जे जस्ता छलाक्षर राखिएका छन्। छलाक्षरहरू अक्षरप्रदर्शन गरी मन्त्रमा रहेका स्वरहरूको सूचक हुन्। ती अक्षरहरू मध्ये सामगानका छलाक्षरहरू के कति कसरी रहेका छन् भन्ने कुरा छलप्रक्रिया भन्ने परिशिष्ट ग्रन्थमा उल्लेख छ। २२ श्लोकमा आबद्ध यो ग्रन्थ आज दुर्लभ भइसकेको छ। त्यस्तै आर्चिक (ऋक्पाठ) सम्बद्ध छलाक्षरहरूको विवरण छलाक्षरकारिकामा पाइन्छ। जस अनुसार सामवेदका मन्त्रहरूमा रहेका दीर्घ मात्रा, पद, आद्युदात्त, अवग्रह, धारी, उद्ध, जस्ता विशेषताहरू कुन मन्त्रमा कतिको संख्यामा रहेका छन् भन्ने तथ्य एउटा छलाक्षरबाट स्पष्ट हुने हुँदा सामवेदसंहिताको प्रकाशनबाट हुने त्रुटि तथा उच्चारणका क्रममा कालान्तरमा हुन जाने त्रुटिलाई सहजै खुट्याउन सकिने हुन्छ। यसरी हेर्दा प्राचीनकालमा श्रुतिपरम्पराबाट सुरक्षित राखिएको र ग्रन्थाकार दिई पुस्तकको माध्यमले अध्ययन अध्यापन गरिने आजको युगमा पनि सामवेदीय मन्त्रहरूलाई सुरक्षित राख्न अत्यन्त उपकारक छलाक्षरप्रक्रिया अत्यन्त उपयोगी रहेको कुरा छलाक्षरको सूक्ष्मविश्लेषणबाट स्पष्ट हुन जान्छ।

१. आर्चिक (ऋक्पाठ) छलाक्षरको ज्ञान

आर्चिक (ऋक्पाठ) मा प्रयोग भएका छलाक्षरहरूबाट आर्चिकमन्त्रमा भएका स्वरितस्वर, उदात्तस्वर, र धारीस्वरहरूको ज्ञान हुन जान्छ। सामवेदीय आर्चिकमन्त्रमा सामान्यतया १,२ र ३ संख्याबाट क्रमशः उदात्त, स्वरित र अनुदात्तस्वरको ज्ञान हुन्छ तर विशेष ठाउँमा २ ले उदात्त स्वरको पनि ज्ञान हुन्छ। त्यस्तै स्वरित पनि २ र २० को अङ्कले जानिन्छ। छलाक्षर प्रयोजनका लागि अनुदात्त देखि पर रहेका बीचमा अनेक उदात्तहरू र त्यस पछि स्वरित रहेको मन्त्रको स्वरूपमा अवस्थित २० चिह्न अङ्कित

३ १ २०

स्वरितको ग्रहण गरिन्छ। जस्तै एनाविश्वान्यर्य (सा. वे. सं. ५९३)। यहा 'श्वा' मा रहेको स्वरित नै लिइन्छ। जसलाई निम्न श्लोकले निर्देश गरिएको छ।

अनुदात्तात्परोऽनेक उदात्तः स्वरितोत्तरः।
संजगुः स्वारसंजंत सैव वामेन निर्दिशेत्॥

एनाविश्वानिसंग्राह्यमुदाहरणमुत्तमम्। छलाक्षरकारिका अनुदात्तहरू बीचमा पढिएको २ ले अङ्कित जुन उदात्त छ, त्यस उदात्तको ग्रहण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३ २ ३२ ३

गरिन्छ। जसलाई उत्कलाकोश पनि भनिन्छ। जस्तै यज्ञानाहोता (सा.वे.सं.२) यसमा 'ज्ञा' र 'हो' मा रहेको २ चिह्न अङ्कित अक्षर उदात्त हुन्। सामवेदीय मन्त्रहरूका अक्षरहरू माथि १,२,३ र १,२,३,४,५,६ जस्ता अङ्कहरू राखिएका हुन्छन्। ती अङ्कहरू हरेक अक्षरको माथि नभई बीचबीचमा केही अक्षरहरूसाग हादैनन्। पूर्व अक्षरका अङ्क नै ती अक्षरका स्वर हुन्छन् र जुन जुन अक्षरहरू माथि स्वरचिह्न बोधक अक्षर छैनन्, ती अक्षरलाई धारी स्वर भएको

३ १२ ३१२ ३१ २ ३ १२

अक्षरका रूपमा गणना गरिन्छ। जस्तैः– यज्ञायज्ञा वो अग्नये गिरा गिरा च दक्षसे (सा. वे. सं. ३५) यसमा ज्ञा, वो, रा यी अक्षरहरू माथि कुनै अङ्क छैन। त्यसैले यिनीहरू धारी स्वर हुन्। यसरी प्रत्येक दशति (प्रायः १० वटा मन्त्रहरूको विभाजन) मा निर्देशित स्वरित, उदात्त र धारीस्वरलाई गणना गरी छलाक्षर पढिएका हुन्छन्। ती छलाक्षरहरू कसरी निर्मित छन् भन्ने खुलासा गर्नु आवश्यक छ। हेरौं छलाक्षरले साममन्त्रहरूको कसरी सुरक्षा गरेका हुन्छन्।

निर्दिष्ट अंशमा जति स्वरित छन्, तिनीहरूको संख्यालाई ५ ले भाग गरी जति शेष आउाछ त्यसका आधारमा १ भए कवर्ग, २ छ भने चवर्ग, ३ बाट टवर्ग, ४ ले तवर्ग र ५ शेषले पवर्ग छट्टिन्छ। त्यसरी नै उदात्तको संख्यालाई पाचले भाग गरी निस्किएको शेषबाट स्वरितको भागद्वारा निर्धारित वर्गाक्षरमा १, २, ३, ४ र ५ अनुसार क्रमशः वर्गका प्रथम, द्वितीय, तृतीय, चतुर्थ, पञ्चम अक्षरहरू निर्धारण गरिएको हून्छ। यस पछि धारीस्वर भएका अक्षरहरूको संख्यालाई दशले भाग गर्ने र शेषबाट (१,२,३,४,५,६,७,८,९,र०) अ,आ,इ,ई, उ,ऊ,ए,ऐ,ओ र औ लिई निसृत वर्गाक्षरसाग मिलाएर सिङ्गो छलाक्षर बनेको हुन्छ। उदाहरणका निमित्त मुद्रित पुस्तकहरूमा नमस्ते अग्न ओजसे भन्ने दोस्रो दशतिमा (इति द्वितीया दशतिः ॥ २ ॥ स्व. ६, उ. २, धा.५२, खा) दिइएको संख्यालाई ६÷ ५ = १ शेष जसबाट कवर्ग, २÷ ५ = २ शेष यसबाट कवर्गको दोस्रो अक्षर ख र ५२÷ १० =२ शेषले आ स्वरवर्ण जोडी खा छलाक्षर वनेको हुन्छ। त्यसरी नै कुनै ठाउामा उदात्त स्वर नै नभएमा स्वरितबाट आएको शेष १,२,३,४,० अनुसार क्रमशः ह, य, र, ल, व, वर्णहरू लिने र धारीद्वारा अ, आ आदिको निर्धारण गरी छलाक्षर बनको कुरा बुझिन्छ।

२. पदपाठमा छलाक्षरको ज्ञान

पूर्वार्चिक (ऋक्पाठ) पदपाठमा स्वरितको ठाउामा आद्युदात्त लिइन्छ भने उदात्तका स्थानमा अवग्रह। त्यस्तै धारीका ठाउामा पद राखेर गणना गरिएको हुन्छ। आद्युदात्त भन्नाले पदका अक्षर माथि २० चिह्नित स्वर हो। अवग्रहलाई वेष्टन पद भनिन्छ। जस्तै हव्य–दातय इति हव्य दातये। यहाा योजक चिह्नले दुईपदलाई छुट्याइएको स्थिति नै वेष्टन या अवग्रह हो। आद्युदात्त र अवग्रहको संख्यालाई ५ ले भाग गरी वर्ग र वर्गको एक अक्षर छुट्याउने साथै पदलाई दशले भाग गरी शेष अनुसार स्वरवर्ण निश्चित गरी वेदानुशीलक ऋषिमहर्षिहरूले तय गरेको छलाक्षरलाई जान्न सकिन्छ। जसबाट परब्रह्म परमात्माको श्वासप्रश्वास सामवेदको सुरक्षा अनन्तकाल सम्म हुन जाने कुरा निश्चित छ।

उत्तरार्चिक पदपाठमा धारी, उदात्त र स्वरित अक्षरहरूको गणनाबाट छलाक्षरहरूको तय गरिएको पाइन्छ। भाग गर्ने नियम भने धारी र उदात्तलाई ५ ले तथा स्वरितलाई पूर्ववत् दशले रहेको छ।

३. सामगान सम्बन्धी छलाक्षरको ज्ञान

सामगानमा भएका सवै दीर्घाक्षरहरूलाई गनेर जति संख्या हुन्छ, त्यसलाई ५ले भाग गर्दा आएको शेषबाट वर्ग र गानमा भएका पद(पर्वहरू) को संख्यालाई पनि पााचको संख्याले भाग गरी हुने शेषले वर्गको एक अक्षर निस्कने हुन्छ। सामगानमा भएका मात्राको संख्यालाई १० ले भाग गरेर शेष १,२,३,४,५,६,७,८,९ र ० शेषबाट अ, आ, इ, ई, उ, ऊ, ए, ऐ, ओ र औ स्वरवर्ण जोडी छलाक्षरहरू बनेका हुन्छन्। यसरी बनेका क,का,चै झो जस्ता छलाक्षरहरूले सामगानमा रहेका दीर्घ, पर्व, मात्रालाई किटान गर्छन्। दीर्घ भन्नाले द्विमात्रिक अक्षर, जसमा '०' अथवा 'र' चिह्न क्रुष्टादि स्वरसाग जोडिएको हुन्छ। मात्रा शब्दले अरु वेदमा जस्तो प्रसिद्ध मात्रा नबुझिई गानमा पठित अनुस्वार, विसर्ग, व्यञ्जन र स्वर वर्ण मात्र बुझिन्छ। यस्ता अक्षरहरूको गणनाले मात्राको संख्या बुझिन्छ। जुन कुरा निम्न श्लोकबाट बुझिन्छ –

वर्गाक्षरं पदैर्विद्यात् मात्रां विद्याद् विवृत्तिभिः।
अनुस्वारो विसर्गश्च व्यञ्जनं स्वरवर्जितम्।
स्वराश्च सर्वे कथिता विवृत्तय इति ध्रुवम् ॥ सामसारसर्वस्वग्रन्थ, पृ.१५४।

आर्चिक र पदपाठमा विधान न गरिएको विशेष विधि सामगानमा पाइएको छ। प्रस्ताव, उद्गीथ, प्रतिहार, उपद्रव र निधन गरी

मोक्षप्राप्तिको लागि तिमी आफ्नो उन्नति गर्दै स्वर्गमा उत्तम यश प्राप्त गर।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पाच भक्तिमा (भागमा) विभक्त सामगानमा पठित अन्तिम भक्ति निधनका आधारमा छलाक्षर बनाइएको तथ्य यहाा छ । निधनमा उ भएको सामगानको छलाक्षरमा रेफ अगाडि जोडिन्छ, जस्तै– र्क । इ निधन रहेकोमा रेफ पछाडि जोडिन्छ जस्तै– क्र । निधनमा वृद्ध उपा भए

२ ५

छलाक्षरमा लकार जोडिन्छ जस्तै-क्ल ऊ॒ऽ३२३४पा (सा.गा. २७८ द्ली छलाक्षर) । मध्य उपा पठित छ भने वकार र दण्ड उपा निधन रहेमा यकार लागेको हुन्छ जस्तै-

३ ५ २ ५

क्व र क्य । क्रमशः उदाहरण उऽ२३४पा (सा. गा. २४३ भ्व्वौ) र उ३४पा (सा. गा. ५७५, म्यै)

४ २०० १ – १० २० २ १ – १ –

ओग्नाइ । आयाहीऽ३ वोइतोयाऽ२ इ । गृणानोह । व्यदातोयाऽ २इ । तोयाऽ२इ ।

१ २० १ १ ३ ५ ०० ३ ५

नाइहोतासाऽ२३ । त्साऽ२बाऽ२३२४औहोवा ॥ हीऽ२३४षी ॥

दीर्घ ७, प. ९, मात्रा ९, भ्रो ॥

यो ग्रामेगेयगानको प्रथम सामगान ओग्नाइमा ७ ÷ ५ = २ शेषबाट चवर्ग, ९ ÷ ५ = ४ शेषले चवर्गको झ वर्ण र ९ ÷ १० = ९ शेषद्वारा ओ स्वर भई झो छलाक्षर निर्धारित भएको हो । पदको अभावमा ह, य, र, ल, व राखेर छलाक्षर बनाइएको हुन्छ ।

४. ऊह-ऊह्यगान (विकृतिपाठ) मा छलाक्षरको ज्ञान

ऊह र ऊहृय गानमा पनि प्रकृतिगानमा जस्तै छलाक्षरको गणना गर्नु पर्दछ, जसमा दीर्घका आधारमा वर्गको ज्ञान, पदका स्थानमा यहाा यद्धको व्यवस्था भएको छ ,जसबाट वर्गको एक अक्षरको ज्ञान हुन्छ भने मात्राबाट स्वरवर्णको निर्धारण गरी छलाक्षर निर्मित हुन्छन् । यसमा पठित गानमा(स्तोत्र) उद्धको अभाव भए आर्चिकमा जस्तै ह, , र ,ल, व लिई छलाक्षर निर्माण गरिएको पाइन्छ । सामवेदको सत्सम्प्रदाय पनि यही रहेको हाता लागदछ ।

यसरी सामवेदीय ऋक्पाठ, गान र स्तोत्रहरूमा रहेका दीर्घ, पद , मात्रा, स्वरित, उदात्त,आद्युदात्त, अनुग्रह, धारी, उद्ध जस्ता स्वर र अक्षरहरूको यथार्थ ज्ञान गराउादै अनन्त काल सम्म शुद्ध राखिरहन छलाक्षरहरूको संरचनाबाट ठूलो योगदान भएको ठानी पूर्वज महर्षिहरू प्रति नतमस्तक हुादै यस किसिमको ज्ञान सुरक्षित राख्न लागीपर्नु सनातनी हामीहरूका लागि परम कर्तव्य रहेको छ ।

ने.वे.वि. एक युवा तरू

–उपप्रा. आनन्द 'पोकलीय'

लिएर धर्म भावना बुझेर वेदको पन
छचल्किएर पोखियो महेन्द्रवीरको मन ॥
लिई सुझाव योगिको समीप देवदर्शन
अठोट भो नरेशको वन्यो त्रयी निकेतन ॥

गुठी र जूननाथ नै डटी झिकाइ सद्गुरु
जुटेर श्याम मीन औ हरि गुरु खुरुखुरु ॥
पढाइ भो, चढाइ भो श्री भीम पद्म भै वरु ॥
रहेछ आहिताग्निको महत्त्व श्यामको अरु ॥

कलेवरै नि फेरियो समाज धार फेरिंदा
रघु र माधवै ऋषि तुलसी गोपाल आउँदा ॥
धरा ठूलो ? कि सान ? इक्षु ? शर्करा बनाउँदा
अनेक नेक नाम छन् अडिन्छ प्राकृतै सदा ॥

नयाँ मुना संमालने युवा तरु छ केशव !
त्रयी-सुमार्गमा हिंडुन् अडीग राष्ट्रमा सव ॥
२०६०।०७।०७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भाषाको वैज्ञानिक अध्ययनमा पाणिनीय व्याकरणको योगदान

✍ प्रेमप्रसाद चौलागाई

मानवीय विचार विनिमयको साधन भाषा हो। यो परिवर्तनशील र व्यवस्थित हुन्छ। परिवर्तनशील भएर पनि निश्चित व्यवस्था र नियमको सीमामा आवद्ध हुनु यसको निजी वैशिष्ट्य हो भन्न सकिन्छ। भाषालाई नियमित र व्यवस्थित बनाउनको लागि संसारका प्रत्येक भाषामा नियम र उपनियमहरूको व्यवस्था भएको पाइन्छ। यस्ता नियमहरूमध्ये कतिपय संसारका सबै भाषामा पाइने साझा नियम हुन्छन् भने केही भाषाविशेषमा मात्र पाइने हुन्छन्। संसारका सबै भाषामा पाइने नियमलाई सार्वभौम र भाषाविशेषमा मात्र लागू हुने नियमलाई भाषाविशिष्ट नियम भनिन्छ। यी नियमहरूको समष्टि नै भाषिक व्यवस्था हो। भाषाभित्र रहेका यी सार्वभौम वा भाषाविशिष्ट नियमहरूको विश्लेषण तथा व्याख्या गरी भाषिक वस्तुस्थितिको याथार्थिक अध्ययन गर्ने विधालाई परम्परित रूपमा व्याकरण भनिन्थ्यो भने पछि यसको ठाउँमा भाषाशास्त्रको प्रयोग हुँदै २०औं शताब्दीमा पाश्चात्य भाषाविद्हरूले भाषाविज्ञानको प्रयोग गरेका छन्। परम्परित रूपमा चलेको व्याकरण शब्दको प्रयोग पनि कायमै छ।

भाषाको प्रारम्भ मानवीय सभ्यताको उषाकालदेखि नै भएपनि भाषिक नियम उपनियमहरूको चर्चा भने निकै पछि मात्र भएको देखिन्छ। पूर्वमा लगभग ई.पू.१०औंतिरका वैदिक ग्रन्थबाट नै भाषिक चर्चा हुन थालेको देखिन्छ भने पश्चिममा ई.पू.५औं का प्लेटो बाट भएको हो। यसरी दुई विपरीत प्रादेशिक वृत्तबाट सुरु भएको भाषिक चिन्तन परम्पराले १८औं शताब्दीमा कलकत्तामा रोयल एसियाटिक सोसाइटीको (सन् १७८६) स्थापना गर्दा पश्चिमी विद्वान् सरविलियम जोन्सबाट प्रस्तुत गरिएको संस्कृत ग्रीक र ल्याटिन भाषाको तुलनात्मक अध्ययन सम्वन्धी प्रवचनबाट[१] नयाँ गति लिए। फलस्वरूप तुलनात्मक भाषाशास्त्रको प्रारम्भ भयो। तुलनात्मक भाषा शास्त्रले ध्वनि, वर्ण, रूप आदि भाषिक एकाइको तुलनात्मक अध्ययन गरी संसारका भाषाको पारिवारिक वर्गीकरण गऱ्यो। यसपछि २०औं शताब्दीका स्वीस विद्वान फर्डिनान्ड डी ससुर (Ferdinand de saussure) का प्रवचनहरूलाई सङ्कलन गरी ई.१९१५ मा 'भाषाविज्ञानको पाठ्यपुस्तक' (Course de linguistic general) नामक पुस्तक प्रकाशित गरेपछि आधुनिक भाषाविज्ञानको प्रारम्भ भएको कुरा भाषाशास्त्रीहरू बताउँछन्[२]। यसपछि भाषाको वैज्ञानिक अध्ययन गर्न विभिन्न सम्प्रदायहरू देखापरेका छन्। जसमा युरोपेली संरचनावाद, अमेरिकाली संरचनावाद, रूपार्थपरक व्याकरण, व्यवस्थापरक व्याकरण, स्तरपरक व्याकरण, रूपान्तरण प्रजनक व्याकरण, कारक व्याकरण आदि प्रमुख छन्। यी भाषिक अध्ययनका विविध सम्प्रदायहरूले भाषा परिवर्तनशील भएकाले कथ्य भाषामा जोड दिदैं भाषाको वर्णनात्मक अध्ययन गरी भाषाविशिष्ट नियमका साथै सार्वभौम भाषिक नियमको खोजी भाषाविज्ञानले गर्नुपर्दछ- भन्ने जुन मान्यता राखेका छन् त्यसलाई व्यावहारिक धरातलमा उतार्ने कार्य ई.पू.५औं तिर लेखिएको पाणिनिको अष्टाध्यायीले गरिसकेको छ। यस तथ्यको अमेरिकाली भाषाविद् ब्लुमफिल्डले आफ्नो 'भाषा' (Language) नामक पुस्तकमा "पाणिनिको अष्टाध्यायी मानव बुद्धिमत्ताको महत्तम स्मारक हो .... आजसम्म अष्टाध्यायीले संस्कृत भाषाको जति समग्र विश्लेषण गर्न सक्यो अन्य भाषाका व्याकरणहरूले गर्न सकेका छैनन्[३] भन्नुले पुष्टि हुन्छ। यसैगरी अमेरिकाली भाषावैज्ञानिक नोम चम्स्कीले (Noam chomsky) आफ्नो रूपान्तरण प्रजनक व्याकरणको प्रवर्तनमा पाणिनिको अष्टाध्यायीका सूत्रहरले उत्प्रेरकको भूमिका निर्वहन गरेको उल्लेख गरेका छन्।

यसरी एकातिर पाणिनीय व्याकरणलाई आधारमानी आधुनिकतम भाषिक अध्ययनका सिद्धान्तहरू प्रतिपादन गरेको तथ्य भाषावैज्ञानिकहरू उल्लेख गर्दछन् भने अर्कोतिर यसलाई परम्परित व्याकरणको परिधिमा सीमित गरी यसले कथ्य भाषालाई केवल नियमको सञ्जालमा आवद्ध गरेको कुरा यदाकदा सुन्नमा आउने गरेको पाइन्छ।

वस्तुतः कुनै पनि कार्यको शक्ति र सीमा निर्धारण गर्दा त्यस कार्यको वस्तुगत विश्लेषण गर्नुपर्ने हुन्छ पाणिनीय व्याकरणको वस्तुगत विश्लेषण गरेको खण्डमा साँच्चिनै यसले २०औं शताव्दीपछि आधुनिक भाषाविज्ञानले अवलम्वन गरेका कथ्य भाषालाई जोड दिनुपर्ने, भाषाको वर्णनात्मक अध्ययन र सार्वभौम नियमको खोजी गरिनुपर्ने जस्ता भाषिक अध्ययनको सार्वभौम मान्यतालाई आत्मसात् गरी भाषिक नियम उपनियमहरूलाई प्रजनक सूत्रहरूका माध्यमबाट व्यवस्थित गर्दै भाषिक सार्वभौम नियमको निर्माणमा पर्याप्त योगदान दिएको तथ्यलाई नकार्न सकिदैन।

यस लेखमा पाणिनीय व्याकरणको वस्तुगत विश्लेषण गरी यसले भाषाको वैज्ञानिक अध्ययनका लागि के कस्तो योगदान प्रदान गरेको छ भन्ने कुरालाई नियाल्ने प्रयास गरिएको छ। पाणिनीय व्याकरण भन्ने वित्तिकै पाणिनि स्वयंले बनाएका ग्रन्थ र पाणिनिका ग्रन्थलाई आधार बनाई व्याख्या विश्लेषण गरिएका अन्य व्याकरणिक कृतिहरूको उपस्थिति हुन्छ। पाणिनिले बनाएको प्रमुख ग्रन्थ हो-अष्टाध्यायी। यसका अतिरिक्त उनका अन्य कृतिहरूमा धातुपाठ, गणपाठ, उणादिसूत्र, फिट् सूत्र आदि पर्दछन्। ई.पू.५औं शताव्दी तिर शालातुर वा अहिलेको लाहोरमा जन्मेका पाणिनिको मुख्य ग्रन्थ चाहिं अष्टाध्यायी नै हो। करिब ४००० (चारहजार) जति प्रजनक सूत्रहरू रहेको यस ग्रन्थलाई ८(आठ) अध्याय र ३२ (वत्तीस) पाउको संरचनामा आवद्ध गरिएको छ। आठ अध्यायमध्ये पहिलो अध्यायमा संज्ञा, परिभाषा, धातु, प्रातिपदिक, निपात र समासको चर्चा, दोस्रो अध्यायमा समाससम्बन्धी विस्तृत विवरण र कारकको व्याख्या तेस्रो अध्यायमा कृदन्त प्रकरण (धातुमा लाग्ने प्रत्ययहरूको संयोजन प्रक्रिया) चौथो र पाचौंमा तद्धित

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रत्यय (प्रातिपदिकमा संयोजित हुने प्रत्ययहरू), छैठौं र सातौंमा अव्युत्पन्न प्रातिपदिकको विवेचना र अन्तिम आठौं अध्यायमा सन्धि प्रक्रिया समावेश गरिएको छ।

पाणिनिभन्दा पहिले अन्य विभिन्न व्याकरणहरू रहेको कुरा स्वयं पाणिनिकै सूत्रहरूबाट थाहा पाइन्छ। पाणिनिले भारद्वाज, शाकटायन, शाकल्य, चाक्रवर्मण, गालव, गार्ग्य, आपिशलि, काश्यप, स्फोटायन र सेनक गरी १० वैयाकरणको नाम उल्लेख गरेका छन्। व्याकरणको क्षेत्रमा पाणिनिको आगमन भइसकेपछि पहिलेका अन्य वैयाकरणहरूले लेखेका व्याकरण ग्रन्थको स्थिति क्रमशः लोप हुँदै गएको पाइन्छ। यद्यपि पाणिनिले ती ग्रन्थकारहरूबाटै प्रेरणा प्राप्त गरेका हुन्। पाणिनीय व्याकरणको व्याख्या एवं विश्लेषणका लागि सहयोगी ग्रन्थका रूपमा ई.पू.२औं शताब्दीतिरका कात्यायनले वार्तिक ग्रन्थ र पतञ्जलिले महाभाष्य लेखेका छन्। खासगरेर पाणिनिका सूत्रहरू पूर्णतः बीजगणितीय शैलीमा आबद्ध भएकाले सबैका लागि सुबोध्य हुनसकेनन् र फलस्वरूप पाणिनिकै अष्टाध्यायीको व्याख्या एवं विश्लेषणका रूपमा प्रक्रियाग्रन्थको निर्माण हुनथालेको देखिन्छ। प्रक्रिया ग्रन्थ निर्माणमा बौद्ध भिक्षु धर्मकीर्ति, विमलसरस्वती, भट्टोजिदीक्षित, वरदराजाचार्यको योगदान विशेष उल्लेख्य रहेको छ। यिनमा पाणिनीय व्याकरण ग्रन्थको अध्ययन अध्यापनको लागि अहिलेका विद्यालय तथा महाविद्यालयहरूमा भट्टोजिदीक्षितको सिद्धान्त कौमुदी र वरदराजको मध्यसिद्धान्त कौमुदी तथा लघुसिद्धान्तकौमुदी पाठ्यपुस्तकको रूपमा समावेश गरिएका छन्। यसैले अहिले पाणिनीय व्याकरण भन्नाले सामान्यतः सिद्धान्त कौमुदी, मध्यसिद्धान्त कौमुदी र लघुसिद्धान्त कौमुदीको नाम लिने गरेको देखिन्छ। यी पनि पाणिनिको अष्टाध्यायीका सूत्रका आधारमा व्याख्या गरिएकाले पाणिनीय व्याकरणभित्रै पर्दछन्। यस लेखमा पनि पाणिनीय व्याकरण भन्नाले पाणिनिको अष्टाध्यायी तथा यसकै आधारमा निर्माण गरिएका सिद्धान्तकौमुदी, मध्य सिद्धान्त कौमुदी आदि प्रक्रियाग्रन्थलाई पनि समावेश गरी तिनीहरूकै आधारमा विश्लेषण गर्ने कार्य गरिएको छ।

पाणिनीय व्याकरणमा विश्लेषणको लागि तत्कालीन जनबोलीलाई आधार बनाएर भाषाको वर्णनात्मक अध्ययन गरी भाषिक नियमहरूको खोजी गरेर तिनीहरूलाई व्यवस्थित रूपमा राख्नको लागि सूत्रबद्ध गर्ने काम गरिएको भाषिक नियमहरूको खोजी गरेर तिनीहरूलाई व्यवस्थित रूपमा राख्नको लागि सूत्रबद्ध गर्ने काम गरिएको छ। यी सूत्रहरूलाई पनि क्रमिक र व्यवस्थित पार्नका लागि संज्ञासूत्र, परिभाषासूत्र विधि सूत्र, नियम सूत्र अतिदेश सूत्र र अधिकार सूत्रमा विभाजन गरिएको छ। यसैले पाणिनीय व्याकरणमा भाषाका ध्वनि, वर्ण, रूप, वाक्य, अर्थ आदि सबै क्षेत्रमा कथ्यबोलीलाई जोड दिनुका साथै भाषिक विश्लेषणको वस्तुगत पद्धतिको अवलम्वन गरी भाषिक सार्वभौम नियमको प्रतिपादन गर्ने कार्य गरिएको छ।

१- पाणिनीय व्याकरणमा ध्वनिको अध्ययन-

यद्यपि 'ध्वनि' शब्दले अर्थको व्यापक क्षेत्रलाई समेटेको छ, तर पनि यहाँ पाणिनीय व्याकरणमा ध्वनिको अध्ययन भनिएको हुनाले यहाँ प्रयुक्त ध्वनि शब्दले मानिसका मुखबाट (ध्वनिअवयव) उच्चरित आवाजलाई बुझाएको छ। आधुनिक भाषाविज्ञानले औच्चारिक ध्वनिविज्ञान (Articulartory phonetics) साञ्चारिक ध्वनिविज्ञान (Acoustic phonetics) र श्रावणिक ध्वनिविज्ञान (Audiotory phonetics) गरी तीन शाखा-मा ध्वनिको अध्ययन तथा विश्लेषण गर्ने कार्य गरिएको छ। प्रथमतः ध्वनिलाई आस्य (उच्चारणस्थान) र प्रयत्न (उच्चारण प्रक्रिया) का आधारमा परिभाषित र वर्गीकृत गरिएको 'तुल्यास्यप्रयत्नं सवर्णम्'(अष्टाध्यायी-१।१।९) बाट स्पष्ट हुन्छ। उच्चारण प्रक्रिया-अन्तर्गत प्राणत्व र घोषत्वलाई समावेश गरिएको कुरा भट्टोजिदीक्षितको सिद्धान्त कौमुदीबाट ज्ञान हुन्छ। अष्टाध्यायीका सूत्रहरूको व्याख्या गर्दै भट्टोजिदीक्षितले ध्वनिलाई स्वर र व्यञ्जनमा वर्गीकृत गरी तिनीहरूलाई विभिन्न आधारमा चिनाउने र विश्लेषण गर्ने काम गरेका छन्। दीक्षितका अनुसार स्वरध्वनिलाई उच्चारण स्थान, उच्चारण प्रयत्न, अनुनासिकता, मात्रा (उच्चारण कालावधि) का आधारमा चिनाउन सकिन्छ। पाणिनिले माहेश्वर सूत्रमा देखाएका अ, इ, उ, ऋ, लृ, ए, ओ, ऐ, औ स्वर ध्वनिलाई नै दीक्षितले देखाउने काम गरेका छन्। पतञ्जलिले स्वर ध्वनिलाई अरुको सहायता विना उच्चरित हुने ध्वनिलाई स्वर ध्वनि भनेका छन् र उनले पनि स्वर ध्वनिको परिगणनमा पाणिनिकै मतमा सहमति जनाएका छन्। यद्यपि पाणिनिले स्वीकार गरेका ध्वनि मध्ये आधुनिक भाषावैज्ञानिकहरूले ऋ र लृ लाई स्वर ध्वनिमा समावेश गरेका छैनन्। वस्तुतः पाणिनिका अनुसार पनि ऋ र लृ मध्ये ऋ लाई मात्र स्वर ध्वनिमा समावेश गर्दा तत्कालीन जनबोलीमा प्रचलित 'क्लृप्त' शब्दको विश्लेषण हुन नसक्ने भएकाले पाणिनिले ऋ र लृ दुवैलाई स्वर ध्वनिको रूपमा लिएका छन्। यसरी पाणिनि पतञ्जलि र भट्टोजिदीक्षितका कथनलाई समेटी माथि भनिए झैं ध्वनिलाई निम्न आधारमा देखाउन सकिन्छ।

१- उच्चारण स्थानको आधार- ध्वनि उच्चारणमा सक्रिय हुने वा सहयोग गर्ने अवयवलाई उच्चारण स्थानको रूपमा लिइएको छ। यस अनुसार संस्कृतका स्वरध्वनिलाई यसरी देखाउन सकिन्छ।

(क) कण्ठ्य - अ / आ (ख) तालव्य - इ (ग) मूर्धन्य - ऋ
(घ) दन्त्य - लृ (ङ) कण्ठतालव्य - ए, ऐ (च) कण्ठोष्ठ्य - ओ, औ

२- उच्चारण प्रयत्नको आधारः-

उच्चारण प्रयत्नलाई आभ्यन्तर र बाह्य गरी दुई प्रकारमा वर्गीकरण गरिएको छ।

(क) आभ्यन्तर प्रयत्नः- (अ) विवृत- अ, आ, इ, ई, ऋ, लृ, ए, ओ, ऐ, औ
(आ) संवृत- अ (प्रयोगको अवस्थामा मात्र)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उच्चारणस्थान (उच्चारण अवयवहरूमध्ये माथिल्ला उच्चारण अवयव माथिल्लो ओठ, माथिल्लो दाँत, तालु आदि) र करण (तल्ला उच्चारण अवयव ओठ, जिब्रो आदि) का बीचको दुरीको स्थिति र त्यस स्थितिमा हावा छिर्नको लागि छुने प्रयासलाई आभ्यन्तर प्रयत्न भनिन्छ। संस्कृत स्वरध्वनिको उच्चारणमा उच्चारण स्थान र करण बीचको दूरी व्यञ्जनको तुलनामा अपेक्षाकृत बढी हुने भएकाले वा स्थान र करणको स्पर्श नहुने भएकाले संस्कृत स्वरध्वनिलाई विवृत मानिएको छ। तर 'ऋ' र 'लृ' को उच्चारणमा भने यो नियम लागु भएको देखिदैन। प्रयोगको अवस्थाको 'अ' लाई भने संवृत मानिएको छ। प्रयोगको ह्रस्व 'अ' को उच्चारणमा ध्वनिअवयवहरू अन्य स्वरध्वनिको उच्चारणमा भन्दा अपेक्षाकृत नजिकमा आउने भएकाले ह्रस्व 'अ' लाई संवृत (वन्द) भनिएको हो।

(ख) बाह्यप्रयत्न- स्वरध्वनि-संवार, नाद, घोष, उदात्त, अनुदात्त, स्वरित। ध्वनिको उच्चारणमा मुखभन्दा बाहिर गरिने प्रयत्नलाई बाह्य प्रयत्न भनिन्छ। पाणिनीय व्याकरण अनुसार बाह्यप्रयत्न स्वरतन्त्रीहरू खुल्ने (विवार) वा वन्द हुने (संवार), स्वरतन्त्रीको बीचबाट धेरै हावा निस्कने (महाप्राण) वा थोरै निस्कने (अल्पप्राण) स्वरतन्त्रीमा कम्पन हुने (घोष, नाद) वा कम्पन नहुने (अघोष) स्वरतन्त्रीमा कम्पनको मात्रा बढ्दै जाने (उदात्त) वा घटदै जाने (अनुदात्त) मा आधारित छ। पाणिनीय व्याकरण अनुसार संस्कृत स्वरध्वनिहरूको उच्चारणमा स्वरतन्त्रीहरू अपेक्षाकृत वन्द हुने स्वरध्वनिलाई संवार नाद घोष र स्वरतन्त्रीमा कम्पनको मात्रा कहिले घट्ने र कहिले बढ्ने भएकाले उदात्त अनुदात्त स्वरित मान्न सकिन्छ। पाणिनीय शिक्षामा सङ्गीतका सात स्वर अन्तर्गत निषाद र गान्धार स्वरलाई उदात्त, ऋषभ र धैवतलाई अनुदात्त र षड्ज, मध्यम र पञ्चम स्वरलाई स्वरित मानिएको छ। सबै स्वरध्वनिहरूले उदात्त, अनुदात्त तथा स्वरितको स्थान लिन सक्छन्। वक्ताको उच्चारणको परिस्थितिका कारण स्वरतन्त्रीको कम्पनमा हुने आरोह र अवरोहका कारण उही स्वर कहिले उदात्त, कहिले अनुदात्त र कहिले स्वरित बन्दछ भन्ने कुरा अष्टाध्यायीका सूत्रहरू उच्चैरुदात्तः।१।२।२९। नीचैरनुदात्त ।१।२।३० समाहारः स्वरितः ।१।२।३१। बाट स्पष्ट हुन्छ।

३- अनुनासिकताको आधारः-

(क) अनुनासिक (नासिक्य) अँ, आँ, इँ .... ।

(ख) अननुनासिक (मौखिक) अ, आ, इ ....।

'मुखनासिकावचनोऽनुनासिकः'(अष्टाध्यायी-१।१।८।) का अनुसार जुन स्वरध्वनिको उच्चारणमा नाकको पनि सक्रिय भूमिका रहेको हुन्छ त्यसलाई अनुनासिक र नाक निष्क्रिय भएको अवस्थामा मौखिक ध्वनिको उच्चारण हुन्छ।

४- मात्रा[४] (उच्चारणकालावधि) को आधारः-

(क) ह्रस्व-अ, इ, उ, ऋ, लृ। (ख) दीर्घ-आ, ई, ऊ, ॠ, ए, ओ, ऐ, औ (ग) प्लुत- आ३, ई३ ऊ३........ ।

व्यञ्जनध्वनि

पाणिनीय व्याकरण अनुसार व्यञ्जन ध्वनिको वर्गीकरण गर्ने आधारहरू निम्न देखिन्छन्[५]।

१. उच्चारण स्थानको आधार-

(क) कण्ठ्य- क, ख, ग, घ, ङ, ह :(विसर्ग)

(ख) तालव्य- च, छ, ज, झ, ञ, श, य।

(ग) मूर्धन्य- ट, ठ, ड, ढ, ण, र, ष

(घ) दन्त्य- त, थ, द, ध, न, ल, स

(ङ) ओष्ठ्य- प, फ, ब, भ, म, (उपध्मानीय विसर्ग प तथा फ भन्दा अघिको आधा विसर्ग)

(च) जिह्वामूलीय- (जिह्वामूल विसर्ग क तथा ख भन्दा अगाडिको आधाविसर्ग)

(छ) दन्त्योष्ठ्य- व

(ज) नासिक्य- ञ, म, ङ, ण, न, (अनुस्वार)

२. नासिकताको आधार- (क) नासिक्य- ञ, म, ङ, ण, न, यँ, वँ, लँ।

(ख) मौखिक- क, ख, ग, ... आदि अन्य व्यञ्जन।

३. उच्चारण प्रयत्नको आधारः

(क) आभ्यान्तर प्रयत्न (प्रयत्नको चर्चा माथि नै गरिसकिएको छ।

(अ) स्पर्शी- क, ख, ग, घ, ङ, च, छ, ज, झ, ञ, ट, ठ, ड, ढ, ण, ... म सम्म।

(आ) अन्तस्थ- य, व, र, ल

(इ) ऊष्म-श, ष, स, ह

(ख) बाह्य प्रयत्न -

१. घोषत्वको आधार-

(अ) संवार नाद घोष- ह, य, व, र, ल, ञ, म, ङ, ण, न, झ, भ, घ, ढ, ध, ज, ब, ग, ड, द

(आ) विवार, स्वस, अघोष- ख, फ, छ, ठ, थ, च, ट, त, क, प, श, ष, स

२. प्राणत्वको आधार

(अ) अल्पप्राण- क, च, ट, त, प, ग, ज, ड, द, ब, ङ, ञ, ण, न, म, य, व, र, ल

(आ) महाप्राण- ख, छ, ठ, थ, फ, घ, झ, ढ, ध, भ, श, ष, स, ह।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

घोषत्व कुन स्थितिमा हुन्छ र प्राणत्वलाई कुन आधारमा चिन्ने भन्ने कुराको चर्चा माथि नै गरिएको छ।

यसरी ध्वनिको विश्लेषण गर्ने जुन आधार पाणिनीय व्याकरणमा देखाइएको छ त्यसवाट अन्ताराष्ट्रिय ध्वनितात्त्विक वर्णमाला (IPA) का निर्माता पल पासी आदि विद्वानलाई प्रेरणा प्राप्त भएको कुरा जे.आर.फर्थ (J.R.Firth) ले व्यक्त गरेको प्रसङ्गवाट[१४] र अन्ताराष्ट्रिय ध्वनितात्त्विक वर्णमालाको संरचनावाट पनि थाहा पाउन सकिन्छ। पाणिनीय व्याकरणमा झैं अन्तारार्ाष्ट्रिय ध्वनितात्त्विक वर्णमाला (संसारभरका भाषाको साझा वर्णमाला वनाउने लक्ष्य राखेर तयार पारिएको) मा पनि ध्वनिको विश्लेषण र वर्गीकरण गर्ने मुख्य आधार उच्चारण स्थान र प्रयत्नलाई नै लिइएको छ। अन्ताराष्ट्रिय ध्वनितात्त्विक वर्णमालामा देखाइएका उच्चारण स्थान र उच्चारण प्रयत्नको सूची यस प्रकार छ-

१. उच्चारणस्थानका आधारमा व्यञ्जन ध्वनिहरू

(क) द्वयोष्ठ्य (Bilabial)
(ख) दन्त्योष्ठ्य (Labiodental)
(ग) दन्त्य (Dental)
(घ) वर्त्स्य (Albeolar)
(ङ) पश्चवर्त्स्य (Postalveolar)
(च) मूर्धन्य (Retroflex)
(छ) तालव्य (Palatal)
(ज) हनुमूलीय (Velar)
(झ) काकल्य (Uvular)
(ञ) घोक्रे (Pharyngeal)
(ट) स्वरयन्त्रमुखी (Glottal)

२. उच्चारण प्रयत्नका आधारमा व्यञ्जनध्वनिहरूः-

(क) स्पर्शी (Plosive)
(ख) नासिक्य (Nasal)
(ग) कम्पित (Tril)
(घ) ताडित/उत्क्षिप्त (Tap or Flap)
(ङ) ऊष्म (Fricative)
(च) पार्श्विक ऊष्म (Lateral Fricative)
(छ) अन्तःस्थ (Approximant)
(ज) पार्श्विक अन्तःस्थ (Lateral approximant)

यसरी पाणिनीय व्याकरणमा उच्चारण स्थानका आधारमा सात प्रकारका व्यञ्जनध्वनिहरूको चर्चा गरिएको छ भने अन्ताराष्ट्रिय ध्वनितात्त्विक वर्णमाला ११ (एघार प्रकारका) यी मध्ये ओष्ठ्य (द्वयोष्ठ्य) दन्त्योष्ठय दन्त्य, तालव्य, मूर्धन्य, कण्ठ्य गरी ६ प्रकारका ध्वनिहरूको नामकरणमा समानता देखिन्छ भने वर्त्स्य, पश्चवर्त्स्य काकल्य, घोक्रे, चाहिं नामका आधारमा अन्ताराष्ट्रिय ध्वनितात्त्विक वर्णमालामा वढी छन्। तर केहीमा नामगत विभेद मात्र देखिन्छ। वस्तुतः पाणिनीय व्याकरणमा वर्त्स्यध्वनिलाई दन्त्यमा नै समावेश गरिएको छ। यसैगरी पश्चिममा स्वरको विश्लेषण गर्नको लागि जिभ्राको सक्रियता (अग्र, मध्य, पश्च) जिव्राको उचाइ (उच्चतम, उच्च, निम्न, निम्नतम) ओठको स्थिति (गोलित, अगोलित) लाई आधार वनाईएको छ भने पाणिनीय व्याकरणमा उच्चारण स्थान, उच्चारण कालावधि, घोषत्व अनुनासिकताको आधारमा विश्लेषण गरिएको छ।

यसरी केही समानता र असमानता देखिनु स्वभाविकै हो। तर पश्चिममा सर विलियम जोन्स (१८औं शताव्दी) को तुलनात्मक अध्ययन (संस्कृत, ग्रीक, ल्याटिन) को प्रवचन पछि मात्र ध्वनिको अध्ययन भएको देखिन्छ। यसैले पाणिनीय व्याकरण (ई.पू.५औं देखि) को प्रभाव निश्चय नै पश्चिमी भाषाविद्हरूमा परेको छ भन्न सकिन्छ। अहिले यन्त्रको माध्यमवाट विश्लेषण गर्दा जुन जुन तथ्यहरू फेला परे तिनीहरू ई.पू. ५औं शताव्दीमा निर्मित पाणिनीय व्याकरणसँग मिल्नु निश्चय नै पाणिनीय व्याकरणको महत्तम उपलब्धि हो।

२-वर्ण

मानवीय ध्वनिअवयववाट उच्चरित आवाज ध्वनि हो भने त्यही ध्वनि यदि अर्थभेदक हुन्छ भने त्यसलाई वर्ण भनिन्छ। यसैले भाषामा ध्वनिहरू अनगिन्ती हुन्छन् तर वर्णहरू सीमित। जस्तै संस्कृतमा अ, इ, उ, ऋ वर्णहरू हुन्। यिनीहरू सवै १८ प्रकारका छन्। यसैले ४ प्रकारका वर्णका प्रकारहरू ७२ पुग्दछन्। यी ७२ ध्वनि हुन् भने वर्णहरू केवल अ, इ, उ, ऋ मात्र हुन्।

पाणिनीय व्याकरणमा वर्णहरूलाई सूत्रका रूपमा व्यवस्थित पारेर राखिएको छ। ९(नौ) स्वर वर्ण (अ, इ, उ, ऋ, लृ, ए, ओ, ऐ, औ) र ३३(तेत्तीस) व्यञ्जन वर्णहरू समावेश गरी तिनीहरूको उच्चारण स्थान, उच्चारण प्रयत्न (घोषत्व, प्राणत्व) लाई समेत सूत्रकै माध्यमवाट विश्लेषण गरिएको छ। यसरी एउटै श्रृखलामा (१४ सूत्रका माध्यमवाट जसलाई वर्णसमाम्नाय भनिएको छ) सवै वर्णहरू समावेश गरी ती सवैका विभेदक अभिलक्षण (ह्रस्व स्वरवर्ण-अ, इ, उ, ऋ दीर्घ स्वर। सन्ध्यक्षर-ए, ओ, ऐ, औ ह य व र ल नासिक्य व्यञ्जन-ञ, म, ङ, ण, न, घोषमहाप्राण व्यञ्जन झ, ञ, घ, ढ, घ, घोषअल्पप्राण व्यञ्जन-ज, व, ग, ड, द, अघोष महाप्राण व्यञ्जन-ख,फ, छ, ठ, थ, अघोष अल्पप्राण व्यञ्जन च, ट, त, क, प, ऊष्म व्यञ्जन- श, ष, स, ह) हरू देखाउनुका साथै यी वर्णहरूवाटै प्रत्याहारको निर्माण गरी पूरै व्याकरणका नियमहरूलाई व्यवस्थित वनाउने क्रममा 'ह' वर्णको द्विरावृत्ति भएको द्विरावृत्ति भएको छ। यस वर्णमालामा विसर्ग (जिह्वामूलीय, उपघ्मानीय सहित) अनुस्वारको समावेश भएको छैन। यसैले पाणिनीय व्याकरण अनुसार विसर्ग अनुस्वार संवर्ण हुन् भन्ने सिद्ध हुन्छ।

यसरी पाणिनीय व्याकरणमा वार्षिक श्रृङ्खलाका १४ सूत्रकै माध्यमवाट अच्, अक्, हल्, स्वर् आदि प्रत्याहारको नामकरण (प्राविधिक शब्द निर्माण) गरी करिव ४,००० (चारहजार जति) सूत्रलाई क्रमिक र व्यवस्थित रूपमा संयोजित गरी तिनीहरूकै माध्यमवाट व्याकरणका सन्धि, शब्दनिर्माण, शब्द रूपायन क्रियापदको रूपायन, कारक समास आदि नियमहरूलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रस्तुत गर्ने कार्य गरिएको छ। यी सूत्रहरू पूर्णतः प्रजनक देखिन्छन्। एउटै सूत्रबाट हजारौ रूपको निर्माण हुन सक्ने देखिन्छ। जस्तै- सूत्र-१-इको यणचि।६।१।७७।

अर्थ- इकका स्थानमा यण् होस् अच् परभएमा संहिताको विषयमा

प्रयोग प्रक्रिया- इक् + अच् इक् = इ,उ,ऋ,लृ

यण् अच् = अ,इ,उ,ऋ,लृ,ए,ओ,ऐ,औ

यण् = य,व,र,ल्

यसरी = इ उ ऋ लृ + अ इ उ ऋ लृ ए ओ ऐ औ

य् व् र् ल् करोमि + अहम्

क् अ र् ओ म् इ + अ ह म्

य्

क् अ र् ओ म् य् अ ह म्

= करोम्यहम्।

यसरी अगाडि इ,उ,ऋ,लृ र पछाडि अ इ उ ऋ लृ ए ओ ऐ औ आएमा (अपवाद बाहेक) अगाडिका इ,उ,ऋ,लृ का ठाउँमा स्थानक्रमका आधारमा य् व् र् ल् हुन्छन्। यसरी यो एउटै सूत्रबाट हजारौं सन्धिजनित शब्दको व्याख्या एवं विश्लेषण गर्न सकिन्छ। यसलाई सहयोग गर्ने अन्य सूत्रहरू पनि छन्।

सूत्र २- आद् गुणः-

अर्थ- अवर्णदेखि अच् पर भएमा पूर्व र परका स्थानमा गुणसंज्ञक एक आदेश होस्।

प्रयोगप्रक्रिया- अवर्ण + अच् अवर्ण=अ/आ

गुण अच्=अ,इ,उ,ऋ,लृ,ए,ओ,ऐ,ओ

गुण=अ,ए,ओ

रमा+उवाच

र् अ म् आ+उवाच

ओ

र् अ म् ओ वाच

रमोवाच

सामान्यतः यस सुत्रको अर्थ वृद्धिरेचि ६।१।८८। को आगमन पछि अवर्णदेखि अ इ उ ऋ लृ पर भएमा भन्ने हुन्छ र **अकः सबर्णे दीर्घः** ६।१।१०१ को आगमन पछि अवर्ण देखि इ उ ऋ लृ परभएमा पूर्व र परका ठाउँमा गुणसँज्ञक एकादेश होस् भन्ने हुन्छ। यसरी अ/आ देखि इ,उ,ऋ,लृ पर भएमा (अपवादबाहेक) पूर्व र परका ठाउँमा अर् अल् ए ओ मध्ये स्थानक्रमका आधारमा कुनै एक हुन्छ। यस सूत्रका आधारमा पनि हजारौं सन्धिजनित शब्दहरूको विश्लेषण गर्न सकिन्छ।

यस्तै सूत्रहरूबाट व्याकरणिक नियम निर्माण गर्दा तत्कालीन जनबोलीलाई आधार बनाइएको कुरा **'द्वराद्धूते च'** अष्टाध्यायी-८।२।८४, **है हे प्रयोगे हैहयोः** ८।२।२२। **गुरोरनृतोऽनन्त्यस्याप्येकैकस्य प्राचाम्** ८।२।८६। बाट स्पष्ट हुन्छ।

यसरी पाणिनीय व्याकरणमा वर्णसमान्नायका १४ सूत्रबाट एकातिर प्रत्याहारको नामकरण (प्राविधिक शब्द निर्माण) गरी करिब ४००० जति प्रजनक सूत्रको निर्माण गरेर भाषिक व्यवस्थालाई पूर्णतःविश्लेषण गर्ने कार्य गरिएको छ भने अर्कोतिर घोषत्व, प्राणत्व, स्पर्श, अन्तःस्थ, ऊष्म, विवृत आदि वार्णिक विभेदक अभिलक्षणलाई देखाइएको छ। पाणिनीय व्याकरणमा देखाइएका वार्णिक अभिलक्षणहरू र अमेरिकाली प्रसिद्ध भाषावैज्ञानिक चम्स्कीले उत्पादक वर्णविज्ञान (Generative Phonology) मा देखाएका वार्णिक अभिलक्षणहरू समान प्रकृतिका देखिन्छन्। चम्स्कीले देखाएका अभिलक्षणहरूमा मुख्यवर्गीय अभिलक्षण (Major features) अन्तर्गत मुखरित/अमुखरित, स्वरात्मक/अस्वरात्मक, व्यञ्जनात्मक/अव्यञ्जनात्मक विवरण अभिलक्षण (Cavity features) अन्तर्गत पश्च/अपश्च, गोलित/अगोलित नासिक्य/अनासिक्य, पार्श्विक/अपार्श्विक आदि उच्चारणप्रक्रियागत अभिलक्षण (Manner of articulation features) अन्तर्गत प्रवाही/अप्रवाही, तात्क्षणिक/अतात्क्षणिक, तनावी/अतनावी, श्रोत अभिलक्षण (Source features) अन्तर्गत घोष/अघोष, तीक्ष्ण/अतीक्ष्ण आदि मुख्य छन्। यी अभिलक्षणहरूमा घोष/अघोष, नासिक्य/अनासिक्य, स्वरात्मक/अस्वरात्मक जस्ता धेरै अभिलक्षणहरूमा पाणिनीय व्याकरणसँग संरचनागत तथा कार्यगत दुवै एकता रहेको देखिन्छ। यसर्थ पनि पाणिनीय व्याकरणको वार्षिक विश्लेषण पद्धति पूर्णतः वैज्ञानिक थियो भन्नुमा अत्युक्ति नहोला।

३-पद (रूप)

पाणिनीय व्याकरणमा पदलाई केन्द्रविन्दुमा राखी त्यसैका संरचकका रूपमा लघुत्तम अर्थयुक्त भाषिक अवयव (रूप-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पश्चिमी विद्वान्को भनाइमा) को चर्चा गर्ने कार्य गरिएको छ। सुप्तिङन्तं पदम् (अष्टाध्यायी १।४।१४) का अनुसार पदलाई सुबन्त र तिङन्त गरी दुई प्रकारमा वर्गीकरण गरिएको स्पष्ट हुन्छ। सीमित धातु तथा प्रातिपदिकमा परिगणित व्युत्पादक तथा रूपायक प्रत्ययको संयोजन गरी असीमित भाषिक पदहरूको निर्माण हुने प्रक्रियालाई प्रजनक सूत्रहरूका माध्यमबाट देखाइएको छ। वाक्यीय संरचनामा पद नै प्रयुक्त हुने भएकाले पदलाई भाषिक एकाइ निर्माणको चरम अवस्था मानिएको छ। पाणिनीय व्याकरण अनुसार पदको संरचना प्रक्रियालाई वृक्षरेखामा यसरी देखाउन सकिन्छ।



यसरी लघुतम कोशीय अर्थयुक्त भाषिक एकाइ धातु र प्रातिपदिक हुन भने व्याकरणिक अर्थयुक्त एकाइ अन्तर्गत व्युत्पादक प्रत्यय (कृत्प्रत्यय, तद्धितप्रत्यय र स्त्रीप्रत्यय) तथा रूपायक प्रत्यय (सुप् र तिङ्) पर्दछन्।

'भूवादयो धातवः' (अष्टाध्यायी-१।३।१) का अनुसार व्यापारबोधक लघुतम भाषिक एकाइ (भू,पठ् श्रु आदि धातु हुन् भने **'अर्थवदधातुरप्रत्ययः प्रातिपदिकम्'**-१।२।४५ तथा **'कृत्तद्धितसमासाश्च'** १।२।४६। बाट कृदन्त व्युत्पन्न शब्द (मृगबोधक राम, सर्व, हाहा आदि) प्रातिपदिक हुन् भन्ने स्पष्ट हुन्छ। यी धातु तथा प्रातिपदिकमा एकातिर व्युत्पादक प्रत्ययको संयोजन गरी शब्दको निर्माण गरिन्छ भने अर्कोतिर धातु तथा प्रातिपदिक (व्युत्पन्न तथा अव्युत्पन्न दुवै) मा रूपायक सर्ग (सुप् र तिङ्) को संयोजन गरी पदको निर्माण गरिन्छ। पदको संरचनाप्रक्रियालाई सूत्रात्मक शैलीमा यसरी देखाउन सकिन्छ।

संकेत	सूत्र	अर्थ	उदाहरण
$आ_१$ = प्रातिपदिक(आधार)	१- $आ_१+वि_१$ = पद	प्रातिपदिक+सुप्=पद	बालकः,रामौ........
$आ_२$ = धातु (आधार)	२- $आ_१+प्र_१+वि_१$ = पद	प्रातिपदिक+स्त्रीप्रत्यय+सुप्=पद	बालिका,अजा......
$प्र_१$ = स्त्रीप्रत्यय	३- $आ_१+प्र_२+वि_१$ = पद	प्राति.+तद्धितप्रत्यय+सुप्=पद	राष्ट्रियः,औत्सः
$प्र_२$ = तद्धितप्रत्यय	४- $आ_१+प्र_२+प्र_१+वि_१$=पद	प्राति.+तद्धितप्रत्यय+कृतप्र.+सुप्=पद	सामाजिकी,मानवी,दानवी
$प्र_३$ = कृत्प्रत्यय	५- $आ_२+प्र_३+वि_१$ = पद	धातु+कृत्प्रत्यय+सुप्=पद	कृतवान्,चेयः.....
$वि_१$ = सुप्विभक्ति	६- $आ_२+प्र_३+प्र_१+वि_१$ =पद	धातु+कृतप्रत्यय+स्त्रीप्रत्यय+सुप्=पद	कृतवती,कृता ....
$वि_२$ = तिङ्विभक्ति	७- $आ_२+वि_२$ = पद	धातु+तिङ्=पद	गच्छति,खादति

यद्यपि पतञ्जलिले महाभाष्यमा वर्णहरूलाई अर्थयुक्त एकाइ मानेका छन्[१]। वस्तुतः वर्णहरू अर्थभेदक एकाइ हुन्। यसैले पाणिनीय व्याकरणमा लघुतम अर्थयुक्त भाषिक एकाइको रूपमा धातु र प्रातिपदिकलाई लिइएको छ भने अर्कोतिर व्युत्पादक प्रत्यय (कृत,तद्धित,स्त्रीप्रत्यय) र रूपायक प्रत्यय (सुप् विभक्ति र तिङ् विभक्ति) लाई ग्रहण गरिएको छ भन्नु उपयुक्त होला।

यिनै भाषाका लघुतम अर्थयुक्त एकाइलाई पश्चिमी भाषाविद्हरूले रूपको संज्ञा दिएका छन्। प्रसिद्ध भाषाविद् नाइडा (Nida) का अनुसार भाषाका लघुतम अर्थयुक्त एकाइ नै रूप हुन् जसले शब्दवर्ग वा शब्दको निर्माणमा महत्वपूर्ण भूमिका निर्वहन गरेका हुन्छन्। यी रूपहरूको वैज्ञानिक अध्ययन तथा विश्लेषण गर्ने विधालाई रूपविज्ञान (Morphology) भनेका छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रूपविज्ञानमा रूपलाई परिभाषित गरिनुका साथै रूपविश्लेषण प्रक्रिया र रूपको वर्गीकरण देखाइएको छ। रूपविज्ञानका अनुसार प्रथमतः संरचनागत,अर्थगत र परिवेशगत आधारमा रूपको विश्लेषण गरी यसलाई मुक्तरूप (Free morph) बद्ध रूप (bound morph) मा विभाजन गरिएको छ। रूपविज्ञान अनुसार पदावली वा उपवाक्यमा एक्लै रहँदा पनि जुन रूपले स्वतन्त्र अर्थ बुझाउन सक्छ त्यसलाई मुक्तरूप र स्वतन्त्र अर्थ बुझाउन नसक्ने रूप बद्ध रूप हो। 'सामाजिक' शब्दमा आएको 'समाज' मुक्त रूप हो भने इक बद्ध रूप हो । यसरी सामान्यतया सर्गहरू (पूर्वसर्ग,मध्यसर्ग र परसर्ग) सबै बद्ध रूप अन्तर्गत पर्दछन् भने आधार रूप अन्तर्गतका केही मात्र (वाक्यीय संरचनामा सर्ग विना प्रयुक्त हुन सक्ने) मुक्त रूपमा पर्दछन्।

तर पाणिनीय व्याकरण अनुसार पाश्चात्य रूपविज्ञानले बताएका मुक्त र बद्ध दुवै रूपहरू बद्ध रूप अर्न्तगत पर्दछन्। कुनै पनि भाषिक एकाइलाई पद नबनाई वाक्यीय संरचनामा ल्याउन सकिदैन। 'सामाजिक' शब्दमा आएको 'समाज' शब्दलाई वाक्यीय संरचनामा प्रयोग गर्नको लागि सुप् विभक्ति (व्याकरणिक अर्थद्योतक प्रत्यय) को संयोजन गर्नुपर्दछ। अन्यथा समाज शब्द मात्रै हुन्छ, पद बन्दैन। यस आधारमा पाणिनीय व्याकरण अनुसार विभक्तिबोधक प्रत्यय विनाको समाज (जसलाई पश्चिमी विद्वान्ले मुक्त रूप अर्न्तगत राखेका छन्) शब्द मुक्त रूप र पद हुन सक्दैन। प्रथमा तथा द्वितीया विभक्तिका एक वचनबोधक प्रत्ययको संयोजन भई बनेका नपुंसक लिङ्गी शब्द वारि, मधु, दधि मुक्तरूप वा पद हुन्। किनभने यहाँ वारि+सु/अम्, मधु+सु/अम्, दधि+सु/अम्/को स्थितिमा **'स्वमोर्नपुंसकात्'** ७।१।२३ सूत्रले सु र अम्को लोप गरी वारि, दधि, मधु रूप निष्पन्न भएका छन्। अतः यिनीहरू वाक्यीय संरचनामा प्रयोगमा आउन सक्छन्। यसैले यिनीहरू मुक्त रूप वा पद हुन्। यिनीहरूमा व्यकरणिक अर्थबोधनको लागि वार्षिक संरचनाको उपस्थिति नभएपनि आर्थिक अस्तित्वको उपस्थिति छ। वस्तुतः यो शून्यरूपको स्थिति हो। पाश्चात्य भाषाविदहरू पनि शून्यरूप (Zero morph) को स्थिति स्विकार्दछन्। उनीहरूका अनुसार 'sheep goes' र 'sheep go' यी दुई वाक्यमा आएको पहिलो sheep मा प्रत्ययको संयोजन भएको छैन भने दोस्रोमा बहुवचनबोधक प्रत्यय (sheep+ बहुवचनबोधक प्रत्यय) को संयोजन भएको छ। तर यहाँ वार्णिक संरचना नदेखिएकाले यसलाई शुन्य रूप (Zero mor[h) मान्नु पर्दछ। यसरी एकातिर बहुवचनको अर्थ बुझाउन शून्य रूपको कल्पना गरिन्छ भने अर्कोतिर एक वचनलाई कुनै वास्ता नै गरिदैन। वस्तुतः वचन एक व्याकरणात्मक धारा हो। यसले पनि अर्थ दिने भूमिका निर्वाह गरेको हुन्छ। यस दृष्टिले पाश्चात्य रूपविज्ञान भन्दा पाणिनीय व्याकरण निकै अगाडि देखिन्छ। पाणिनीय व्याकरणमा वचन एक व्याकरणात्मक धारा हो। यसले पनि अर्थ दिने भूमिका निर्वाह गरेको हुन्छ। हरेक शब्दलाई वाक्यीय संरचनामा प्रयोग योग्य बनाउनको लागि प्रत्ययको संयोजन गर्नुपर्दछ। त्यो प्रत्यय कतै लुप्त पनि हुन सक्छ। तर प्रत्ययको संयोजन भने अवश्य गरिनुपर्दछ। तर अन्य धातु (Root) प्रातिपदिक (Stem) उपसर्ग (Prefix) मध्यसर्ग (infix) प्रत्यय (Suffix) को चिन्तनमा भने पाणिनीय व्याकरण र भाषाविज्ञानमा धेरै समानता पाइन्छन्।

धातु र प्रातिपदिकलाई पाणिनीय व्याकरणमा आधार रूप र उपसर्ग तथा प्रत्ययलाई आधेयरूप अन्तर्गत राखिए झैं रूपविज्ञानले पनि यस तथ्यलाई स्विकारेको छ। आधाररूपले कोशीय अर्थ दिने र आधेय रूपले व्याकरणिक अर्थ प्रदान गर्ने कुरामा पनि दुवैको ऐकमत्य देखिन्छ।

यसरी २०औं शताब्दीमा प्रारम्भ भएको भाषाविज्ञानको एक शाखा रूपविज्ञानले भाषिक रूप (शब्द/पद) को अध्ययन गर्ने जुन प्रक्रिया अगाडि सारेको छ त्यो ई.पू.५औं शताब्दी देखिनै पाणिनीय व्याकरणमा देखापरिसकेकाले पाणिनीय व्याकरणलाई भापाको वैज्ञानिक अध्ययन गर्ने सक्षम व्याकरणको रूपमा स्विकार्दा कुनै आपत्ति नहुने देखिन्छ।

४. वाक्य

यद्यपि पाणिनीय व्याकरणलाई शब्दानुशासन शास्त्रको रूपमा चिनाउने गरिएको पाइन्छ तर पनि यसमा प्रशस्त मात्रामा वाक्यको अध्ययन गर्ने आधारहरू फेला पर्दछन्। पाणिनीय व्याकरणमा वाक्यीय संरचनाका लागि अनिवार्य तत्वको रूपमा आख्यान वा समापिका क्रियालाई लिइएको छ भने अरुलाई गौण। महाभाष्यकार पतञ्जलिले अव्यय, कारक, विशेषणयुक्त आख्यात (क्रियापद) नै वाक्य हो भनेका छन्। पाणिनिले भने सोझै वाक्यको परिभाषा न दिएतापनि वाक्यीयसंरचनामा धातु तथा शब्द सोझै प्रयुक्त हुन नसक्ने मान्यतालाई आत्मसात गरी प्रथमतः धातु र शब्दलाई पद बनाउने काम गरेका छन्। पाणिनिका अनुसार धातुमा तिङ् विभक्ति र शब्दमा सुप् विभक्तिको संयोजन भएपछि धातु वा शब्द पदमा रूपान्तरित हुन्छन्। यी पदहरूनै वाक्यीय संरचनाका सदस्य हुन्। एउटा पूर्ण वाक्य बन्नको लागि सुबन्त पद तथा (नामिक) पद तथा त्यसपछि तिङन्त (क्रिया) पद आउनु पर्ने पाणिनिको धारणालाई 'सुप्तिङन्तं पदम्'१।४।१४। ले स्पष्ट पार्दछ। वस्तुतः अकर्मक क्रियापद भएको वाक्यलाई विश्लेषण गर्दा यही तथ्य देखिन्छ। 'रामः शेते'(राम सुत्छ) श्यामः नृत्यति (श्याम नाच्छ) वाक्यमा कर्ता (नामिक पद) र क्रिया (क्रियापद) मात्र आएका छन्। यसैले एक आधारभूत वाक्यको निर्माणमा कर्ता र क्रियाको आवश्यकता पर्दछ भन्ने तथ्य फेलापर्दछ। कतिपय क्रिया (सकर्मक) ले कर्म पनि लिने हुनाले सकर्मक क्रिया भएको वाक्यमा कर्ता, कर्म र क्रियाको उपस्थिति रहन्छ र कर्तृगत तथा कर्मगत प्राधान्यको आधारमा कर्तृवाच्य, कर्मवाच्य र भाववाच्यका वाक्यहरू वन्न सक्ने कुरा 'लः कर्मणि च भावे चाकर्मकेभ्य'३।२।१२३।वाट स्पष्ट हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यसरी पाणिनीय व्याकरण अनुसार कर्ता, कर्म र क्रियाको पदक्रम भएको आधारभूत वाक्य हुन्छ । यसमा कर्तृगत, कर्मगत, क्रियार्थगत प्राधान्य तथा आलङ्कारिक प्रयोजनका कारण परिवर्तन भई विभिन्न किसिम (पदक्रम) का वाक्यहरू निष्पन्न हुन सक्छन् ।

पाश्चात्य भाषावैज्ञानिकहरूले वाक्यको अध्ययन गर्ने भाषाविज्ञानको शाखालाई वाक्य विज्ञान (Syntax) भनेका छन् । वाक्यविज्ञानमा वाक्यमा प्रयोग हुने पदहरूको क्रम, तिनीहरूको सञ्चालन प्रक्रिया वाक्यको स्वरूप, प्रकार, वाक्यका संरचकहरू (पदावली)को विश्लेषण (निकटघटक विश्लेषण) रूपान्तरण नियम (आधारभूत वाक्यबाट अरु वाक्य निर्माण हुँदा लाग्ने नियमहरू) वाक्यसंयोजन तथा वाक्यमिश्रण आदिका बारेमा चर्चा गरिएको छ ।

यसरी पाणिनीय व्याकरणमा आधुनिक वाक्यविज्ञानले समेटेका सबै विषयहरूको विश्लेषण नगरिएपनि वाक्यसम्बन्धी अवधारणाहरू भने पर्याप्त रूपमा रहेको भेटाउन सकिन्छ ।

५- अर्थ

भाषाका प्रत्येक एकाइ वर्णदेखि वाक्यसम्म (केहीका मतमा सङ्कथनसम्म) मा अर्थतत्व अनुस्यूत हुन्छ । विना अर्थको भाषा निष्प्राण हुन्छ । अर्थात् अर्थरहित भाषा भाषा नै हुन सक्दैन । भाषिक एकाइ अर्न्तगत तल्लो एकाइ ध्वनि हो । प्रत्येक भाषामा असीमित ध्वनिहरू हुन्छन् । ती असीमित ध्वनिहरूबाट अर्थभेदकताको आधारमा वर्णहरू उत्पादन गरी वर्णमाला तयार गर्ने काम गरिन्छ । यसैले वर्णहरू भाषाका अर्थभेदक एकाइ हुन् । अतःवर्णहरू स्वयं अर्थयुक्त नभएर माथिल्लो तहमा गई अर्थभेदकताको कार्य गर्दछन् । वर्णभन्दा माथिल्लो एकाइ रूप हो । जसलाई प्रकृति तथा प्रत्यय पनि भनिन्छ । रूप भाषाको लघुतम अर्थयुक्त एकाइ हो भनेर माथि नै भनियो । वस्तुतः भाषिक एकाइ अन्तर्गत रूपदेखिका भाषिक एकाइहरूले आफ्नो स्वतन्त्र अर्थ लिएर आएका हुन्छन् । जसरी रूपको संयोजन भई शब्द वा पद, पदबाट उपवाक्य, उपवाक्यबाट वाक्य र सङ्कथनको जसरी निर्माण हुन्छ त्यसरी अर्थले पनि विस्तृत रूप लिदैं पूर्ण (सामाजिक वा अन्य) सन्देश सम्म दिन सक्षम हुन्छ । यसैले भाषाका प्रत्येक शब्दसँग अर्थ रहेकै हुन्छ ।

यद्यपि शब्द र अर्थको सम्बन्धका बारेमा विद्वान्हरूको ऐकमत्य छैन । तर पनि शब्दसँग अर्थ रहनुनै पर्छ भन्ने बारेमा चाहिँ दुईमत देखिदैंन । आधुनिक भाषावैज्ञानिकहरू शब्द र अर्थलाई छुट्टाछुट्टै मानी ती दुईको सम्बन्धलाई यादृच्छिक वा अनित्य मान्दछन् । उनीहरूका विचारमा प्रत्येकले शब्दले यही अर्थ बुझाउनुपर्छ भन्ने कुनै अनिवार्यता छैन । जसरी एउटै 'पानी' भन्ने वस्तुलाई बुझाउन अङ्ग्रेजीमा Water संस्कृतमा 'जलम्' नेपालीमा पानी भनियो । यसमा यदि अनिवार्यता भएको भए संसारका हरेक भाषामा वस्तु वा भावबोधक शब्दमा एकरूपता आउँथ्यो होला ।

पतञ्जलिले भने महाभाष्यमा आफ्ना पूर्ववर्ती वैयाकरण पाणिनि तथा कात्यायनको मतको सङ्केत गर्दै शब्द र अर्थको सम्बन्धलाई नित्य स्विकारेका छन्९ । पतञ्जलिको विचारमा शब्द आकाशमा रहने आकाशीय गुण हो । जसलाई कानले ग्रहण गर्दछ । यो आन्तरिक तत्व भएकाले बुद्धिग्राह्य हुन्छ । उच्चारणद्वारा बाह्य जगतमा प्रकटित हुन्छ । आकाशधर्मी भएकाले अखण्ड्य छ । आकाश एउटै भएपनि उपाधिले गर्दा आकाशमा घटाकाश मठाकाश आदि भेदबुद्धि जसरी हुने गर्दछ त्यसरी शब्द पनि नित्य अखण्ड भएपनि (परा, पश्यन्ती, मध्यमा सम्म) वैखरीको तहमा आइसकेपछि अनित्य प्रतीत हुन्छ । वैखरी वाणीका उच्चार्य वा श्रव्य ध्वनिहरू अर्थहीन र विनाशशील हुन्छन् ।

(घ्/को उच्चारण पछि ।आ को उच्चारण गर्न पुगनासाथ 'घ्' नासिइहाल्छ । यसरी ती ध्वनिहरूको नाश भएपनि ती ध्वनिहरूको सम्मिलित रूपबाट अर्थात ध्वनिहरूको नियतक्रिया संयोगबाट अर्थबोधक शक्ति प्राप्त हुन्छ र ध्वनिहरू पनि सार्थक जस्ता देखिन पुग्छन् । यसरी वैखरी तहमा आइसकेपछि शब्द परिवर्तन र अर्थ परिवर्तन भएकै आधारमा यी दुईको सम्बन्ध अनित्य छ भन्न सकिदैन भन्ने पतञ्जलिको धारणा रहेको छ ।

यसरी माथिका विचारहरूबाट के देखिन्छ भने भाषाको आधारभूत एकाइ शब्द (रूप वा पद पनि) हो । यो अर्थयुक्त हुन्छ । अर्थ विनाको शब्द निष्प्राण हुन्छ । पाणिनीय व्याकरणलाई शब्दानुशासनको रूपमा चिनिन्छ भन्ने कुरा माथि उल्लेख गरियो । यसमा प्रत्येक शब्दको निर्माण गर्दा अर्थलाई आधार एकातिर बनाइएको छ भने अर्कोतिर अव्युत्पन्न शब्द पनि अर्थयुक्त हुनु पर्दछ भन्ने स्विकारिएको छ । पाणिनीय व्याकरण अनुसार शब्द वाक्यीय संरचनामा आउँदा पद बनेर नै आउनुपर्दछ । अन्यथा त्यो शब्द प्रयोगयोग्य बन्दैन । शब्दले कोशीय अर्थको अभिव्यक्ति गर्दछ भने त्यही शब्द पद भएपछि त्यसमा व्याकरणिक अर्थ पनि सन्निहित हुन्छ ।

भाषामा कोशीय, व्याकरणिक, सान्दर्भिक र साहचर्यात्मक आदि विविध अर्थको उपस्थिति भएपनि पाणिनीय व्याकरणमा मूलतः कोशीय र व्याकरणिक अर्थलाई देखाउने कार्य गरिएको छ । पाणिनीय व्याकरणमा शब्द व्युत्पादन र रूपायनमा अर्थलाई जुन आधार बनाइएको छ त्यो संसारका अन्यभाषाका व्याकरणमा विरलै पाइएला । यसैले व्याकरणको अध्ययन विना संस्कृतभाषाको सही अर्थबोध असम्भव नै हुने भनिन्छ । यसैले नै वेदका छ अङ्गहरूमध्ये व्याकरणलाई 'मुख'को स्थान दिइएको छ ।

संस्कृत भाषामा धेरै वैयाकरणहरूले अर्थसम्बन्धी चर्चा गरेका छन् । निरुक्तकार यास्कले अर्थतत्वकै आधारमा शब्द

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

व्युत्पादन प्रक्रियालाई देखाएका छन्। ऋक्, अथर्व आदि प्रातिशाख्यहरूमा पनि अर्थलाई विश्लेषणको आधार बनाइएको देखिन्छ। व्याकरणको क्षेत्रमा पाणिनीको आगमन भएपछि उनले अर्थम्बन्धी धारणालाई पूर्ववर्ती वैयाकरणहरूको मत समेटी सूत्रबद्ध रूपमा प्रस्तुत गर्ने काम गरेका छन्। पाणिनिका उत्तरवर्ती प्रायः वैयाकरणहरूले उनकै मतको व्याख्या गरेको देखिन्छ। पाणिनीकै सिद्धान्तमा व्याख्या र विश्लेषण गरी तयार पारिएका अन्य व्याकरणिक ग्रन्थहरूमा पनि अर्थलाई पूर्णतः जोड दिइएको पाइन्छ। यसरी पाणिनीय व्याकरणमा अर्थलाई प्रमुख आधार बनाइएको छ भन्नुमा अत्युक्ति नहुने देखिन्छ।

पाणिनीय व्याकरण अनुसार भाषाका लघुतम अर्थयुक्त एकाइहरू धातु र प्रातिपदिक हुन्। यद्यपि प्रातिपदिकलाई व्युत्पन्न र अव्युत्पन्न गरी दुई प्रकारमा वर्गीकरण गरिएको छ। तर अव्युत्पन्न प्रातिपदिक नै लघुतम अर्थयुक्त एकाइ हो भन्ने कुरा 'अर्थवदधातुरप्रत्ययः प्रातिपदिकम्'।१।२।४५ बाट स्पष्ट हुन्छ। यसैगरी धातु र प्रातिपदिकमा जोडिने उपसर्ग तथा प्रत्यय पनि अर्थयुक्त एकाइ हुन्। यद्यपि उपसर्ग र प्रत्ययले स्वतन्त्र रूपमा अर्थद्योतन गर्न सक्दैनन् तर पनि एउटै 'हार' आधार पदमा लागेका प्र, आ, वि, सम्, परि आदि उपसर्गले 'हार' आधार पदको अर्थलाई पूर्णतः परिवर्तन गर्दछन्। यसैगरी एउटै आधार पद 'कृ' धातुमा लागेका 'तृच्' र 'ण्यत्' प्रत्ययबाट व्युत्पन्न कर्ता र कार्य शब्दको अर्थमा पनि पूर्णतः विभेद देखिन्छ। अतः पाणिनीय व्याकरण अनुसार धातु, प्रातिपदिक, उपसर्ग र प्रत्यय लघुतम अर्थ युक्त एकाइ हुन् भन्ने सिद्ध हुन्छ। जुन कुरालाई पाश्चात्य भाषावैज्ञानिकहरूले पनि पूर्णतः स्विकारेका छन्।

यसरी पाणिनीय व्याकरण अनुसार धातु, प्रातिपदिक, उपसर्ग र प्रत्यय अर्थयुक्त लघुतम भाषिक एकाइ हुन्। यिनीहरूको संयोजन भई बनेका पदहरूको कोशीय र व्याकरणिक दुवै अर्थ भेटिन्छन्। आधारपदमा व्युत्पादक सर्गको योग भई बनेका तथा समासप्रक्रियाबाट बनेका शब्दको कोशीय अर्थ हुन्छ भने धातुमा तिङ् विभक्ति (रूपायक प्रत्यय) तथा माथिका व्युत्पादन प्रक्रियाबाट बनेका शब्दमा सुप् विभक्ति (रूपायक प्रत्यय) को संयोजन भई बनेका पदहरूको भने कोशीय र व्याकरणिक दुवै अर्थ हुन्छ। यसरी आधारपद र सर्गको संयोजन हुँदा नै अर्थलाई देखाउने कार्य गरिएको छ। धातुमा कृत् प्रत्ययको संयोजन हुँदा के कस्तो अर्थलाई आधार बनाइएको छ भन्ने कुरा निम्नलिखित सूत्रबाट स्पष्ट हुन्छ-

कर्तरि कृत्/३।४।६७ तयोरेव कृत्यक्तखलर्थाः।३।४।७०। भोज्यं भक्ष्ये७।३।६९, कृञो हेतुताच्छील्यानुलोम्येषु ।३।२।१८२। भावे३।३।१८, आभीक्ष्ये णमुल् च ३।४।२२।

यसैगरी शब्दमा तद्धितप्रत्ययको संयोजन गर्दा आधार बनाइएको अर्थ निम्न केही सूत्रबाट थाहा पाउन सकिन्छ।

तस्यापत्यम्।४।१।९२। तेन रक्तं रागात्।४।२।१। सास्यदेवता।४।२।२४ तस्य समूह।४।२।३७ तदधीते तद्वेद।४।२।५९। तस्य निवासः।४।२।६९ कालाट्ठञ्।४।३।११। प्रायभवः।४।३।३९। तत आगतः।४।३।७४ विद्यायोनिसम्बन्धेभ्यो वुञ्।४।३।७७ तस्य विकारः।४।३।१३४। तस्यभावस्त्वतलौ।५।१।११९। अतिशायने तमविष्ठनौ।५।३।५५

समस्त शब्दको निर्माणः-

अव्ययीभाव समास भई भनेका शब्दको अर्थ प्रधान वा मुख्य हुन्छ भने तत्पुरुषबाट उत्तरपदार्थ, बहुव्रीहिबाट अन्यपदार्थ र द्वन्द्वबाट उभयपदार्थ प्रधान वा मुख्य हुन्छ[१०]।

यस्तै पाणिनीय व्याकरणमा व्याकरणिक अर्थलाई पनि सूत्रका माध्यमबाट स्पस्ट्याउने कार्य गरिएको छ। लिङ्ग, वचन, पुरुष, कारक, काल, पक्ष, भाव, वाच्य व्याकरणिक कोटि हुन्। यिनीहरूबाट नै व्याकरणिक अर्थको द्योतन हुन्छ। व्याकरणिक कोटिले धातु वा शब्दलाई पद बनाई वाक्यीय संरचनामा प्रयोगयोग्य बनाउँदछन्। ती व्याकरणिक अर्थलाई निम्न सूत्रका माध्यमबाट देखाइएको छ।

(क) लिङ्ग-**अजाद्यतष्टाप्।४।१।४। उगितश्च (ङीप्)४।१।६। वोतो गुणवचनात् (ङीष्)**

चाप्,टाप्,डाप्(आ) र ङीप्,ङीष,ङीत् (ई) ऊङ्, ति आदि प्रत्ययबाट लिङ्गगत अर्थ देखाइएको छ।

(ख) वचन- **द्व्योकयोर्द्विवचनैकवचने।१।४।२२। बहुषु बहुवचनम्।१।४।२१**

(ग) पुरुष- **युष्मद्युपपदे समानाधिकरणे स्थानिन्यपि मध्यम।१।४।१०५। अस्मद्युत्तमः।१।४।१०७। शेषे प्रथमः।१।४।१०८।**

(घ) कारक- **प्रातिपदिकार्थलिङ्गपरिमाणवचनमात्रे प्रथमा।२।३।४६। कर्मणि द्वितीया२।३।२। कर्तृकरणयोस्तृतीया।२।३।१८। चतुर्थीसम्प्रदाने।२।३।१३ अपादाने पञ्चमी।२।३।१८। सप्तम्यधिकरणे च।२।३।३६।**

(ङ) काल- **बर्तमाने लट् ३।२।१२३। परोक्षे लिट्।३।२।११४। लुङ् ३।२।११०। लृट् शेषे च।३।३।१३।** आदि

(च) पक्ष- **लटः शतृशानचावप्रथमा समानाधिकरणे।३।२।११४। लृटः सद्वा।३।३।१४**

(छ) भाव **विधिनिमन्त्रणामन्त्रणाधीष्टसंप्रश्नप्रार्थनेषुलिङ्।३।३।१६१। आशिषि लिङ्लोटौ।३।३।१७३। आदि..........।**

(ज) वाच्यः **लः कर्मणि च भावे चाकर्मकेभ्यः।३।४।६९।** आदि..........।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यसरी पाणिनीय व्याकरणमा आधार पदमा व्युत्पादक प्रत्यय र रूपायक प्रत्ययको संयोजन हुँदा आउने कोशीय तथा व्याकरणिक अर्थलाई सूत्रबाट नै स्पष्ट पार्ने कार्य गरिएको छ । यसैल यसमा अर्थलाई पनि भाषिक विश्लेषणको मूल आधार बनाइएको देखिन्छ ।

यसरी भाषाको वैज्ञानिक अध्ययन गर्नको लागि देखापरेका भाषिक अध्ययनका विविध सम्प्रदायहरूले अँगालेका कथ्य भाषामा जोड दिदैं भाषाका ध्वनि, वर्ण, रूप, वाक्य, अर्थ आदि क्षेत्रको वर्णनात्मक अध्ययन गरी भाषिक सार्वभौम नियमलाई पहिल्याउनु पर्छ जस्ता मान्यताहरू पाणिनीय व्याकरणमा पूर्णतः प्राप्त हुने भएकाले यसले भाषाको वैज्ञानिक अध्ययन गर्ने कार्यमा महत्वपूर्ण भूमिका खेलेको स्पष्ट हुन्छ ।

पाद-टिप्पणी

१- Otto Jespersen: Language, p–33
The sanskrit Language, whatever be its antiquity is of a wonderful structure, more perfect than the Greek more copious than the Latin ....।
२- योगेन्द्रप्रसाद यादव र भीमनारायण रेग्मी, भाषाविज्ञान, (कीर्तिपुर- न्यू हिरा बुक्स इन्टरप्राइजेज २०५८) पृ.४४
३-(क) Bloomfield,L.,Language. (Allen and unwin, 1933) p.14–
This grammar which dates from somewhere round 350 to 250 B.C. is one of the greatest monuments of human intelligence... . No other Language to this day has been so perfectly described .
४- पाणिनी, अष्टाध्यायी-ऊकालोऽऽझ्रस्वदीर्घप्लुतः।१।२।२७।
५- भट्टोजिदीक्षित, सिद्धान्तकौमुदी (तत्वबोधिनीव्याख्यासहित) (दिल्ली चौखम्भा संस्कृत प्रतिष्ठान १९९४) पृ.४-५
६- पतञ्जलि, व्याकरण महाभाष्य (दिल्लीः मोतीलालबनारसीदास-२००२) पृ.१०१
-अर्थवन्तो वर्णाः। कुतः धातुप्रातिपदिकप्रत्ययनिपातानामेक वर्णानामर्थदर्शनात् । धातव एकवर्णा अर्थवन्तो दृश्यन्ते । एति-अध्येति-अधीते । प्रातिपदिकान्येकवर्णान्यर्थवन्ति आभ्याम्, एभि एषु ।..........
७- Nida, Morphology (Ann Arbor: The University of Michigan Press 1970)P.1–
Morphemes are the minimal meaningful units which may constitute words of parts of words.
८- पतञ्जलि, व्याकरणमहाभाष्य, पृ.१
९- वरदराजाचार्य, लघुसिद्धान्तकौमुदी (गोरखपुर-गीताप्रेस १९९) पृ.१७२

सन्दर्भग्रन्थः

१. आचार्य, वरदराज, मध्यसिद्धान्त कौमुदी, तृ.सं., बनारस-तुकारामजावजी, १९०३
२. .... लघुसिद्धान्त कौमुदी, द्वि.सं.बनारसः चौरवम्बा विद्याभवन, १९८२
३. गौतम, देवीप्रसाद, नेपाली भाषापरिचय, काठमाण्डौं-साझा प्रकाशन २०४९
४. गौतम, देवीप्रसाद, र लुइँटेल खगेन्द्र, ध्वनिविज्ञान, काठमाण्डौं-नवीनप्रकाशन २०५३ ।
५. तिवारी, भोलानाथ, भाषाविज्ञान, इलाहावाद-किताब महल २००० ।
६. .... आधुनिक भाषाविज्ञान, दिल्ली-लिपि प्रकाशन, १९९३ ।
७. द्विवेदी, कपिलदेव, वाराणसी, विश्वविद्यालय प्रकाशन, १९९४ ।
८. पतञ्जलि, व्याकरण महाभाष्य (अनु.चारुदेव शास्त्री) दिल्ली-मोतीलाल बनारसीदास-२००० ।
९. पाणिनी, अष्टाध्यायी सूत्रपाठ, वाराणसी-चौखम्बा विद्याभवन, २००० ।
१०.पोखरेल माधव प्रसाद, ध्वनिविज्ञान र नेपाली भाषाको ध्वनिपरिचय, काठमाण्डौं-ने.रा.प्र.प्र.२०५७
११. Bloomfiel,L.,Language, Allen and Unwin, 1933
१२. Nida, Eugene A, Morphology, The University of Michigan Press 1970
१३. बन्धु, चूडामणि, भाषाविज्ञान, काठमाण्डौः साझा प्रकाशन, २०४० ।
१४............ भाषाविज्ञानका सम्प्रदाय काठमाण्डौ- एकता बुक्स २०५३ ।
१५.भट्टोजिर्दीक्षित, सिद्धान्तकौमुदी (तत्वबोधिनी व्याख्या) दिल्ली-चौखम्बा संस्कृत प्रतिष्ठान १९९४
१६. Jespersen, Otto, Language, London– 1954
१७. Robins, R.H.Linguistics, An introductory survey, Longmans, London, 1957
१८. Hocket, C.F., A Course in modern linguistics, Delhi:– Oxford and IBH publishing co.pvt Ltd,1970

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ज्योतिष शास्त्रको महत्व, यात्रा मुहूर्त र वारक्रमको रहस्य

✍ गोविन्दप्रसाद दाहाल

परमपूज्य वेदशास्त्रलाई समस्त ज्ञान-विज्ञानको मूल आधार मानिन्छ। वेदशास्त्रका ६ अङ्गहरूमध्येमा शिक्षा, कल्प, व्याकरण, निरुक्त, छन्द र ज्योतिष पर्दछन्। "वेदचक्षुः किलेदं ज्यौतिषम्" अर्थात् यी ६ अङ्गहरूमध्येमा पनि ज्योतिषशास्त्रलाई वेदशास्त्रको आँखा (चक्षु) भनेर स्वीकारिन्छ। जसरी मनुष्यका विभिन्न अङ्ग प्रत्यङ्गहरूमध्येमा आँखा सर्वश्रेष्ठ अङ्ग हो त्यसैगरी वेदाङ्गशास्त्रहरूका बीचमा पनि ज्योतिष सर्वोत्कृष्ट शास्त्र हो र जसरी नेत्रविहीन मनुष्यका निम्ति चराचर जगत अन्धकारमय बन्दछ त्यसैगरी ज्योतिषशास्त्र विना वेद शास्त्रको पनि स्वअस्तित्व कायम रहन सक्तैन। भनिएको छ।

यथा शिखामयूराणां नागानां मणयो यथा।
तद्वद् वेदाङ्गशास्त्राणां ज्योतिषं मूर्धनि स्थितम्॥

जसरी मयूरहरूको शिरमा शिखा र नागहरूको मस्तकमा मणि अवस्थित हुन्छ त्यसैगरि वेदाङ्गशास्त्रहरूको माथमा पनि ज्योतिषशास्त्र विराजमान छ।

हाम्रो हिन्दूसंस्कृतिसँग सम्वन्धित सबै शुभकार्यहरू ज्योतिषशास्त्रसँग समाश्रित छन्। ज्योतिषशास्त्रको आधारमा शुद्ध पञ्चाङ्ग निर्माण गर्न सकिन्छ र यही पञ्चाङ्गको माध्यमबाट तिथि, वार, नक्षत्र, मास, ऋतु आदि बारेमा सही ज्ञान हासिल गर्न सकिन्छ। विवाह, ब्रतवन्ध, गृहनिर्माण, गृहप्रवेश आदिको शुभकाल लगायत सम्पूर्ण शुभकार्यहरूको शुभमुहुर्त निर्धारण पनि ज्योतिषशास्त्रकै आधारमा गरिन्छ। भूत, वर्तमान र भविष्यको विवेचना एवं जन्मकुण्डलीको आधारमा शुभ-अशुभ फलहरूको वर्णन पनि ज्योतिषविद्याको महत्वपूर्ण विशेषता हो। यही शास्त्रको चिन्तन-मनन र अनुभववाट अहिले मानिसहरू विभिन्न ग्रह-उपग्रहहरूमा पुगेर त्यहाँको अध्ययन-अनुसन्धान गर्न सफल भएका छन्। यसर्थ सम्पूर्ण ज्ञानसागरको मूल आधार भएको रहस्यमय ज्योतिषशास्त्र मानवजातिका लागि अति महत्वपूर्ण छ।

सामान्यतया ज्योतिषशास्त्रलाई सिद्धान्त र फलित गरी दुई भागमा विभाजन गरिएको छ। सिद्धान्त ज्योतिषमा ग्रहहरूको गतिस्थिति, पञ्चाङ्गको साधना, विभिन्न यन्त्र-उपकरणहरूको निर्माण, अक्षांश देशान्तरको निर्धारण आदि विषयहरू अध्ययन गरिन्छन्। यसैगरि शुभकार्यहरूको मुहूर्त निर्धारण, जन्मकुण्डलीको आधारमा शुभाशुभ फलहरूको वर्णन, हस्तरेखासम्वन्धी विवेचना आदि कुराहरू फलित ज्योतिषका अध्ययन विषय हुन्। आजकाल पाश्चात्य देशहरूमा पनि विशेष अभिरुचिपूर्वक फलित ज्योतिषको अध्ययन-अनुसन्धान भइरहेको पाइन्छ। फलित ज्योतिष अर्न्तगत यात्रामुहूर्तका विषयमा पनि शास्त्रज्ञहरूले अनेकौ चर्चा-परिचर्चाहरू गरेका छन्। यात्रामुहूर्त सम्वन्धी केही विचारणीय पक्षलाई यहाँ देखाइन्छ।

एक ठाउँबाट अर्को ठाउँसम्म पैदल वा कुनै सवारी साधनद्वारा जाने कामलाई यात्रा भनिन्छ। कुनै अभीष्ट वस्तुको प्राप्ति वा अभिष्ट कार्यको सफलताको कामना गर्दै स्वस्थानबाट यात्रा प्रारम्भ गरिन्छ। यात्राको शुभ-मुहूर्त-निर्धारण सम्वन्धमा परापूर्वक कालदेखि मानिसहरूको अगाध श्रद्धा र विश्वास रहँदै आएको छ। यात्राको शुभकाल निर्णयको वारेमा ज्योतिषशास्त्रमा प्रशस्त व्याख्या-विश्लेषण गरिएको पाइन्छ। ज्योतिषशास्त्रमा अन्तरनिहित शुभयात्राको साइत हेर्ने एक सरल प्रस्तुतीकरण यस प्रकार छ।



आफ्नो आवश्यकता अनुसार कहिले पूर्वको यात्रा गरिन्छ त कहिले पश्चिमको, त्यसैगरी कुनै कालमा उत्तरको यात्रा त कुनै वखतमा दक्षिणको। प्रस्तुत तालिकाले प्रत्येक दिशाको यात्रा प्रारम्भ गर्नु अधिको विचारणीय पक्षलाई उजागर गर्दछ। अर्थात् विभिन्न दिशाविशेषको यात्रामा कुन-कुन तिथि, कुन-कुन वार र कुन-कुन नक्षत्रहरू निषेधित छन् भन्ने जिज्ञासालाई देखाइएको तालिकाले समाधान गर्दछ।

स्वस्थानवाट पूर्वको यात्रा गर्दा प्रतिपदा र नवमी तिथी, ज्येष्ठा नक्षत्र अनि सोमवार र शनिवार अशुभ हुन्छन्। अत यी तिथि, वार र नक्षत्रमा पूर्वतर्फको यात्रा उचित हुँदैन। त्यसैगरी षष्ठी र चतुर्दशी तिथि, रोहिणी नक्षत्र तथा आइतवार र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शुक्रवारलाई पश्चिम तर्फको यात्रामा निषेध गरिएको छ। यसैले फलदायी यात्राको कामना गर्ने यात्री यी तिथि, वार र नक्षत्रलाई छोडेर मात्र पश्चिमदिशाको यात्रामा सम्मिलित हुनुपर्दछ।

यही क्रमले जो यात्री मङ्गलमय यात्राको शुभेच्छा राख्दछ उसले उत्तरतर्फको यात्रा गर्दा द्वितीया र दशमी तिथि, उत्तरा फाल्गुनी नक्षत्र तथा मङ्गलवार र बुधवारलाई परित्याग गर्नुपर्दछ यसैगरी जो यात्री सुखद् र फलदायी यात्राको मनोकाङ्क्षा राख्दछ उसले दक्षिणदिशाको यात्रा गर्दा पञ्चमी र त्रयोदशी तिथि, धनिष्ठा, शतभिषा, पूर्वभाद्रपदा, उत्तराभाद्रपदा, रेवती यी नक्षत्रहरू साथै विहीवारलाई पनि छोड्नुपर्दछ। यसरी प्रत्येक दिशाको सन्दर्भमा निषेधित तिथि, वार र नक्षत्रलाई छोडेर अन्य तिथि, वार र नक्षत्रमा यात्रा गर्नु समुचित मानिएको छ। तर जुनसुकै दिशाको यात्रा भएता पनि यदि यात्रा शुभारम्भ गर्ने दिनमा आफ्नो जन्मनक्षत्र परेको छ भने त्यस दिनको यात्रा अशुभ हुन्छ। यसर्थ शुभयात्राको साइत जुराउँदा यात्रीले आफ्नो जन्म नक्षत्रलाई पनि पन्छाउनु पर्दछ।

यात्रा प्रारम्भकालका विभिन्न लक्षणहरूको आधारमा पनि यात्राको सफलता वा असफलताको अनुमान लगाउन सकिन्छ। यात्रा प्रारम्भकालमा यदि जलपूर्ण कलश, शंख-घण्टादिको गुञ्जायमान, गाइ, सौभाग्यवती स्त्री, कुमारीकन्या, धुवाँरहित प्रज्वलित अग्नि आदिको दर्शन हुन्छ भने यसलाई यात्रा सफलताको पूर्व सूचना मानिन्छ। यसैगरी ब्रह्मचारी, गुरु, ज्योतिषी, ब्राह्मण, आत्मीय मित्र लगायत दुध, दही, घ्यु आदि कुराको यात्रा प्रारम्भकालमा दर्शन मिल्दछ भने त्यो पनि अभीष्ट कार्य सिद्धिको पूर्व सङ्केत हो।

यात्रा प्रारंभको शिलशिलामा केही अशुभ लक्षणहरूको पनि उल्लेख गरिएको पाइन्छ। यात्रा प्रारम्भकालमा यदि मदोन्मत्त पागल मनुष्य, दुर्जन, व्याधा, रोगी, लंगडा, निर्वस्त्र मानव, आफ्नो वैरी, चोर, संस्कारहीन पतित व्यक्ति, गर्भिणी स्त्री, सर्प, भ्यागुता आदिको दर्शन पाइन्छ भने यिनीहरू यात्रा असफलताका लक्षण हुन्। त्यसैगरी रित्तो घडा, आगो लागिरहेको घर, कुकुर विरालाको युद्ध, कुवाक्य श्रवण, विरालो, गधा, भैंसी आदि चतुष्पद जनावरको दर्शन आदि पनि यात्रा असफलताका द्योतक मानिन्छन्। दुर्भाग्यवश यात्रा प्रारम्भकालमा यी वस्तुहरूको दर्शन भयो भने ज्योतिष शास्त्रअनुसार यिनलाई वाँया पारेर अघि बढ्नु उचित हुन्छ।

वारक्रमको रहस्यः

संसारभर सुप्रसिद्ध सातवारको वारेमा हामी सवै परिचित छौं। आइतवारपछि सोमवार, सोमवारपछि मंगलवार, मंगलवारपछि बुधवार, ... यही क्रमले सात वारहरूको परिभ्रमण हुने गर्दछ। यहाँ एकवारपछि क्रमवद्ध तवरबाट अर्कोवारको आगमन कसरी हुन्छ ? अर्थात् आइतवारपछि सोमवार कसरी आउँछ र सोमवारपछि पुनः मंगलवारको आगमन कसरी हुन्छ ? यो जिज्ञासाको अति रोमाञ्चक र चाखलाग्दो रहस्य यस प्रकार छ।

एक दिनमा २४ घण्टा हुन्छन् र प्रत्येक घण्टाको एउटा-एउटा स्वामीग्रह परिकल्पना गरिन्छ। यसरी दिनको पहिलो घण्टाको स्वामीग्रह जुन पर्दछ त्यही ग्रहको नामबाट त्यसदिनको नामाकरण गरिन्छ। यो विषयलाई तल प्रस्तुत तारा चित्रवाट स्पष्ट पार्न सकिन्छ।



यो ताराचित्रवाट शुक्रवारपछि शनिवारको आगमन कसरी हुन्छ भन्ने वारेमा प्रकाश पारिन्छ। शुक्रवारको दिन २४ घण्टामध्ये पहिलो घण्टाको मालिक शुक्र परेकोले त्यस दिनको नाम शुक्रवार रहेको हो। चित्र अनुसार त्यो दिन दोश्रो घण्टाको स्वामीग्रह वुध, तेस्रो घण्टाको सोम, चौथो घण्टाको शनि पर्दछन्। यही क्रमले पाँचौ घण्टाको स्वामीग्रह वृहस्पति, छैठौ घण्टाको मङ्गल, सातौ घण्टाको रवि पर्दछन्। पुनः यही क्रमवाट आठौं, नवौं, दशौं र एघारौं घण्टाका स्वामीग्रहहरूमा क्रमशः शुक्र, बुध, सोम, शनि आउँछन्। यो गणनाक्रमवाट चौविसौ घण्टाको स्वामीग्रह सोम पर्दछ भने पच्चिसौ घण्टाको स्वामी ग्रह चाँहि शनि पर्दछ। यहाँ पच्चिसौ घण्टा भनेको अर्को दिनको पहिलो घण्टा हो। यसरी दोस्रो दिन पहिलो घण्टाको मालिक शनि परेकोले त्यो दिनको नाम शनिवार हुन जान्छ।

पुनः शनिवारपछि रविवारको आगमन कसरी हुन्छ त ?

शनिबारको दिन पहिलो घण्टाको मालिक शनि, दोश्रो घण्टाको वृहस्पति, तेस्रो घण्टाको मंगल, चौथो घण्टाको रवि आदि पर्दछन्। यही क्रमवाट त्यो दिन चौविसौं घण्टाको मालिक मङ्गल पर्दछ र भोलिपल्ट पहिलो घण्टाको मालिक मङ्गल पर्दछ र भोलिपल्ट पहिलो घण्टाको मालिक रवि पर्न आउँछ। यसैको आधारमा त्यो दिनलाई रविवार वा आइतवार भनिन्छ। यही प्रक्रियावाट क्रमबद्ध तरीकाले एक वारपछि अर्को वारको आगमन हुने गर्दछ। हाल विश्वभर प्रचलित SUNDAY पछि MONDAY, MONDAY पछि TUESDAY आदिको क्रम पनि यसरी नै संभव हुन गएको हो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पूर्वजन्म एवं पुनर्जन्म 'सास्वत सत्य'

✍ रुद्रप्रसाद मिश्र

पूर्वजन्म र पुनर्जन्मको सम्बन्धमा संसारमा सामाजिक परम्परा अनुसार आ-आफ्नै धारण रहेको पाईन्छ। वर्तमान समयमा समाज भौतिक आडम्वरले आकण्ठ व्याप्त छ। प्रत्यक्षमा मात्र विश्वास गर्ने अवधारणाले गर्दा पूर्वजन्म र पुनर्जन्ममा विश्वास नगर्नेको संख्या वृद्धि हुँदैछ।

पूर्वजन्म भन्नाले वर्तमान अवस्थाको जीवन भन्दा पहिलेको जीवन लाई इङ्गित गर्दछ भने पुनर्जन्म भन्नाले वर्तमान अवस्थाको जीवन भन्दा पछिको जीवनलाई सूचित गर्दछ। अर्थात शरीर त्यागानन्तर प्राप्त हुने देहलाई जनाउँछ। पूर्वजन्म र प्राग्जन्म पर्यायवाची शब्द हुन भने पुनर्जन्मको अन्य नामहरूमा पुनर्भव, परलोक, प्रेत्यभाव आदि पर्दछन्। संसारमा पूर्वजन्म र पुनर्जन्मलाई स्वीकार्ने र नस्वीकार्ने गरी दुई भागमा विभाजन गरिएको पाइन्छ। आचार्य पाणिनिले "अस्ति नास्ति दिष्टं मतिः" यो सूत्रमा आस्तिक र नास्तिक शब्द सिद्ध गरेका छन्। भट्टोजिदीक्षितले तद्धित प्रकरणमा यस प्रकार उल्लेख गरेका छन्। 'अस्ति परलोक इत्येवं मतिर्यस्य स आस्तिकः। नास्तीति मतिर्यस्य स नास्तिकः'। वैदिकधर्मानुयायी (हिन्दू) हरू पूर्वजन्म एवं पुनर्जन्ममा दृढ विश्वास गर्दछन् भने अन्य धर्मका अनुयायीहरू विश्वास गर्दैनन्। ईशाई इस्लाम तथा अन्य धर्म भन्दा आफ्नो छुट्टै विशेषता कायम गर्न सफल हिन्दूधर्मको पहिचान पनि पूर्वजन्म एवं पुनर्जन्मको वास्तविकता उजागर गर्नु हो।

जसले पूर्वजन्म एवं पुनर्जन्मलाई स्वीकार्दछ उसलाई आस्तिक र जसले नकार्दछ उसलाई नास्तिक भनिने कुरा भट्टोजिदीक्षिको परिभाषावाट ज्ञान हुन्छ। चार्वाक जस्ता मतलाई नास्तिक मत भित्र राखिएको पाईन्छ। उनीहरूको विचारमा चेतनविशिष्ट देह नै आत्मा हो। यो भन्दा अन्य कुनै आत्मा छैन।

"तच्चैतन्यविशिष्ट देह एव आत्मा देहातिरिक्ते आत्मनि प्राणाभावात्"। यस मतको प्रमुख सिद्धान्त निम्न रहेको छ।

यावज्जीवेत् सुखं जीवेत् ऋणं कृत्वा घृतं पिबेत्।
भस्मीभूतस्य देहस्य पुनरागमनं कुतः। इति

अर्थात्-जवसम्म बाँच्छौ सुखपूर्वक बाँच। ऋण गरेर भए पनि घ्यू खाऊ। शरीर खरानी भए पछि पुनर्जन्म हुँदैन र ऋण तिर्नुपर्ने गुन्जायस पनि छैन। अत एव मनुले वैदिक सिद्धान्त नस्वीकार्ने मतलाई नास्तिक भनेका छन् - "नास्तिको वेदनिन्दकः" इति। यस्ता खालका पक्षलाई वेदले युक्तिसंगत एवं प्रामाणिक रूपमा खण्डन एवं परास्त गरेको छ। वैदिक सनातन धर्म परम्परामा आवद्ध समाजमा प्रचलित संस्कार, परम्परा, रीति, स्थिति, आचार, विचार, व्रत, पर्व, उत्सव आदि वेदमूलक छन् र उनीहरूको संस्कार आदि माथिको विश्वास पनि वेदप्रमाणित नै हो। वेदमा पुर्नजन्म सम्वन्धि विषय सूत्ररूपमा पाइन्छ। मन्त्रहरूले स्तुतिद्वारा पुर्नजन्ममा सफलताको कामना गरेका छन् र सत्कर्मद्वारा सफलता प्राप्त गर्न निर्देश दिएका छन्। उपनिषद्हरूमा यसको विकसित रूप देख्न पाईन्छ। उपनिषद्मा पुनर्जन्म सम्बन्धि निःसन्देह वकालत र तत्सम्वन्धी कथाहरू पढ्न पाइन्छ। स्मृति, पुराण, गीता आदि ग्रन्थहरूमा पुष्पित, पल्लवित एवं विकसित धारणाले कथा, उपदेश र उदाहरणको माध्यमद्वारा मानिसलाई सँधै सन्मार्ग, सदाचार र कर्तव्यपथमा लाग्न प्रेरित गरेको छ।

वेदले प्राणीमात्र नभएर सूर्य, चन्द्र, द्युलोक, पृथिवीलोक, अन्तरिक्षलोक, महर्लोक आदि पूर्वकल्प अनुसार नै परमात्माले सृष्टि गरेको तथ्य यसरी प्रस्तुत गरेको छ।

ॐ ऋतञ्च सत्यञ्चाभीद्धात्तपसोऽध्यजायत....अहो रात्राणि विदधद् विश्वस्य मिषतो वशी।
सूर्याचन्द्रमसौधाता यथापूर्वमकल्पयत्। दिवञ्च पृथिवीञ्चान्तरिक्षमथो स्वः। ऋ.८-८-४८

भावार्थः-(महाप्रलय भन्दा पछि यो महाकल्पको आरम्भमा) सवप्रकारले देदीप्यमान परमात्मावाट सत्सङ्कल्प एवं सत्यको उत्पत्ति भयो। उनै प्रकाशमान परमात्मावाट रात-दिनलाई धारण गर्ने कालस्वरूप सम्वत्सरको आविर्भाव भयो जसले स्थावर एवं जंगमलाई आफ्नो अधीनमा राखेको छ। त्यस पछि संसारको धारण गर्ने परमात्माले सूर्य, चन्द्र, स्वर्ग, पृथिवी, अन्तरिक्ष एवं महर्लोक आदिको पनि पूर्वकल्पकै अनुसार सृष्टि गर्नुभयो। त्यस्तै पुनर्जन्म सम्वन्धी प्रार्थना निम्न मन्त्रमा ऋग्वेदमानै यसरी प्रस्तुत गरिएको छ।

असुनीते पुनरस्मासु चक्षुः पुनः प्राणमिह नो धेहि भोगम्।
ज्योक् पश्येम सूर्यमुच्चरन्तः मनुमते मृड्या नः स्वस्ति।
पुनर्नो असुं पृथिवी ददातु पुनर्द्यौ देवी पुनरन्तरिक्षम्।
पुनर्नः सोमस्तन्वं ददातु पूषा पथ्यां या स्वस्तिः।

उक्त मन्त्रमा "असुनीति" शब्दले परमात्मालाई वुझाएको छ र पुनर्जन्म सफलको प्रार्थना गरिएको छ। भावार्थ यस प्रकार रहेको छ - वर्तमान देहत्यागानन्तर जव म अन्य देह धारण गर्न पुग्दछु तव मेरो शरीरमा हे परमात्मा! दृष्टिशक्ति, प्राणशक्ति धारण गराउनुहोस्। भौतिक सुविधाको भोग उपभोग गर्न सक्ने क्षमाता दिनुहोस्। लामो समय सम्म उदाउदै गरेको सूर्यलाई देख्न सकौं अर्थात् सुदीर्घ जीवन जीउन सकौं। सद्विवेक, वुद्धिद्वारा म सुखी वनौं।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

म मरणानन्तर अर्को देह धारणगर्दा पृथिवीलोक, द्युलोक र अन्तरिक्षलोकले मलाई प्राणशक्ति प्रदान गरुन्, वायुदेव पुष्टि प्रदान गरुन्। वाक्शक्ति वाणी प्रदान गरुन् र परमात्मा उक्त सवै शक्तिले सम्पुष्ट शरीर प्रदान गरुन्। ऋग्वेदको विभिन्न मण्डलमा यस्ता उदाहरण प्रशस्त रूपमा अध्ययन गर्न पाइन्छ। मृत्यु पश्चात् यो - पाञ्चभौतिक शरीर पञ्चतत्वमा लीन भएपछि जीवात्मा वाँकी रहन्छ र त्यो स्वकर्मको वशीभूत भएर अर्को देह धारण गर्न पुग्दछ भन्ने धारणा पनि ऋग्वेदमा पाइन्छ। शुक्लयजुर्वेदको १२औं अध्यायको कतिपय मन्त्रको अध्ययनबाट पनि लता, गुल्म, वृक्ष आदि हुँदै शरीर धारण गर्ने प्रक्रिया जान्न सकिन्छ।

अप्स्वग्ने सधिष्ठव सौषधीरनु रुध्यसे। गर्भे सन् जायसे पुनः।

अर्थात् जुन जीवले शरीर त्याग गर्छ उ जल औषधी लता वृक्ष आदिमा भ्रमण गर्दै गर्भाशयमा प्रवेश गरी निर्धारित समय भित्र शरीर-धारण गरी प्रकट हुन्छ। यो मन्त्रको अग्निपरक अर्थ पनि लाग्दछ। त्यस्तै *"गर्भोऽअस्योषधीनां गर्भो व्वनस्पतीनाम् .... । तथा प्रसद्य भस्मना ...."* आदि मन्त्रहरूमा पुनर्जन्म सम्बन्धी उल्लेख पर्याप्त रूपमा प्राप्त गर्न सकिन्छ।

व्राह्मणग्रन्थका साथै उपनिषद्ग्रन्थहरूमा पनि यस विषयमा पर्याप्त प्रमाण पाउँन सकिन्छ। दृश्यमान जगतको पदार्थमा अत्यधिक आशक्ति वढ्नाले जीवलाई भूमिको आकर्षण नै वढी हुन्छ र वारंवार जन्मने र मर्ने फन्दामा पार्दछ। छान्दोग्योपनिषद्मा- *"जायस्व-म्रियस्व"* भनेर यसैलाई संकेत गरिएको छ। कठोपनिषद्को यम र नचिकेताको संवादले पनि पुनर्जन्मलाई दृढ समर्थन गरेको छ। विभिन्न योनीमा जन्मनुको कारण माथि प्रकाश पार्दै मनुस्मृतिमा भनिएको छ।

शरीरजैः कर्मदोषैःयाति स्थावरतां नरः।
वाचिकैः पक्षिमृगतां मानसैरन्त्यजातिताम्॥

अर्थात्-चोरी डकैति व्यभिचार आदि शारीरिक कर्मदोष बाट मनुष्य वृक्ष, लता आदि स्थावर योनीमा जन्मन पुग्दछ। वचनद्वारा गरिएको पापकर्मद्वारा चरा-चुरुङ्गी, मृग आदि पशु-पक्षीको शरीर धारण गर्न पुग्दछ भने मनद्वारा गरिएको असत्कार्य द्वारा अर्को जन्ममा मानिस चाण्डालादिको शरीर धारण गर्न पुग्दछ।

देवत्वं सात्विका यान्ति मनुष्यत्वं च राजसाः।
तिर्यक्त्वं तामसाः नित्यमित्येषा त्रिविधागतिः॥

सात्विक गुण सम्पन्न मानिस देवयोनिमा जन्मन पुग्दछ भने रजोगुणी व्यक्ति मानवशरीर धारण गर्न पुग्दछ। तमोगुणी व्यक्ति तिर्यक् योनिमा जन्मन पुग्दछ। गुणको आधारमा जन्मने प्रक्रिया पनि मनुले नै वताएका छन्। श्रीमद्भागवतको पञ्चम स्कन्धमा वर्णित भरतोपाख्यानले पूर्वजन्म र पुनर्जन्मलाई प्रष्टरूपमा देखाएको छ। रहूगण राजालाई उपदेश दिने क्रममा जडभरतजी आफ्नो पूर्वजन्मको वृत्तान्त यसरी सुनाउनु हुन्छ।

अहं पुरा भरतोनामराजा विमुक्तदृष्टश्रुतसङ्गबन्धः।
आराधनं भगवत इहमानो मृगोऽभवं मृगसङ्गाद्धतार्थः॥

अर्थात्-पूर्वजन्ममा म भरतनाम गरेको राज थिएँ। ऐहिक एवं पारलौकिक विषयवाट विरक्त भएर भगवानको आराधनामा लागेको थिएँ। तर पनि एउटा मृगमा आशक्ति हुनाले मलाई परमार्थबाट भ्रष्ट भएर अर्को जन्ममा मृग भएर जन्मनु पर्‍यो। किन्तु भगवान्को आराधनाको प्रभाववाट मृगयोनिमा पनि मलाई पूर्वजन्मको विस्मृति भएन। यसबाट के बुझ्न सकिन्छ भने पूर्वजन्म र पुनर्जन्म प्रत्येक प्राणीको हुन्छ। अन्यान्य पुराणहरूमा पनि यस्ता उदाहरण प्रशस्त रूपमा पाइन्छ। श्रीमद्भगवद्गीताको प्रत्येक श्लोकले पूर्वजन्म र पुनर्जन्मको वकालत गरेको छ।

जस्तैः *जातस्य हि ध्रुवोमृत्युर्ध्रुवं जन्म मृतस्य च॥*
वासांसि जीर्णानि यथा विहाय नवानि गृहणाति नरोऽपराणि।
तथा शरीराणि विहाय जीर्णान्यन्यानि संयाति नवानि देही॥
देहिनोऽस्मिन् यथा देहे कोमारं यौवनं जरा।
तथा देहान्तरप्राप्तिर्धीरस्तत्र न मुहयति॥ इत्यादि

गीताको प्रमुख सन्देश सत्कर्मद्वारा अर्को जन्ममा पनि उत्कृष्ट जीवन विताउनु हो। असत्कार्यद्वारा दुःखमय योनीमा जन्मनुपर्ने र आपत् विपतको सामना गर्नुपर्ने उल्लेख गीतामा रहेको छ।

यस विषयमा अन्य उदाहरणः-

सन्सारमा यस्तो प्राणी छैन जसले दुःखको चाहना राखोस् र दुःखबाट वच्ने उपाय नखोजोस्। प्राणी-घर, परिवार, मित्र, समाज, गुरु शास्त्र आदिले नसिकाईकन पनि स्वभावतः मृत्यु-डर, त्रास, शोक दुःख, कष्ट आदिवाट टाढा रहन चाहन्छ र उसको यी माथि अरुचि रहेको पाइन्छ। जन्मदेखि मृत्यु पर्यन्त दुःखले पिछा गर्न छोड्दैन र दुःखबाट छुट्ने उपायको अन्वेषणले पनि विराम लिएको हुदैंन। अव यो दुःखको कारण के हो ? शरीरको साथै दुःख पनि उत्पन्न हुन्छ। संयोग-वियोग, रोग, शोक, भोग, अनुकुल, प्रतिकुल आदि शरीरसँग नै सम्बन्धित छन्। संसारमा देखिने अर्को वास्तविकता कोही अति नै धनवान्, वुद्धिमान्, शक्तिमान् र कोही दुःखी, वुद्धिविहीन, कंगाल, अशक्त हो। तर कसैले पनि म दुःखी, मुर्ख, कंगाल वनुं भनेर चाहदैन। अनेक उपाय सहयोग आदि द्वारा पनि कसैले सफलता पाउन सक्तैनन्। यसमा कुनै कारण त हुनै पर्छ। कारण विना

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कार्य हुन सक्दैन । यसमा प्रत्यक्षवादीहरू समाजिक आर्थिक भौगोलिक प्राकृतिक आदि कारण मान्लान् तर यो मात्र यसमा समाधानको उपाय हुन सक्दैन । यसमा हामीले स्वयं कृतकर्म र तज्जन्यफललाई कारण मान्नु पर्ने हुन्छ । केही कर्म शीघ्रफलदायी हुन्छ भने केही कालान्तरमा फल दिने हुन्छ । कर्मद्वारा बनेको संस्कारले उसको जीवनलाई निर्देश गर्दछ । सफलता-असफलता सुख दुःख आपत्ति विपत्ति आदि कर्मको नै खेल हो । चाहे राम्रो होस् या नराम्रो कर्मकर्ताले स्वयंकृतकर्म भोग्नै पर्छ । जबसम्म कर्मजन्यफलोपभोग गरिदैन तवसम्म संस्कार रूपमा यी कर्मरहीरहन्छ । "नामुक्तं क्षीयते कर्म कल्पकोटिशतैरपि" यस सिद्धान्तलाई प्रायः सवै दर्शनले स्वीकारेका छन् । यसमा यो प्रश्न उठ्न सक्छ कि भर्खरै गर्भबाट निस्केका केही बालकहरूमा जन्मतः स्वस्थ, सुन्दर, स्तनपान गर्ने सामर्थ्य रहन्छ भने कोही रोगी माताको स्तनपान गर्न समेत असमर्थ हुन्छन् । यसलाई पनि कर्मकै टाउकोमा थुपार्न मिल्ला र ? यी बालकले कस्तो कर्म गरेका थिए जसको फल उनीहरू भोग्दैछन्? यसमा यो भन्न सकिन्छ कि उनीहरू यस समयमा भलै काम गर्न नसक्ने होउन तर जति वेला उनीहरू कर्म गर्न सक्दथे त्यति वेला त गरे । त्यही फल आज उनीहरू भोग्दैछन् । अतः पुनर्जन्मलाई मान्नु पर्ने हुन्छ । अनुमान आदि प्रमाणद्वारा प्रमाणित पूर्वजन्मकृत एवं दुष्कृत कर्मको परिणाम नै सुख र दुःखलाई मान्नु पर्छ जसलाई नवजात शिशुले पनि भोग्न पुग्दछ ।

नवजात शिशु बोलचाल, उठ्न वस्न केही गर्न पनि सक्दैन । उसलाई कुनै पनि प्रकारले सम्झाउन र बुझाउन पनि सकिदैंन । उसलाई दूध खानुपर्छ, दुध नखाए जीउन सकिदैंन र दूध यसरी खानुपर्छ भनेर बुझाउन त सकिदैंन । तर उसलाई कुनै पनि सम्झाई र बुझाईको आवश्यक्ता पर्दैन । मुखमा स्तन पर्नासाथ उ आफसे आफ स्तनपान गर्न थाल्दछ । यदि पूर्वजन्ममा गरेको स्तनपानको संस्कार नभए उसमा यो स्तनपानको प्रवृत्ति कहाँबाट आयो ? पूर्वजन्ममा गरिएका कर्मद्वारा बनेको संस्कार चित्तमा सुसुप्तावस्थामा रहन्छ तदनुकुल वातावरण पाउनासाथ उद्भूत हुन्छ र आफ्नो प्रति क्रिया देखाउँछ । जो पूर्वजन्म र पुनर्जन्ममा विश्वास राख्दैनन् उनीहरूलाई यो प्रश्न गर्न सकिन्छ कि यौटा बालक छ महिना पछि धेरै प्रयत्नमा बल्ल बस्न सक्ने हुन्छ तर गाई, भैसी, वाखा आदिको वच्चा जन्मेको केही समयमा नै हिड्न, दौडिन उफ्रिन थाल्दछ अव भन्नुस- यिनीहरूलाई उक्त क्रियाकलाप कसले सिकायो ? चराको वच्चालाई यसरी उड्न पर्छ भनेर कसले शिक्षा दियो । राजहाँसलाई नीरक्षीर, विवेकी वन्न कसले पढायो ? बाघको नवशिशुलाई हरिणशावकमाथि आक्रमण गर्नुपर्छ भनेर कसले प्रशिक्षण दियो ? यसको समाधान स्वभाव प्रकृति अथवा वातावरण भनेर सन्तोष मान्ने ठाउँ छैन । सन्तोषजनक समाधान त्यो हो जव प्राग्जन्मलाई स्वीकारिन्छ । गाई भैसी बाखा आदिको वच्चा यो जन्ममा मात्र गाई भैसी आदि बनेको होइन । पहिले पनि यस्ता चौपायाको जन्म विताई सकेका थिए र उफ्रिने दौडने आदि अभ्यास अन्तः करणमा थियो । तदनुरूप वातावरणको संयोगले गर्दा यी क्रिया गर्न सकेका हुन् । एक चोटी घिऊ अथवा तेल राखिएको काठको भाँडो घिउ तेल अन्यत्र भाँडामा राखेर तातो पानी सावुन आदि चिल्लो निवारक पदार्थले सफा गर्दा तत्काल सफा होला र चिल्लो छैन भन्ने भान पनि होला तर त्यो भाँडो यदि आगोको नगीच अथवा घाममा सुकाउदा त्यसबाट चिल्लो पदार्थ जसरी निस्कन्छ (रसाउछ) त्यसरी नै अन्तः करणमा रहेको पूर्वजन्मकृत कर्म जनित संस्कार अनुकुल परिस्थिति भेट्टाउनासाथ उद्भूत हुन्छ ।

जन्मको कारण स्त्रीपुरुषको संयोग मान्ने धारणा पनि रहेको पाइन्छ । यदि यसो हो भने समान रूप समान आयु बानी व्यवहार आचार विचार आदि पनि समान हुनु पर्ने ? तर यस्तो देखिदैन । यो त देशको जलवायु, प्राकृतिक, भौगोलिक अवस्था खान पान आर्थिक सामाजिक कारण आदिले गर्दा वैपरीत्य भएको हो भन्ने हो भने जन्मतः अन्धो, लाटो, वहिरोको कारण के हो ? यो त माता पिताको रजो वीर्य दोष मान्ने हो भने जेठो दाजु रूप गुण शील सम्पन्न वहिनी पनि रूपवती, गुणवती, शीलवती, बुद्धिमती तर माहिलो छोरो जन्मतः अन्धो मुर्ख र दुर्गुणी अव यसलाई उक्त कारण मान्न मिल्ला र ? अतः स्वतः प्राग्जन्ममा आफूद्वारा गरिएको कर्मको फल स्वीकार गर्नुपर्ने हुन्छ । कर्मकै विषयमा चर्चा गर्दा कर्म पनि स्वतन्त्र रूपले फल दिन सक्दैन किन भने कर्म स्वयं जड हो । समाजमा पनि सेवा, नोकरी व्यापार, व्यवसाय, उद्योग इत्यादि कर्म स्वतन्त्र रूपमा फल दिन सक्दैनन् तर कुनै नियन्त्रक, मालिक, हाकिम, ग्राहक आदिद्वारा फल दिन्छन् । तपाई कसैको सेवा गर्नुहुन्छ भने त्यो सेवाले तपाइलाई फल दिन सक्दैन तर तपाईको मालिक वा स्वामी काम अनुरूप फल पैसाको रूपमा दिन्छ । अतः एक "कर्मफलदाता" हामीले मान्नुपर्छ । जसरी विद्यालय, संस्थान, सरकारी कार्यालय, आदि स्थानमा कार्यरत मालिकहरू आफ्नो अधिनम रही काम गर्ने कर्मचारीलाई राम्रो संग चिन्दछन् र उनीहरले गर्ने काम पनि वुझ्दछन् । काम अनुसार फल पनि नियम पूर्वक वितरण गर्दछन् । यो ब्रह्माण्डको अनन्ततालाई वैज्ञानिकहरूले पनि स्वीकारी सकेका छन् (जव की वेदले यसलाई सृष्टिको आदिमा नै बताएको थियो) । चन्द्रलोक सूर्यलोक तथा अन्य ग्रहपिण्ड सम्बन्धि अध्ययन वैज्ञानिकहरूले पर्याप्त रूपमा गरी सकेका छन् । यो संसार जस्तै अन्य संसार पनि संभव भएको मत उनीहरूको रहेको छ । एक एक ब्रह्माण्डमा अनन्त जीव रहन्छन् जसको ज्ञान कुनै पनि वैज्ञानिकलाई हुन असम्भव छ । मनुष्य, पशु, पक्षी आदिको गणना केही रूपमा भए ता पनि कीरा फट्यांग्रा आदि जलचर थलचर प्राणीको गणना गर्न सम्भव छैन ।

हाम्रो देशको विभिन्न स्थानमा चैत वैशाख तिर छिचिमिरा नामको कीरा पाइन्छ । त्यो वेलुका हज्जारौंको रूपमा निस्कन्छ र विहान नहुँदै मरिसक्छ । वर्षाको समयमा सडकको वत्तिमुनी हज्जारौं पुतली देखिन्छ र विहान नहुँदै मरिसकेको हुन्छ । अव यिनको गणना खान पान आनी बानी आदि जान्न सकिन्छ र ? तर यी सव कार्य नियमित व्यवस्थित र अत्यन्त स्वाभाविक हुन्छ । अव यसको आधारमा हामीले एक सर्वज्ञ नियामक व्यवस्थापकको कल्पना गर्नु वाध्यता हो । अन्यथा कसले यी जिवलाई एक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नियमित समयमा उत्पन्न गऱ्यो जीवन प्रदान गऱ्यो र कराल कालको मुखमा होमिदियो। यसमा अन्य जति सुकै तर्क वितर्क गरेपनि यसको पूर्ण समाधानका लागि हामिले ईश्वरको सत्ता समर्थता र सर्वज्ञतालाई स्वीकार्नु पर्छ। सम्पूर्ण जीव जगतलाई कर्म अनुसार फल प्रदान गर्ने ईश्वर पुनर्जन्म दिन्छन् र कर्मानुसार सुख दुःखरूप फल पनि प्रदान गर्दछन्।

सिख धर्मगुरु श्री गुरु गोविन्द पनि जीवात्माको पुनर्जन्म लाई निः सन्देहरूपमा स्वीकार्दछन्। उनले विचित्र नाटकमा आफ्नो पुनर्जन्म ईश्वरको प्रेरणाद्वारा दुष्टको संहारका निमित्त भएको स्वीकारेका छन्। जैनधर्मले पनि पुनर्जन्मलाई अकाट्य रूपमा ग्रहण गरेको छ। वौद्धधर्ममा अहिंसा र सत्यलाई प्रमुख स्थान दिइएको छ। कुनै पनि अनीश्वरवादी एवं अनात्मवादी अहिंसालाई प्रमुख स्थान दिदैन। कर्मफल र पुनर्जन्ममा विश्वास राख्ने व्यक्ति नै अहिंसक, परोपकारी एवं दयावन् हुन्छ। धम्मपदमा परलोक सम्बन्धी बुद्धका वचनहरू पढ्न पाइन्छ। बुद्धले पाप-पुण्य, कर्मफल, पुनर्जन्म आदिको विषयमा प्रष्ट अभिमत व्यक्त गरेका छन्। मिथ्यावादी, दुराचारी व्यक्तिहरू दुःखदायी योन्रीमा जन्मलिन पुग्दछन् र स्वकर्मोपार्जित फल पनि भोग्दछन्। वौद्धधर्मको जातक ग्रन्थमा बुद्धको अनेक जन्मको घटनाहरू पढ्न पाईन्छ। अतः के भन्न सकिन्छ भने बौद्ध धर्ममा पुनर्जन्म एवं स्वकर्मोपार्जित फल भोगलाई निः सन्देह रूपमा स्वीकारिएको छ। संस्कृत साहिंत्यको परम्परालाई नियाल्दा साहित्यक्षेत्रमा प्रतिभासम्पन्न महाकविहरूले यस विषयलाई अत्यन्तै सहज रूपमा स्वीकारेको पाइन्छ। कविकुलगुरु महाकवि कालिदासले आफ्नो अमर कृति रघुवंश महाकाव्यको सातौ सर्गमा वर्णित अज र इन्दुमतिको स्वयंवर प्रसङ्गको १५औं पद्यलाई लिन सकिन्छ।

रतिस्मरौ नूनमिमावभूतां राज्ञां सहस्रेषु तथा हि बाला
गतेयमात्मप्रतिरूपमेव मनो हि जन्मान्तरसंगतिज्ञम्॥

अर्थात्-यी इन्दुमति र अज पूर्वजन्ममा रति र कामदेव नै थिए। यसै कारण हजारौं राजकुमारको विच इन्दुमतिले अजलाई नै आफ्नो सुयोग्य वरको रूपमा वरण गरिन्। अतः मनले पूर्वजन्मको सम्वन्धलाई राम्रो सँग जान्दछ भन्ने कुरा प्रमाणित हुन्छ। महाकवि श्रीहर्ष भवभूति, माघ, भारवि जस्ता सुरभारतीसाधकले पनि आफ्ना कृतिमा प्राग्जन्म एवं पुनर्जन्मलाई प्रष्ट्याएका छन्।

घटनाहरूः

पुण्यभूमी नेपाललाई आफ्नो जन्मद्वारा धन्य बनाएका महापुरुषहरू धेरैछन्। त्यस्ता महापुरुष सँग शीक्षा दीक्षा पाएका र उनीहरूको अलौकिक लीलाको प्रत्यक्ष अनुभव गरेका वृद्ध पुरुषहरू धेरै छन्। त्यस्ता महापुरुषहरूको जीवन चरित्रमा लेखिएंको र प्रत्यक्ष भोगीहरूको मुखवाट सुनिएको विषयलाई यहाँ संक्षेपमा उल्लेख गर्नु पनि मैले सान्दर्भिक ठानेको छु।

अर्घाखाँची जिल्लाको वामुक भन्ने ठाँऊमा जन्मिएका शशीधर स्वामी त्रिकालदर्शी सिद्धिपुरुष थिए। उनी "रणवहादुर शाह" का गुरूपनि थिए। उनमा अलौकिक सिद्धि थियो जुन सिद्धिद्वारा स्वामी खन गा.वि.स. स्थित वनका ओडारहरूमा वाघको स्वरूप धारण गरेर घुम्दथे। उनको तपस्थली प्रसिद्ध सिद्धभूमी रेसुङ्गा हो। उनी आफ्ना भक्तहरूलाई भविष्यमा आईपर्ने दुःख वाधा कष्ट वताईदिन्थे र त्यसबाट सजिलै पार पाउन उपाय पनि वताइ दिन्थे। आज पनि त्यस क्षेत्रका जनसमुदाय यो भनाईमा विश्वास गर्छन् र शशीधर स्वामीको नाम वडो आदर एवं भक्तिका साथ लिन्छन्। यस्तै रेसुङ्गाकै अर्का स्वामी यदुकानन्दको वारेमा पनि जन विश्वास पाइन्छ। काठमाण्डौको कलङ्कीमा जन्मिएका यदुकानन्दले रेसुङ्गालाई नै तपस्थली बनाई अलौकिक सिद्धि प्राप्त गरेका थिए। नारायणावतार स्वर्गद्वारी महाप्रभुका वारेमा पनि देहान्तरका अनगिन्ति घटनाहरू भक्तिरस पूरित हार्दिक भावनाका धनी भक्तहरूले प्रत्यक्ष अनुभ गरेका छन्। त्रिकालदर्शी महाप्रभु साक्षात् यज्ञावतार हुनुहुन्थ्यो। उहाको जीवनकालमा संकटवाट अगणित मानिसहरूको जीवन संरक्षण भएको प्रमाण छन्। त्यसको प्रत्यक्ष अनुभव गर्न अहिले पनि स्वर्गद्वारी जान सकिन्छ। वालागुरु षडानन्द एक यस्तै सिद्ध महापुरुष थिए।

निष्कर्षमा भन्नुपर्दा हामी जतिसुकै भौतिक आडम्बरमा रङ्गिए पनि जीवनको वास्तविकतालाई बुझ्न कहिल्यै पछि पर्नु हुँदैन। जीवनको गहिराईमा पुगेर आफूलाई चिहाउने दर्शन पूर्वीय दर्शननै हो। यसले आत्माको अमरत्वलाई आफ्नो मूल विषय वनाएको छ। दृश्यमान जगतको अन्त्य अवश्यंभावी छ र अन्त्यको आदि पनि अवश्य छ। हामीले यो बुझ्न अन्त कतै जानु पर्दैन। कुनै शास्त्रव्याख्यानकुशलको पछाडि पनि लाग्नु पर्दैन। आफ्नो नगीजको प्रकृति, वातावरण, जीवन र जगतको परिवर्तन आदिलाई बुझ्न अन्त कतै जानु पर्दैन। कुनै शास्त्रव्याख्यानकुशलको पछाडि पनि लाग्नु पर्दैन। आफ्नो नजीकको प्रकृति, वातावरण, जीवन र जगतको परिवर्तन आदिलाई बुझ्ने चेष्टा गऱ्यौं भने पुग्दछ। वेदप्रतिपादित दर्शन, मार्ग र निर्देशले यो जीवन धन्य वनाउन सकियो भने जन्म सफल मान्नु पर्दछ। जसले जीवन जगतको एकपक्षलाई मात्र हेरेको हुन्छ वर्तमानको मात्र विमर्श गरेको हुन्छ, वास्तवमा त्यो निरस मस्तिष्कवाला हो र जड नै हो।

"इति शम्"

सन्दर्भ सामग्रीः

१. ऋग्वेद- स्वामी दयानन्द।
२. यजुर्वेद- स्वामी दयानन्द।
३. मनुस्मृति।
४. रघुवंश- महाकवि कालिदास।
५. गीता, भागवत इत्यादि।
६. कल्याण-गीताप्रेस, गोरखपुर।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वेदोऽखिलो धर्ममूलम्

✍ विष्णुप्रसाद पोखरेल

यस धरातलमा अनादि काल देखि विभिन्न प्रकारका सभ्यताहरू विकसित हुँदै आइरहेका छन्। यी सभ्यताहरूको प्रारूप कहांबाट कसरी भयो भन्ने वुभ्नका लागि हामीले इतिहासलाई केलाउँदै पौराणिककाल वैदिक र उत्तर वैदिककाल सम्म पुग्नु पर्ने देखिन्छ। त्यहींबाट हामीले हाम्रो सभ्यता र मौलिकतालाई चियाउन सक्छौं।

वेद हाम्रो मात्र नभएर सम्पूर्ण मानव धर्म संस्कृतिको अजस्र स्रोत हो भन्नुमा अत्युक्ति नहोला। वेदले भूत, वर्तमान र भविष्यलाई मार्गनिर्देशन गर्दै अजस्र ज्ञान प्रवाहित गरिराखेको छ। यस्तो ज्ञान गङ्गालाई साक्षात् परमेश्वरको वाणी भनिएको छ। 'ब्रह्ममुखात् निसृतो वेदः' अर्थात् ब्रह्माको मुखबाट श्वास-प्रश्वासका रूपमा निस्किएको वेदलाई अपौरुषेय वेद भनेर हाम्रा महर्षिहरूले भनेका छन्। अनादि काल देखि यसरी श्रुति परम्परा अनुसार अगाडि बढिरहेको वेदलाई द्वापर युगको अन्त्यमा आएर कलियुगका मानिसहरू मन्दवुद्धिका हुनेर यस्ता मनुष्यले समग्र वेदाध्ययन गर्न नसक्ने तथ्यलाई विचार गरी भगवान वेद व्यासले वेदलाई ४ भागमा विभाजन गरेको तथ्य प्रमाणित हुन आँउछ। यसरी विभाजन गरिएको चार वेदलाई व्यासले क्रमशः पैल, वैशम्पायन, सुमन्तु, जैमिनि शिष्यहरूलाई ऋग्-यजुः-साम र अथर्ववेद अध्यापन गराउन थाल्नु भयो। यी चार शिष्यले आफ्ना शिष्यहरूलाई पढाउन थाले यसरी शिष्य प्रशिष्य हुँदै अगाडि वढेको वेदको ११३१ काण्व-माध्यान्दिनीय आदि गरेका शाखा थिए भन्ने कुरा पाणिनिले वताएका छन्।

वैशम्पायन नाम गरेका ऋषिवाट यजुर्वेदको संरक्षण भएको पाइन्छ यजुर्वेदको शाखाका दुई सम्प्रदाय देखिन्छन्-आदित्य सम्प्रदाय र व्रह्म सम्प्रदाय। मुनि याज्ञवल्क्यलाई आदित्य सम्प्रदाय प्रवर्तकका रूपमा लिइन्छ। यजुर्वेदका कृष्ण र शुक्ल गरेर दुई भेद पाइन्छन्। याज्ञवल्क्यद्वारा भगवान सूर्यको आराधनावाट प्राप्त भएको हुनाले यसलाई शुक्लयजुर्वेद भनिएको हो।

वेदमा पद्यात्मक, गेयात्मक र गद्यात्मक ऋचाहरूको प्रयोग भएको देखिन्छ। पद्यात्मक अन्र्तगत ऋग्वेदादिलाई लिइन्छ भने गेयात्मक अर्न्तगत सामवेदलाई लिइन्छ। त्यस्तै गरेर गद्यात्मक अन्तर्गत यजुर्वेद तथा शतपथ व्राह्मण आदि गरिएका ग्रन्थलाई लिइन्छ। यजुर्वेदको अध्ययन परम्परामा अष्ट विकृति सहित अध्ययन गर्ने परम्परा पाइन्छ। वेदले प्रतिपादन गरेको यज्ञलाई श्रौतयाग भनिन्छ भने स्मृति र पुराणले प्रतिपादन गरेको यज्ञलाई लौकिक यज्ञ भनिन्छ।

आर्यावर्तको यस उत्तराखण्डमा प्राचीनकालदेखि नै शुक्ल यजुर्वेदको साधना एवं अध्ययन अध्यापनको परम्परा रहेको पाइन्छ। यही वेदका आधारमा जन्मदेखि मृत्यु सम्मका षोडश संस्कार र नित्य नैमित्तिक काम्यकर्म सम्पादन गर्ने गरिन्छ। विशेषतः नेपालको परम्परा संहिता अध्ययन अध्यापनमा नै सिमित रहेको देखिन्छ।

अर्थज्ञानका लागि मन्त्र कुन ऋषिले देखेका हुन्, कुन छन्दसंग सम्वन्धित छ, कुन देवता हुन्, कुन प्रयोजनका लागि हो आदि ज्ञानहुनु आवश्यक छ। असल ज्ञानको प्राप्ति र अज्ञानको नष्टका लागि अलौकिक उपायलाई उजागर गर्ने कुरा वेदले बताएको छ। त्यो मानवका लागि कल्याणप्रद छ। परमेश्वरको साक्षात वाणीका रूपमा परापूर्व वैदिककाल, पौराणिककाल, आधुनिककाल हुँदै भविष्यमा पनि सम्पूर्ण सभ्यता, धर्म, संस्कृतिको मूलका रूपमा यस धरामा फैलिरहने यस अमूल्य निधिको संरक्षण, संवर्धन, प्रचार-प्रसार गर्दै यस्ता ज्ञानभण्डारलाई सर्वत्र फिंजाई 'वसुधैव कुटुम्वकम्' को भावनालाई उजागर गर्नु नै श्रुतिको उपादेयता हो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तन्त्र दिग्दर्शन

✍ फविन्द्रराज ज्ञवाली

प्रस्तुत लेखको आलोच्य विषय रहेको छ - तान्त्रिक दर्शन। यद्यपि तन्त्रशास्त्रको विश्लेषण धेरै दृष्टिकोणवाट गर्न सकिन्छ तर यहाँ केवल शैवागमको द्वैत दृष्टिवाट तत्व र सम्प्रदायको सामान्य दिग्दर्शन गरिने छ। प्रसंगवश द्वैत शैवागमको कुरा उठ्दा कामिकागम, रौरवागम, स्वायम्भुवागम, मृगेन्द्रागम आदि आगम एवम् अघोरशिव, संद्योजात, रामकण्ठ, नारायणकण्ठ आदि शिवाचार्यका नामोल्लेख गर्नु आवश्यक छ जसका प्रकरण ग्रन्थरूपमा द्वैत शैवसिद्धान्तको विशेष वर्णन पाइन्छ। द्वैत शिवाचार्यरूपका दृष्टिमा मूलसत्ता शिव, शक्ति र विन्दु त्रिरत्नरूपमा रहेको छ। यी मध्ये शिव अधिष्ठाता तथा शक्तिमान छ। शक्ति र विन्दु दुवै शिवमा आश्रित छन्। शिव र शक्ति दुवै चित् स्वरूप छन् र दुवैमा अविनाभाव सम्वन्ध छ। तर विन्दु उचित स्वरूप छ र शिवमा समवेत रूपमा रहेको छैन। त्यसैले शिवसँग शक्तिको सम्बन्ध साक्षात् रूपले रहेको छ भने विन्दुको सम्वन्ध आश्रय-आश्रित दृष्टिले रहेको छ। शक्ति अवस्थाभेदले इच्छा ज्ञान र क्रियारूपमा प्रकाशित हुन्छ। शक्ति जव क्रियारूप हुन्छ तव विन्दु क्षुब्ध हुन्छ र सृष्टिको प्रारम्भ हुन्छ। त्यसैले शक्तिकै अवस्थाभेद इच्छाशक्ति जव वहिर्मुख हुन्छ तव क्रियाको उन्मेष हुन्छ र क्रियाको उन्मेष भएपछि विन्दु क्षोभ हुन्छ। विन्दु अचित स्वरूप भएपनि शुद्ध छ, त्यसैले विन्दुवाट जुन सृष्टिको विकास हुन्छ त्यसको नाम शुद्ध सृष्टि रहेको छ। यसैलाई शुद्ध अध्वा पनि भनिन्छ। विन्दुलाई नै महामाया पनि भनिन्छ, शुद्ध सृष्टि महामायावाट उद्‌भूत हुन्छ भने अशुद्ध सृष्टि मायाबाट उद्‌भूत हुन्छ। त्यसैले परमेश्वर शिवको इच्छावाट चित् शक्ति सक्रिय भएर जव महामाया क्षुब्ध हुन्छ तव महामायावाट शुद्ध सृष्टिको निर्गम हुन्छ, उक्त सृष्टि शिव शक्ति सदाशिव ईश्वर र शुद्धविद्यारूपमा पाँच प्रकारले विभक्त हुन्छ। यही नै शुद्ध पञ्चतत्व हो। परमेश्वर शिवमा रहेको शक्ति जो छ अवस्थाभेदले ईच्छा ज्ञान र क्रियारूपमा विभक्त हुन्छ। निर्विकल्प छ भने ईश्वरमा रहेको शक्ति सविकल्प छ त्यसले माया क्षुब्ध हुन्छ र सम्पूर्ण माथिक जगतको सृष्टि हुन्छ। ईश्वरको शक्तिवाट क्षुब्ध भएर मायाद्वारा कला अविद्या राग, काल नियति पुरुष प्रकृति मन वुद्धि अहंकार पञ्चज्ञानेन्द्रिय पञ्च कर्मेन्द्रिय, पञ्चतन्मात्रा पञ्चमहाभूतरूप सम्पूर्ण जगतको आविर्भाव हुन्छ।

शुद्ध मायाजगतको मूल उपादान विन्दु अर्थात् महामायाहो भने अशुद्ध मायाजगतको मूल उपादान हो माया। परमेश्वरको कृपाशक्तिको प्रभाववाट विन्दुमा क्षोभ उत्पन्न हुने अवस्था क्रियाशक्तिको प्रभाववाट विन्दुमा क्षोभ उत्पन्न हुने अवस्था क्रियाशक्तिको मात्राको तारतम्य अनुसार क्षुब्ध, क्षोभोन्मुख र अक्षुब्ध गरी तीनप्रकारको पाइन्छ। पहिलो अवस्थामा आत्मा विन्दु अर्न्तगत रहन्छ। यस अवस्थामा आत्मा ईश्वरपदमा आरुढ हुन्छ। दोस्रो अवस्थामा विन्दु अर्थात् महामाया क्षोभोन्मुख अवस्थामा विन्दु अर्थात् महामाया क्षोभोन्मुख अवस्थामा हुन्छ त्यसैले उक्त अवस्थामा आत्मा क्रियाशील रहँदैन केवल आनन्द सम्भोगमा मग्न रहन्छ। तेस्रो महामायाको अक्षुब्ध अवस्थामा आत्मा लय अवस्थामा रहन्छ। यसै अवस्थालाई कसैले निर्वाणदशा पनि भन्दछन् तर तान्त्रिक दृष्टिमा-उक्त अवस्थालाई निर्वाणदशा वा शिवत्वदशा मान्न सकिदैन किनभने उक्त अवस्था आत्माको शिवत्वरूपमा अवस्थान भएर पनि तत्त्वतीत शिवावस्था होइन। उक्त अवस्थामा चितशक्ति महामायाको स्पर्शवाट मुक्त हुँदैन तवसम्म नित्यमुक्त शिवावस्थाको प्राप्ति सम्भव छैन।

जीवात्मा स्वरूपतः नित्य, विभू, चेतन, भएतापनि संसार अवस्थामा ती धर्मरूपको विकासको अनुभव गर्न सक्दैन। सर्वदा अनावृत छ भने जीवात्मामा रहेको त्यो शक्ति अनादिकालदेखि मल कर्म र मायारूपी पाशसमूहले अवरुद्ध छ। मल कर्म र सर्वज्ञानक्रियारूप शक्ति जस्तो शिवको छ त्यस्तै जीवात्माको पनि छ। तर शिवस्वरूपमा सर्वज्ञत्व तथा सर्वकर्तृत्वरूप शक्ति माया तीनै प्रकारको पाशको बन्धनले आवृत आत्मालाई सकल भनिन्छ भने मायारूपी मल क्षीण भएको तर मल र कर्मको बन्धन रहेको आत्मालाई विज्ञानकाल भनिन्छ। सकलआत्मा देहेन्द्रिय स्वरूप हुन्छ र प्रारब्धकर्मको भोगको अन्त्यमा देहको नाश हुन्छ। प्रलयाकल आत्म देह सम्वन्धवाट मुक्त हुन्छ, देह र इन्द्रियको मूल उपादान मूल प्रकृतिमा लीन हुन्छ तर त्यो अवस्था सुषुप्ति अवस्था झैं रहेको हुन्छ। विज्ञानकल आत्मा पनि देहेन्द्रियशून्य हुन्छ। विवेक ज्ञानको प्राप्तिद्वारा जव आत्माले आफूलाई अचित्‌वाट पृथक सम्झन्छ तव ऊ अचित् सम्वन्धवाट विच्छिन्नभएर आफ्नो चिन्मय स्वरूप प्राप्त गर्छ। त्यस किसिमको जीवात्मालाई विज्ञानकल भनिन्छ। विज्ञानाकल आत्मा मायातीत र कर्मफलवाट मुक्त हुन्छ तर अधिकार मल् को किञ्चित् अंश शेष रहेकाले शिवसाम्यरूप पूर्णत्व प्राप्त गरिसकेको भने हुँदैन। भनिएको छ।

उत्तीर्णमायाम्वुद्ययोः भग्नकर्म महार्गलाः।
अप्राप्तशिवधामानस्त्रिधा विज्ञानकेवलाः॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विज्ञानाकल अथवा विज्ञानकेवल आत्मा तीन प्रकारको हुन्छ।

१. विद्यातत्वनिवासी - मन्त्र र विद्या

२. ईश्वरतत्ववासी - विद्येश्वर

३. सदाशिवतत्वस्थ भुवनवासी - पशु संस्कार्य सदाशिव

आत्मालाई संसारको अनुभव पाशसम्बन्धको कारणले हुन्छ। पाश अचेतन चेतनाधीन परिणामशील र चैतन्यको प्रति वन्धक हुन्छ। पाश-मल कर्म र माया गरी तीन प्रकारको हुन्छ। ती मध्ये विवेकज्ञानको प्रतिवन्धक मलरूपी पाश प्रमुख मानिन्छ जसको निवृत्ति विना-पशुत्त्व मेटिदैन र शिवत्वको अभिव्यक्ति सम्भव छैन। मल द्रव्यात्मक भएकाले जसरी आँखामा रहेको मोतीयाविन्दु चक्षुचिकित्सकको व्यापारद्वारा निवृत्त हुन्छ। स्वायम्भुव आगममा भनिएको छ।

दीक्षैव मोचयेत्यूर्ध्वं शैवं धाम नयत्यपि।

चित् अचित्को अविवेक मलरूप पाशवाट उद्भूत हुन्छ, त्यसैले मलको निवृत्ति नभएसम्म पूर्ण विवेक ज्ञान सम्भव हुँदैन। दीक्षारूप परमेश्वरको व्यापारद्वारा मलको निवृत्ति हुन्छ भन्ने कुरा माथि उल्लेख गरियो त्यसैले दिक्षाका विषयमा केहि प्रकाश पारौं।

परमेश्वर नित्य, निर्मल, सर्वज्ञ र सर्वकर्ता छ तर त्यसको विपरीत जीवात्मा मल, कर्म र माया नामक पाशबाट आवद्ध छ। सृष्टि स्थिति, संहार, निग्रह र अनुग्रह रूप पञ्चकृत्यकारी परमेश्वर शिव आफ्नो अनुग्रह द्वारा जीवात्मामा रहेको पाशात्मक बन्धलाई हटाएर जीवात्मालाई आफूजस्तै वनाउँछन्। यही नै शिवत्व अभिव्यक्तिरूप मोक्ष हो। चैतन्य उपरोधक मलको अधिकार निवृत्त नभएसम्म अनुग्रहको प्रवृत्ति हुँदैन। मृगेन्द्रागममा भनिएको छ।

तमः शक्त्यधिकारस्य निवृत्तेस्तत् परिच्युतौ।

व्यनक्ति दृक् क्रियाऽनन्त्यं जगद्वन्धुरणो शिवः।

मल द्रव्यात्मक भएकाले त्यसको निवृत्ति परमेश्वरको व्यापार विशेषद्वारा सम्पन्न हुन्छ। त्यो व्यापार विशेषलाई नै दीक्षा भनिन्छ। जसरी अपक्व कर्म फलदायक हुँदैन त्यसरी नै त्रिविध मलको परिपाक विना मायाशक्ति समूह अभिव्यक्त हुँदैन र त्यसको अभिव्यक्तिनभई परमेश्वरको अनुग्रहरूप कृत्यको प्रवृत्ति हुँदैन। मलपाकको मात्रा अनुरूप शक्तिपात हुन्छ र सोहि शक्तिपातको मात्रा अनुसार परमेश्वरका प्रति भक्ति श्रद्धा आदिको उदय हुन्छ। त्यतिखेर शिव हस्तार्पण रूप प्रथम दीक्षाको समय आउँछ।

कर्मरूप मलको परिपाक गर्नु नै यस दीक्षाको उद्देश्य हो। गुरुशुश्रूषा देवार्चन आदि यसै दीक्षासंस्कार पछि नै सम्भव हुन्छ। त्यसैको नाम समय दीक्षा हो। त्यसपछि आत्माको अध्वस्थ मलको पाक भएपछि तदनुरूप किञ्चित् मात्रामा शक्तिपात हुन्छ। सोही शक्तिपातको मात्रा अनुसार विशेषदीक्षा नामक दोस्रो दीक्षाको अवसर प्राप्त हुन्छ। सो दीक्षाको फल स्वरूप भक्ति आदि सद्गुणको उद्रेक हुन्छ र कर्म आदि पाशक्षयोन्मुख हुन्छ। यस दीक्षावाट वागीश्वर गर्भजन्मरूप द्वितीय जन्म निष्पन्न हुन्छ। त्यसैले यो दीक्षा प्राप्त पुरुष पुत्रक नामबाट परिचित हुन्छ। त्यस पछि अझ विशिष्ट प्रकारले मलपाक भएपछि तीव्रतर शक्तिपात हुन्छ अनि निर्वाणदीक्षा नामक तेस्रो दीक्षाको अवसर आउँछ। निर्वाणदीक्षाको उद्देश्य हो नित्य आदि सम्पूर्ण शिवधर्मको सिद्धि। त्यसको परिणामस्वरूप सर्वज्ञत्व आदि षाड्गुण्यको उन्मेष एवम् कला आदि पञ्चकञ्चुक र मायाको विशुद्धताको कारण पूर्णरूपले पाशको सम्पूर्ण पाशरूपको उच्छेद हुन्छ।

प्राचीनकालमा अनगिन्ती तान्त्रिक समुदाय प्रचलित थिए। ती सवै सम्प्रदाय साहित्यिक दृष्टिले समानरूपमा समृद्ध थिए या थिएनन् त्यो भन्न कठिन छ किनभने वर्तमानमा सवै सम्प्रदायका साधनातत्व विषयक ग्रन्थ उपलब्ध छैनन् तर यी सवै सम्प्रदाय कुनै न कुनै रूपमा शक्तिवादी थिए यसमा कुनै सन्देह छैन। प्राचीन तन्त्र साहित्यमा वर्णित तान्त्रिक सम्प्रदायको नाम तल उल्लेख गरिएको छ।

१. कुलमार्ग वा कौलमत
२. पाशुपतमत
३. लाकुल मत
४. कापालिक मत
५. सौभ मत
६. महाव्रत मत
७. जंगम मत
८. कारुणिक वा कारुकमत
९. कालानल मत
१०. कालामुख मत
११. भैरव मत
१२. वाम मत
१३. भट्ट मत
१४. नन्दिकेश्वर मत
१५. रसेश्वर मत
१६. सिद्धान्त मत (शैव)
१७. सिद्धान्त मत (रौद्र)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तन्त्रको अवतरणका सम्वन्धमा चर्चा गर्दा के ज्ञात हुन्छ भने आगमको प्रचार प्रसंगमा अद्वैत आदि त्रिविध मार्गको दुर्वासाद्वारा पुनः प्रवर्तन भएको थियो। यी तीन मार्गसँग सम्वद्ध तीन मठ प्राचीन कालमा प्रसिद्ध थिए। ती तीन मठका अतिरिक्त चौथो मठको वारेमा पनि केही हुन्छ जुन कामरूप पीठसँग सम्पृक्त थियो। प्राचीन ग्रन्थ रूपमा यसलाई 'तुरीय सन्तति' को नाम दिइएको पाइन्छ। त्यसैले मत्स्येन्द्रनाथ लाई तुरीयनाथ नामले सम्वोधन गरिएको पाइन्छ। त्यही कामरूप पीठसँग सम्वद्ध कुलमार्ग वा कौलसम्प्रदायका वारेमा यहाँ संक्षेपमा चर्चागरी लेखको अन्त्य गरिनेछ।

साधारणतया तन्त्रसाहित्यमा मार्गप्रवर्तकका रूपमा आदिगुरु भैरव वा स्वच्छन्द भैरवको नाम उल्लेख भएको पाइन्छ। तर कौल सम्प्रदायमा आदिगुरुकारूपमा भैरवीलाई मानिएको छ। भैरवीवाट अवतरित भएर महाज्ञान भैरवमा स्थित हुन्छ र अवरोहक्रममा मत्स्येन्द्रनाथसम्म आइपुग्छ। यिनै मत्स्येन्द्रनाथ कामरूपपीठका अधिश्वर थिए र 'तुर्यनाथ' नामले तान्त्रिक मण्डलमा प्रचलित थिए।

कौलमार्गको सम्वन्धमा पण्डितसमाजमा र साधारणजनमा पनि दुई प्रकारको मत प्रचलित छ। एक मतमा कौलसाधना नै अध्यात्म साधनारूपमा श्रेष्ठ छ। देश्रो मतमा कौलसाधना निकृष्ट र जघन्य साधना हो। कुलार्णव तन्त्रको द्वितीय उल्लासमा सात प्रकारको आचारमा कौलाचारलाई सर्वश्रेष्ठ भनिएको छ। त्यहाँ भनिएको छ -कौलात् परतरं नहि विश्वसार तन्त्रको चौवीसौं पटलमा सात आचारलाई तीन भाव अर्न्तगत राखिएको छ। वेद वैष्णव, शैव र दक्षिण यी चारमा आचार पशुभाव अन्तर्गत पर्दछन् भने वाम र सिद्धान्त वीर भावअन्तर्गत र कौलाचार दिव्यभाव अर्न्तगत पर्दछन्। पशुभाव भन्नाले भेदभाव वीरभाव भन्नाले भेदाभेद र दिव्यभाव भन्नाले अभेदभाव बुझ्नु पर्दछ। कौलसाधनमा दिक्कालका नियम छैन। विधि निषेध र कुनै प्रकारको नियन्त्रण नभएकाले यस साधनालाई श्रेष्ठ मानिएको कुरा विश्वसारतन्त्रमा उल्लेख गरिएको पाइन्छ।

कौलएव गुरुः साक्षात् कौल एव सदाशिवः।
कौलः पूज्यतमो लोके कौलात् परतरो नहि॥
कर्दमे चन्दने देवि पुत्रे शत्रौ प्रियेऽप्रिये।
श्मशाने भवने देवि तथैव काञ्चने तृणे॥
न भेदो यस्य देवेशि स एव कौलिकोत्तमः।
चिन्तयेदात्मनात्मान सर्वत्र समदृष्टिमान्॥
दयाधृतिक्षमायुक्तः स ज्ञेयः कौलिकोत्तमः।

करिपदे निमञ्जन्ति सर्वे प्राणिपदा यथा।
कुलधर्मे निमञ्जन्ति सर्वे धर्मास्तथा प्रिये॥

कौलसाधनाका उपजीव्य केही ग्रन्थरूपको नाम यहाँ दिइन्छ।

कुलार्णवतन्त्र, कुलचूडामणि, रुद्रयामल, भावचूडामणि, देवीयामल, कुलपञ्चामृत, उत्तरतन्त्र, कुलतन्त्र, कुलामृत, तन्त्रचूडामणि, कुलयामल, कुलगहर, कुलदीपनी, कुलपञ्चाशिका, कुलरत्नमाला, मेरुतन्त्र, कुलानन्दसंहिता कुलाम्नाय, कौलतन्त्र कोलमार्ग, कौलरहस्य, कौलदर्शतन्त्र, रहस्यार्णनं, श्री तत्व चिन्तामणि, शाम्भवी तन्त्र, दक्षिणामूर्ति संहिता, वामकेश्वर तन्त्रराज, त्रिपुरा महोपनिषद् परशुराम कल्पसूत्र आदि।

तन्त्रशास्त्रको सामान्यपरिचय प्रदान गर्नु र यस शास्त्रप्रति पाठकरूपको ध्यान आकृष्ट गर्नु यस लेखको मुख्य उद्देश्य भएकाले यसको गूढ रहस्य र विस्तृत विवेचनाको अवकाश यस लेखमा छैन। त्यसैले मौका मिलेमा आगामी लेखरूपमा यस सम्वन्धी विवेचनाको संकल्प गर्दै प्रस्तुत लेखको विट मार्दछु। धन्यवाद।

सन्दर्भ ग्रन्थ सूची

१. लुप्तागम संग्रह
२. तन्त्र और आगम शास्त्रोका दिग्दर्शन
३. स्वच्छन्द तन्त्र
४. मृगेन्द्रागम
५. तन्त्रालोक
६. विज्ञान भैरव

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपाल वेद विद्याश्रम सं.मा.वि. को परिचय

केशवप्रसाद अधिकारी
प्रधानाध्यापक

हाम्रा पुर्खाले ठूलो कष्टसाथ आर्जन गरेको आफ्नो अस्तित्व जोगाउनु पर्छ । वेद र यसका अङ्गको रक्षा गर्नुपर्छ । ब्रह्म र आत्माको पहिचान गराउने धरोहर जन्माउनु पर्छ । भविष्यमा नेपाल र नेपालीको पहिचान गराउने संस्कार र संस्कृतिको विकास र विस्तार गर्नुपर्छ । यिनै मुलभूत उद्देश्य राखी यो विद्यालय स्थापना गर्ने सोचले तात्कालीन विद्वान्हरूले श्री ५ मा विन्ती चढाए । फलस्वरूप स्व. श्री ५ महेन्द्रबाट गुठी संस्थानलाई एक संस्कृत विद्यालय स्थापना गर्नको लागि पूर्वाधार तयार गर्न हुकुम भयो । गुठी संस्थानले सम्पूर्ण विद्वान्हरूको परामर्श अनुसार राष्ट्रदेव भगवान् पशुपतिनाथको सानो फूलवारी चयन गऱ्यो । वैदिक वर्णाश्रम धर्मको मर्म बुझ्ने विद्वान् उत्पादन गरेर ओइलाउने फूलको वदला शुद्ध मनमोहक वेदका मन्त्ररूपी पुष्प अर्पण गर्ने उद्देश्यले चयन भएको वर्तमान स्थानमा २०२६ माघ १० बाट नमूना गुरुकुलको भवन निर्माण शुरु भयो ।

तत्कालीन अवस्थामा ४९ रोपनी क्षेत्रफल भएकों यो नेपाल वेद विद्याश्रम विभिन्न कारणले गर्दा योजना अनुसार पूर्ण हुन सकेन । अपूर्ण अवस्थामा आफ्नो ढङ्गले एकान्त तपोभूमि झैं मौनमुद्रामा वसेको यो आश्रमलाई तात्कालीन नायव बडागुरुज्यू श्री जुनानाथ पण्डितबाट स्व. श्री ५ विरेन्द्रमा यसको उद्देश्य जाहेर गर्नुभयो । स्व. श्री ५ महेन्द्रको सदिच्छा साकार वनाउन स्व. श्री विरेन्द्रको हुकुम वमोजिम २०३१ साल कार्तिक २२ गते स्व. श्री ५ ऐश्वर्यको जन्मदिनबाट "श्री नेपाल वेद विद्याश्रम-वनकाली" नामले ३२ जना आवासीय वटुक राखेर सञ्चालन भयो । स्व. श्री ५ विरेन्द्रको हुकुम अनुसार सम्पूर्ण व्ययभार गुठी संस्थानले वहन गर्ने र बडागुरुज्यूबाट रेखदेख हुने यो विद्यालयमा ११ वर्षे पाठ्यक्रमको अवधारण राखी वेद र कर्मकाण्डलाई विशेष जोड दिएर अगाडि वढाइयो । तात्कालीन देश विदेशको परिवेशले गर्दा शुरुका १० वर्ष अत्यन्त मन्द गतिमा अघि बढेको यस विद्यालयलाई पाठ्यक्रम र मान्यताका हिसावले २०४१ तिर केही समसामयिक सुधार गरियो । फलस्वरूप २०४३ बाट प्रवेशिका (एस.एल.सी.) परीक्षा 'परीक्षा नियन्त्रण कार्यालयले' लिन थाल्यो । त्यस पछि प्रत्येक वर्ष प्रवेशिका परीक्षामा नियमित रूपबाट हालसम्म सम्मिलित भै राम्रो परिणाम ल्याउन सफल भएको छ ।

भौतिक पक्ष

यस विद्यालयको भौतिक सम्पत्तिमा शुरुमा ४९ रोपनी जग्गा भएकोमा पछि पशुपति क्षेत्र विकास कोष स्थापना भै विद्यालयको दक्षिण तर्फको जग्गा कोषले चर्चे पछि ३१ रोपनीमा सिमित भयो । यहाँ निर्माण कालमै वनेका ८ पक्की भवन छन् । जसमा ३ वटा छात्रावास, १ विद्यालय, १ कार्यालय, १ भोजनालय, १ कर्मचारी आवास र १ यज्ञशालाका रूपमा प्रयोगमा आएका छन् । यसका अतिरिक्त १ सरस्वतीको मन्दिरका साथै अत्यन्त रमणीय वातावरणमा पूर्वतर्फ भगवान् श्री पशुपतिनाथ र वागमती नदी, पश्चिम तर्फ भण्डारखालको जङ्गल, उत्तरमा स्थानीय वासिन्दाको वस्ति र दक्षिणमा पशुपति क्षेत्र विकास कोषको कार्यालय रहेको छ ।निर्माण कालमा वनाएका भवनहरूलाई २०५६ पछि पशुपति क्षेत्र विकास कोषले सामान्य मर्मत गर्दै आएको छ ।

व्यवस्थापन पक्ष

निर्माणकालबाट नै सम्पूर्ण खर्च र व्यवस्थापन गुठी संस्थानले व्यवस्था गर्दै आएकोमा २०५२ देखि २०५४ मा श्री ५ को सरकारको केही आर्थिक सहयोगमा विश्वहिन्दु महासंघले १ सञ्चालक समिति वनाई सञ्चालन गऱ्यो । विभिन्न कारणवश २०५५ बाट पुन गुठी संस्थानले सञ्चालन गर्न थाल्यो ।

आफ्नै गतिमा सामन्यरूपले अगाडि बढेको यो विद्यालयलाई पशुपति क्षेत्र विकास कोषका तात्कालीन अध्यक्ष स्व. श्री ५ ऐश्वर्यबाट हुकुम बक्से वमोजिम २०५६ श्रावणबाट पशुपति क्षेत्र विकास कोष अन्तरगत राखी सञ्चालन हुन थाल्यो ।

स्व. श्री ५ ऐश्वर्यकै अध्यक्ष्यतामा वसेको कोषको वैठकले सम्पूर्ण पक्ष समेटिएको एक अधिकार सम्पन्न विद्यालय सञ्चालक समिति गठन गरेको छ । उक्त समितिले सवैको सल्लाह र सुझाव अनुसार नमूना गुरुकुलको रूपमा विद्यालयलाई अगाडि बढाएको छ । फलस्वरूप विद्यालयलाई वर्तमान अवस्थामा ल्याउन सकिएको हो ।

यो विद्यालयमा हाल ९ सदस्यीय सञ्चालक समिति छ । प्रधानाध्यापक सहित १२ शिक्षक ९ कर्मचारी (छात्रावासमा समेत) द्वारा नमूना गुरुकुलका रूपमा अगाडि वढाउन सक्रिय रूपमा कार्य भैरहेको छ ।

शैक्षिक पक्ष

विद्यालय स्थापना भएदेखि नै गुठी संस्थानले २७ र काञ्चीकामकोठी पीठ (शंकराचार्य मठ) का तर्फबाट ५ समेत ३२ आवासीय वटुक राखी पढाउने व्यवस्था भएको हो । २०४२ पछि केही दिवा छात्र (वाहिरबाट पढ्ने) आउन शुरु भएको पाईन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस विद्यालयमा २०५५ सम्म करिव ५० को हाराहारीमा अध्ययन गर्ने छात्रहरूको संख्या क्रमश बढेर २०६० मा १७९ पुगेको छ। साथै हाल कक्षाकोठाको अभावमा सबैलाई भर्नागर्न सकिएको छैन। शुरुदेखि २०५७ सम्म केवल ३२ सिट मात्र आवासीय कोटा रहेको मा २०५९ बाट ७५ आवासीय सिट पुऱ्याईएको छ। यस विद्यालयमा कक्षा ४ देखि कक्षा १० सम्म नेपाली, गणित, सामाजिक शिक्षा जस्ता आधुनिक विषयका साथै वेद, कर्मकाण्ड, ज्योतिप, व्याकरण, साहित्य, रुद्री, चण्डि, अमरकोप, हितोपदेश र नित्यकर्म आदि हाम्रो वैदिक परम्पराका विषयलाई अत्यन्त जोड दिएर पढाइन्छ।

स्थापना कालदेखि नै केवल ब्राह्मणको निमित्त पढाउने व्यवस्था भएकोमा २०५२ पछि यसको पाठ्यक्रमलाई ज्यादै फराकिलो वनाईएको छ। वेदको विकल्पमा नीतिशास्त्र र कर्मकाण्डको विकल्पमा फलित ज्योतिषको व्यवस्था गरी महिला र अन्य जात-जातिलाई पनि पढ्ने व्यवस्था छ तर भौतिक तथा आर्थिक अवस्थाले गर्दा यहाँनै भने व्यवस्था गर्न सकिएको छैन। अव कुनै व्यक्ति वा संस्था वा अन्य सरकारी पक्षले यस विषयमा ध्यान दिए अन्य स्थानमा यस किसिमको विद्यालय खोलि सबै पक्षलाई पढ्ने अवसर दिन सकिन्थ्यो।

शुरुका २ दशक सम्म नेपालमा नै यस प्रकारको विद्यालय सञ्चालन भएको भेटिंदैन। २०५० पछि क्रमशः यसको पाठ्यक्रमलाई अनुकरण गरेर विद्यालय आधिकारिक रूपमा खुल्न थाले जसले गर्दा हाल हाम्रो जानकारीमा आएका विद्यालयको संख्या करिव २ दर्जन पुगेका छन्। ती अधिकांश विद्यालय नीजि रूपमा सञ्चालन भएको देखिन्छ।

उपलब्धीहरू

यस आश्रमले करिव ३ दशक पार गर्न लाग्दा के दियो भन्ने प्रश्न उठ्न सक्छ। सामान्यतया शिक्षाक्षेत्रमा गरिएको लगानीको प्रतिफल ज्यादै ढिला प्राप्त हुन्छ। त्यसमा पनि यस विद्यालयमा शुरुका २५ वसन्त ज्यादै न्यून लगानी भएको पाइन्छ। २०५५ पछि विस्तारै वृद्धि हुँदै गएको लगानीको आधारमा प्रतिफल पनि अत्यन्त उत्साहजनक रूपमा वृद्धि हुदै गएको छ। संख्यागत रूपमा थोरै भएपनि यहाब्राट उत्पादित विद्यार्थीहरूले राष्ट्रका विभिन्न क्षेत्रमा सेवा गर्न थालेका छन्। हालसम्म यहाँबाट उत्पादित छात्रहरू प्राध्यापक, प्रधानाध्यापक, शिक्षक, निजामती कर्मचारी, सैनिक र प्रहरीमा पण्डितका अतिरिक्त कानुनी र निजीक्षेत्रमा अत्याधिक प्रयोग भएको पाईन्छ। सरकारी वा गैर सरकारी सेवामा प्रवेश नगर्ने सम्पूर्ण जनशक्ति पौरोहित्य क्षेत्रमा उत्कृष्ट सेवा पुऱ्याई रहेका छन्।

आर्थिक पक्ष

यस विद्यालयलाई स्थापना काल देखि २०५१ सम्म सम्पूर्ण खर्च गुठी संस्थानले, २०५२-२०५४ सम्म विश्वहिन्दुमहासंघले, २०५५ मा पुनः गुठी संस्थानले र २०५६ देखि यता पशुपति क्षेत्र विकास कोषले व्यहोर्दै आएको छ।

हाल आएर विद्यालयको एक स्थायी कोषको अवधारण ल्याईएको छ। जसलाई मूर्तरूप दिन 'वैदिक शिक्षा प्रवर्धन कोष' नामले अगाडि बढाईएको छ। यो कोषलाई दुई करोड रूपैंया पुऱ्याउने लक्ष्य राखेर काम भैराखेको छ। यदि तपाई पनि हाम्रो कार्यमा सहभागी हुन चाहेमा हामीलाई सम्पर्क गर्न अनुरोध गर्दछु।

यी कार्यका अतिरिक्त हाल आएर सञ्चालन गरेका अन्य कार्यहरूमा कर्मकाण्ड प्रशिक्षण, सामूहिक व्रतबन्ध, धार्मिक कार्यक्रम आदि रहेका छन्।

भावी योजना

सम्पूर्ण संस्कृत र संस्कृति प्रेमी स्वदेशी तथा विदेशी महानुभाव, संघ, संस्था आदिको सहयोगमा निम्न कार्य गर्ने सोच विद्यालयको छ।

१. आवासीय विद्यार्थीसंख्या बढाएर क्रमशः ३०० पुऱ्याउने।
२. धार्मिक र सांस्कृति पक्षलाई उजागर गर्ने १ यज्ञशाला निर्माण गरी त्यसको माध्यमवाट सबैलाई सेवा प्रदान गर्ने।
३. यस विद्यालयलाई गुरुकुल पद्धतिमा गुणात्मक रूपले विस्तार गर्दै चारै वेद र आधुनिक ज्ञान विज्ञानलाई क्रमश समावेश गर्दै लाने।
४. हाल सञ्चालित वैदिक शिक्षा प्रवर्धन कोषलाई वृद्धि गर्ने।
५. नेपालका ७५ जिल्लामा कम्तिमा यस किसिमका १/१ विद्यालय खुलाउन प्रयास गर्ने।

अन्त्यमा यी सम्पूर्ण कार्यहरूमा तपाईको सहयोग पाउने आशा यस विद्यालयले लिएको छ। विगतमा झैं आगामी दिनमा सम्पूर्ण पक्षको सक्रीय सहयोग विद्यालयले पाउने आशा विद्यालय र मैले राखेको छु। अस्तु।

जयतु संस्कृतम्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपाल वेद विद्याश्रममा कार्यरत शिक्षक तथा कर्मचारी

केशव अधिकारी
प्र.अ.

गोपाल गुरागाई
मा.वि. शिक्षक

ऋषिप्रसाद शर्मा
मा.वि. शिक्षक

तुलसीराम पाण्डेय
मा.वि. शिक्षक

माधव ढुंगेल
मा.वि. शिक्षक

रघुनाथ ढुंगेल
मा.वि. शिक्षक


रुद्रप्रसाद मिश्र
मा.वि. शिक्षक

गोविन्द दाहाल
नि.मा.वि. शिक्षक

विष्णुप्रसाद पोखरेल
सुपरीक्षक

झविन्द्र ज्ञवाली
नि.मा.वि. शिक्षक

संजीवन पौडेल
नि.मा.वि. शिक्षक

टेकनाथ भट्टराई
स्वयंसेवी शिक्षक

नरनाथ चौलागाई
कर्मचारी

कमल निरौला
कर्मचारी

रामप्रसाद भट्टराई
कर्मचारी

काजीचा संगत
कर्मचारी

नारायण अधिकारी
कर्मचारी

कमानसिं लामा
कर्मचारी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपाल वेद विद्याश्रमका गतिविधिहरू

विभिन्न झलकहरु



स्वस्तिवाचन गर्दै वटुकहरु ।



विद्यार्थीहरुको साथमा प्र.अ. तथा अध्यक्ष ।



शिक्षकलाई अभिनन्दन गर्दै डा. स्वामी रामानन्द गिरि

वार्षिकोत्सव कार्यक्रमका अतिथिहरु ।



विद्यार्थीका साथ शिक्षकहरु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कार्यक्रममा उपस्थित विद्वानहरु ।

सभालाई सम्वोधन गर्दै तत्कालीन सदस्यसचिव चेतनाथ गौतम

सभामा सामगान गर्दै उपप्रा. श्रीराम अधिकारी

पुरस्कार प्रदान गर्नुहुँदै स्वामी रामानन्द ।

कार्यक्रमका प्रमुख अतिथि तत्कालीन संस्कृति मन्त्री बलबहादुर केसी

सभालाई सम्वोधन गर्दै विद्यालय संचालक समिति अध्यक्ष रामप्रसाद दाहाल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



वेदविद्याश्रम परिसर

संस्कृत संभाषण शिविरमा उपस्थित विद्वान्हरू

विद्यालयमा मूर्ति अनावरण कार्यक्रमका अतिथिहरू

विद्यालयद्वारा सञ्चालित सामूहिक व्रतबन्धको एकझलक

विद्यालयको कार्यक्रममा उपस्थित अभ्यागतहरू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यज्ञमा पूर्णाहुति गर्दै प्र.म. शेरबहादुर देउवा र वर्तमान अध्यक्ष ।



आठौं सार्क खेलकुदमा स्वस्तिवाचन गर्दै वटुकहरू ।

डा.स्वामी रामानन्द गिरिलाई अभिनन्दन गर्दै प्र.म.देउवा

पशुपतिक्षेत्र विकास कोष

नेपाल वेद विद्याश्रम संस्कृत माध्यमिक विद्यालय, वनकाली

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu